

# नव दर्पण
## २०८२

उपराष्ट्रपतिको कार्यालय
लैनचौर, काठमाडौँ



# राष्ट्रिय गान




सयौ थुँगा फूलका हामी, एउटै माला नेपाली
सार्वभौम भई फैलिएका, मेची महाकाली ।

प्रकृतिका कोटी कोटी सम्पदाको आँचल
वीरहरूका रगतले स्वतन्त्र र अटल ।

ज्ञानभूमि, शान्तिभूमि तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।

बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ॥

# नव दर्पण

दशौं संस्करण २०८२ असार




प्रकाशक

उपराष्ट्रपतिको कार्यालय

लैनचौर, काठमाडौं

**संरक्षक**
सम्माननीय उपराष्ट्रपति रामसहाय प्रसाद यादव

**निर्देशन समिति**
सचिव श्री लोकनाथ पौड्याल
प्रमुख स्वकीय सचिव श्री आनन्दकुमार यादव
सह सचिव श्री चिरञ्जिवी पौडेल
सह स्वकीय सचिव श्री नन्द किशोर यादव,

**प्रमुख सम्पादक**
प्रेस संयोजक श्री दिनेश यादव

**सम्पादन समूह**
उपसचिव श्री गीता गुरुङ,
उपसचिव श्री खिमा कुमारी पोखरेल,
उप-स्वकीय सचिव श्री शत्रुधन यादव,
शाखा अधिकृत श्री सान्नानी अधिकारी,
शाखा अधिकृत श्री सौगात सम्बाहाङ्फे,
लेखा अधिकृत श्री दिपक बाबु पन्त,

**सम्पादन सहयोगी**
ना.सु. श्री राजनप्रसाद पौडेल,
ना.सु. श्री देवकला अर्याल,
ना.सु. श्री सृष्टि शाक्य,
क.अ. श्री राजेश खनाल,
क.अ. श्री शेषकान्त सेढाई,

**फोटोग्राफर**
श्री राधेश्याम विश्वकर्मा

**प्रकाशक**
उपराष्ट्रपतिको कार्यालय
उपराष्ट्रपति भवन, लैनचौर, काठमाडौं
फोन नं.- ०१-४५४६३१३
फ्याक्सः ४५४६४१७, ४५४५९१६
ईमेलः mailadmin@vpn.gov.np
वेवसाइटः www.vpn.gov.np

**मुद्रणः मुद्रण विभाग**

# विषय सूची

-सम्पादकीय
-शुभकामना मन्तव्य
-नेपालको संविधानमा राष्ट्रपति र उपराष्ट्रपति सम्बन्धी व्यवस्था

**सम्बोधन तथा शुभकामना खण्ड**
-सम्माननीय उपराष्ट्रपतिको महत्वपूर्ण सम्बोधनहरु
-सम्माननीय उपराष्ट्रपतिबाट व्यक्त शुभकामना सन्देशहरु
-प्रेस विज्ञप्ति

**फोटो संग्रह खण्ड**
-औपचारिक समारोहमा सम्माननीय उपराष्ट्रपति
-सम्माननीय उपराष्ट्रपतिसंग कूटनीतिक नियोगका पदाधिकारीहरुको शिष्टाचार भेट
-कूटनीतिक नियोगको विशेष समारोहमा सम्माननीय उपराष्ट्रपति
-अन्य विविध कार्यक्रम तथा समारोहमा सम्माननीय उपराष्ट्रपति

**विवरण खण्ड**
-सम्माननीय उपराष्ट्रपति प्रमुख अतिथि हुनुभएका कार्यक्रमहरु
-सम्माननीय उपराष्ट्रपतिसंग कूटनीतिक नियोगका पदाधिकारीहरुको शिष्टाचार भेटको विवरण
-सम्माननीय उपराष्ट्रपति सहभागि हुनुभएका कूटनीतिक नियोगका कार्यक्रमहरु

**विविध खण्ड**
-उपराष्ट्रपतिको कार्यालयको संगठन संरचना
-उपराष्ट्रपतिको कार्यालयको दरबन्दी तेरिज
-उपराष्ट्रपतिको कार्यालयको बजेट खर्च विवरण
-उपराष्ट्रपतिको कार्यालयबाट सम्पादित मुख्य कार्यहरु
-हालसम्मका सचिवहरु



सम्माननीय उपराष्ट्रपति रामसहाय प्रसाद यादव

कार्यकाल शुभारम्भ : २०७९-१२-०६

# सम्पादकीय

नेपालको संविधानले गरेको स्पष्ट व्यवस्थाअनुरूप सम्माननीय उपराष्ट्रपतिज्यूको कार्य सम्पादनमा सहजीकरण गर्ने उद्देश्यले स्थापित उपराष्ट्रपतिको कार्यालयले सार्वजनिक महत्वका गतिविधिहरू, औपचारिक सम्बोधन तथा कूटनीतिक संवादहरू तथा संस्थागत कार्यहरुलाई व्यवस्थित रूपमा अभिलेख गर्ने एवं नागरिकहरूलाई सु-सूचित गर्ने आफ्नो जिम्मेवारी र परम्परालाई निरन्तरता दिँदै आएको छ ।

'नव दर्पण' को यो दशौं संस्करण सोही निरन्तरता र परम्पराको एउटा महत्वपूर्ण कडीका रुपमा प्रस्तुत गरिएको छ । वि.सं. २०८१ साउनदेखि २०८२ जेठसम्म सम्माननीय उपराष्ट्रपतिज्यबाट सम्पादन भएका कूटनीतिक तथा औपचारिक गतिविधिहरू विशेषतः कूटनीतिक नियोगका उच्च पदाधिकारीहरुको शिष्टाचार भेट, विशेष समारोहहरुमा सहभागिता, औपचारिक भ्रमण तथा विविध अवसरमा व्यक्त गर्नुभएका शुभकामना तथा सम्बोधन सन्देशहरू यसमा समेटिएका छन् ।

यो प्रकाशन वार्षिक संस्करण मात्र नभई सूचनाको पारदर्शिता प्रवर्द्धन गर्ने, नागरिक तथा उपराष्ट्रपतिको कार्यालयबीच सम्बन्ध मजबुत बनाउने र नीति निर्माण तथा अध्ययनका लागि मार्गदर्शक सामग्री प्रदान गर्न सहयोगी दस्तावेज पनि हो । यो संस्करणले पाठकवर्गलाई सूचित गर्ने, शोधकर्तालाई स्रोत सामग्री तथा भावी पुस्तालाई दस्तावेजीय आधार प्रदान गर्ने कार्यमा उल्लेखनीय योगदान पुऱ्याउनेछ भन्ने हाम्रो विश्वास छ ।

**अन्त्यमा,** यस संस्करणमा शुभकामना सन्देश दिनुहुने सम्माननीय उपराष्ट्रपति रामसहाय प्रसाद यादवज्यू तथा प्रभावकारी मार्गदर्शन दिनुहुने सचिव श्री लोकनाथ पौडेलज्यू प्रति विशेष आभार व्यक्त गर्दछौं । यो संस्करणका लागि परामर्श, सम्पादन र व्यवस्थापनमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने सम्पूर्णप्रति हामी हार्दिक कृतज्ञता प्रकट गर्दछौं ।

२०८२, असार

उपराष्ट्रपति

काठमाडौं, नेपाल

उपराष्ट्रपतिको कार्यालय
शीतल निवास, काठमाडौं, नेपाल

## शुभकामना सन्देश

**नव दर्पण**को दशौं संस्करण प्रकाशनको अवसरमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु। उपराष्ट्रपतिको कार्यालयले सूचनाको प्रवाह, संस्थागत गतिविधिहरूको दस्तावेजीकरण तथा पारदर्शिताको सुदृढीकरणमा निरन्तर पुऱ्याउँदै आएको महत्वपूर्ण योगदानमा नव दर्पणको विशेष भूमिका छ।

यस प्रकाशनले उपराष्ट्रपतिको कार्यालयको संवैधानिक जिम्मेवारी, कार्यप्रगति, कूटनीतिक भेटघाट, उच्चस्तरीय समारोह, सम्बोधन तथा शुभकामना सन्देशहरूलाई एकत्रित गरी सार्वजनिक गर्ने महत्वपूर्ण कार्य गर्दै आएको छ। सूचना तथा अभिलेख संरक्षणको दृष्टिकोणले नव दर्पणको यो संस्करण विगतका प्रकाशन जस्तै भावी पुस्ताका लागि एक उपयोगी दस्तावेज बन्नेछ भन्ने विश्वास लिएको छु।

संस्थागत पारदर्शिता, कूटनीतिक सम्बन्ध विस्तार तथा जनसम्पर्क सुदृढीकरणका लागि नव दर्पणले निर्वाह गर्दै आएको भूमिका अत्यन्त प्रशंसनीय छ। विशेष अवसर र दिवसहरूमा व्यक्त गरिने शुभकामना, सम्बोधन तथा समारोहका दस्तावेजहरूलाई ऐतिहासिक रूपमा सुरक्षित र संरक्षित गर्दै यो प्रकाशन सूचनाको विश्वसनीय स्रोतका रूपमा स्थापित हुँदै जानु सकारात्मक छ।

नव दर्पणको यो ऐतिहासिक संस्करणका लागि निर्देशन समिति, प्रमुख सम्पादक, सम्पादक समूह तथा सहयोगी सदस्यहरूले गर्नुभएको योगदानका लागि उहाँहरुप्रति धन्यवाद व्यक्त गर्दछु। आशा छ, नव दर्पणको यो संस्करण जानकारीमुलक, संग्रहनीय र पठनीय बन्नेछ।

**अन्त्यमा**, यस प्रकाशनले उपराष्ट्रपतिको कार्यालयका कार्यहरूलाई जनमानससामु पारदर्शी रूपमा प्रस्तुत गर्दै संस्थागत उत्तरदायित्वलाई अझ प्रभावकारी बनाउने प्रेरणाका रूपमा कार्य गरोस्। नव दर्पण प्रकाशनको निरन्तर सफलता तथा प्रभावकारीताका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद !

२०८२ असार।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

# उपराष्ट्रपतिको कार्यालय

लैनचौर, काठमाडौं, नेपाल

## शुभकामना

नेपालको संविधानको धारा ७३ बमोजिम सम्माननीय उपराष्ट्रपतिज्यूको कार्य सम्पादनको लागि स्थापना भएको यस कार्यालयबाट प्रकाशन हुदै आएको नव दर्पणको नयाँ संस्करण प्रकाशन हुन लागेकोमा मलाई खुशी लागेको छ । सम्माननीय उपराष्ट्रपतिज्यूबाट सम्पन्न भएका कार्यहरु लगायत कार्यालयका गतिविधिहरु समेतलाई समेटेर नव दर्पण दशौं संस्करण प्रकाशन हुन लागेको छ ।

यो संस्करण सबैका लागि उपयोगी हुने विश्वास लिएको छु । यसको सम्पादनमा सहभागी सबैलाई धन्यवाद दिन चाहन्छु । सामयिक प्रकाशनमा सहयोग पुऱ्याउने मुद्रण विभागलाई समेत धन्यवाद ।

२०८२ असार

लोकनाथ पौड्याल
सचिव

टेलिफोनः ४५४६४१८, ४५४६३१३, ४५४६४१६ फ्याक्सः ४५४५९१६, ४५४६४१७ वेबसाईटः www.vpn.gov.np

# नेपालको संविधानमा राष्ट्रपति र उपराष्ट्रपति सम्बन्धी व्यवस्था

६१ **राष्ट्रपति :** (१) नेपालमा एक राष्ट्रपति रहनेछ ।

(२) राष्ट्रपति नेपालको राष्ट्राध्यक्ष हुनेछ । निजले यस संविधान र संघीय कानून बमोजिम आफ्‌नो कार्य सम्पादन गर्नेछ ।

(३) राष्ट्रपतिले नेपालको राष्ट्रिय एकताको प्रवर्द्धन गर्नेछ ।

(४) संविधानको पालना र संरक्षण गर्नु राष्ट्रपतिको प्रमुख कर्तव्य हुनेछ ।

६२ **राष्ट्रपतिको निर्वाचन :** (१) राष्ट्रपतिको निर्वाचन संघीय संसदका सदस्य र प्रदेश सभाका सदस्य मतदाता रहेको निर्वाचक मण्डलबाट हुनेछ । संघीय संसदका सदस्य र प्रदेश सभाका सदस्यको मतभार संघीय कानून बमोजिम फरक हुनेछ ।

(२) उपधारा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै प्रदेशमा प्रदेश सभाको निर्वाचन नभएका कारणले मात्र राष्ट्रपतिको निर्वाचन प्रयोजनका लागि निर्वाचक मण्डल गठन गर्न बाधा परेको मानिने छैन ।

(३) उपधारा (१) बमोजिमको निर्वाचक मण्डलको तत्काल कायम रहेको कुल मतको बहुमत प्राप्त गर्ने व्यक्ति राष्ट्रपति निर्वाचित हुनेछ ।

(४) उपधारा (३) बमोजिम कुनै उम्मेदवारले बहुमत प्राप्त गर्न नसकेमा सबैभन्दा बढी मत प्राप्त गर्ने दुई उम्मेदवारहरु बीच मतदान हुनेछ र त्यस्तो मतदानमा कुल मतको पचास प्रतिशतभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार राष्ट्रपति निर्वाचित हुनेछ ।

(५) उपधारा (४) बमोजिमको मतदानबाट समेत कुनै उम्मेदवारले कुल मतको पचास प्रतिशतभन्दा बढी मत प्राप्त गर्न नसकेमा पुनः मतदान हुनेछ । त्यस्तो मतदानमा खसेको कुल सदर मतको बढी मत प्राप्त गर्ने उम्मेदवार राष्ट्रपति निर्वाचित हुनेछ ।

(६) निर्वाचन, मनोनयन वा नियुक्ति हुने राजनीतिक पदमा बहाल रहेको व्यक्ति यस धारा बमोजिम राष्ट्रपति निर्वाचित भएमा निजको त्यस्तो पद स्वतः रिक्त हुनेछ ।

(७) राष्ट्रपतिको निर्वाचन र तत्सम्बन्धी अन्य व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।

६३ **राष्ट्रपतिको पदावधि** : (१) राष्ट्रपतिको पदावधि निर्वाचित भएको मितिले पाँच वर्षको हुनेछ ।

(२) उपधारा (१) बमोजिमको पदावधि समाप्त भएको राष्ट्रपतिले अर्को निर्वाचित राष्ट्रपतिले पदभार नसम्हालेसम्म यस संविधान बमोजिम कार्य सम्पादन गर्नेछ ।

६४ **राष्ट्रपतिको योग्यता** : (१) देहायको योग्यता भएको व्यक्ति राष्ट्रपति हुनका लागि योग्य हुनेछ :-

(क) संघीय संसदको सदस्य हुन योग्य भएको,

(ख) कम्तीमा पैंतालिस वर्ष उमेर पूरा भएको र

(ग) कुनै कानूनले अयोग्य नभएको ।

(२) उपधारा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दुई पटक राष्ट्रपति निर्वाचित भइसकेको व्यक्ति राष्ट्रपतिको निर्वाचनमा उम्मेदवार हुन सक्ने छैन ।

६५ **राष्ट्रपतिको पद रिक्त हुने अवस्था** : देहायको कुनै अवस्थामा राष्ट्रपतिको पद रिक्त हुनेछ :-

(क) निजले उपराष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा,

(ख) निजको विरुद्ध धारा १०१ बमोजिम महाभियोगको प्रस्ताव पारित भएमा,

(ग) निजको पदावधि समाप्त भएमा,

(घ) निजको मृत्यु भएमा ।

६६. **राष्ट्रपतिको काम, कर्तव्य र अधिकार** : (१) राष्ट्रपतिले यो संविधान वा संघीय कानून बमोजिम निजलाई प्राप्त अधिकारको प्रयोग र कर्तव्यको पालन गर्नेछ ।

(२) उपधारा (१) बमोजिम अधिकारको प्रयोग वा कर्तव्यको पालन गर्दा यो संविधान वा संघीय कानू बमोजिम कुनै निकाय वा पदाधिकारीको सिफारिसमा गरिने भनी किटानीसाथ व्यवस्था भएको कार्य बाहेक राष्ट्रपतिबाट सम्पादन गरिने अन्य जुनसुकै कार्य मन्त्रिपरिषदको सिफारिस र सम्मतिबाट हुनेछ । त्यस्तो सिफारिस र सम्मति प्रधानमन्त्री मार्फत पेश हुनेछ ।

(३) उपधारा (२) बमोजिम राष्ट्रपतिको नाममा हुने निर्णय वा आदेश र तत्सम्बन्धी अधिकारपत्रको प्रमाणीकरण संघीय कानून बमोजिम हुनेछ ।

६७. **उपराष्ट्रपति** : (१) नेपालमा एक उपराष्ट्रपति रहनेछ ।

(२) राष्ट्रपतिको अनुपस्थितिमा राष्ट्रपतिबाट गरिने कार्यहरु उपराष्ट्रपतिबाट सम्पादन गरिनेछ ।

(३) निर्वाचन, मनोनयन वा नियुक्ति हुने राजनीतिक पदमा बहाल रहेको कुनै व्यक्ति उपराष्ट्रपतिको पदमा निर्वाचित भएमा निजको त्यस्तो पद स्वतः रिक्त हुनेछ ।

६८. **उपराष्ट्रपतिको पद रिक्त हुने अवस्था** : देहायको कुनै अवस्थामा उपराष्ट्रपतिको पद रिक्त हुनेछ :-

(क) निजले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा,

(ख) निजको विरुद्ध धारा १०१ बमोजिम महभियोगको प्रस्ताव पारित भएमा,

(ग) निजको पदावधि समाप्त भएमा,

(घ) निजको मृत्यु भएमा ।

६९ **उपराष्ट्रपति सम्बन्धी अन्य व्यवस्था :** उपराष्ट्रपतिको योग्यता, निर्वाचन प्रक्रिया, पदावधि सम्बन्धी व्यवस्था राष्ट्रपतिको सरह हुनेछ ।

७० **राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिंग वा समुदायको हुने :** यस संविधान बमोजिम राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन फरक फरक लिंग वा समुदायको प्रतिनिधित्व हुने गरी गर्नु पर्नेछ ।

७१ **राष्ट्रपति र उपराष्ट्रपतिको शपथ :** राष्ट्रपति र उपराष्ट्रपतिले आफ्नो कार्यभार सम्हाल्नु अघि संघीय कानून बमोजिम राष्ट्रपतिले प्रधान न्यायाधीश समक्ष र उपराष्ट्रपतिले राष्ट्रपति समक्ष पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ ।

७२ **<u>राष्ट्रपति र उपराष्ट्रपतिको पारिश्रमिक तथा सुविधा</u> :** राष्ट्रपति र उपराष्ट्रपतिको पारिश्रमिक तथा अन्य सुविधा संघीय ऐन बमोजिम हुनेछ र त्यस्तो ऐन नबनेसम्म नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

७३ **<u>राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय</u> :** (१) राष्ट्रपति र उपराष्ट्रपतिको कार्य सम्पादनका लागि छुट्टाछुट्टै कार्यालय रहनेछ ।

(२) उपधारा (१) बमोजिमको कार्यालयको काम कारवाही संचालन गर्न आवश्यक कर्मचारी तथा अन्य व्यवस्था नेपाल सरकारले गर्नेछ ।

# सम्बोधन तथा शुभकामना खण्ड

पेरिस पारालिम्पिक्स-२०२४ मा काँस्य पदक विजेता पलेशा गोवर्धनको सम्मानमा मिति २०८१ भदौ २४ गते उपराष्ट्रपतिको कार्यालयमा आयोजित विशेष समारोहमा

**सम्माननीय उपराष्ट्रपति रामसहाय प्रसाद यादवज्यूको**

# सम्बोधन

आजको यो विशेष अवसरमा हामी सबै हाम्रा प्रिय खेलाडी, पेरिस पारालिम्पिक्स-२०२४ मा काँस्य पदक विजेता पलेशा गोवर्धनलाई हार्दिक बधाई तथा सम्मान व्यक्त गर्न यहाँ भेला भएका छौं ।

पलेशाले **पेरिस पारालिम्पिक्स**मा नेपालका लागि पहिलोपटक काँस्य पदक जितेर हाम्रो देशको नाम उच्च राख्नु भएकोमा हामी सबै अत्यन्तै खुशी छौं । पलेशाले नेपालका लागि इतिहास रच्दै विश्वभर छरिएर रहेका नेपालीहरुलाई गौरवान्वित हुने सुनौलो अवसर प्रदान गर्नुभएको छ ।

यो ऐतिहासिक सफलता पलेशाको अथक परिश्रम, दृढ संकल्प, उत्कृष्ट प्रदर्शन तथा समर्पणबाटै प्राप्त भएको हो । यसका लागि पलेशालाई हार्दिक धन्यवाद दिन चाहन्छु । पलेशाको यो अद्वितीय उपलब्धी र सफलतामा महत्वपूर्ण योगदान दिने सम्पूर्ण सहयोगी हातहरु, मन्त्रालय, प्रशिक्षक, खेल पदाधिकारीसहित सम्पूर्ण व्यक्तित्वलाई पनि धन्यवाद छ ।

पलेशाको अतूलनीय योगदानले सिंगो नेपाल र नेपाली समाजलाई असिम गर्वको सुखानुभूति गराएको छ । उहाँको यो सफलता हामी सबैका लागि प्रेरणादायी छ ।

हामीलाई गर्व छ- हाम्रो देशमा पलेशा जस्ता प्रतिभाशाली खेलाडीहरु छन्, जसले अन्तर्राष्ट्रियस्तरमा हाम्रो पहिचानलाई शिखरमा पुर्याउँदै त्यसलाई थप बलियो र सुदृढ बनाईरहेका छन् । त्यसैले पलेशाको सफलता उहाँको मात्र नभई सिंगो मुलुकको सफलता हो ।
हामी उहाँका लागि भविष्यमा पनि यस्तै सफलता र प्रगतिको कामना गर्दछौं । उहाँको यो यात्रा निरन्तर प्रगति र सफलताको पथमा अग्रसर रहोस् भन्ने शुभेच्छा छ ।

**अन्त्यमा** पलेशाको महत्वपूर्ण उपलब्धी, योगदान र सफलताका लागि हार्दिक बधाई तथा उज्वल भविष्यको मंगलमय कामना गर्दछु ।
धन्यवाद ।
२०८१ भदौं २४ गते सोमबार
ने.सं.११४४ ञलाथ्व, षष्ठी ।

काठमाडौंमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयले मिति २०८१ भदौ २५ गते आयोजना गरेको 'नेपाल फूड फोरम' कार्यक्रममा

**सम्माननीय उपराष्ट्रपति रामसहाय प्रसाद यादवज्यूको**

# सम्बोधन

कृषि क्षेत्रमा युवाहरुलाई आकर्षित र लगानीमा प्रोत्साहन, साझा लगानीको पहल, विज्ञान, नवप्रवर्तन तथा सामुहिक समावेशीकरणमा केन्द्रित **'नेपाल खाद्य मञ्च'** को यो महत्वपूर्ण कार्यक्रम प्रति खुशी व्यक्त गर्दै यसको सफलताका लागि हार्दिक शुभकामना दिन चाहन्छु ।

नेपाल सरकारले चालु आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम र बजेट वक्तत्वमा समेत कृषिमा लगानी दशक घोषणा गरेको सन्दर्भमा यो कार्यक्रमको महत्व र उपादेयता झनै बढी छ । यो कार्यक्रमबाट कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई कृषि क्षेत्रमा युवाहरुको आकर्षण र लगानी बढाउनेबारे आफ्नो अवधारणा पत्र तयार पार्न सजिलो हुने विश्वास लिएको छु । मन्त्रालयले उक्त अवधारणामा विभिन्न विकास साझेदार, निजी क्षेत्रसंग थप संवाद गरी त्यसलाई परिस्कृत गर्दै नेपालको सबै क्षेत्र, भूगोल र माटो सुहाउँदो बनाउन सक्नु पर्दछ ।

'नेपाल खाद्य मञ्च' को उद्देश्य कृषिमा युवा सहभागिता र लगानी बढाउने, खाद्य सुरक्षा लगायतका विषयमा सुझावहरु संकलन गर्ने र त्यसै आधारमा तयार पारिने प्रस्ताव इटालीको रोममा हुने 'वर्ल्ड फूड फोरम' मा नेपालका तर्फबाट पेश गरिने भएकाले यस्तो कार्यक्रम वास्तविक कृषक, सरोकारवाला, समूह, क्षेत्रमै आयोजना भएको भए अझ राम्रो हुन्थ्यो । किनभने सहर केन्द्रित कार्यक्रमहरुले कृषि क्षेत्रमा विद्यमान आम कृषकजनको वास्तविक समस्याको पहिचान नहुन पनि सक्दछ ।

नेपालमा कृषिमा आधारित जनसंख्या उल्लेख्य भए पनि तिनीहरुको सम्बोधन कही र कतैबाट हुन नसकेका गुनासाहरुलाई समाधान गर्ने तर्फ हामी केन्द्रित हुन सक्नु पर्दछ । कृषिमा युवा सहभागिता र लगानी बढाउन सिंचाई, उन्नत बिउविजन, समयमा मलखाद र कृषि मजदूरको उपलब्धता, कृषि सडक, सहुलियत दरमा आधुनिक कृषि यन्त्रहरुमा सजिलै पहुँच, उत्पादनको सही मूल्य र बजारको व्यवस्थापन अति आवश्यक छ । यी सबैको अभावमा कृषिमा युवाको आकर्षण, सहभागिता र लगानी असम्भव छ ।

अध्ययन/अनुसन्धानका क्रममा 'केस स्टडी' का रुपमा छनौट भएकाहरुलाई 'रोल मोडेल' कृषकका रुपमा प्रचार गरिनु सकारात्मक भए पनि समग्र कृषि क्षेत्रको विकास र व्यावसायिक कृषिकर्म तथा खाद्य सुरक्षा अभियानलाई उत्प्रेरित गर्न यो प्रयाप्त नहुन सक्छ । यसप्रति सबैको ध्यानाकर्षण हुन जरुरी छ ।

हामीले वर्षौं यता कृषि क्षेत्रलाई नेपालको अर्थतन्त्रको मेरुदण्डका रूपमा परिभाषित गर्दै आए पनि यो क्षेत्रको उत्पादकत्व अन्य क्षेत्रहरूको तुलनामा निकै कम हुनु चिन्ताको विषय हो । अधिकांश गरिब परिवारको निर्भरता रहेको यो क्षेत्रलाई हामीले माथि उकास्न अब ढिला गर्नु हुन्न । साथै, यो क्षेत्रलाई हाम्रा युवा पुस्ताका लागि रुचिकर बनाउन उत्तिकै आवश्यक छ ।

जलवायु परिवर्तनले कृषि तथा खाद्य प्रणालीलाई चुनौतीपूर्ण बनाएकै छ, तर, हामीले कृषिकर्मका लागि आफ्नो तर्फबाट गर्न सक्ने काम पनि त गर्न नसकेको अवस्था छ । यो सन्दर्भमा नेपाल खाद्य मञ्चले कृषि-खाद्य प्रणालीमा एकीकृत लगानीलाई प्रोत्साहन गर्दै विज्ञान, प्रविधि र नवप्रवर्तनको प्रयोगबाट यस क्षेत्रमा युवाहरूको आकर्षण र सक्रियता बढाउने वातावरण निर्माणमा सहयोग गर्न सक्ने विश्वास लिएको छु ।

हाम्रो जीवनका लागि खाद्य आवश्यक आधारभूत वस्तु मात्र नभई यो एक मौलिक मानव अधिकार पनि हो । नेपालको संविधानले खाद्यको अधिकारलाई आधारभूत हकका रूपमा समावेश गरेको छ । खाद्यको अधिकार र खाद्य सार्वभौमिकता संविधानमै उल्लेख हुनु सकारात्मक छ, त्यसको कार्यान्वयनमा केन्द्रित हुनु आजको आवश्यकता हो ।

निजी क्षेत्र, विकास साझेदारहरू तथा सबै सरोकारवालाहरूले हाम्रो कृषि-खाद्य प्रणालीमा नाफा मात्र होइन, गरिबी निवारण, क्षेत्रीय विकास, सामाजिक रूपान्तरण, नवीनता प्रवर्द्धन, विज्ञान र प्रविधिको प्रयोगमा जोड दिन तथा युवाहरूलाई नेतृत्वदायी भूमिका निर्वाहका लागि प्रोत्साहित गर्न सक्नु पर्दछ । साथै, अन्य क्षेत्रमा जस्तै यो क्षेत्रमा अगाडि बढ्ने क्रममा सबैभन्दा सीमान्तकृत र जोखिममा रहेका समुदायहरूको समावेशिता र सशक्तिकरण गर्दै आगाडि बढ्न जरुरी छ ।

**अन्तमा,** कृषि तथा पशुपन्छी विकास मन्त्रालय र संयुक्त राष्ट्रसंघीय खाद्य तथा कृषि संगठन (एफएओ)ले 'नेपाल खाद्य मञ्च-२०२४' आयोजना गरेकोमा हार्दिक धन्यवाद दिँदै यसले नेपाललाई नयाँ साझेदारीहरू निर्माण गर्न, नवीन विचारहरू आदान-प्रदान गर्न, खाद्य सुरक्षा, दिगोपन तथा साझा लक्ष्यतर्फ प्रतिबद्ध भइ अग्रसर हुन सबैलाई प्रेरित गर्न सकोस्, शुभकामना छ ।

धन्यवाद ।

२०८१ भदौ २५ गते मंगलबार ।

लुम्बिनी प्रदेशको नवलपरासी पश्चिम, परासीस्थित परासी क्याम्पस सभाहलमा **ओल्मा काउन्सिल नेपाल**ले मिति २०८१ **भदौ २९ गते** आयोजना गरेको **'राष्ट्रिय एकता सम्मेलन'** कार्यक्रममा

**सम्माननीय उपराष्ट्रपति रामसहाय प्रसाद यादवज्यूको**

# सम्बोधन

ईस्लाम धर्मका पैगम्बर हजरत मोहम्मद मुस्तफा सलल्लाहो अलैहे वसल्लमको १४९९ औं मोहम्मद जयन्तीको अवसरमा सम्पूर्ण ईस्लाम धर्मावलम्बीहरुमा सुख, शान्ति र समृद्धिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

मोहम्मद जयन्तीको अवसर पारेर सर्वधर्मलाई सम्मान सिद्धान्त अंगिकार गर्दै सनातन ( हिन्दु), ईस्लाम, बौद्ध, क्रिस्चियन लगायतका धर्मगुरु/प्रतिनिधिहरुको सहभागितामा यो 'राष्ट्रिय एकता सम्मेलन' को आयोजन प्रशंसनीय छ । यसका लागि आयोजक संस्था तथा सहयोगी हातहरुलाई धन्यवाद व्यक्त गर्दछु ।

यो सम्मेलनले सामाजिक सद्भाव, धार्मिक सहिष्णुता, 'विविधतामा एकता'सहितको धर्म-संस्कृतिको संरक्षण गर्दै नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राख्न सहयोग पुग्ने विश्वास लिएको छु ।

शान्तिका अग्रदूत गौतम बुद्धको पवित्र अस्थिधातु रहेको रामग्राम जस्तो ऐतिहासिक र प्राचीन भूमिमा राष्ट्रिय एकता सम्मेलन हुनु आफैमा महत्वपूर्ण छ । चीनको बाओची तथा स्पेनको काथरेस सहरसंग भगिनी सम्बन्ध रहेको रामग्राममा आयोजित यो सम्मेलन विश्वभर शान्ति, प्रेम, भ्रातृत्व र बसुधैव कुटुम्बकम्को सन्देश फैलाउन सफल होस् ।

नेपालको संविधानको प्रस्तावनामै नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी बिविधताबीचको एकता, सामाजिक-सांस्कृतिक ऐक्यबद्धता,सहिष्णुता र सद्भावलाई संरक्षण र प्रवर्धन गर्ने उल्लेख छ । यस अर्थमा यो सम्मेलनको सान्दर्भिकता, सार्थकता र औचित्यता झनै बढी छ । यसले विभिन्न धर्मबीचको आपसी सद्भाव, समझदारी र सम्मान अभिवृद्धि गर्नमा सघाउन सकोस् ।

हामीले सबै धर्मलाई समान रुपमा सम्मान र स्वीकृति दिने सर्वधर्म समभावको सिद्धान्तलाई मूलमन्त्र बनाएर अघि बढ्न सक्नु पर्दछ । नेपालको समृद्ध संस्कृति र विविधताको यो आधार-सिद्धान्तलाई आत्मसात गर्दै अघि बढ्न सके मुलुकमा सद्भाव, भाइचारा, मेलमिलाप, मैत्रीभाव र शान्ति कायम भई देश द्रूत विकास पथमा फड्को मार्न सक्छ । यसै माध्यमबाट सामंजस्यपूर्ण समाजको निर्माण पनि हुन सक्दछ ।

हाम्रो धार्मिक सहिष्णुताले विभिन्न धर्म, विश्वास र मान्यताहरु प्रति सम्मान र सहनशीलतालाई आत्मसात गर्न सघाउँदछ । यसका लागि हामी सबै आ-आफ्नो धर्मबाट माथि उठेर अन्तरधार्मिक संवाद, सामाजिक कार्य र धार्मिक उत्सवहरुमा सक्रिय सहभागिता र अन्तरघुलनता बढाउन आवश्यक छ ।

जहाँसम्म अन्तरधार्मिक संवादको कुरो छ- विभिन्न धर्मगुरुहरु, नेतृत्वहरु र अनुयायीहरु सहभागी रहेको आजको यो सम्मेलन आपसी समझदारी र सम्मान अभिवृद्धिमा कोशेढुंगा बन्न सकोस् । कुनै पनि सामाजिक कार्य तथा धार्मिक उत्सवहरुमा हाम्रो अन्तरघोलन र सक्रिय सहभागिताले समाज र देशमा सद्भाव र अपनत्वभावको विकास गर्दै मुलुकमा शान्ति र अमनचयन कायम गर्न सघाउँदछ ।

कुनै पनि धर्मको मुलभूत उद्देश्यमा मानव जीवनलाई नैतिकता, सदाचार र आध्यात्मिकतातर्फ प्रेरित गर्दै डोहोऱ्याउन नैं हो । यसले दया, करुणा, अहिंसा, ईमानदारी तथा परोपकारी जस्ता मूल्यहरु आत्मसात गर्दै व्यक्तिलाई नैतिक र सदाचारी जीवन जिउन पनि सिकाउँदछ । धर्मले व्यक्तिलाई आत्मज्ञान प्रदान गर्नुको साथै सामाजिक सामंजस्यता कायम गर्न पनि सिकाउँदछ । समानता तथा न्यायको शिक्षा पनि यसले दिन्छ ।

सत्यको पालन गर्नु र ईमानदारीका साथ जीवन निर्वाह गर्नु, समाजिक सेवा जस्ता सिद्धान्त विभिन्न धर्ममा फरक-फरक रुपमा पाए पनि सबैको मूल उद्देश्य मानवता, सहिष्णुता, समानता, सद्भाव, सदाचार, समभाव, परोकार नै रहेको छ । समाजमा वैमनस्यता, भेदभाव, अत्याचार आदिलाई यसले निषेध गरेको छ । कुनै पनि धर्मभित्र विद्यमान रहेका सकारात्मक मनोभाव र हृदयभावहरुलाई हामीले आत्मसात गर्दै अघि बढ्न सक्नु पर्दछ ।

बौद्ध धर्ममा पंचशील र अष्टाङ्गिक मार्गको सिद्धान्त, हिन्दू धर्ममा कर्म, धर्म (कर्तव्य) र मोक्ष (मूक्ति) को सिद्धान्त, जैन धर्ममा सत्य र अहिंसाको सिद्धान्त, ईस्लाम धर्ममा एकेश्वरवाद तथा ईसाई धर्ममा प्रेम र सेवाको सिद्धान्तलाई महत्वपूर्ण मानिएको भए पनि यी सबै सिंगो मानव जाति, सभ्यता र संस्कृतिका लागि अकाट्य तथा जीवन्त सिद्धान्तहरु हुन् । यी सबैको अन्तरघोलन र आत्मसातबाटै सुसभ्य, सुसंस्कृत र सुसफल समाज-देशको निर्माण सम्भव छ । यसलाई हामी सबैले आत्मचिन्तन र आत्ममन्थन गर्दै अघि बढ्नु पर्ने आजको आवश्यकता हो ।

स्थानीय सन्दर्भमा, रामग्राम नगरपालिका वार्ड नं.-७ स्थित रामग्राम स्तूपा लगायतको महत्वपूर्ण स्थलको सरंक्षण, सम्वर्द्धन तथा विकासमा सबैको चाँसो र ध्यानाकर्षण हुन आवश्यक छ । ऐतिहासिक र सांस्कृतिक महत्व बोकेका यहाँका सबै धरोहर, भाषा, संस्कृति र परम्पराहरुको संरक्षण गर्दै त्यसलाई प्रचारप्रसारमा ल्याएर पर्यटन प्रर्वधनमा जोड दिन जरुरी छ ।

**अन्त्यमा,** विभिन्न धर्महरु प्रति सहिष्णुता र सम्मानलाई बढावा दिन, समाजमा शान्ति, अमनचयन र सद्भाव कायम गर्न, परस्पर संवाद र समझदारी अभिप्रेरित गर्न तथा देशको एकता र अखण्डतालाई बलियो बनाउन यो सम्मेलन सफल हुने फेरि पनि विश्वास व्यक्त गर्दै सबैको सुख, शान्ति र समृद्धिको कामना गर्दछु ।

**धन्यवाद ।**

**२०८१ भदौ २९ गते शनिबार ।**

# Rt. Honorable Vice President Ramsahay Prasad Yadav's Speech at the 'International Conference on Inclusive Insurance, 2024' held in Kathmandu on 7th Kartik 2081

First of all, I would like to express my heartfelt best wishes to all of you gathered here today and my special thanks to the organizers for organizing the **International Conference on Inclusive Insurance, 2024.**

The theme of inclusive insurance is particularly relevant for Nepal, and I am confident that this conference will serve as a catalyst for strengthening international cooperation and collaboration in addressing the challenges and opportunities that inclusive insurance presents.

Conferences like this offer us a unique platform to exchange ideas, share best practices, and develop strategies that will promote the holistic development of the insurance sector, enabling it to meet today's realities and prepare for the demands of tomorrow.

The main objective of inclusive insurance is to provide insurance protection to all sections of society. This is an important step that strengthens the economic and social structure of the country. With inclusive insurance, various members of society, especially the poor and the deprived, can achieve economic security. Insurance provides them a sense of security in unexpected situations.

Insurance is an important means of protecting people from financial adversities. Through this, they can keep their financial condition stable and remain safe in any unexpected event. Health and life insurance are included under inclusive insurance so that every person in the society can get medical facilities and the life security of their family can be ensured.

There is a need to spread awareness in society about insurance and educate people about its importance. Various schemes and programs can be started for this. The government and insurance companies should work together to ensure that every person has access to insurance, whether they live in rural or urban areas. With inclusive insurance, we can not only strengthen the economic condition of the society but also create a safe and capable society. We need to work collectively in this direction.

Our country is particularly vulnerable to climate change, with around 80 percent of the population exposed to climate-related risks. One of the pressing challenges we face is the low level of insurance awareness, compounded by a significant

insurance protection gap, which leaves many of our citizens vulnerable to growing threats.

Insurance plays a pivotal role in managing the financial impacts of earthquakes, floods, and landslides like catastrophes. Catastrophic and emerging risks, especially climate-related risks, pose significant challenges to the insurance industry, affecting underwriting, investment, and the broader financial landscape. Without a comprehensive understanding of these risks, traditional risk management approaches will prove inadequate in safeguarding our economies and communities.

As we convene here today, it is essential to recognize the transformative potential of inclusive insurance in managing all emerging risks within the global landscape. We are privileged to have among us distinguished speakers and experts who will shed light on key issues and share international practices from advanced jurisdictions, providing us with invaluable learning opportunities.

I encourage all participants to actively engage in discussions, share insights, and propose innovative solutions throughout the conference. I am confident that the outcomes of this conference will have a lasting impact on the future of inclusive insurance.

**At last,** I am sure you will collaborate with people you have met here today. Only through collaboration, cooperation, and the exchange of ideas and expertise can we elevate the standard of insurance and ultimately improve the quality of this field. I wish you all the very best for the success of this conference.

Thanks !

श्री गढीमाई मेलाको अवसरमा मिति २०८१ मंसिर १७ गते

**सम्माननीय उपराष्ट्रपति रामसहाय प्रसाद यादवज्यूको**

# सम्बोधन

श्री गढीमाई मेलाको विशेष अवसरमा सम्पूर्ण अतिथिहरु, साधु-सन्त र भक्तजनहरुलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

नेपालको मधेश प्रदेश अन्तर्गत बारा जिल्लाको महागढीमाई नगरपालिका-२, बरियापुरस्थित ऐतिहासिक र प्राचीन गढीमाई मन्दिर परिसरमा लाग्ने यो मेला विशेष धार्मिक आस्था र साँकृतिक सम्पदाको महत्वलाई झल्काउँदछ । वर्षौ पुरानो परम्परा र विश्वासले यो मेलालाई विशेष बनाएको छ ।

गढीमाई मेलाले विश्वभरका हजारौं भक्तजनलाई आकर्षित गर्दछ । गढीमाई देवीको पूजा गर्ने उद्देश्यले भक्तजनहरु यहाँ आउँछन् । यो मेला धार्मिक आस्था, परम्परा र साँस्कृतिक विविधताको उत्कृष्ट उदाहरण हो । यस्ता मेलाहरुले संस्कृति, परम्परा र समुदायलाई एक ठाउँमा ल्याउन सहयोग गर्दछन् । मेलामा आयोजना हुने विभिन्न प्रकारका धार्मिक गतिविधिहरु र अनुष्ठानहरु शान्तिपूर्वक र सौहार्दपूर्ण रुपमा सम्पन्न होस् ।

यस प्रकारको मेलाले समाज र देशमा एकता, भाइचारा, धार्मिक सहिष्णुता र परस्पर सहयोगको भावना बढाउने विश्वास व्यक्त गर्दछु । मेलामा सहभागी सम्पूर्ण समुदाय, महानुभाव, श्रद्धालु  र सहयोगी हातहरुलाई धन्यवाद दिँदै यसलाई सफल बनाउन म आग्रह गर्दछु ।

श्री गढीमाईले हाम्रा सबैको मनोआकांक्षा र मनोकामना पूरा गर्न सहयोग गरुन् भन्ने प्रार्थना पनि गर्दछु । यस अवसरमा शान्ति, प्रेम, स्नेह तथा सहकार्यको सन्देश सम्पूर्ण समाज र देशमा फैलियोस् भन्ने कामना समेत गर्दछु ।

अन्त्यमा, मेलाको मूल उद्देश्य धार्मिक आस्था र परस्पर सहयोगी भावना अभिबृद्धि गर्नमा टेवा पुग्ने सकोस् भन्ने विश्वास व्यक्त गर्दै गढीमाई मेलाको सफलताका लागि हार्दिक शुभकामना दिन चाहन्छु ।

धन्यवाद ।

२०८१ मंसिर १७ गते सोमबार ।

काठमाडौं महानगर दिवसका अवसरमा काठमाडौंको टुँडिखेलस्थित सैनिक मञ्चमा मिति
२०८१ मंसिर २९ गते आयोजित विशेष समारोहमा

**सम्माननीय उपराष्ट्रपति रामसहाय प्रसाद यादवज्यूको**

# सम्बोधन

साँस्कृतिक, ऐतिहासिक र पुरातात्विक परिचय र महत्व बोकेको काठमाडौँ, महानगर घोषणा भएको ३०औँ वर्ष पूरा गरेको यो सुखद अवसरमा काठमाडौंबासी लगायत सबैमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु । साथै, काठमाडौं महानगरपालिकालाई विकास र समृद्धिको पथमा लम्किन र यो उचाईंमा पुर्याउन अहोरात्र आफ्नो महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने सम्पूर्ण महानुभावहरुलाई सह्रदय स्मरण गर्दै महानगरको नेतृत्व, जनप्रतिनिधिहरु, पदाधिकारीहरु तथा कर्मचारीहरुमा उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको केन्द्रीय राजधानी समेत रहेको यो सहर राष्ट्रिय/अन्तर्राष्ट्रिय चासो र सम्बन्धको महानगर पनि हो । सिंगो यो सहरभित्र विश्व सम्पदा क्षेत्रमा समेटिएका साँस्कृतिक वैभव, मौलिक पहिचान र रैथाने रहनसहन, मौलिक खानपान, जीवनशैली, बाजागाजा, नाच तथा श्रृङ्गारहरुको अलौकिक संयोग अन्यत्र पाउन दुर्लभ छ । यहाँ प्रचलित जात्रा र पर्वहरु, सहरसंग सम्बन्धित रोचक कथा र जनश्रुतिहरुले काठमाडौंलाई एउटा जीवन्त र अनेकन विशेषतायुक्त सहरको उपमा प्रदान गरेको छ ।

पछिल्लो समय स्थानीय सरकारका रुपमा काठमाडौँले आफ्नो जिम्मेवारीलाई उजागर गर्दै यहाँको आर्थिक, सामाजिक तथा भौतिक विकास र सहरी व्यवस्थापनमा अहम अभिभावकीय भूमिका निर्वाह गर्नु अत्यन्तै प्रशंसनीय छ । यो महानगरले सेवाग्राही तथा लाभग्राहीलाई प्रदान गरेको र गर्दै आएका सेवाहरु अन्य स्थानीय तहका लागि अनुकरणीय, अनुशरणीय र सिकाइ-योग्य छन् । महानगरले सशक्त युवा नेतृत्व मार्फत् मुलुकमा संघीयता कार्यान्वयनका लागि महत्वपूर्ण योगदान पुऱ्याइरहेकोमा खुशी पनि व्यक्त गर्दछु ।

सहरी सुव्यवस्थापन, नदी तथा जल प्रणाली, हरियाली प्रवर्धनसहित प्राकृतिक सम्पदा, मठमन्दिर, तलाउ, पोखरी, ढुङ्गेधारासहित भौतिक सम्पदाको अस्तित्व पुनःस्थापना, एकीकृत सहरी विकासको प्रयास महानगरपालिकाका उदाहरणीय काम हुन् । समावेशी र पहुँचयुक्त सहर निर्माणका लागि गरिएका प्रयासले महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, बालबालिका सबैले सहर 'मेरो पनि हो' भन्ने विश्वास दिलाउनु अत्यन्तै सराहनीय छ । न्यायिक निरुपणमा महिला सञ्जाल र मेलमिलाप कक्षको स्थापना र सञ्चालनले न्यायिक विकेन्द्रीकरणको आधार तयार पार्न सक्नु सकारात्मक छ ।

कार्यपालिका बैठक, नगर सभाको वैठक प्रत्यक्ष प्रसारण गरेर नागरिकलाई उनीहरुको चासोका विषयमा उत्ति नै बेला, दुरुस्तै सूचना दिनु, सुशासनको प्रत्याभूति गराउने एउटा महत्वपूर्ण कदम हो । सेवा प्रवाहमा सूचना प्रविधिको उच्चतम प्रयोग गर्नु, एकीकृत प्रणालीबाट पारदर्शी एवं उत्तरदायी सेवाका लागि एकल सेवा केन्द्र सञ्चालन गर्नु, गुनासो व्यवस्थापन प्रणालीलाई प्राथमिकता दिनुले महानगरपालिकालाई नागरिकमैत्री, सेवाग्राहीमैत्री बनाउन सक्नु पनि प्रशंसायोग्य छ । यसले नागरिकको आँगनको सरकार स्थानीय शासनका लागि सवल छ, भन्ने सन्देश प्रवाह गरेको छ ।

स्वास्थ्य, शिक्षा, रोजगारी, पूर्वाधार निर्माण, विपन्न नागरिकलाई स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न निःशुल्क स्वास्थ्योपचार सम्बन्धी कानुनको कार्यान्वयन गरी बाँच्न पाउने नागरिकको अधिकारलाई सुरक्षित गरेको विश्वास व्यक्त गर्दछु । पुस्तकरहित शुक्रबार कार्यक्रमबाट सामुदायिक शैक्षिक प्रणालीमा सुधार गर्दै 'स्वस्थ सहर, स्वस्थ नागरिक' अवधारणालाई कार्यान्वयन गराउन वायु प्रदूषण नियन्त्रणका उपायहरु थालिनु महानगरको अर्को सकारात्मक कार्य हो ।
यसैगरी, कालोपत्रे सडकलाई सवारी सञ्चालनमा प्रवर्द्धन गर्दै ठुला भवनका भूमिगत तलामा पार्किङ्ग सुविधा उपलब्ध गराई सहरी आवागमनलाई खुकुलो बनाउने कार्य पनि प्रशंसनीय छ । पैदल यात्रीले सडकमा निर्वाध हिँड्न पाउने अधिकार प्रत्याभूति गराउन पैदल मार्ग सुधारलाई तीब्रता दिनु महागनरको अर्को महत्वपूर्ण कार्य हो ।

अघिल्लो आर्थिक बर्षदेखि महानगरपालिकाले कार्यान्वयनमा ल्याएका महानगर गौरवका योजनाले दिगो रणनीतिक विकास र सहजतामा टेवा पुग्ने विश्वास व्यक्त गर्दछु । आम नागरिकसँग प्रत्यक्ष जोडिएका स्वास्थ्य, शिक्षा, खेलकुद, सीप तथा क्षमता विकाससहित रोजगार प्रवर्धन, वातावरण सुधार र पूर्वाधार कार्यमा तत्काल लाभ प्राप्त हुन सक्ने ठानेको छु ।

शासन व्यवस्था रुपान्तरण भएर नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा गएपछि नागरिकसँग प्रत्यक्ष जोडिएका अधिकार वडा तहमा पुगेका छन् । जन्मदेखि मृत्युपर्यन्त गर्नु पर्ने सबै काम आफ्नै आँगनमा रहेको सरकारी सेवा केन्द्र वडा कार्यालयबाट लिन सक्ने भएका छन् । नागरिकका जन्मसिद्ध तथा मौलिक अधिकार, मानव अधिकार सुरक्षित गरिएको छ । सूचनाको हकको पूर्ण प्रत्याभूत गरिएको छ । यी विषय स्थानीय सरकारसँग जोडिएका विषय हुन् । महानगरपालिकाले संविधान, कानुन र प्रचलित व्यवस्थाले दिएका अधिकारको पूर्ण प्रयोग गरेर अन्य पालिकालाई पनि संघीयताको अभ्यास गर्न सिकाइ प्रदान गर्न सक्दछ ।

वि.सं. १९९६ सालमा स्थापना भएको सफाइ अड्डाको संस्थागत जगबाट इतिहास सुरु भएको काठमाडौं महानगरपालिकाले संविधानको प्रस्तावनामा अभिव्यक्त बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृति तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरी विविधताबीचको एकता, सामाजिक साँस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई

संरक्षण र प्रवर्धन गर्दै, वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने संकल्पका साथ अघि बढ्ने थप नेतृत्वदायी भूमिका निर्वाह गर्न सकोस्।

**अन्त्यमा**, नेपालको पहिचान र गौरवलाई अन्तर्राष्ट्रिय क्षेत्रमा सजिलै पुऱ्याउने क्षमता भएको काठमाडौं महानगरपालिकालाई सवै क्षेत्रबाट सदैव साथ र रचनात्मक सहयोग प्राप्त हुने विश्वासका साथ पुनः महानगर घोषणा भएको ३०औँ वर्ष पूरा भएको सुखद अवसरमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।
२०८१ मंसिर २९ गते शनिबार ।

उदयपुर चौदण्डीगढी नगरपालिका-८ स्थित सरस्वती मावि सावाको मिति २०८१ पुस १५ गते आयोजित स्वर्ण जयन्ती समारोहमा

## सम्माननीय उपराष्ट्रपति रामसहाय प्रसाद यादवज्यूको

# सम्बोधन

ऐतिहासिक र पुरातात्विक महत्व बोकेको उदयपुरको चौदण्डीगढी नगरपालिकास्थित श्री सरस्वती मावि सावाले स्वर्ण जयन्ती मनाइरहेको यो सुखद अवसरमा यहाँ उपस्थित सबैमा हार्दिक अभिवादन व्यक्त गर्दै विद्यालय परिवार, स्थानीयवासी, जनप्रतिनिधि लगायत सम्पूर्णमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु । साथै, विद्यालयलाई यो उचाईंमा पुर्याउन अहोरात्र आफ्नो महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने सम्पूर्ण महानुभावलाई सह्रदय स्मरण गर्दै विद्यालयको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

ऐतिहासिक यो चौदण्डीगढी नगरपालिका सामरिक तथा पुरातात्विक महत्व बोकेको नगर हो । समुद्र सतहबाट करीव तीन हजार मिटर उचाईंमा अवस्थित यो नगर पूर्व पश्चिम फैलिएको महाभारत पर्वत श्रृङखलामा पर्ने एउटा अनुपम, आकर्षक, मनमोहक एवम् रमणीय छ ।

मध्यकालीन इतिहास समेत बोकेको भनिएको यो नगर/क्षेत्र तत्कालिन अवस्थामा सेनहरुको अधिपत्यमा थियो भने कार्यकारी रुपमा किराँतहरुले स्थानीय शासन संचालन गरेको ऐतिहासिक भूमि पनि हो । यस क्षेत्रमा अध्ययन/अन्वेषणका क्रममा प्राप्त नवपाषाण युगका हतियारले यो गढी बढीमा चार हजार वर्ष प्राचीन रहेको देखिएकाले यसको अस्तित्व र किरातीहरुको यस क्षेत्रमा उपस्थिति प्राग इतिहासकालदेखि नै रहेको देखिन्छ ।

यहाँको ऐतिहासिक तथा पुरातात्विक तथ्यहरुलाई उजागर गर्दै जगेर्ना आवश्यक छ । यस क्षेत्रमा रहेका भौतिक स्मारकहरुको संरक्षण र सम्वर्द्धन गर्न सक्नु पर्दछ । यो क्षेत्रलाई पर्यटकीय गन्तव्यका रुपमा विकास गर्न सके स्थानीय रुपमा मात्रै नभई यसले क्षेत्र, प्रदेश र देशको अर्थतन्त्र उकास्नमा महत्वपूर्ण योगदान पुर्याउन सक्ने विश्वास व्यक्त गर्दछु । यसप्रति सबैको ध्यानाकर्षण हुन अति आवश्यक छ ।

शिक्षा भनेको समाजको आधारभूत स्तम्भ हो, जसले मानिसलाई आत्मनिर्भर, सशक्त र सचेत नागरिक बनाउँदछ । ज्ञान, सही व्यवहार र सीप एवम् विद्या प्राप्त गर्ने महत्वपूर्ण प्रक्रिया पनि शिक्षा नै हो । यसले हामीलाई जीवनको कठिन समयमा चुनौतीहरुको सामना गर्न सहयोग गर्दछ । शहरमा शिक्षा प्राप्त गर्नु सजिलो भएपनि दुर्गम गाउँमा अझै पनि धेरैको पहुँचमा छैन । खासगरी, छोरी चेलीहरुलाई कम उमेरमै शिक्षाबाट बञ्चित गराएको अझै पनि पाइन्छ । यसतर्फ सबैको ध्यानाकृष्ट हुन जरुरी छ ।

शिक्षाले समाजमा सबैमा समानताको भावना जागृत गर्नुको साथै देशको विकास र समृद्धिमा सहयोग पुर्याउँदछ । यसलाई संविधानमा मौलिक हककै रुपमा व्यवस्था गरिएको छ । शिक्षाले व्यक्तिलाई सभ्य र संस्कारयुक्त जीवन जिउने गरी रुपान्तरण गर्न सक्नु पर्दछ । सदाचार, मर्यादित र असल बानी-व्यवहार एवम् आचरण देखाउने गरी व्यक्तित्व निर्माण आजको आवश्यकता हो ।

आज समाजमा शिक्षाको महत्व बढेसंगै यसको उपयोगिता पनि बढेकै छ । तर, शिक्षालाई साक्षरतामा मात्रै सीमित नराखी यसलाई श्रम, रोजगारी र देशभक्तिसंग जोड्न सक्नु पर्दछ । शिक्षाले श्रमलाई पनि सम्मान गर्न सिकाउँदछ । पछिल्लो समय बदलिँदो विश्व परिवेश र प्रविधि युग अनुरुप शिक्षा प्रणाली, पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण विधि र शिक्षण सिकाइ क्रियाकलाप आदि परिस्कृत र परिमार्जित गर्दै व्यवहारिक बनाउन उत्तिकै आवश्यक छ । शिक्षासहित हरेक क्षेत्रमा 'विविधतामा एकता, हाम्रो मौलिकता', पहिचानलाई सर्वस्वीकार्य र सर्वसम्मत बनाउँदै अघि बढ्न सक्नु पर्दछ ।

दूर्गममा भएर पनि सरस्वती माविले शिक्षाको महत्वपूर्ण उद्देश्यहरुलाई आत्मसात गर्दै गुणस्तरीय शिक्षाको प्रवर्द्धन गर्नमा पनि सहयोगी भूमिका निर्वाह गरिरहेको छ । यहाँका शिक्षकवर्ग, विद्यार्थी, कर्मचारी लगायतको अथक प्रयास र समर्पण प्रशंसनीय छ । तपाईंहरुले यस विद्यालयलाई एउटा प्रतिष्ठित संस्थानको रूपमा स्थापित गर्न महत्वपूर्ण भूमिका निर्वाह गरिरहनु भएको छ ।

यस स्वर्ण जयन्ती समारोहमा, म यहाँका सम्पूर्ण विद्यार्थीहरूलाई विशेष सन्देश दिन चाहन्छु । तपाईंहरू नै देशको भविष्य हुनुहुन्छ । तपाईंहरूको मेहनत र लगनशीलताले मात्र समाज र राष्ट्रको प्रगति सम्भव छ । तपाईंहरु आफ्नो अध्ययनप्रति निष्ठावान एवम् लगनशील रहनुहोस् र जीवनका हरेक क्षेत्रमा उत्कृष्टता हासिल गर्ने प्रयास गर्नुहोस् ।

यस विद्यालयले आगामी वर्षहरूमा शैक्षिक गुणस्तरलाई अझ सुधार गर्ने योजनामा जोड दिँदै आधुनिक प्रविधिको प्रयोगमा आधारित शिक्षालाई थप प्रभावकारी बनाउन र विद्यार्थीहरूको समग्र विकासमा ध्यान दिने लक्ष्यका साथ अघि बढ्न सक्नु पर्दछ । साथै, विद्यालयको पूर्वाधार सुधार गर्ने र विद्यार्थीहरूको लागि थप शैक्षिक सामग्रीहरू उपलब्ध गराउने योजना पनि विद्यालयले बनाउन सक्नु पर्दछ । यसमा शिक्षक, अभिभावक, स्थानीय सरकार लगायतको भूमिका पनि आवश्यक छ ।

विद्यालयले गुणस्तरीय पठनपाठनको माध्यमबाट समायानुकूल शिक्षा प्रदान गर्दै समाज र मुलुकलाई आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादनमा थप सक्रिय भूमिका निर्वाह गर्नेछ भन्ने विश्वास लिएको छु । स्वर्ण जयन्ती समारोहमा उत्कृष्ट शिक्षक, कर्मचारी, मेधावी विद्यार्थी भाइबहिनीहरु तथा विद्यालयका व्यवस्थापन समितिका पूर्व पदाधिकारीहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने काम अति प्रशसंनीय छन् । यसले यो विद्यालयलाई थप उचाईमा पुर्याउन

उत्प्रेरित र उत्साहित गर्न सक्दछ । सरस्वती माविलाई एउटा नमुना विद्यालयको रुपमा विकास गर्दै अघि बढ्न नितान्त आवश्यक छ ।

बि.सं. २०५६-०८० सम्म सरस्वती माविबाट प्रवेशिका परीक्षा उत्तीर्ण भएका विद्यार्थीहरु सयौंको संख्यामा पुगेकोमा खुशी व्यक्त गर्दै बि.सं. २०७१ मा एसईई परीक्षामा उदयपुर जिल्लामै दोस्रो हुनु सबैका लागि गौरवको विषय हो । हालै स्रोत केन्द्र स्तरीय मुरली वाध्यवादन र राष्ट्रपति रनिङ सिल्ड प्रतियोगितामा द्वितीय हुनुले सरस्वती माविले साँस्कृतिक गतिविधि र खेलकुद क्षेत्रमा पनि महत्वपूर्ण योगदान गरिरहेको विषय प्रशंसनीय छ । आदिवासी जनजाति बहुल यो क्षेत्रभित्र प्रचलनमा रहेका मौलिक, रैथाने, परम्परागत र साँकृतिक चण्डी नाच र हुर्रा नाचको संरक्षण र सम्बर्द्धनमा सबैको ध्यानाकृष्ट गर्न चाहन्छु ।

**अन्तमा,** फेरि पनि यहाँका शिक्षकहरूलाई विशेष बधाई दिन चाहन्छु, जसले आफ्नो ज्ञान र अनुभवलाई विद्यार्थीहरूमा प्रवाहित गरी उनीहरूको सर्वांगीण विकासमा योगदान पुर्याइरहनुभएको छ । यो समारोहले विद्यालयको ५० वर्षको यात्रा, योगदान र उपलब्धिहरूको सम्मान गर्दै आगामी वर्षहरूमा अझ सफलताको मार्ग प्रशस्त गर्नेछ भन्ने विश्वास व्यक्त गर्न चाहन्छु ।

साथै, यस विद्यालयका व्यवस्थापन समितिका सम्पूर्ण सदस्यहरुलाई धन्यवाद दिन चाहन्छु, जसले विद्यालयको प्रगति र विकासमा सक्रिय भूमिका निर्वाह गर्नुभएको छ । यो विद्यालयमा हालसम्म योगदान पुर्याउनु भएका विद्यालयका संस्थापक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु, प्रधानाध्यापक, शिक्षक, अभिभावक, कर्मचारी, विद्यार्थी भाइबहिनीहरु, शिक्षाप्रेमी, सहयोगी हातहरु, समाजसेवी एवं सम्पूर्ण शुभचिन्तकहरु तथा विद्यालयको स्वर्ण जयन्तीका अवसरमा पुरस्कृत एवम् सम्मानित हुनु भएकाहरुलाई हार्दिक बधाई दिँदै विद्यालयको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

धन्यवाद ।
२०८१ पुस १५ गते सोमबार ।

काठमाडौंको चन्द्रागिरि नगरपालिका-१२ स्थित श्री बलम्बु मावि बलम्बुको प्राविधिक शिक्षालय भवनको मिति २०८१ माघ १ गते आयोजित समुद्घाटन समारोहमा

**सम्माननीय उपराष्ट्रपति रामसहाय प्रसाद यादवज्यूको**

# सम्बोधन

ऐतिहासिक र अति रमणीय काठमाडौंको चन्द्रागिरि नगरपालिकास्थित श्री बलम्बु माध्यमिक विद्यालय बलम्बुले प्रयोगशाला सहितको प्राविधिक शिक्षालय भवन निर्माण गरी विभिन्न प्राविधिक विषयमा **'पढ्दै, सिक्दै र कमाउँदै'** कार्यक्रम अन्तर्गत कक्षा ९ देखि १२ सम्मका विद्यार्थीहरुमा डिप्लोमा तहको प्रशिक्षण र सीप विकास मार्फत् रोजगारमुलक शिक्षा प्रदान गर्ने उद्देश्यका साथ विद्यालय अग्रसर भएकोमा खुशी व्यक्त गर्दै यहाँ उपस्थित विद्यालय परिवार, स्थानीयवासी, जनप्रतिनिधि लगायत सम्पूर्णमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु । साथै, विद्यालयलाई यो उचाईंमा पुर्याउन अहोरात्र आफ्नो महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने सम्पूर्ण महानुभावलाई सह्रदय स्मरण गर्दै विद्यालयको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

एकसठ्ठी वर्षअघि ऐतिहासिक नेवार समुदायको बस्ती भास्तीपुरमा विधिवत् स्थापना भई बलम्बु राष्ट्रिय प्राईमरी स्कूल हुँदै वि.सं.२०४८ मा प्रवेशिका परीक्षामा सहभागी भएयता यो विद्यालयले राम्रो नतिजा सहित शैक्षिक सत्र २०५९ देखि आफ्नो उत्कृष्टता प्रदर्शन गर्दै क्षेत्रिय र राष्ट्रिय शिक्षा पुरस्कार एवम प्रमाण पत्र हासिल गर्न सक्नु प्रशंसा र गौरवको विषय हो ।

'उत्कृष्टता' आफैमा पनि महत्वपूर्ण उपलब्धि हो, यो एउटा असल 'टीम वर्क' बिना असम्भव छ । यो बिद्यालयले निरन्तर रुपमा प्रदर्शन गर्दै आएको 'उत्कृष्टता', प्रिय विद्यार्थी भाइबहिनी, अभिभावक र शिक्षकहरुको अथक प्रयास, लगन र परिश्रमबाटै सम्भव भएको हुनुपर्दछ । यसमा निरन्तरता अति आवश्यक र अपरिहार्य छ ।

पछिल्लो समय सामुदायिक विद्यालयहरुप्रति बढ्दो नकारात्मक भावनालाई चिर्न बलम्बु मावि एउटा अनुपम उदाहरण बनेको अवस्था छ । आफ्नो स्थापनाकालदेखि यस विद्यालयले राम्रो पठनपाठन गर्दै आएकोमा अब प्राविधिक धारतर्फ पनि एक कदम अगाडि बढ्नु सकारात्मक छ । यो कदम समय र आजको प्रविधि-सीपयुक्त सिकाइको माग अनुरुप नै रहेको छ । यस सन्दर्भमा, विद्यालयले संचालन गर्न लागेको प्राविधिक धारतर्फको कार्यक्रम बढी उपयोगी हुने विश्वास पनि व्यक्त गर्दछु ।

सामुदायिक विद्यालयहरुले समाजमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन् । यी विद्यालयहरुले शिक्षा मात्रै प्रदान गरिरहेका छैनन्, समाजका विभिन्न वर्गका बालबालिकाहरुलाई समान अवसर र स्रोतहरु पनि उपलब्ध गराउँदै आएको छ । सामुदायिक

विद्यालयहरुको उद्देश्य विद्यार्थीहरुलाई शैक्षणिक गुणवत्ताको स्तर अभिवृद्धिमा मात्र केन्द्रित नभई नैतिक, साँस्कृतिक, व्यवहारिक, राष्ट्रभक्ति र सामाजिक मूल्य पनि प्रदान गर्न आफूलाई अब्बल बनाउन सक्नु आजको आवश्यकता हो ।

यसका लागि शिक्षण सिकाई क्रियाकलापहरु परीक्षा केन्द्रित मात्रै नभई जीवनको कठिन घडीमा विद्यार्थीहरुले समस्याहरुबाट त्राण पाउन सक्ने खालका व्यवहारिक र अनुकूलित हुनु पर्दछ । यस विद्यालयको विगतका शैक्षिक उपलब्धिहरु अवलोकन गर्दा विद्यालय केही हदसम्म शैक्षिक गुणवत्ता कायम राख्न सफल हुनु प्रशंसनीय छ । विद्यालयले विद्यार्थीहरुको सर्वाङ्गिण विकासमा जोड दिंदै समाज र देशको माटो, हावापानी र भूगोल आदि सुहाउँदो शिक्षामा थप केन्द्रित हुन उत्तिकै जरुरी छ ।

विद्यालयले प्रयोगशाला, पुस्तकालय, खेलकूद, कम्प्यूटर ल्याब जस्ता सुविधाहरुलाई परिस्कृत र परिमार्जित गर्दै विद्यार्थीहरुको समग्र विकासमा सहायक बन्ने गरी अघि बढ्न सक्नु पर्दछ । समावेशी शिक्षालाई बढावा दिने सामुदायिक विद्यालयहरुमा समाजका प्रत्येक वर्गका बालबालिकाहरुले समान अवसर पाउँने वातावरण सक्रियताका साथ निर्माण गर्न आवश्यक छ ।

यी विद्यालयहरु आर्थिक रुपमा कमजोर र पछाडि परेका समुदायका बालबालिकाहरुलाई उच्च गुणवत्ता सहितको शिक्षा प्रदान गर्नका लागि कटिबद्ध र प्रतिबद्ध भई विद्यालयलाई सिकाइ-एकाईका रुपमा अघि बढाउन जरुरी छ । सामुदायिक विद्यालयहरु शैक्षणिक ज्ञानसंगै सांस्कृतिक शिक्षामा पनि जोड दिन आवश्यक छ । यसले नेपालको मौलिक सांस्कृतिक र रैथाने परम्परा/रीतिरिवाजहरुको जगेर्ना गर्दै पुस्तान्तरण गर्नमा सहयोग पुग्दछ ।

प्रिय विद्यार्थी भाइबहिनीहरु, तपाईहरु विद्यालयको शान हुनुहुन्छ । तपाईंहरुको मेहनत, लगन र समर्पणले यो विद्यालयले उत्कृष्ट परिणाम हासिल गर्न सकिरहेको छ । यसमा तपाईंहरुको निरन्तरता आवश्यक छ । तपाईंहरुको उज्जवल भविष्य नै विद्यालयको उद्देश्य, परिचय र पहिचान पनि हो ।

यसैगरी, अभिभावकहरुको सहयोग र समर्थन विद्यालयको सफलताको महत्वपूर्ण स्तम्भ हो । उहाँहरुको परिश्रम र योगदान बिना विद्यालयले सफलताको शिखर चुम्न किमार्थ सक्तैन । त्यसैले तपाईं अभिभावकहरु आफ्ना सन्तानहरुले विद्यालयमा आर्जन गरेको ज्ञान, सीप र शिक्षण सिकाइ क्रियाकलापबारे समय-समयमा चासों राख्न सक्नु पर्दछ ।

विद्यालयलाई शिक्षण सिकाइ-एकाईको मानक केन्द्रको रुपमा परिचय गराउनमा शिक्षक मित्रहरुको भूमिका पनि अतूलनीय छ । तपाईं शिक्षकहरुको निस्वार्थ प्रयास र कठिन परिश्रमबाटै विद्यालयको मान, प्रतिष्ठा र सम्मान बढ्ने गर्दछ । तपाईहरुको मार्गदर्शन, योग्यता, दक्षता, शिक्षा र शैक्षणिक कौशलताले विद्यार्थीहरुलाई जीवनमा अगाडि बढ्न

अभिप्रेरित गर्दछ । तपाईंहरु आफ्नो कर्तव्यप्रति दत्तचित्त भई कर्मशील योद्धाको भूमिका निर्माण गर्न सक्नु पर्दछ ।

विद्यालयमा स्थापना भएको बहुप्राविधिक शिक्षालयमा ब्युटिसियन, इलेक्ट्रिसियन, मोबाइल मर्मत र मोटर बाइक (अटो मोबाइल) मर्मत कोर्ष र सोसंग सम्बन्धित सीप विकास गरी विद्यालयमै साधारण धारतर्फ कक्षा ९ देखि १२ का विद्यार्थीहरुलाई अतिरिक्त समय व्यवस्थापन गरी सम्बन्धित बिषयको प्राविधिक धारमा डिप्लोमा तहसम्म प्रशिक्षण दिई दक्ष बनाइ सोको मूल्याङ्कन समेत गरी आधिकारिक प्रमाणपत्र प्रदान गर्ने गरी कार्यक्रम सञ्चालित होस् भन्ने अपेक्षा छ । यस शिक्षालयमा आगामी समयमा सिकेको सीपको प्रयोग गरी आयआर्जनसँगै जीविकोपार्जन गर्न विद्यार्थीहरुलाई सहयोग र मुलुकलाई आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादनमा टेवा पुग्ने विश्वास लिएको छु ।

**अन्त्यमा,** यस समारोहमा सम्मान र प्रशंसा पत्र प्राप्त गर्नुहुने सम्पूर्ण विशिष्ट व्यक्तित्वहरुलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु । साथै, विद्यालयको प्रगति, विकास र सफलतामा सक्रिय योगदान पुर्याउनु हुने विद्यालयका संस्थापक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, नगरपालिकाका जननिर्वाचित प्रतिनिधिहरु, प्रधानाध्यापक, शिक्षक, अभिभावक, कर्मचारी, विद्यार्थी भाइबहिनीहरु, शिक्षाप्रेमी, सहयोगी हातहरु, दाता संस्थाका प्रतिनिधिहरु एवम् समाजसेवीहरु सहित सम्पूर्ण शुभचिन्तकहरुलाई हार्दिक धन्यवाद दिँदै समाज र देशको गर्वका रुपमा रहेको यस प्रकारको सामुदायिक विद्यालयलाई ज्ञान, सीप, नैतिक शिक्षा, देशप्रेम र संस्कारले सुसज्जित गर्न एवम् थप उचाईमा पुर्याउन निरन्तर प्रयासरत रहन आग्रहसंगै विद्यालयको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

धन्यवाद ।
२०८१ माघ १ गते मंगलबार ।

मधेश प्रदेशको बारा जिल्ला परवानीपुर गाउँपालिका-४ स्थित राम कुमार महावीरप्रसाद केडिया आँखा अस्पतालको स्वर्ण महोत्सवका अवसरमा मिति २०८१ फागुन १२ गते परवानीपुर बारामा आयोजित समारोहमा

**सम्माननीय उपराष्ट्रपति रामसहाय प्रसाद यादवज्यूको**

## सम्बोधन

मधेश प्रदेशको मात्र नभई सिंगो नेपालकै एक ऐतिहासिक, सांस्कृतिक, आर्थिक र अद्यौगिक नगरी वीरगंजको प्रवेशद्वारमा प्राकृतिक सुन्दरता र शान्त वातावरणमा अवस्थित राम कुमार महावीरप्रसाद केडिया आँखा अस्पतालको स्वर्ण महोत्सवको यो सुखद अवसरमा अस्पतालका दाता, संचालक, व्यवस्थापक, चिकित्सक, स्वास्थ्यकर्मी, स्वर्ण महोत्सवमा उपस्थिति सबै महत्वपूर्ण व्यक्तित्व तथा यस भेगका सम्पूर्ण महानुभावहरुमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

यहाँको भौगोलिक अवस्थाले धेरैलाई अस्पतालमा सहज पहुँचको अवसर प्रदान गरेको छ । यो क्षेत्रको महत्वपूर्ण हिस्सा रहेको यो अस्पतालले आफ्नो स्थापनाकालदेखि नै आँखा उपचारमा उच्चस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउँदै समय अनुकूलित विस्तार पनि गर्दै आएकोमा खुशी लागेको छ । नेपालको संविधानले आधारभूत स्वास्थ्य सेवालाई नागरिकको मौलिक हकका रुपमा स्थापित गरेको छ । त्यस अनुरुप आवश्यक पर्ने विभिन्न नीति, योजना तथा कार्यक्रम सरकारको प्राथमिकतामा छ । यो अस्पताल उक्त प्राथमिकतालाई आत्मसात गर्दै अघि बढ्न सक्नु पर्दछ ।

यस अस्पतालका संस्थापक सदस्यमध्येका सुन्दरमलजी केडियाको आफ्नो युवा अवस्थामै आँखा रोगको राम्रो उपचार यो क्षेत्रमा असम्भव भएको अवस्थामा त्यसबाट पाठ सिक्दै उहाँका परिवारले पवित्र उद्देश्यका साथ आँखा उपचार सेवाका लागि अस्पतालको शुरुवात गर्नुभएको रहेछ । आज त्यही अस्पताल आँखाको उपचार क्षेत्रमा ठूलो फड्को मार्नु यस क्षेत्रका लागि मात्रै नभई सिंगो मुलुककै लागि गौरवको विषय भएको छ ।

अस्पताललाई यो अवस्थामा ल्याई पुर्याउन सहयोग गर्ने नेपाल नेत्र ज्योति संघ, एशियामा आँखा उपचार सम्बन्धी क्षेत्रमा सहयोग गर्ने संगठन (एओसीए), स्थानीय लायन्स क्लब, ओर्बिस इन्टरनेसनल, दाता केडिया अर्गनाइजेसन (परिवार) सहित सम्पूर्ण सहयोगी हातहरुलाई सह्रदय स्मरण गर्दै हार्दिक धन्यवाद र उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।

दक्ष जनशक्ति (चिकित्सक, स्वास्थ्यकर्मी लगायत) बाट मधेश प्रदेशको बारा र पर्सा जिल्लाका बासिन्दा प्रत्यक्ष लाभान्वित हुने उद्देश्यका साथ संचालित यो अस्पतालले पछिल्लो समय बागमती प्रदेशका मकवानपुर, मधेश प्रदेशको रौतहट र सर्लाही जिल्लाको पश्चिम भेग तथा भारतको बिहार र उत्तर प्रदेशका जनसमुदायलाई आफ्नो सेवा प्रदान गर्दै आएकोमा हर्षित छु ।

अस्पतालले ८४ जना पूर्णकालीन आफ्नो जनशक्तिहरुबाट **'जनरल ओपीडी'**, **'पेइड ओपीडी','रिफ्र्याटिक्भ एरर स्क्रिनिङ'**, '**लो भिजन क्लिनिक**', '**आर्थोप्टिक्स सर्भिस**', '**क्याटार्याक्ट सर्जरी**' लगायत १८ वटा आँखा सम्बन्धी स्वास्थ्य सेवा प्रदान गर्नु सकारात्मक छ ।

उच्चस्तरीय र आधुनिक प्रविधियुक्त प्रयोगशाला, उपचार विधि, दक्ष जनशक्ति, समय-समयमा प्रशिक्षण कार्यक्रम, 'इन्टर्न' जनशक्ति आदि यो अस्पतालको महत्वपूर्ण पाटो हुन । यसमा निरन्तरता दिँदै आँखा उपचारमा नयाँ-नयाँ प्रविधिहरुको उपयोग गर्दै अस्पताललाई मुलुककै नमूना आँखा उपचार केन्द्रको रुपमा विकसित गर्न आवश्यक छ । अस्पताल यो क्षेत्रमा थप सफल हुने छ भन्ने विश्वास लिएको छु ।

अस्पतालले समाजमा स्वास्थ्य सुधारमा महत्वपूर्ण योगदान पुर्याउँदै समाजमा स्वस्थ्य जीवनशैलीलाई प्रोत्साहित समेत गरेको छ । यहाँ कार्यरत चिकित्सक र कर्मचारीहरुले समर्पण तथा सेवा भाव मार्फत् आफ्नो उत्कृष्ट उदाहरण पनि प्रस्तुत गरेको छ । स्थानीय समुदायलाई रोजगारीको अवसर समेत प्रदान गर्दै यस क्षेत्रमा आर्थिक स्थायित्वमा महत्वपूर्ण सहयोग पुर्याइरहेकै छ ।

यो स्वर्ण महोत्सव अस्पतालको ५० वर्षे योगदान र सफलताको यात्रालाई स्मरण गर्ने महत्वपूर्ण अवसर हो । यो अवसरलाई अस्पतालले आफ्ना विगतका कमीकमजोरीको समीक्षा गर्दै थप शसक्त र परिस्कृत रुपमा अघि बढ्ने सूत्रका रुपमा लिन सक्नु पर्दछ । आफ्नो सेवाको गुणस्तरलाई अझ सुधार गर्ने संकल्प लिन पनि उत्तिकै आवश्यक छ ।

स्वास्थ्य सेवामा उत्कृष्टता, आधुनिक प्रविधिको उपयोग र मानवताको उच्चतम मापदण्डलाई कायम राख्दै, अस्पतालले समाजमा ठूलो योगदान पुर्याएकोमा धन्यवाद दिन चाहन्छु । भविष्यमा पनि यो अस्पतालले आफ्नो उत्कृष्ट सेवाको निरन्तरता कायम राख्दै देश र समाजमा उदाहरणीय भूमिका निर्वाह गर्नेछ भन्ने विश्वास लिएको छु ।

स्वर्ण महोत्सवको अवसर पारेर आज शिलान्यास गरिएका नवनिर्मित भवन र दृष्टि स्तम्भको अनावरणले अस्पताललाई थप उचाईमा पुर्याउन सकोस् । अस्पतालले विशेष रूपमा प्रशिक्षित चिकित्सकहरू र सर्जनहरूबाट आँखाको सम्पूर्ण समस्या उपचार गर्नमा सक्षम बन्दै आधुनिक चिकित्सा उपकरण र प्रविधिहरूको प्रयोग गरी उच्च-स्तरीय उपचारलाई थप सशक्त बनाउँदै लग्नेछ भन्ने विश्वास पनि लिएको छु ।

**अन्त्यमा,** अस्पतालले थप समर्पित भावबाट आँखा रोगहरूको निदान, उपचार र सर्जरीमा केन्द्रित सेवाहरू प्रदान गर्दै आफ्ना आपतकालीन सेवाहरू विस्तार सहित आकस्मिक परिस्थितिमा तात्कालिक उपचार प्रदान गर्न थप सक्षम बनोस् । साथै, आँखा उपचार सेवाहरुमार्फत् दृष्टि समस्याहरुको समयमै निदान र उपचार गर्दै मानिसहरुको दृष्टि

सुधारमा थप सहयोगी बन्दै आँखाका विभिन्न रोगहरु-मोतियाबिन्दु, ग्लुकोमा आदिको प्रारम्भिक निदान र रोकथाममा महत्वपूर्ण भूमिका पनि निर्वाह गरोस् ।

यस स्वर्ण महोत्सवमा हीरालाल केडिया ज्योतिर्गमय सम्मान एवम् पुरस्कार पाउनु भएकाहरुमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दै अस्पतालको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

धन्यवाद ।
२०८१ फागुन १२ गते सोमबार ।

काठमाडौं महानगरपालिका-१४ बल्खुस्थित जाइका अलमनाई एसोसिएसन अफ नेपालको ५१ औं वार्षिकोत्सवका अवसरमा मिति २०८१ फागुन १७ गते काठमाडौंमा आयोजित समारोहमा

**सम्माननीय उपराष्ट्रपति रामसहाय प्रसाद यादवज्यूको**

# सम्बोधन

जाइका अलमनाई एसोसिएसन अफ नेपाल (जान) को ५१ औं वार्षिक समारोहमा यस संस्थाका सम्पूर्ण पदाधिकारी एवम् सदस्यहरुमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

'जान', जापानमा अध्ययन गरी फर्किएका नेपाल सरकारका बहालवाला तथा सेवानिवृत सरकारी अधिकारीहरु, विभिन्न सार्वजनिक क्षेत्रका प्राविधिक, प्राज्ञ, स्वतन्त्र प्राविधिज्ञ तथा व्यवसायी लगायतको साझा संस्थाका रुपमा ५० वर्षयता सक्रिय रहेको जानकारी पाएर खुशी लागेको छ । नेपाल र जापानबीचको परम्परागत मित्रतालाई सुमधुर बनाउँदै जापानमा विभिन्न समयमा नेपालीहरुले आर्जन गरेको ज्ञान, सीप, कौशलता र दक्षता नेपालको विकास एवम् समृद्धिमा सहयोग गर्नु यो संस्थाको उद्देश्य रहेको छ ।

नेपाल र जापानबीच ऐतिहासिक सम्बन्ध रहिआएको छ । सन् १९५६ मा कूटनीतिक सम्बन्ध स्थापना भएयता दुई देशबीचको सम्बन्ध थप घनिष्ठ एवम् मैत्रीपूर्ण रुपमा अगाडि बढिरहेको छ । दुई देशबीच औपचारिक कूटनीतिक सम्बन्धको प्रारम्भ हुनुअघि पनि जनस्तरमा द्विपक्षीय सम्बन्ध उत्तिकै बलियो रहिआएकोमा खुशी व्यक्त गर्दछु । नेपालले सदैव जापानसँगको सम्बन्ध र सहयोगलाई उच्च महत्व दिएको छ ।

नेपाल र जापानबीच 'एसियाका ज्योति' भगवान बुद्धको शिक्षाबाट प्रभावित युगौं पुरानो सामाजिक-साँस्कृतिक सम्बन्ध रहिआएको छ । समय-समयमा दुई देशबीच हुने गरेका उच्चस्तरीय भ्रमण तथा विचार आदानप्रदान नेपाल र जापानबीच रहिआएको अति घनिष्ठ एवम् मैत्रीपूर्ण सम्बन्धको एउटा विशेष आयाम हो । यी भ्रमणहरूले हाम्रा दुई देशबीचको गतिशील सम्बन्धलाई थप मजबुत बनाउन सहयोग पुगेको छ । सन् १९५४ देखि नेपालको सामाजिक तथा आर्थिक विकासका लागि जापान एक महत्वपूर्ण तथा विश्वासिलो विकास साझेदारका रुपमा रहिआएको छ । जापानले नेपाललाई द्विपक्षीय अनुदान, द्विपक्षीय ऋण, बहुपक्षीय सहायता र प्राविधिक सहयोग गर्दै आएको छ ।

नेपालसँग जापानी आर्थिक सहयोगका प्रमुख क्षेत्रहरुमा मानव संसाधन विकास, स्वास्थ्य, कृषि विकास, पूर्वाधार विकास, वातावरण संरक्षण, संस्कृति आदि पर्दछन् । हामी औद्योगिक विकास, कृषि, जलविद्युत, पूर्वाधार विकास लगायतका धेरै क्षेत्रमा जापानको अनुभव, ज्ञान, सीप र प्रविधिबाट लाभान्वित हुन चाहन्छौं । मानव संसाधन विकासमा जापानले नागढुंगा सुरुङमार्गको सुरुवातसँगै सडक पूर्वाधारको विकासमा सुरुङ प्रविधिको

सुरुवात गर्ने नेपालको प्रमुख कार्यक्रममा जापान नजिकको विकास साझेदार रहेकोमा खुशी व्यक्त गर्दछु ।

नेपालको समग्र सामाजिक र आर्थिक विकासमा निरन्तर सहयोग गरेकोमा जापान सरकारलाई यो संस्था र समारोहमा सहभागी हुनु भएका जापानका महामहिम राजदूत मार्फत् धन्यवाद व्यक्त गर्दछु । आगामी दिनमा पनि हाम्रा आर्थिक सहयोग र सहकार्यका विषयहरु एवम् द्विपक्षीय व्यापार तथा लगानीका विषयहरुलाई उच्च प्राथमिकता दिँदै नेपाल-जापान सम्बन्ध थप उचाईमा पुगोस् भन्ने अपेक्षा गरेका छौं ।

नेपालको विकासमा जापान सरकारले पुऱ्याएको योगदानको नेपालले सदैव उच्च मूल्यांकन गरेको छ । यहाँ प्राविधिक जनशक्तिको विकास, शिक्षा, स्वास्थ्य, संचार, सडक निर्माण, कृषि क्षेत्र अन्तर्गतका फलफूल, तरकारी, माछापालन लगायत अन्य पूर्वाधार विकासका साथै सामाजिक विकासका क्षेत्रमा समेत जापानले पुऱ्याएको योगदान प्रशंसनीय छ ।

यो संस्थाले बिगत पाँच दशकयता नेपाल र जापानको सुमधुर सम्बन्धलाई जनस्तरसम्म पुऱ्याउन र जापानमा सिकेको ज्ञान, सीप र प्रविधिलाई नेपालको विकासमा लगाउने दिशामा पुर्याउँदै आएको महत्वपूर्ण योगदान थप उचाईमा पुग्नेछ भन्ने विश्वास लिएको छु । यो संस्थाले ग्रामिण क्षेत्रमा सामुदायिक विकासका कार्यहरु पनि शुरु गर्नु सकारात्मक छ । संस्थाले यी कार्यहरुलाई थप ग्रामीण भेगमा विस्तार गर्न सक्नुपर्दछ । 'जान' ले 'जिट्को' कार्यकम अर्न्तगत जापान जाने प्रशिक्षार्थी कामदारहरुको भाषा तथा संस्कृति सम्बन्धी ज्ञानको परीक्षा लिइ नेपाल सरकारलाई सहयोग पुऱ्याएको जानकारी पाउँदा खुशी लागेको छ ।

**अन्त्यमा,** जापानको विदेश मन्त्रीबाट 'फोरेन मिनिस्टर्स कमेन्डेसन अवार्ड' प्राप्त गर्न सफल भएकोमा यो संस्थालाई ढिलै भएपनि हार्दिक बधाई छ । नेपाल र जापानबीचको मित्रतालाई अझै घनिभूत बनाउन र जापान सरकारले नेपाललाई गर्ने सहयोगबाट अधिकतम उपलब्धि हासिल गर्न संस्थाका पदाधिकारी तथा सदस्यहरुको महत्वपूर्ण भूमिका रहने छ भन्ने विश्वास लिएको छु । यस विशेष समारोहमा प्रशंसापत्र र मानार्थ सदस्यता प्राप्त गर्नु भएका सबैलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दै यो कार्यकमको पूर्ण सफलता र संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

धन्यवाद ।
२०८१ फागुन १७ गते शनिबार ।

काठमाडौं महानगरपालिका-१३ बबरमहलस्थित नेपाल वन प्राविधिक संघको ५०औं वार्षिकोत्सव (स्वर्ण महोत्सव) का अवसरमा मिति २०८१ फागुन २० गते ललितपुरमा आयोजित समारोहमा

**सम्माननीय उपराष्ट्रपति रामसहाय प्रसाद यादवज्यूको**

# सम्बोधन

नेपाल वन प्राविधिक संघको स्वर्ण महोत्सवको यस विशेष अवसरमा संघका सम्पूर्ण पदाधिकारी, सदस्य तथा शुभचिन्तकहरुमा हार्दिक बधाई एवम् शुभकामना व्यक्त गर्दछु ।

**यो स्वर्ण महोत्सव संघको योगदान र सफलताको यात्रालाई स्मरण गर्ने अवसर हो । यसलाई संघको कमिकमजोरीको समिक्षा गर्दै देश र समाज हितमा अघि बढ्ने अवसरका रुपमा लिन सक्नुपर्दछ ।** नेपालको वन संरक्षण, व्यवस्थापन र दिगो उपयोगमा यो संघले पुर्याइरहेको योगदानको सराहना गर्दै अब बदलिदो परिस्थतिमा थप परिस्कृत र परिमार्जित हुँदै अघि बढ्न जरुरी छ । यो संघ प्राविधिक विशेषज्ञता अभिवृद्धि गर्ने पेशागत संगठन भएपनि यो देशभरका वन प्राविधिकहरूलाई एकताबद्ध गरी सामाजिक, आर्थिक र वातावरणीय हितका लागि निरन्तर प्रयासरत रहेको जानकारी पाउँदा खुशी लागेको छ ।

वन हाम्रो पहिचान, सम्पदा र जीवनशैलीसँग प्रत्यक्ष जोडिएको प्राकृतिक स्रोत हो । जलवायु परिवर्तनको प्रभाव, जैविक विविधताको संरक्षण, वनजन्य स्रोतको दिगो उपयोग र स्थानीय समुदायको आर्थिक सशक्तीकरण लगायतका क्षेत्रमा संघले खेलेको भूमिका प्रशंसनीय छ । विशेष गरी, सामुदायिक वन, साझेदारी वन, गरिबमुखी कबुलियती वन व्यवस्थापन, वन संवर्धन प्रणालीमा आधारित वन व्यवस्थापनमा संघका सदस्यहरूले पुर्याउनु भएको योगदान सकारात्मक छ ।

नेपालमा पछिल्ला वर्षहरूमा वन-केन्द्रित दिगो विकासका विविध प्रयासहरू भईरहेका छन् । नेपाल सरकारले वन तथा वातावरण संरक्षणलाई प्राथमिकतामा राखी कार्यान्वयन गरिरहेको नीति तथा कार्यक्रममा यो संघले उत्प्रेरकको भूमिका निर्वाह गर्न आवश्यक छ ।

वन क्षेत्रको संरक्षण, प्रवर्द्धन र दिगो व्यवस्थापनका लागि सरकार, सरोकारवाला निकाय, स्थानीय समुदाय तथा प्राविधिक विज्ञहरूबीच समन्वय हुनु जरुरी छ । वन सम्बन्धी नीतिगत सुधार, नवीन प्रविधिको प्रयोग र वैज्ञानिक अनुसन्धानलाई प्राथमिकता दिँदै वन क्षेत्रको समृद्धि सुनिश्चित गर्न सबैको साझा प्रयास उत्तिकै अपरिहार्य छ ।

'हरियो वन नेपालको धन' भनेर चिनिएको नेपालको ठूलो प्राकृतिक स्रोतको केन्द्र वन भएकोले यसमा सबैको समान पहूँच जरुरी छ । नेपालको कूल जमिनको करीब **४४ दशमलव ७४** प्रतिशत ढाकेको वन क्षेत्रलाई स्थिर राख्दै थप विस्तारमा टेवा पुग्ने योजनाका साथ अघि बढ्नु निर्विकल्प छ । यसमा संघले सक्रियताका साथ आफ्नो थप भूमिका निर्वाह गर्न सकोस् भन्ने अपेक्षा गरेको छु ।

नेपालको संविधानको निर्देशक सिद्धान्तहरुमा धारा ५१ को 'छ' मा उल्लेखित 'प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्द्धन र उपयोग सम्बन्धी नीति- 'राष्ट्रिय हित अनुकूल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, संवर्द्धन र वातावरण अनुकूल दिगो रुपमा उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिँदै प्राप्त प्रतिफलहरुको न्यायोचित वितरण गर्ने' उद्देश्यबाट परिलक्षित छ ।

साथै, 'वातावरणीय सन्तुलनका लागि आवश्यक भूभागमा वन क्षेत्र कायम राख्ने' उद्देश्य पनि संविधानमा उल्लेख छ । यी उद्देश्य र नीतिहरुलाई कार्यान्वयनमा ल्याउन सबैको भूमिका उत्तिकै महत्वपूर्ण भएपनि नेपाल वन प्राविधिक संघको जिम्मेवारी अझ बढी छ ।

पछिल्लो समय तराई-मधेशमा पानीको सतह निक्कै तल गएको र पानीको स्रोतहरु सुक्दै गएको चिन्ताजनक अवस्था छ । उक्त क्षेत्र मरुभूमिकरण हुने अवस्थामा पुगेको छ । यो अवस्थाबाट त्राण पाउनका लागि संघले गर्न सक्ने कार्यहरुका लागि आवश्यक योजना र रणनीति तर्जुमामा सरकारलाई आफ्नो अमूल्य सुझाब र सल्लाह दिएर नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्नुपर्दछ ।

वन तथा वातावरण क्षेत्रको अध्ययन र अनुसन्धान गर्ने, वन व्यवस्थापन, वन संरक्षण र वन प्राविधिकहरुको पेशागत हकहितको संरक्षण गर्ने लगायतका उद्देश्यबाट अभिप्रेरित यो संघले वाढी पहिरो, सुख्खा, पानीको अप्रयाप्तता, जलवायु परिवर्तनका नकारात्मक प्रभाव, मरुभूमिकरण लगायतका प्राकृतिक र मानवजन्य विपद्हरुको व्यवस्थापन तथा न्यूनिकरणमा समेत आफ्नो थप सक्रियता बढाउन जरुरी छ ।

नेपाल वन प्राविधिक संघले आयमुखी वन व्यवस्थापनको शुभारम्भका लागि वन उद्यमी तथा सरोकारवालाहरुलाई अभिप्रेरित गर्न उत्तिकै आवश्यक छ । वन स्रोत रहे मात्र यो संघको अस्तित्व रहने भएकाले वन व्यवस्थापन सम्बन्धी विषयलाई कार्यान्वयनमा ल्याउनु पर्छ ।

वन, वनस्पति र वन्यजन्तुहरु आवाजविहीन भएकाले आवाज बनेर यो संघले स्वदेश तथा विदेशका सरोकारवालाहरुबीच नेपाल अनुकूल धारणाहरु अवलम्बन गर्दै जैविक विविधता संरक्षण, जलवायु परिवर्तन लगायतका मुद्दालाई अन्तर्राष्ट्रिय जगतमा उठाउन सरकारलाई थप सहयोग गर्न सक्नुपर्दछ । अझ, समयसापेक्ष आफूलाई परिस्कृत गर्दै नवीकरणीय प्राकृतिक स्रोत वनलाई मानवीय दखल नपुग्ने गरी स्वचालित रुपमा नवीकरण हुने अवस्थामा पुर्याउन संघका सदस्यहरुले आफ्नो ज्ञान, सीप र दक्षता प्रदर्शन गर्नुपर्दछ ।

जिल्लामा वनविज्ञहरुले बढी जनकेन्द्रित भएर कार्यक्रमहरु बढाउने भएकाले यो संघले सरोकारवालाहरुसंग बढी सहजकारी भूमिका निर्वाह गर्नुपर्दछ । देश, विश्व परिवेश तथा अन्तर्राष्ट्रिय मान्यताहरुलाई आत्मसात् गर्दै वन व्यवस्थापनको लक्ष्य हासिल गर्न नेपालको वन-उद्योग क्षेत्रमा दिगो विकासका लागि नीति, सहजीकरण र सहकार्यको महत्वपूर्ण भूमिका

रहन्छ । खासगरी, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली कार्यान्वयनमा आइसकेको अवस्थामा वन क्षेत्रमा उद्यमशीलताको विकास गर्नु आजको आवश्यकता हो ।

देशभित्रै स्रोतहरुको पर्याप्तता हुँदाहुँदै काठ र फर्निचरहरुको आयात परिमाणमा वृद्धि तथा नवीकरणीय स्रोतको उपयोगभन्दा पनि आल्मुनियम तथा फलामको आयातमा वृद्धिले वातावरणीय विनाश भईरहेको देखिन्छ । यो सन्दर्भमा, संघले यसका प्रमुख कारणहरु खोतल्दै गहन अध्ययन/अनुसन्धान मार्फत् सरकारात्मक परिणाम आउने गरी पहल गर्न सक्नुपर्दछ ।

**अन्त्यमा,** स्वर्ण महोत्सवको अवसरमा पुरस्कृत तथा सम्मानित हुनुभएका विशिष्ट व्यक्तित्वहरु सहित यस नेपाल वन प्राविधिक संघमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने सम्पूर्ण महानुभावलाई हार्दिक बधाई दिन चाहन्छु । साथै, आगामी दिनमा पनि यो संघसहित सरोकारवाला सबैले वनको संरक्षण, प्रवर्द्धन र विकासमा अझ प्रभावकारी भूमिका निर्वाह गर्ने विश्वास लिएको छु ।

यहाँ विमोचित 'स्वर्ण स्मारिका' नेपाल वन प्राविधिक संघको ऐतिहासिक योगदान, भविष्यका सम्भावना र प्राविधिक ज्ञानको अभिलेखको रूपमा रहने विश्वास सहित स्वर्ण महोत्सवको सफलता र संघको उत्तरोत्तर प्रगतिका लागि पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ! जय नेपाल ।

२०८१ फागुन २० गते मंगलबार

मुस्लिम आयोगद्वारा मुस्लिम समुदायको एक महिने रमजान/रमादान रोजा (उपवास) ब्रतको अवसरमा मिति २०८१ फागुन २७ गते ललितपुरमा आयोजित इफ्तार (ब्रत तोड्ने) कार्यक्रममा

## सम्माननीय उपराष्ट्रपति रामसहाय प्रसाद यादवज्यूको

# सम्बोधन

'इफ्तार' कार्यक्रम र 'रमजान/रमादान'को अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली इस्लाम धर्मावलम्बी, दिदीबहिनी तथा दाजुभाइमा सुख, शान्ति, समृद्धि एवं सु-स्वास्थ्यका लागि हार्दिक शुभकामनृा व्यक्त गर्दछु।

इस्लाम धर्मको परम्परामा 'इफ्तार' कार्यक्रम, रमजानको पवित्र महिनामा दिनभर उपवास (रोजा) पश्चात नमाज पढेपछि साँझपख विशेष परिकार सहितको खाद्यवस्तु ग्रहण गर्ने महत्वपूर्ण अनुष्ठान हो। यस अवसरमा इस्लाम धर्मावलम्बीहरु एकै ठाउँमा भेला र एकत्रित भई सामूहिक रुपमा दिनभरको उपवास समाप्त गर्ने, सामूहिक भोजन ग्रहण गर्ने र अल्लाहलाई धन्यवाद दिने, गरीबहरुलाई भोजन गराउने लगायतका परम्पराले सामुदायिक, सामाजिक, पारिवारिक एवं भाइचाराको सम्बन्ध प्रगाढ हुने तथा आध्यात्मिक एवं सहयोगी भावनाको विकासमा टेवा पुग्ने विश्वास लिएको छु।

'इफ्तार' कार्यक्रमको माध्यमबाट इस्लाम धर्मावलम्बीहरुले आफ्नो ध्यान र आत्मसंयममा वृद्धि गर्ने प्रयास गर्नुले उहाँहरुको आध्यात्मिकतालाई थप बलियो बनाउन सघाउँदछ।

'रमजान', इस्लामिक क्यालेन्डरको नवौं महिनाका रुपमा इस्लाम धर्मावलम्बीहरुले अत्यन्तै महत्वका साथ मनाउने धार्मिक परम्परा रही आएको छ। इस्लाम धर्ममा प्रचलनमा रहेका पाँच स्तम्भहरुमध्ये एक रहेको यो पर्वका क्रममा इस्लाम धर्मावलम्बीहरुले रोजा राख्ने, अल्लाह प्रति आफ्नो पवित्र आस्था र समर्पण भाव व्यक्त गर्ने इस्लामिक मान्यता र मौलिक परम्परा पनि रही आएको छ। यस अवसरमा विशेष नमाज 'तराहवी' पढ्ने गरिन्छ। यो हरेक दिन कुरानको केही अंश पाठ गरी पवित्र 'रमजान/रमादान' महिनाभरीमा कुरान पढेर सक्नु पर्ने मान्यताले इस्लाम धर्मावलम्बीहरुलाई समयको महत्व बुझ्न र समयको पावन्दीमा सबै रहनुपर्ने सिकाई तथा मान्यताबाट परिलक्षित छ।

रमजानका अवसमा रात्रिकालीन समयमा 'इशा' नमाजपछि 'तराहवी' पढ्ने चलन छ। यो नमाज इस्लामिक परम्परामा महत्वपूर्ण मानिन्छ, मुस्लिम समुदायले यसको पालन वर्षौंदेखि गर्दै आएका छन्। यो नमाज अल्लाहप्रति प्रेम, भक्ति, समर्पण र श्रद्धा व्यक्त गर्न मस्जिदमा सामूहिक रुपमा पढिनुले समुदायमा एकता र भाइचारा विकसित गर्न सघाउ पुग्ने विश्वास लिएको छु।

इस्लाम धर्मावलम्बीहरुको पवित्र धार्मिक ग्रन्थ कुरानको अवतरण यसै महिना भएको मान्यता पनि रही आएको छ । 'रमजान/रमादान' लाई धार्मिक ग्रन्थ 'कुरान' को महत्वपूर्ण प्रतीकका रुपमा मान्ने परम्परा परापूर्वकालदेखि प्रचलनमा छ ।

यस अवसरमा इस्लाम धर्मावलम्बीहरुले बढी भन्दा बढी इबादत (प्रार्थना), कुरान पाठ र ध्यान गर्ने भएकाले यसबाट उहाँहरुको आध्यात्मिक उन्नयनमा टेवा पुग्दछ । 'रमजान' का अवसरमा इस्लाम धर्मावलम्बीहरुले जकात (दान) लगायतका साँस्कृतिक कार्यक्रमको आयोजन गर्नुले समाजमा सहयोग, सद्भाव, भाइचारा, मैत्रीभाव अभिवृद्धि गर्नमा पनि सघाउ पुग्दछ ।

'रमजान/रमादान' को क्रममा रोजा बस्नु मानिसलाई आत्मसंयमित, अनुशासित एवं मर्यादित बनाउँदै आफ्ना जीवनलाई थप संतुलित र संतोषजनक बनाउनु पर्ने महत्वपूर्ण सन्देश पनि संचार गर्दछ ।

**अन्त्यमा,** 'इफ्तार' कार्यक्रम र 'रमजान'ले इस्लाम धर्मको महत्वपूर्ण उद्देश्यहरुलाई स्मरण गर्दै यसका सकारात्मकता प्रस्फुटन र प्रदर्शन गर्न तथा देश र समाजमा एकता, सद्भावना, सहयोग र आत्मसंयमको भावना अभिवृद्धिमा थप अभिप्रेरित गर्न सकोस्, पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

२०८१ फागुन २७ गते मंगलबार ।

काठमाडौं महानगरपालिका-०१, कमलपोखरी स्थित नेपाल जैन परिषद्ले २०८१ चैत २८ गते आयोजना गरेको भगवान महावीरको २६२४औं जन्मजयन्ती (जन्म कल्याणक दिवस) समारोहमा

**सम्माननीय उपराष्ट्रपति रामसहाय प्रसाद यादवज्यूको**

# सम्बोधन

अहिंसा र शान्तिका अग्रदूत, जैन धर्मका २४औं तीर्थंकर भगवान महावीरको २६२४औं जन्मजयन्ती (जन्म कल्याणक दिवस) को पावन अवसरमा आयोजित यस विशेष समारोहका आयोजक नेपाल जैन परिषद्का पदाधिकारीहरु, जैन धर्मावलम्बी महानुभावहरु तथा यहाँ उपस्थित सम्पूर्ण अतिथिगणमा महावीर जन्मजयन्तीको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

आजको यो पवित्र दिन, महावीर जन्मजयन्तीको अवसरमा तपाईंहरुसंगै यहाँ उपस्थित हुन पाउँदा खुशी लागेको छ । भगवान महावीरका जीवन र उहाँले प्रतिपादन गर्नु भएका सिद्धान्तहरु सिंगो मानव जीवनका विविध पक्ष र आयामहरुलाई समृद्ध बनाउने मार्गदर्शनबाट अभिप्रेरित छन् ।

मानव जीवनका लागि अपरिहार्य 'पञ्चशील' सिद्धान्तका प्रतिपादक भगवान महावीरको जीवनले हामीलाई अहिंसा, सत्य, करुणा र समानताको संदेश दिन्छ । यो जन्मजयन्ती/दिवसले सामाजिक एकता, धार्मिक सहिष्णुता र सांस्कृतिक मूल्यहरुलाई थप सवल, सुदृढ र बलियो बनाउने अवसर प्रदान गर्दछ । साथै, उहाँले देखाउनुभएको सत्मार्ग, कर्ममार्ग र नैतिकमार्गमा हिड्न हामीलाई अभिप्रेरित गर्दै मानव जीवनमा शान्ति, सद्भाव र मैत्रीभाव प्रसार गर्नमा उत्तिकै सहयोग गर्दै आएको छ ।

भगवान महावीरका सिद्धान्तहरु आर्थिक समानता, सामाजिक सद्भाव, राजनीतिक मार्गदर्शक र नैतिक शिक्षाबाट ओतप्रोत छन् । आर्थिक रुपमा, उहाँका 'अपरिग्रह' को सिद्धान्तले भौतिक सम्पत्तिको लोभलाई त्यागेर सन्तुलित र न्यायपूर्ण आर्थिक प्रणालीको परिकल्पना गर्न सबैलाई प्रेरित गर्दछ । आजको विश्वमा, जहाँ आर्थिक असमानता बढ्दो छ, भगवान महावीरका यो सिद्धान्तले सम्पत्ति वितरणलाई समतामूलक बनाउने दिशामा अग्रसर हुन सक्ने मार्गदर्शन पनि प्रदान गर्दछ ।

सामाजिक रुपमा, जैन धर्मले सहिष्णुता, अहिंसा र भाइचारा प्रदर्शन गर्दै आएको छ । बहुजातिय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक विशेषतायुक्त, भौगोलिक विविधतामा रहेका समान आकांक्षासहितको विविधतायुक्त नेपाल जस्तो मुलुकमा जैन धर्मका सिद्धान्तहरुले देश र समाजका सबै वर्गहरु बीच सहिष्णुता र सद्भाव कायम गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । भगवान महावीरका विचारहरुलाई आत्मसात गर्दै हाम्रो समाजलाई अझै न्यायपूर्ण, शान्तिपूर्ण र समानताको आधारमा संगठित गर्नका लागि अग्रसरता देखाउनु आजको आवश्यकता हो ।

राजनीतिक रुपमा, भगवान महावीरले सत्य र नैतिकताको मार्ग अपनाउनमा जोड दिनुभएको छ । उहाँले हामीलाई सच्चा नेतृत्वको पाठ पनि सिकाउनु भएको छ । सच्चा नेतृत्व त्यतिबेला मात्र सम्भव छ, जब नेतृत्वकर्ताले व्यक्तिगत स्वार्थभन्दा माथि उठेर आमनागरिकको हितमा काम गर्दछन् । आजको राजनीतिक परिदृश्यमा यो अत्यन्तै सान्दर्भिक छ ।

नैतिक रुपमा, भगवान महावीरको जीवन र सिद्धान्तले मानव जीवनमा सद्गुण, आत्मानुशासनको महत्वलाई उजागर गरेको छ । उहाँका पाँच प्रमुख व्रत/सिद्धान्तहरु- **सत्य, अहिंसा, अपरिग्रह, ब्रह्मचर्य र अनेकान्तवाद**- मानव जीवनलाई नैतिक मूल्यमाथि आधारित बनाउने प्रयासहरु हुन् । यी सबै व्यक्तिगत जीवनदेखि देश र समाजसम्मको समग्र सुधारका लागि मार्गदर्शकमा निहित सिद्धान्तहरु हुन् । हामी सबैले यसलाई अंगिकार गर्दै अघि बढ्न सक्नुपर्दछ ।

यो दिवस हामीलाई आफ्नो जीवनमा यी मूल्यहरुलाई आत्मसात गर्ने अवसर पनि हो । अहिंसा हामीलाई हिंसाबाट टाढा रही सबै प्राणीहरुप्रति करुणा, दया, स्नेह र प्रेमको भाव राख्न सिकाउँदछ । सत्यको पालन हामीलाई ईमान्दारी र नैतिकताको मार्गमा हिड्न प्रोत्साहित गर्दछ । महावीरको अपरिग्रहको सन्देशले हामीलाई लोभ-लालच र भौतिकवादबाट माथि उठेर सन्तोष र सादा जीवन उच्च विचारका साथ जिउन अभिप्रेरित गर्दछ । त्यस्तै, अनेकान्तवादले हामीलाई विभिन्न दृष्टिकोणहरुलाई सम्मान गर्न र सहिष्णुता अंगिकार गर्न सिकाउँदछ, जुन आजको समाजमा सामाजिक सद्भावका लागि अत्यन्तै आवश्यक छ ।

महावीरले आफ्नो जीवनकालमा अहिंसा र आध्यात्मिक स्वतन्त्रताको प्रचार गर्नुभयो । आफू स्वयं सत्य बोल्ने र अरुलाई पनि सत्य बोल्नका लागि उत्प्रेरित गर्ने अवसरका रुपमा पनि यो जयन्तीलाई लिनुपर्दछ । उहाँले क्रोधलाई शान्तिको मार्गबाट, दुष्टलाई साधुता र असत्यलाई सत्यबाट जित्नका लागि दिनुभएको सन्देशको सान्दर्भिकता वर्तमान परिवेशमा पनि उत्तिकै महत्वपूर्ण छन् ।

यस महत्वपूर्ण अवसरमा, नेपाल जैन परिषद्ले भगवान महावीरका सिद्धान्तहरुलाई सम्पूर्ण समाजमा फैलाउन गरेको योगदान प्रशंसनीय छ । महावीर जन्मजयन्तीले हामी सबैलाई सत्मार्ग, शान्तिमार्ग, मैत्रीमार्ग र समानताको मार्गमा हिड्न प्रेरणा प्रदान गरोस् र हामीलाई आर्थिक,सामाजिक, राजनीतिक तथा नैतिक रुपले समृद्ध नेपाल निर्माण गर्न सक्षम बनाओस् भन्ने कामना गर्दछु ।

**अन्त्यमा,** नेपाल जैन परिषद्लाई यस समारोहको सफल आयोजनाका लागि हार्दिक बधाई दिन चाहन्छु । भगवान महावीरका सिद्धान्तहरुको पालना गर्दै हामी सबै एकजुट भई देश र समाजसंगै सिंगो विश्वमा सकारात्मक परिवर्तन र रुपान्तरण ल्याउने प्रतिबद्धताका साथ अघि बढ्ने प्रण लिन उत्प्रेरित गर्न सकोस् । यस अवसरमा आज सम्मानित भएका विशिष्ट

व्यक्तित्वहरुलाई हार्दिक बधाई दिन चाहन्छु । भगवान महावीरका सिद्धान्तहरुले हामी सबैलाई **सादा जीवन उच्च विचार**का लागि प्रेरित गरुन र देश र समाजलाई थप शान्तिपूर्ण, सम्पन्न र समृद्ध बनाओस् भन्ने कामना गर्दै पुनः यस अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ! जय नेपाल ।
२०८१ चैत २८ गते बिहीबार ।

काठमाडौं महानगरपालिका-०१ दरबारमार्ग स्थित इन्स्टिच्युट फर स्ट्राटेजिक एण्ड सोसियो-इकोनोमिक रिसर्च (आईएसएसआर) ले मिति २०८२ वैशाख १८ गते आयोजना गरेका जलवायु परिवर्तन सम्बन्धि संवाद कार्यक्रममा

## सम्माननीय उपराष्ट्रपति रामसहाय प्रसाद यादवज्यूको

# सम्बोधन

सर्वप्रथम, जलवायु परिवर्तन जस्तो महत्वपूर्ण विषयमा बहुपक्षीय र समय सान्दर्भिक यो संवादका लागि  आयोजक संस्थालाई हार्दिक धन्यवाद तथा यो संवादको सफलताका लागि शुभकामना व्यक्त गर्दछु।

जलवायु परिवर्तन समकालिक विश्वमा समग्र मानव समुदायले भोगिरहेको एउटा ज्वलन्त, गम्भीर र साझा समस्या हो । पृथ्वीको औसत तापक्रम वर्षेनी बढ्दो छ । नेपालजस्तो संवेदनशील भौगर्भिक धरातल भएको मुलुकमा जलवायु परिवर्तनले सिर्जना गरेका समस्या र चुनौतीहरू अरू देशको तुलनामा उच्च छन् । जलवायु परिवर्तनकै कारण तराई-मधेश क्षेत्रका पानीका स्रोतहरुको स्तर निक्कै तल पुगिसकेको छ । अझ धेरै स्थानमा चापाकल, ईनार लगायतका खानेपानीको स्रोतहरुमा पानी आउनै छाडेर गम्भिर संकटको अवस्था छ । यसबाट त्राण पाउन जतिसक्दो चाँडो सबैको यथोचित ध्यानाकर्षण हुन आवश्यक छ।

हाम्रा हिमशृङ्खलाहरू निरन्तर पग्लिँदै छन् । हिमरेखाहरू निरन्तर माथितिर सर्ने क्रमले हिमतालहरू विस्फोट भई जनधनको क्षति हुने जोखिम उस्तै छ । देशको मौसमी ढाँचामा परिवर्तन भई अतिवृष्टि, अनावृष्टि, बाढी, आँधी, डढेलो लगायतका प्राकृतिक विपद्हरूमा अनपेक्षित बृद्धिले हाम्रो जनजीवनमै प्रतिकूल असर परेको छ । जैविक विविधता प्रभावित हुनुको साथै बेमौसमी वर्षाले हाम्रा पारम्परिक कृषि प्रणाली नै संकटग्रस्त बन्दैछ । अझ सीमान्तकृत समुदायको जनजीवन कष्टकर बन्दै गएको दुखानुभव हुन थालेको छ । यस्तो अवस्थामा तत्कालिक रणनीतिहरुको तर्जुमा गर्दै अघि बढन् जरुरी छ।

जलवायु परिवर्तनको मुख्य कारण विश्वमा जीवावशेष इन्धनको बढ्दो प्रयोग, हरितगृह ग्याँसको उत्सर्जन र वातावरण विनाश नै हो। विश्वभर विकास र समृद्धिको नाममा भएको अन्धाधुन्ध औद्योगीकीकरणले गर्दा जलवायु परिवर्तन विश्वव्यापी चुनौती बनेको छ । अतः जलवायु अनुकूलन विकास र जलवायु परिवर्तन न्यूनीकरणमा सबैले साझा जोड दिन आवश्यक छ। हरितगृह ग्याँस उत्सर्जनमा नेपालको भूमिका नगण्य छ। तर, यसबाट बढी प्रभावित हुने मुलुकमा नेपाल पुगेको अवस्था छ । यो अवस्थामा पनि हाम्रा प्रयासहरूले वातावरणीय संरचना र पारिस्थितिकीय प्रणालीलाई बचाइराख्न महत्वपूर्ण भूमिका निर्वाह गरेकै छ।

आज मुलुकको कूल भू-भागको करिब ४५ प्रतिशत जमिन वनक्षेत्रले ढाकेको छ। कूल भू-भागको करिब २३ प्रतिशत जमिन संरक्षित क्षेत्रले ओगटेको छ । वनको संरक्षणबाट वातावरण शुद्धीकरण गर्न र जलवायु परिवर्तनको असरलाई न्यून गर्न सघाउ पुग्नुका साथै

वातावरण बिगार्ने हानिकारक कार्बनलाई अवशोषण गर्न समेत सहयोग पुग्ने हुँदा यसलाई हामीले आगामी दिनमा पनि निरन्तरता दिँदै जान आवश्यक छ । यस सन्दर्भमा, वनको दिगो र व्यावसायिक व्यवस्थापनलाई हामीले अझ प्राथमिकतामा राखेर अघि बढ्नुपर्छ ।

करिब तीनहजार किलोमिटर लामो हिमालय श्रृङ्खला एशियाको 'वाटर टावर' हो । यसको मध्यभागमा नेपाल रहेको छ । हिमालयले नेपाललाई मात्र होइन तल्लो तटीय क्षेत्रमा बसोबास गर्ने करिब दुई अर्ब मानिसका लागि स्वच्छ खानेपानी, सिँचाइ, बिजुली आदि उपलब्ध गराएको छ । जलवायु परिवर्तनका कारण विश्वको तापक्रम बढ्ने र हिमालयहरू पग्लँदै जाने हो भने यसले धेरै जनजीवन गम्भीर रूपमा प्रभावित हुन सक्छ ।

हिमाल जोगाउन हामीले साझा प्रयास जुटाउन सक्नुपर्दछ । यसै पृष्ठभूमिमा नेपालले जलवायु परिवर्तन र हिमालको विषयमा विश्वको ध्यान केन्द्रित गर्न मेमा "सगरमाथा संवाद" कार्यक्रम आयोजना गर्दैछ । विश्वकै साझा प्राकृतिक सम्पदाको रूपमा रहेको हिमश्रृङ्खलाहरूको संरक्षण गर्नु हामी सबैको साझा दायित्व हो । जलवायु परिवर्तनले सिर्जना गरेका असरहरूलाई कम गर्न विभिन्न महासन्धि, अभिसन्धि र कार्ययोजनाहरू तत्काल कार्यान्वयनमा ल्याउन आवश्यक छ ।

अन्तर्राष्ट्रिय जलवायु वित्त कोषमा नेपालको पहुँच बढाई देशभित्र जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरण तथा वातावरण संरक्षणका कार्यका लागि स्रोत जुटाउने पहलको खाँचो छ । अति कम विकसित राष्ट्र भएपनि नेपालले सन् २०४५ सम्म शून्य कार्बन उत्सर्जन गर्ने लक्ष्य राखेको छ । अन्तर्राष्ट्रिय समुदायको पर्याप्त वित्तीय तथा प्राविधिक सहायताको अभावमा नेपालले यो लक्ष्य प्राप्त गर्न कठिन छ ।

तसर्थ, एउटा अति कम विकसित, भूपरिवेष्टित र जलवायु परिवर्तनको उच्च जोखिममा रहेको मुलुकका रूपमा नेपालको वास्तविक चासो र आवश्यकतालाई विश्वले सम्बोधन गर्न सक्नुपर्दछ । हाम्रा लागि अनुकूलनका कार्यक्रमहरू अति महत्वपूर्ण छन् । यसका लागि आन्तरिक स्रोतबाट उपलब्ध साधन/स्रोत अपर्याप्त भएकाले यसमा विश्वव्यापी सहयोग अपेक्षित छ ।

**अन्त्यमा,** यो कार्यक्रममा जलवायु परिवर्तनले विश्वमा पारेको प्रभाव सँगसँगै नेपालमा सिर्जित प्रभाव, यसबाट जोगिने उपाय तथा जलवायु अनुकूलनका लागि भावी रणनीति लगायतका विषयमा सहभागीहरूबीच गम्भीर छलफल हुने अपेक्षा राखेको छु । यस्तो महत्वपूर्ण र समसामयिक विषयमा छलफल आयोजना गरेकोमा आयोजक संस्थालाई पुनः धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद **!**
२०८२ वैशाख १८ गते बिहीबार ।

मधेश प्रदेश के बारा जिला सदरमुकाम कलैयास्थित प्रादेशिक अस्पताल के नवनिर्मित ब्लड बैंक भवन के मिति २०८२ वैशाख ३१ गते, समुद्घाटन समारोह में

**सम्माननीय उपराष्ट्रपति रामसहाय प्रसाद यादवजी के**

# सम्बोधन (भोजपुरी भाषा)

मधेश प्रदेश, वारा जिला के कलैया स्थित एह प्रादेशिक अस्पताल के प्रांगन में नवनिर्मित ब्लड बैंक भवन के समुद्घाटन समारोह के ऐतिहासिक आयोजन में प्रत्यक्ष सहभागी भइला बदे हम अन्यंत गौरवान्वित आ खुस बानी । ई ब्लड बैंक भवन एगो संरचना मात्रे नइखे, मधेश प्रदेश आ समग्र नेपाल के स्वास्थ्य सेवा में नया अध्याय जोड्वाला एगो महत्वपूर्ण कदम बा । इहाँ समुपस्थित संपूर्ण महानुभाव के एह उपलब्धि खातिर हार्दिक बधाई देवेके चाहतानी । साथे एह परियोजना के सफल बनावे में महत्वपूर्ण योगदान पहुँचावेवाला संस्था **छाँया नेपाल**, अस्पताल प्रशासन सहित सहयोगी हाथ सब आ महानुभाव लोग के हार्दिक धन्यवादो देतानी ।

बारा-कलैया मधेश प्रदेश के एगो महत्वपूर्ण भौगोलिक, सांस्कृतिक, राजनीतिक, ऐतिहासिक आ रमणीय केंद्र ह । २००७ साल के सशस्त्र आंदोलन होखे भा ओकरा बाद के जनांदोलन, जनसंघर्ष आ मधेश जनविद्रो में ई क्षेत्र महत्वपूर्ण भूमिका निर्वाह कइले बा । मधेशी, दलित, मुस्लिम, अल्पसंख्यक, सीमांतकृत, उपेक्षित, उत्पीडित, अपहेलित, दमित, शोषित, पिछडल आ कमरजोर वर्ग सहित के समावेशिता, समानता, सह-अस्तित्व, पहचान आ समग्र अधिकार प्राप्ति खातिर विगत में भइल जनांदोलन सब में भी एह क्षेत्र के उल्लेखनीय आ अग्रणी योगदान बा । महान शहीद लोग के बलिदान से प्राप्त लोकतांत्रिक उपलब्धि आ संघीय लोकतांत्रिक गणतंत्रात्मक व्यवस्था के सवल, सुदृढ आ संस्थागत करे खातिर सभेकेहू के मिलके आगा बढल जरुरी बा ।

बारा हमर गृहजिला आ कलैया हमर कर्मभूमि ह । इतही के माटी-पानी में हम बढनी आ बढनी । आज जौन हैसियत में हम बानी, ओह में एतहाँ के सम्मानित समुदाय आ नेही-छोही बसीना लोग के असीम देन बा । आज के एह महत्वपूर्ण अवसर के लाभ उठावत सभे में सादर आ सह्रदयी अभिवादन सहित हार्दिक धन्यवाद व्यक्त करत, अपने लोक के सुख, शांति, समृद्धि आ सुस्वास्थ्य के कामना करतानी । इहाँ के उर्बर भूमि, कृषि आ व्यापारिक गतिविधि सब बारा के आर्थिक आ सामाजिक रुप में समृद्ध बनइले बाड्न स । बांकिर, स्वास्थ्य सेवा के पहुँच आ गुणस्तर में अबो बहुत कुछ करे के बाँकी बा । हमरा विश्वास बा, एह ब्लड बैंक के स्थापना कलैया आ आसपास क्षेत्र के बसीना लोक के समय पर खुन उपलब्ध कराके जीवन रक्षा करे में महत्वपूर्ण भूमिका निर्वाह करी । एह से मिलेवाला सेवा-सुविधा, खास कके गर्भवती, दुर्घटना पीडित आ खुन के कमजोरी भइल मरीज लोग खातिर आशा के किरिन बने के अपेक्षो रखले बानी ।

सभेकेहू के सर्वविदित बा, स्वस्थ वातावरण स्वस्थ जीवन के आधार ह । तराई-मधेश क्षेत्र में जलवायु परिवर्तन, वायु प्रदूषण आ पिएवाला पानी के गुणस्तर जइसन चुनौती सब के

कारण स्वास्थ्य में आउर भौगोलिक क्षेत्र के तुलना में बेसी प्रभाव पड रहल बा । एह क्षेत्र में गर्मी, बाढ आ मौसमी बेमारी सब जनस्वास्थ्य में जोखिम नेवत रहल बाड्न स । अइसन अवस्था में हमरा विश्वास बा, ई ब्लड बैंक आपातकालीन स्वास्थ्य सेवा के आउर सुदृढ बनाई ।

साथे, हमनी के वातावरण संरक्षण खातिर पहल कइल ओतने जरुरी बा । खास कके वृक्षारोपण, स्वच्छ पिएवाला पानी के व्यवस्था, फुहर व्यवस्थापन पर जोड देहल भी जरुरी बा । इहाँ के स्थानीय सरकार, सामाजिक संघ-संस्था आ नागरिक समाज के वातावरणीय स्वास्थ्य के प्रति सचेत रहल आ सहकार्य कइल जरुरी बा ।

मधेश प्रदेश नेपाल के स्वास्थ्य सेवा में महत्वपूर्ण स्थान राखेला । इहाँ के प्रादेशिक अस्पताल सब स्वास्थ्य सेवा के आधार-स्तंभ हउअन स । मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान जइसन संस्था सब स्वास्थ्य शिक्षण आ सेवा के आउर प्रभावकारी बना रहल बाड्न स । बाँकिर, हमनी का लगे सामना करेवाला चुनौती सब भी बा । खास कके दक्ष विशेषज्ञ चिकित्सक के अभाव, उपकरण के कमी आ ग्रामीण क्षेत्र में स्वास्थ्य सेवा के सीमिति पहुँच हमनी खातिर चुनौती हउअन स । एह ब्लड बैंक के स्थापना एह चुनौतिअन के कुछ हद तक संवोधन करे के हिसाब से आगा बढल कदम कहाई । खुन के अभाव में केकरो जान गँवावेके ना पडो कहल महान संकल्प के कारण ही ई उपलब्धि आज हमनी का सोझा बा ।

कलैया स्थित एह प्रादेशिक अस्पताल के सेवा के बृहत स्वरुप मिलला से बारा, पर्सा आ रौतहट सहित विभिन्न जिलन से मरीज के चाप बढ्त पछिल्का समय में सात सय से आठ सय लोक तक ओपीडी आ इमर्जेसी सेवा ले रहल जानकारी पाके हम बहुत खुस बानी । एह अस्पताल के जेनरल मेडिसिन, सर्जरी, प्रसुति, बालरोग, रेडियोलोजी, डायलाँसिस, इंडोस्कॉपी सहित १३ गो विशेषज्ञ सहित के चिकित्सकीय सेवा प्रदान कइल सकारात्मक आ प्रशंसनीय कार्य हउअन स । आउर बेसी किसिम के सेवा खातिर अस्पताल के स्तरोन्नति करत सय शैय्या के क्षमता स्वीकृत भइल सुखद पक्ष ह । एकरा साथे साथे अस्पताल के प्रसुति, आकस्मिक सेवा, स्वास्थ्य बीमा, फार्मेसी आ शल्यक्रिया सेवा के चौबीसो घंटा सुचारु राखत आइला का साथे आउर सेवा सब के भी एही स्तर पर पहुँचावल आज के आवश्यकता बा । एह ओर संबंधित सभेकेहू के ध्यानाकर्षण भइल जरुरी बा ।
आज समुद्घाटन भइल ब्लड बैंक मधेश प्रदेश के सब से उन्नत आ सुविधासंपन्न बा । ई इहाँ के सम्मानित समुदाय के सदस्यन खातिर नया आशा सहित के दीपस्तंभ आ महत्वपूर्ण हिस्सो ह । हमरा विश्वास बा, ई ब्लड बैंक एह क्षेत्र के उत्कृष्ट स्वास्थ्य सेवा में एगो वरदान सावित होई । ई हर तरह के खुन से 'पैक्ड' आरबीसी, एफएफपी आ पीआरपी उत्पादन करे मे सक्षम होई । विभिन्न प्रकृति के बेमारिअन के उपचार आ जीवन रक्षा में ई महत्वपूर्ण भूमिका निर्वाह कर सको ।

अस्पताल ब्लड बैंक सङे चिकित्सा क्षेत्र में एगो महत्वपूर्ण आयाम जोडले बा । स्वास्थ्य उपचार के जरुरत पडल लोक के जीवन-ज्योत प्रदान कइला का साथे समुदाय में केहू के

खुन सहित आवश्यक स्वास्थ्य सेवा, साधन आ स्रोत सब के अभाव झेलेके ना पडो , अइसन सुनिश्चिचता के साथ अस्पताल आगा बढ सको ।

नेपाल के संविधान स्वास्थ्य के मौलिक अधिकार के रुप में स्थापित कइले बा । नेपाल सरकार के स्वास्थ्य आ जनसंख्या मंत्रालय देशभर के अस्पताल सब के सुदृढ कर रहल बा। काठमाडों से कलैया तक आ नेपाल के सभी भौगोलिक क्षेत्र आ प्रदेश में स्वास्थ्य सेवा के समावेशी आ पहुँचयोग्य बनावल जरुरी बा ।

ई ब्लड बैंक स्थानीय स्तर पर खुन के आपूर्ति सुनिश्चित करी, जे से मरीज लोग के खुन के अभाव के कारण आउर जगह रेफर करे के मजबूरी हटी, ई हमरा विश्वास बा । साथे, हम इहाँ रक्तदान के महत्व पर भी जोड देवेके चाहतानी । रक्त के कौनो जात, धर्म भा क्षेत्र ना होला-ई सिर्फ जीवन के प्रतीक ह । रक्तदान एगो महान कार्य ह, सभेकेहू के स्वैच्छिक रक्तदान में सहभागी होखेके चाहीं ।

इहाँ के स्वास्थ्यकर्मी, स्थानीय समुदाय आ सरकारी निकायन के एह ब्लड बैंक के प्रभावकारी रुप में संचालन खातिर एक-आपस में सहकार्य कइल ओतने जरुरी बा । स्वास्थ्यकर्मी लोग खातिर एह अस्पताल के सेवा आ ब्लड बैंक से उपलब्ध होखेवाला सेवा सब के पूरा क्षमता के साथ संचालन कइल आ स्थानीय समुदाय के एकर महत्व बुझावल भी जरुरी बा । नेपाल सरकार, मधेश प्रदेश सरकार आ दातृ निकायन के अइसन स्वास्थ्य परियोजना सब के आउर निरन्तरता देवे खातिर प्रेरित करेके चाहतानी ।

**अंत में,** कहे चाहेम कि एह अस्पताल के सेवा आ ब्लड बैंक सहित के सुविधा सब इहाँ से सुचारु भइल स्वास्थ्य, करुणा आ मानवता के साथ प्रतिबद्धता के प्रमाण ह । एह महान पहल में सभेकेहू के साथ, सहयोग आ समर्थन जरुरी बा । ब्लड बैंक के जरुरी बडेवाला खुन खातिर रक्तदान कइल आ आशा के संदेश फइलावे खातिर एकजुटता प्रदर्शन कइल जरुरी बा । खुन के एक-एक ठोप महत्वपूर्ण बा, जीवन बँचावेवाला ई अस्पताल सार्थक प्रयास करो । एह ऐतिहासिक क्षण में सहभागी भइला बदे खुशी व्यक्त करत हम इहे कहेम कि सभेकेहू के मिलके स्वस्थ, समृद्ध आ एकताबद्ध नेपाल निर्माण में एकजुटता के साथ आगा बढे खातिर ई अवसर अभिप्रेरित करो ।

धन्यवाद ।
२०८२ वैशाख ३१ गते बुधबार

काठमाडौं महानगरपालिका-२९ स्थित नेपाल प्रेस युनियनद्वारा मिति २०८२ वैशाख २७ गते आयोजित लोमान्थाङ्ग इन्टरनेशनल मिडिया समिट कार्यक्रममा

## सम्माननीय उपराष्ट्रपति रामसहाय प्रसाद यादवज्यूको

# सम्बोधन

सर्वप्रथम, लोकतन्त्र र प्रेस स्वतन्त्रता, मिडिया र जलवायु संकट, नयाँ सञ्चार माध्यमका चुनौतिहरु तथा संस्कृति र विश्वव्यापी परिपेक्ष्य लगायतका महत्वपूर्ण एवं समय सान्दर्भिक विषयमा केन्द्रित यस 'लोमान्थान इन्टरनेशनल मिडिया समिट' का लागि आयोजक संस्थालाई हार्दिक धन्यवाद तथा सम्मेलनको पूर्ण सफलताका लागि शुभकामना व्यक्त गर्दछु । उल्लेखित महत्वपूर्ण विषयहरुमा कार्यशाला, गोष्ठी, विचारविमर्श, मिडियाकर्मीको विभिन्न ठाउँको यात्रासहितको यो कार्यक्रमको आयोजना सकारात्मक छ ।

लोकतन्त्र र प्रेस स्वतन्त्रता परस्पर अन्योन्याश्रित छन् । स्वतन्त्र प्रेस बिना लोकतन्त्र कमजोर हुन्छ । लोकतन्त्र कमजोर हुँदा प्रेस स्वतन्त्रता पनि संकटमा पर्न सक्छ । हामीले एउटा असल र जिम्मेवार नागरिकको रुपमा लोकतन्त्रको रक्षा गर्दै प्रेस स्वतन्त्रतालाई थप सुदृढ र परिस्कृत गर्न सक्नुपर्दछ । लोकतन्त्रका मूल्यहरुलाई संस्थागत गर्दै, अक्षुण्ण राख्दै प्रेसलाई स्वतन्त्र बनाउन निरन्तर प्रयासको खाँचो छ ।

अत्यन्तै सचेत र बौद्धिक वर्गमा दरिएका पत्रकारहरुको आ–आफ्नै राजनीतिक आस्था हुनसक्छ तर, यसैको आधारमा पत्रकारिता गर्नु नकारात्मक भाव प्रसारको संभावना रहन्छ । अतः देश र समाजको उन्नयन, समृद्धि र प्रगतिका लागि पत्रकारहरुको भूमिका 'वाचडग' कै हुनुपर्दछ । पत्रकारहरु पेशागत रुपमा निरपेक्ष र असंलग्न हुनुपर्दछ। संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई सबल बनाउनमा पत्रकारहरुको भूमिका उल्लेख्य छ, यसमा दुई मत छैन, रहेन । तर, पछिल्लो समय पत्रकारहरु पनि ध्रुविकृत हुँदै जानु ठूलो दुर्भाग्य हो। यसले अन्ततोगत्वा पत्रकार र पत्रकारिताकै छविलाई धुमिल बनाउँन सक्छ । यसप्रति सचेत र सावधान हुँदै मुलुकमा समावेशिता, संघीयता, गणतन्त्र, लैङ्गिक सवाल, भाषिक मुद्दा लगायतका विषयलाई आत्मसात गर्दै सबैखाले विसंगति, विभेद, वहिष्करणलाई समाप्त पार्ने मुलुकको महान अभियानलाई लक्ष्यमा पुर्‍याउन सबैको समान सक्रियता आवश्यक छ ।

प्रेस स्वन्तन्त्रता लोकतन्त्रको मेरुदण्ड हो । लोकतन्त्रलाई सशक्त बनाउन प्रेस स्वतन्त्रता अनिवार्य छ । स्वतन्त्र प्रेस नागरिकहरुलाई सही सूचना प्रदान गर्ने, सरकारको जवाफदेहिता सुनिश्चित गर्ने तथा आमनागरिकको आवाज बुलन्द गर्ने एक महत्वपूर्ण माध्यम पनि हो । नेपालको संविधानले धारा १७ (२) (क) तथा धारा १९ मार्फत् प्रेस स्वतन्त्रताको प्रत्याभूति गरेको छ । प्रेस स्वतन्त्रता भनेको कुनै पनि सञ्चार माध्यमले बिना दबाव सत्य बोल्न, लेख्न, सम्प्रेषण गर्न, सार्वजनिक चासोका विषय उठान गर्न तथा सरकार,

संस्थान र अन्य शक्तिशाली निकायहरुलाई उत्तरदायी बनाउन पाउने अधिकार हो । यो अधिकारलाई पत्रकारहरुले पालना गर्दै समाज र देशको पक्षमा सदैव अग्रसर हुन सक्नुपर्दछ ।

जलवायु परिवर्तन हाम्रो समयको सबैभन्दा गम्भीर संकट हो । यसलाई रोक्न मिडियाले प्रभावकारी भूमिका निर्वाह गर्नसक्छ । पत्रकारहरु केही हदसम्म यो भूमिकामा अब्बल नै रहेका छन् । परिस्थिति अनुकूलित आफूलाई परिस्कृत र रुपान्तरण गर्दै यो क्षेत्रमा पत्रकारहरुको थप सक्रिय भूमिका आवश्यक छ । सत्य र वैज्ञानिक तथ्यमा आधारित समाचार सामग्रीहरुको उत्पादन गर्दै जनचेतना फैलाउने, नीति निर्मातालाई उत्तरदायी बनाउने, नवीनतम प्रविधि र समाधानका उपायहरु प्रस्तुत गर्ने, स्थानीय समस्या उजागर गर्ने लगायतका काम मिडियाको महत्वपूर्ण जिम्मेवारी हो ।

खासगरी, जलवायु संकटको वास्तविकता र वातावरणीय क्षति न्यूनीकरणका उपायबारे कलम चलाउन जरुरी छ । जलवायु परिवर्तन रोकथामका सरकारी प्रयासहरुमाथि निगरानी  बढाउने, वातावरणमैत्री प्रविधि, हरित ऊर्जा तथा दिगो विकाससम्बन्धी जानकारीहरु आमनागरिकसम्म सरल भाषा र शैलीमा पस्कन सक्नु पर्दछ । नेपालको विभिन्न भू-भाग जस्तैः हिमालमा हिमताल विस्फोटन हुन सक्ने, चुरेभावरको समस्या र तराई–मधेशमा पानीका मूल स्रोतहरुको जलस्तर निक्कै तल गएको वा सुकिसकेको लगायतका विषयवस्तुहरुलाई समेटदै प्रभावित क्षेत्र र समुदायको समस्यालाई उजागर गर्न जरुरी छ ।

यसोगर्दा चुनौतीहरु पनि आउन सक्छन् । खासगरी, वैज्ञानिक आधार नभएका , सनसनी फैलाउने समाचारले गलत सूचना प्रवाह गर्छ । यसप्रति पत्रकारहरु सचेत हुन जरुरी छ । मिडियाको सीमित पहुँच, आर्थिक सिमितता, अविवेकी समाचार र अफवाहरु पत्रकारका लागि चुनौती बन्न सक्छन् । तर, यसलाई चिर्न पत्रकारहरुले सक्नु हुनेछ भन्ने मलाई लागेको छ । यसका लागि उत्तरदायी पत्रकारिता र समुदायमा आधारित मिडिया प्रवर्द्धन तथा मिडिया शिक्षालाई सशक्त बनाउन आवश्यक छ । हामी सबै एकाकार हुँदै मिडियाको सशक्त प्रयोग गर्दै जलवायु संकट विरुद्धको अभियानलाई अघि बढाउने प्रतिबद्धता व्यक्त गरौं ।

आजको डिजिटल युगमा मिडियाले द्रुतगतिमा परिवर्तनको सामना गरिरहेको अवस्था छ । खासगरी, नयाँ सञ्चार माध्यमले अवसरसंगै गम्भीर चुनौतीहरु पनि ल्याएको छ । गलत सूचना र भ्रम फैलाउने प्रवृत्ति बढ्नु गम्भीर चिन्ताको विषय हो । खासगरी, सामाजिक सञ्जालहरुमा प्रमाणबिना समाचार फैलाउने, गलत जानकारीलाई सत्यका रुपमा प्रस्तुत गरी आमनागरिकमा भ्रम सिर्जना गर्ने, 'डिपफेक' प्रविधिद्वारा गलत चित्र र भिडियो उत्पादन गरी सार्वजनिक धारणा प्रभावित गर्ने कार्य पछिल्लो समय बढ्नु चुनौतीको विषय हो । यसलाई रोक्न तथ्य–जाँच प्रणालीलाई बलियो बनाउन सक्नुपर्दछ ।

गलत सूचना रोक्न नैतिक पत्रकारिता आवश्यक छ । परम्परागत मिडियाले डिजिटल प्रविधि अपनाएर अघि बढ्नु पर्दछ ।डेटा सुरक्षाको सुनिश्चितता गर्न नीतिगत सुधारको खाँचो छ।उत्तरदायी पत्रकारितामार्फत् समाजमा सकारात्मक परिवर्तन ल्याउन जरुरी छ । नयाँ सञ्चार माध्यमको सकारात्मक प्रयोग गर्दै पत्रकारितालाई थप विश्वसनीय बनाउन सबैले आ–आफ्नो ठाउँबाट प्रयास गर्न आवश्यक छ ।

संस्कृति हाम्रो पहिचान हो । विश्वव्यापी परिप्रेक्ष्यबाट हेर्दा , साँस्कृतिक विविधता, शान्ति, सहअस्तित्व तथा पारस्परिक सम्मानको मूल आधार हो। हामीले आधुनिक प्रविधिको उपयोग गर्दै हाम्रा मौलिक पहिचानहरुलाई जोगाउन जरुरी छ। हामी सबैले नेपालको साँस्कृतिक सम्पदालाई विश्वभर फैलाउन, स्थानीय पहिचानलाई बलियो बनाउन तथा वैश्वीकरणको सकारात्मक प्रभावलाई आत्मसात गर्दै साँस्कृतिक कूटनीतिलाई प्रवर्द्धन गर्ने संकल्पका साथ अघि बढ्न सक्नुपर्दछ ।

अन्त्यमा, नेपालका पत्रकारहरुलाई विभिन्न चुनौतीहरुको सामना गर्दै सत्य, तथ्य र विश्वसनीय सूचना सम्प्रेषण गर्न यो सम्मेलनले थप ऊर्जा प्राप्त गरोस्। अन्तरर्राष्ट्रिय क्षेत्रबाट पनि यो सम्मेलनमा पत्रकारहरुको सहभागिता रहेकोले उहाँहरुको नेपाल बसाई सुखद र अविस्मरणीय बनोस् ।लोमान्थाङ अन्तर्राष्ट्रिय मिडिया समिटको पूर्ण सफलताको पुनः कामना गर्दछु ।

धन्यवाद ।
२०८२ वैशाख २७ गते शनिबार ।

# सम्माननीय उपराष्ट्रपतिबाट व्यक्त शुभकामना सन्देशहरु

उपराष्ट्रपति

काठमाडौं, नेपाल

## रक्षाबन्धन, जनै पूर्णिमा (ऋषि तर्पणी) २०८१ को शुभकामना सन्देश

नेपालमा परापूर्व कालदेखि मनाईंदै आएको पौराणिक, धार्मिक एवं सांस्कृतिक पर्व रक्षाबन्धन, जनै पूर्णिमा (ऋषि तर्पणी), गुं:पुन्हिको शुभ उपलक्ष्यमा देश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवं उत्तोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

श्रावण पूर्णिमाका दिन अत्यन्तै हर्षोल्लासका साथ यो पर्व मनाईन्छ । यो पर्व भूगोल, भेग, क्षेत्र र समुदायगत रुपमा फरक-फरक नामले मनाईए पनि यसको महत्वपूर्ण उद्देश्य पारस्परिक भ्रातृत्वभाव, प्रेमभाव, स्नेहभाव, सौहार्दभाव, अपनत्वभाव र सहयोगभाव उत्प्रेरित गर्नु नै हो ।

तराई-मधेशमा मधेशी लगायतका समुदायले रक्षाबन्धन अर्थात् राखी त्योहारका रुपमा यो पर्व मनाउँछन् । यसो त, मधेशी संस्कृतिमा भाइ-बहिनीको अमर प्रेमको प्रतीकका रुपमा मनाइने पर्वहरुमा राखी, भैयादूज (भ्रातृद्वितिया) र सामा चकेवा रहेका छन् । लोकपर्वकै रुपमा स्थापित राखी पर्वमा दिदीबहिनीले दाजुभाइलाई नाडींमा रक्षासूत्र (रिखीडोरो) वा राखी बाँध्ने गर्छन् । यसो गर्नुको मूल उद्देश्य- भाइको सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवं उत्तोत्तर प्रगतिको कामना गर्नु तथा दिदीबहिनीको रक्षा गर्नु हो ।

रक्षाबन्धन पर्व मनाउन दिदीबहिनी माइती जाने वा दाजुभाइ दिदी बहिनीको घर जाने चलन छ । यो पर्वमा दिदीबहिनीले दाजुभाइलाई औंक्षण गर्दै निःस्वार्थ भावले रक्षासूत्र बाँधेर नमस्कार गर्छन् । त्यसपछि दाजुभाइले दिदीबहिनीलाई आ-आफ्नो गच्छे अनुसारको सात्विक उपहारहरु प्रदान गर्दै आशिर्वाद दिने र एकअर्काका लागि प्रार्थना गर्ने परम्परा छ ।

वैदिक सनातन वर्णाश्रम धर्म मान्नेहरु अर्थात् जनै लगाउनुपर्नेहरुले श्रावण पूर्णिमामा आफ्ना पुरानो जनै (यज्ञोपवीत) फेर्ने गर्छन् । यो पर्वमा गुरु/पुरोहितहरुले मन्त्र साधना गरी भयबाट रक्षा हुने धागो बाँधिदिने चलन छ । खासगरी, ब्राह्मणहरुले धागोमा रक्षा मन्त्रले साधना गरी सर्वसाधारणमा पुरुष भए दाहिने नाडीं र स्त्री भए देब्रे नाडींमा डोरो बाँधि दिने गर्दछन् । यो पर्व सप्तऋषि एवं पूर्वजहरुको पूजा तथा तर्पण दिनका लागि पनि महत्वपूर्ण मानिन्छ ।

नेपालका नेवार समुदायले यो पर्वलाई 'गुं:पुन्हि' को रुपमा मनाउँछन् । यो समुदायमा गुं:पुन्हिमा नौ किसिमका गेडागुडीको क्वाँटी पकाएर, गहुँको पीठोको रोटी पोलेर देवदेवीलाई चढाई परिवारका सदस्यहरु मिलेर खाने चलन छ । यसैगरी, यो समुदायले आफ्नो जीवनमा प्रत्यक्ष/अप्रत्यक्ष सहयोग गर्ने सबै प्राणी/वस्तुलाई तिनको सदासयता सम्झी पूजा गर्ने चलन पनि छ । साथै विभिन्न कुण्डहरुमा जात्रा/मेलाको परम्परा रही आएको छ ।

अन्त्यमा, नारी र पुरुषको समानताको यो पर्वले नेपाली राष्ट्रिय एकता, अखण्डता, सार्वभौमिकतालाई थप बलियो बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गर्दै मुलुक निर्माण र व्यवस्थित विकासको मार्गमा द्रुत गतिले लम्कन सफल होस् , समृद्ध नेपालको परिकल्पना साकार होस् भन्ने हार्दिक शुभकामना पनि दिन चाहन्छु ।
धन्यवाद ।
२०८१ भदौ ३ गते सोमवार
ने.सं. ११४४ गुंलाथ्व, पूर्णिमा ।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

---

उपराष्ट्रपति

काठमाडौं, नेपाल

## अन्तर्राष्ट्रिय बाघ दिवस, २०२४ को सन्देश

संसारकै सुन्दर, अद्भुत र पारिस्थितिक रुपमा महत्वपूर्ण वन्यजन्तुमध्ये एक रहेको बाघको संख्या २० औं शताब्दीको शुरुबाट ९५ प्रतिशतले घटेकोमा चिन्तित सिंगो विश्व समुदाय पछिल्ला वर्षहरुमा संरक्षणमा विशेष जोड दिंदै आएको छ ।

सन् २०१० मा रुसको सेन्ट पिटर्सबर्गमा सम्पन्न बाघ सम्मेलनले बाघहरुको भविष्य सुरक्षित गर्ने उद्देश्यले हरेक वर्षको जुलाई २९ लाई 'अन्तर्राष्ट्रिय बाघ दिवस' का रुपमा मनाउने घोषणासँगै प्रतिबद्धता व्यक्त गर्यो । बाघको संरक्षणमा बढावा दिने, सहयोग पुर्याउने र बाघको संख्यामा वृद्धि गर्ने उद्देश्य पनि यो दिवसको हो । यो उद्देश्यमा केही हदसम्म सफलता हासिल भएको छ ।

खासगरी, पछिल्ला वर्षहरुमा सरकार, स्थानीय समुदाय, संघसंस्था र सरोकारवालाहरुको महत्वपूर्ण समर्थन र प्रतिबद्धताले यसमा सहयोग पुगेको छ । हामीले यो क्षेत्रमा अझै धुप्रै काम गर्न बाँकी छ । यो दिवसले बाघलगायतका लोपोन्मुख वन्यजन्तुहरुको प्रभावकारी संरक्षणका लागि सबैलाई थप सचेत र उत्प्रेरित गराउने विश्वास लिएको छु ।

बाघ नेपालको संरक्षित स्तनधारी वन्यजन्तु, संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण महासन्धिको अनुसूची १ र विश्व संरक्षण संघको खतरामा परेको वन्यजन्तुको सूचीमा संकटापन्न प्रजातिको रुपमा सूचीकृत छ । नेपालको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ ले बाघलाई संरक्षित प्रजातिको सूचीमा समावेश गरी यसको संरक्षणलाई विशेष महत्व दिएको छ ।

नेपालमा बाघको संख्यामा वृद्धि भएको तथ्याङ्कहरुले देखाएको छ । यहाँ घाँसे मैदान, पानी, आहार र बासस्थानको उचित व्यवस्थापनसँगै केही हदसम्म चोरी सिकारी नियन्त्रणका कारण पछिल्ला वर्षहरुमा बाघको संख्यामा निरन्तर वृद्धि हुनु सकारात्मक छ । तर, यसका चुनौतिहरु अझै विद्यमान छन् । खासगरी, अवैध वन्यजन्तुको व्यापार, मानव-वन्यजन्तु द्वन्द, बासस्थानको क्षति र खण्डीकरण तथा जलवायु परिवर्तनलाई पूर्ण नियन्त्रण वा न्युनिकरण गर्न आवश्यक छ । बाघको सुरक्षा र संरक्षणबाट धुप्रै लाभ लिन सकिन्छ । बाघ संरक्षित क्षेत्रहरुमा पर्यापर्यटन विकास गरी त्यसबाट प्रचुर लाभ लिन सकिन्छ । साथै, स्थानीय समुदायमा उक्त लाभको समुचित वितरण गर्दै आपसी तथा सीमापार समन्वयनलाई थप प्रभावकारी बनाउनु पर्दछ ।

अन्त्यमा, बाघको संरक्षणमा विद्यमान विभिन्न चुनौतिहरुको एकजुट भई सामना गर्दै अघि बढ्न सके मात्र अन्तर्राष्ट्रिय बाघ दिवसको मुल उद्देश्य प्राप्त गर्न सकिन्छ । यो दिवसले बाघ संरक्षणको महत्वपूर्ण अभिभारालाई दत्तचित्त र सक्रियताका साथ पूरा गर्न सबैलाई उत्प्रेरित गर्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।
२०८१ साउन १४ गते सोमवार ।
नेपाल संवत् ११४४ दिल्लागा, नवमी ।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

काठमाडौं, नेपाल

## हरितालिका तीज, चौरचन (चकचना) २०८१ को शुभकामना सन्देश

हरितालिका तीज र चौरचन (चकचना), २०८१ को शुभ उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

चारैतिर हरियाली र प्रकृति नै रमणीय देखिने समयमा मनाइने तीज अत्यन्तै उमङ्ग, उल्लास, आनन्द, प्रेम र मिलनको भाव एवं सन्देश लिएर आउँने गर्दछ । हरेक वर्षको भाद्र शुक्ल पक्षको तृतीयामा मनाइने यो पर्व हाम्रो धार्मिक श्रद्धा र पति-पत्निको प्रेमलाई प्रगाढ बनाउने त्योहार हो । यो पर्वमा शंकर-पार्वती प्रति अटुट श्रद्धा व्यक्त गरिन्छ । कुमारी कन्याहरु पार्वती झैं आफ्ना लागि शिव जस्तै मनोवान्छित वरको कामना गर्दछन । विवाहिताहरु भने पार्वती जस्तै आफूलाई सदा सौभाग्यवती रहन तथा आफ्ना पतिबाट शिव जस्तै अनुराग प्राप्त गर्ने कामना गर्ने परम्परा छ ।

बहुरङ्गी र विविधतायुक्त संस्कृति भएको नेपाली समाजमा मनाइने विभिन्न पर्व-त्योहार, संस्कार-संस्कृति एवं परम्परा-रीतिरिवाजले एकता, सद्भाव र सहिष्णुता कायम गर्न महत्वपूर्ण भूमिका खेल्ने गर्दछन् । हाम्रा पर्व-त्योहारहरु समाजमा धार्मिक एवं आध्यात्मिक चिन्तन तथा प्रेरणा र उल्लासहरु जागरण गर्ने दृष्टिलाई प्रादुर्भाव गर्न सघाउँदछ । तर, आधुनिकताको नाममा आर्थिक भार पर्ने गरी कुनै पनि पर्व/त्योहार मनाउनुको साटो हामीले आ-आफ्नो मौलिक संस्कृति र संस्कारको परिधीभित्रै रहेर मनाउन जरुरी छ ।

**चौरचन (चकचना) पर्व** : मधेशका जिल्लाहरुमा भदौ शुक्ल चौथीका दिन सूर्यास्तपछि हिन्दू "व्रतालुहरुले फलफूल तथा विभिन्न मौलिक प्रसादसहित आस्था र निष्ठापूर्वक चौरचन(चकचना) पर्व मनाउने चलन रही आएको छ । यो पर्वमा धार्मिक विधि-विधान अनुसार चन्द्र देवको पूजा-उपासना गरिन्छ । गणेश चौठीको नामले समेत लोकप्रिय यो लोकपर्वमा पुरी, खीर, दही, नरिवल, केरा र मौसम अनुसारको फलफूल चन्द्रमालाई अर्घ्य दिएर यो पर्वको अनुष्ठान सम्पन्न गरिन्छ । यो पर्वले परिवार र समाजमा आपसी भाइचारा, अपनत्वभाव र प्रेमभाव अभिवृद्धि गर्न सघाउँदछ । धार्मिक मान्यता अनुसार भाद्र महिनाको शुक्ल पक्षको चतुर्थीमा चन्द्रमाको पूजा गर्दा साधक/श्रद्धालुलाई शारीरिक र मानसिक कष्टहरुबाट मुक्ति प्राप्त हुन्छ । साथै चन्द्र दोष समाप्त हुने र घरमा सुख, शान्ति र समृद्धि प्राप्त हुने जनविश्वास रही आएको छ ।

अन्त्यमा, एउटै वा फरक-फरक तिथिमा मनाइने विभिन्न चाडपर्वहरुलाई हामीले आपसी मनोमालिन्यता, द्वेष, क्लेश, मनमुटाव र शत्रुता कम गर्ने अवसरका रुपमा उपयोग गर्न सक्नु पर्दछ । हरितालिका तीज, चौरचन(चकचना), गणेश चौथीले आपसी मेलमिलाप, समभाव, समादरभाव, सद्भाव कायम गर्न प्रेरित गर्ने विश्वासका साथ हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।
२०८१ भदौ २१ गते शुक्रबार
ने.सं. ११४४ ञलाथ्व, तृतीया ।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

काठमाडौं, नेपाल

## श्रीकृष्ण जन्माष्टमी र गौरा पर्व,२०८१ को शुभकामना सन्देश

श्रीकृष्ण जन्माष्टमी र गौरा पर्व, २०८१ को शुभ उपलक्ष्यमा देश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

हाम्रो पूर्वीय वैदिक सभ्यताले समाजलाई सभ्य र सुसंस्कृत बनाई समाजमा एकता, सद्भाव र सहिष्णुता कायम राख्न विभिन्न पर्व-त्योहार, संस्कार-संस्कृति एवं परम्परा-रीतिरिवाज परापूर्वकालदेखि प्रचलनमा रही आएको छ । ती मध्ये श्रीकृष्ण जन्माष्टमी र गौरा पर्व पनि हुन् । बहुरङ्गी र विविधतायुक्त संस्कृति भएको नेपालमा अनेकन पर्व-त्योहार मनाइन्छ । यी सबै हाम्रो समाजमा धार्मिक एवं आध्यात्मिक चिन्तन तथा प्रेरणा र उल्लासहरु जागरण गर्ने दृष्टिलाई प्रादुर्भाव गर्ने ज्यावल हुन्, जसले हामीलाई पारस्परिक रुपमा जोड्ने मृदुल माध्यमको काम पनि गर्दछ ।

श्रीकृष्ण जन्माष्टमी पर्व प्रत्येक वर्षको भाद्र कृष्णपक्षको अष्टमी तिथिमा भगवान श्रीकृष्णको जन्मोत्सवका रुपमा धुमधामका साथ मनाइन्छ । यो पर्वको धार्मिक, सांस्कृतिक, सामाजिक र आध्यात्मिक महत्व रही आएको छ । यो पर्व भगवान श्रीकृष्णले सिङ्गो मानवताको भलोका लागि अपनाएका नव आचार र विचारलाई अवलम्बन गर्न अभिप्रेरित गर्दछ । यस अवसरमा अत्यन्तै श्रद्धाभाव र भक्तिभावले गरिने पूजा र प्रार्थनाले हाम्रा कर्महरुको नकारात्मक प्रभावलाई कम गर्न सहयोग पुग्ने विश्वास लिएको छु ।

श्रीकृष्णले महाभारतमा अर्जुनलाई दिएको गीता उपदेशले धर्म, कर्म र मोक्षको मार्ग देखाउँदछ । गीता उपदेशमा श्रीकृष्णले राजयोग, कर्मयोग, भक्तियोग र ज्ञानयोग जस्ता विभिन्न योगमार्गहरुको महत्व र अभ्यासबारे विस्तृत रुपमा वर्णन गरेका छन् । यसले जीवनको विभिन्न पक्षहरुमा मार्गदर्शन प्रदान गर्नुको साथै आत्मज्ञानको मार्ग पनि देखाउँदछ । श्रीकृष्ण जन्माष्टमी पर्वमा सामूहिक रुपमा नृत्य, संगीत, झाँकी, नाटक र कृष्णलीलामार्फत् कृष्ण र राधाको प्रेमका कथा प्रस्तुत् गर्ने परम्परा छ । यसले समाजमा एकता र भाइचारा बढाउनमा सघाउँदछ । यसले श्रद्धालु भक्तजनहरुलाई आत्मशुद्धि र आध्यात्मिक उन्नतिको अवसर पनि प्रदान गर्दछ । श्रीकृष्णको जीवन र शिक्षालाई सम्झने अवसर समेत प्राप्त हुने भएकाले मानिसलाई आफ्नो आध्यात्मिक यात्रामा अघि बढ्न उत्प्रेरित गर्दछ ।

श्रीकृष्ण जन्माष्टमीसंग सम्बन्धित थुप्रै प्रचलित पौराणिक कथाहरुमा कृष्णको जन्म, माखन चोरी, गोवर्धन पर्वत उठाउनु, कालिया नागको वध, कंस बध लगायतले भगवान कृष्णको जीवनका विभिन्न पक्ष र कार्यहरुलाई उजागर गरेकाले यसले जन्माष्टमीको महत्वलाई झनै व्यापक र फराकिलो बनाउने गर्दछ ।

**गौरा पर्व** : नेपालको सुदूरपश्चिम तथा कर्णाली प्रदेश सहित मुलुकको विभिन्न भूभागमा परापूर्व कालदेखि हर्षोल्लासका साथ गौरा पर्व मनाइन्छ । यो पर्वको धार्मिक तथा सांस्कृतिक महत्व रही आएको छ । यो पर्वका अवसरमा पाँच किसिमका अन्नको सामूहिक स्वरुप 'बिरुडा' प्रसादका रुपमा बाँड्ने चलन छ । पुरुष र महिलाहरु छुट्टाछुट्टै रुपमा गोलबद्ध भई स्थानीय लोकभाषामा देउडा, थैत, धमारी आदि खेल खेलेर आनन्द लिन्छन् ।

मूल रुपमा गौरी महेश्वरको उपासना गरिने गौरा पर्व हिन्दू नारीद्वारा आफ्नो सुसौभाग्य, दीर्घायु, सुख, शान्ति, समृद्धि र शुद्धताका लागि गरिने सुसंस्कृत र संस्कारजन्य अनुष्ठान हो । भ्रातृत्व र सह-अस्तित्वको प्रतीकको रुपमा रहेको यो पर्व आफैंमा गरिमा र आध्यात्मिकताले भरिपूर्ण छ । देशविदेशमा काम विशेषले रहेकाहरु गौरा पर्व मान्न तथा गौरा महेश्वरको पूजा गर्न आफ्नो थातथलोमा फर्कनुले उनीहरुको आफ्नो माटो-पानीप्रतिको आगाढ स्नेह र प्रेमको भाव प्रकट गर्न सघाएको छ । गौरा पर्व परिवार, समाज र आफन्तजनबीच वर्षौंपछिको पुर्नमिलनको अवसर पनि हो । यो अवसरलाई समाज र देशमा एकता, भाइचारा, बन्धुत्वभाव र सद्भाव अभिवृद्धिका लागि उपयोग गर्न सक्नु पर्दछ । सानो ठूलो र जातजातिमा बिना कुनै भेद्भावको सबै एउटै स्तरमा हातेमालो गरी रमाउने अवसर प्रदान गर्ने यो पर्वले समानता र सहअस्तित्वको शंखघोष मात्रै गर्दैन सुसंस्कृत सम्पदाको संरक्षणमा पनि सघाउँदछ । यसलाई जीवन्त बनाउँदै भावी पीढिमा रुपान्तरण गर्दै लग्नुपर्ने आजको आवश्यकता हो ।

**अन्त्यमा,** आत्मकल्याणसंगै लोकमंगलको उभयपक्षीय प्रयोजन पुरा गर्न चाडपर्वहरुलाई जप-तपमा मात्र सीमित न राखी लोकहितसंग सम्बन्धित क्रियाकलापको पूर्णताको लक्ष्य प्राप्तिको माध्यमका रुपमा यी पर्वहरुलाई अंगिकार गर्न सबैलाई उत्प्रेरित गर्न सकोस् । नेपालसहित सिङ्गो विश्वलाई सुन्दर, समुन्नत, सुविकसित र सुव्यवस्थित बनाउनका लागि महत्वपूर्ण अवसर प्रदान गरोस् । नेपाली राष्ट्रिय एकता, अखण्डता, सार्वभौमिकतालाई अझ बलियो बनाउन श्रीकृष्ण जन्माष्टमी र गौरा पर्वले सहयोग पुग्ने विश्वास व्यक्त गर्दै पुनः यो शुभ अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।
२०८१ भदौ १० गते सोमबार
ने.सं. ११४४ गुंलागा, सप्तमी ।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

काठमाडौं, नेपाल

## जितिया पर्व,२०८१ को शुभकामना सन्देश

तराई-मधेशका आमाहरुले निर्जला/निराहार २४ घण्टासम्म उपवास बसी सन्तानको सुख, शान्ति, दीर्घायू एवं उत्तरोत्तर प्रगतिका लागि परापूर्वकालदेखि मनाउँदै आएको जितिया पर्व, २०८१ को सुखद उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीवहिनी तथा दाजुभाइहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

हामीले मनाउने पर्वहरु यस्तो उत्सव हुन, जसले वर्षौदेखि प्रचलनमा रहेका हाम्रा मूल्य-मान्यताहरुलाई वर्तमानसम्म दृढताका साथ एउटा कडीका रुपमा जोडेर राख्न सहयोग गरेको छ। पर्व-त्योहारहरुले हाम्रो अन्त:चेतनालाई जगाउँदै हाम्रो आत्मविश्वास पनि बढाउँदछ। यसले हाम्रो आध्यात्मिक मूल्यहरुलाई बल प्रदान गर्दै हाम्रा पारिवारिक सम्बन्धहरुको रागात्मकतालाई थप सुदृढ र बलियो बनाउनुका साथै सामाजिक संरचनालाई थप प्रगाढ बनाउनमा सघाउँदछ।

पौराणिक आख्यानहरुका आधारमा तिथि विशेषमा मनाइने प्रत्येक व्रत-त्योहारहरु आफ्नो मान्यताहरुमा अनौठा र मौलिक छन्, जसले आफ्नो मूल्यसंगै हाम्रा परम्परालाई अक्षुण्ण राख्न सहयोग गर्दछ। लोक-पर्वका रुपमा मनाइने पर्व-त्योहार र त्यस अवसरमा राखिने व्रत/उपवास, सनातन धर्मको त्यो प्राण-तत्वहरु हुन् जुन ऋतु अनुसार सम्यक् संयम-नियमको विशिष्ट विधानबाट शारीरिक र मानसिक आरोग्यको अद्भूत समायोजनमा सघाउँदछ। यस्तै लोकपर्वमध्ये जितिया पर्व पनि एक हो। यो शास्त्रीय र लोकमान्यताहरुको अद्भूत समन्वयकारी पर्व पनि हो।

हाम्रा आस्था र निष्ठाहरु परम्परागत रुपमा अविरल प्रवाहित हुने गर्दछन्। जितिया कठिन व्रतको संयम त हुँदै हो, यो केही प्रचलित र लोकमान्यताहरुलाई जीवन्त बनाउने माध्यम पनि हो। यसो त जितिया पर्वलाई सन्तानको दीर्घायू र सुस्वास्थ्यका लागि गरिने पर्व भनिए पनि यो तीन दिनसम्म गरिने फरक-फरक लोक-अनुष्ठान र लोकमान्यताहरुको मौलिक परम्परा र प्रथा हो। यसमा प्रकृति, धर्म र संस्कृतिको अनौठो समायोजन भएको पाइन्छ।

सांस्कृतिक र धार्मिक महत्व बोकेको जितिया पर्व तराई-मधेशका भूईंमान्छे, मूल आदिवासी, रैथाने जातजातिकाहरुले आश्विन कृष्णपक्षको सप्तमी, अष्टमी र नवमी तिथि गरी तीन दिनसम्म श्रद्धापूर्वक मनाउने परम्परा छ। यो पर्वलाई जिवित्पुत्रिका व्रतको नामले पनि चिनिन्छ। वनस्पतिबाट प्राप्त हुने केराको पात, घिरौलाको पात, तोरीको पिना, चिनी/सखर, भिजाएको केराउ, दही-च्युरा, कम्तीमा पाँच प्रकारका फलफूलहरु लगायतका सामग्री पूजाआजामा प्रयोग गरिन्छ। यो पर्व वातावरणमैत्री त छँदै छ, यस अवसरमा श्रवण र पाठ गरिने राजा जिमूतवाहन (जितवहान) भगवानको कथामा चील र स्यालको प्रसंगले महत्वपूर्ण सन्देश बोकेको छ।

जीतवहानको व्रत कथामा प्राणी जगत अन्तर्गत पंक्षी वर्गमा पर्ने चील (पोथी) र स्तनधारी स्याल (पोथी) लाई दिदीवहिनीको पात्रका रुपमा प्रयोग गरिनुले सिंगो मानव जीवनमा महिलाको महत्वलाई समेत प्रतिबिम्बित गरेको छ। प्राचीन कविला समुदायमा मातृत्वको वर्चस्प परापूर्वकालदेखि नै रहेको सन्देश पनि यो पर्वले दिन्छ। यसले धर्म र संस्कृतिको संरक्षण, प्रवर्द्धन र विस्तारमा महिलाहरुको योगदान दशकौं देखी रहेको पुष्टि गर्दछ। यो पर्व नितान्त मातृस्नेह र मातृवात्सल्यको एउटा अद्भूत उदाहरण हो। यो पर्वले महिलाको सांस्कृतिक भूमिका र महत्वलाई उजागर पनि गर्दछ।

यो पर्वका अवसरमा थारु समुदायमा मौलिक नाच 'झमटा' प्रदर्शन गर्ने चलन छ। यसले थारु संस्कृतिलाई जीवन्त राख्न सहयोग पुग्छ। मधेशी समुदायमा यो पर्व गर्नेहरुले उपवास बस्नुअघि मरुवा (कोदो) को रोटी मिठो परिकारहरुले बनाएर खाने परम्परा छ। विविधतामा एकताको सन्देश संचार गर्ने हाम्रा चाडपर्वहरु भूगोल, क्षेत्र र समुदाय अनुसार मनाउने चलन, परम्परा, विधि-विधान र अनुष्ठान फरक-फरक भएपनि सबैको सारतत्व एवम् उद्देश्य समाज र देशमा सामाजिक एवं धार्मिक सहिष्णुता, परस्पर विश्वास, सहयोग, मैत्रीभाव, भाइचारा, मेलमिलाप, आदर, सम्मान र सद्भाव कायम गर्नु नै हो।

अन्त्यमा, विभिन्न तिथिहरुमा गरिने पूजापाठ र अनुष्ठानहरु हामीबीच सामूहिकता र एकतालाई बढावा दिनुका साथै व्यक्तिको मन, वाणी र कर्ममा पवित्रता एवम् शुद्धताको संचार गर्ने भावनाहरुले अभिप्रेरित छन्। व्यक्तिमा असल संस्कार, व्यवहार र सामाजिकताको पृष्ठपोषण गर्न जितिया पर्वले सघाउ पुग्ने विश्वासका साथ पुन: हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।

२०८१ असोज ९ गते बुधवार
ने.सं. ११४४ ञलागा, अष्टमी।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

काठमाडौं, नेपाल

## राष्ट्रिय बाल दिवस, २०८१ को शुभकामना सन्देश

नेपालले संयुक्त राष्ट्र संघीय बालअधिकारसम्बन्धी महासन्धिलाई अनुमोदन गरेको दिनको स्मरण गर्दै मनाइने राष्ट्रिय बाल दिवस, २०८१ को अवसरमा सम्पूर्ण नेपाली बालबालिकाहरुमा असीम स्नेहका साथ हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु।

नेपालमा हरेक वर्षको भदौ २९ गते बालबालिकाको सम्मान र उनीहरुको अधिकारप्रति सबैमा जागरुकता ल्याउन यो दिवस राष्ट्रव्यापी रुपमा मनाइन्छ। यस अवसरमा विभिन्न विद्यालय तथा संघसंस्थाहरुले विविध कार्यक्रमहरुको आयोजना गर्दछन्। ती कार्यक्रमहरुले बाल अधिकारप्रति जनचेतना अभिवृद्धि गर्न सघाउँने विश्वास लिएको छु। यस अवसरमा बालबालिकाहरुका लागि बढी रुचिकर हुने क्रियाकलापहरु- खेल र सांस्कृतिक कार्यक्रमको आयोजनाले उनीहरुलाई आफ्नो अधिकारप्रति जागरुक बनाउन पनि सहयोग पुग्दछ।

मुलुकमा बालबालिकाको वास्तविक अवस्था, बालबालिकाहरुको महत्वबारे जागरुकता बढाउन र उनीहरुको भविष्य उज्जवल मनाउँदै उनीहरुको अवस्थामा सुधार ल्याउन बाल दिवसको सान्दर्भिकता र उपादेयता महत्वपूर्ण छ। यो दिवसले बालबालिकाप्रतिको कर्तव्य तथा जिम्मेवारी सबैलाई बोध मात्रै गराउँदैन उनीहरुको सुनौलो भविष्यबारे सोच्ने अवसर पनि प्रदान गर्दछ। बालबालिकाको शारीरिक, मानसिक तथा नैतिक सहितको पक्षलाई उपेक्षा नगर्न दृढ संकल्प लिने अवसरका रुपमा पनि यसलाई लिन सक्नु पर्दछ।

नेपालको संविधान, २०७२ को मौलिक हक र कर्तव्य सम्बन्धी भाग ३ को धारा ३९ मा बालबालिकाको हक सुनिश्चित गरेको छ। संविधानले प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ता, परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वांगीण व्यक्तित्व विकास सम्बन्धी हकको व्यवस्था गरेको छ। नेपालको संविधानले व्यवस्था गरेको बालबालिकाको हक सम्बन्धी कानूनको पालना गर्दै त्यसको कार्यान्वयनमा जोड दिनु आजको आवश्यकता हो।

बालबालिकाहरुलाई ईश्वरको रुप र देशको भविष्यका कर्णधार मानिन्छन्। मुलुकको उज्जवल भविष्य बालबालिकाको उज्जवल भविष्यमाथि निर्भर रहन्छ। कुनै पनि मुलुकमा बालबालिका कमजोर, गरीब र खराब पालन पोषण भएको अवस्थामा त्यस मुलुकको विकास नै प्रभावित हुन सक्छ। यो तथ्य र विषयलाई हामी सबैले चिन्तन र मनन गर्न आवश्यक छ।

अन्त्यमा, बाल श्रम र अन्य सबै प्रकारको सामाजिक शोषण/हिंसाबाट बालबालिकाहरुलाई बचाउन सार्वजनिक जागरुकतासंगै दृढ प्रतिबद्धता र संविधान प्रदत्त बालअधिकारहरुको अक्षरश: कार्यान्वयनका लागि राष्ट्रिय बाल दिवस, २०८१ ले सबैलाई उत्प्रेरित गर्न सकोस् भन्ने कामना गर्दै बालबालिकाहरुको सुनौलो भविष्यका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।
२०८१ भदौ २९ गते शनिबार
ने.सं. ११४४ ञलाथ्व, एकादशी।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

काठमाडौं, नेपाल

## अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस,२०८१ को शुभकामना सन्देश

विश्वभरका ज्येष्ठ नागरिकहरुको योगदानलाई सम्मान र मान्यता प्रदान गर्न समर्पित **अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस** (अक्टोबर १) को अवसरमा सम्पूर्ण ज्येष्ठ नागरिकहरुमा सुख, सुस्वास्थ्य, दीर्घायु एवं सम्मानित जीवनका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु। ज्येष्ठ नागरिकले आफ्नो जीवनमा गरेका सेवा, प्राप्त उपलब्धी र समर्पणको कदर गर्न यो दिवसलाई हामीले एउटा अवसरका रुपमा लिन सक्नुपर्दछ। यो उहाँहरुको स्वास्थ्य, आर्थिक सुरक्षा, सामाजिक उपेक्षा र दुर्व्यवहार जस्ता समस्याहरुलाई सम्बोधन गर्नका लागि प्रण लिने र प्रतिबद्धता व्यक्त गर्ने दिवस पनि हो। वृद्धावस्था जीवनको एउटा स्वाभाविक र सामान्य प्रक्रिया हो। अत : यसै रुपमा ज्येष्ठ नागरिकले आफ्ना अनुभवहरुबाट युवा र समाजलाई लाभान्वित गराउने प्रयास पनि गर्न सक्नुपर्दछ। यसले समाजमा ज्येष्ठ नागरिकको उपादेयता प्रमाणित हुनुका साथै उहाँहरुमा आत्मविश्वासमा पनि बृद्धि हुन सक्दछ। ज्येष्ठ नागरिकहरु समाजका उपयोगी व्यक्तित्वहरु हुन। हामीले उहाँहरुलाई कुनै न कुनै रुप (ज्ञान, सीप, अनुभव आदि) मार्फत् समाज कल्याणमा योगदानका लागि प्रोत्साहन गर्न सक्नुपर्दछ।

हाम्रो पूर्वीय दर्शन अनुसार प्राचीनकालमा समाजमा ज्येष्ठ नागरिकको अत्यन्तै उच्च सम्मान थियो। संयुक्त-परिवारमा सबै 'हर्ता-कर्ता' सर्वाधिक आयु भएकै व्यक्ति हुन्थे। जीवनको लामो अनुभवका कारण उहाँहरुको उपदेश र निर्देशहरु परिवारले 'ब्रह्मवाक्य' मानी संयुक्त परिवार संचालित हुन्थ्यो। परम्परागत रुपमा ज्येष्ठ नागरिकहरुलाई 'प्रतिष्ठा सूचक' मानिन्थ्यो। खासगरी, संयुक्त परिवारको विघटन पश्चात र समाजमा आधुनिकताको प्रवेशसंगै ज्येष्ठ नागरिकलाई आफ्नै परिवारबाट हेला हुनु अत्यन्तै चिन्ताको विषय हो। औद्योगीकरण, सहरीकरण, एकल परिवार, व्यक्तिवाद, पाश्चात्य संस्कृति, धनको बढ्दो महत्व, भौतिकवादी मूल्य लगायतका कारण ज्येष्ठ नागरिक आफैमा समाज, समुदाय र देशमा जटिल समस्या बन्दै जानु अर्को एउटा तितो यथार्थ हो। एकातिर ज्येष्ठ नागरिक प्रति परिवारमा आदर, सम्मान, प्रेम र लगाव समाप्त हुँदै गएका छन् भने अर्कोतिर उहाँहरुमा स्वयं भावनात्मक असुरक्षाको भावना तीव्र रुपमा बढ्दो छ। यी दुखद अवस्थाको अन्त्य हुन नितान्त जरुरी छ। हामीले 'वृद्धावस्था' लाई 'बोझ' होइन, प्रेरणा, अनुभव, ज्ञानको चौतारीका रुपमा लिन सक्नुपर्दछ।

'वृद्धावस्था' एउटा सर्वकालिक र सर्वव्यापी अवस्था पनि हो। यो अवस्थालाई बाल्यकाल झैं अन्यन्तै संवेदनशील मानिन्छ। उत्तरदायित्व समाप्तिपछि व्यक्तिले यो अवस्थामा आध्यात्मिक चिन्तनतर्फ झुकाव बढाउँदछ। शारीरिक क्षमताहरु कम हुन थाल्दछन्। स्मरण शक्ति कमजोर, निर्णय क्षमतामा कमी लगायतका लक्षण पनि देखिन थाल्दछन्। यो अवस्थामा समायोजनको पनि अभाव पाइन्छ, किनभने नयाँ पीढीसंग उहाँहरुको मूल्यलाई लिएर कहिलेकाहीं टकराव पनि हुने गर्दछ। यस्तो अवस्थामा उहाँहरुले आफूलाई असहाय र उपेक्षित पनि अनुभव गर्नु हुन्छ। थरी-थरीका शारीरिक र मानसिक परिवर्तन हुन्छ, रोगहरु पनि यो अवस्थामा धेरै लाग्ने गर्दछ। उच्च तनाव, उच्च रक्तचाप, ज्ञानेन्द्रियहरुको क्षमता र काम गर्ने शक्ति कम भएको लक्षण देखिने गर्दछ। समुचित हेरचाह तथा सहानुभूति ज्येष्ठ नागरिकले प्राप्त गर्न नसकेको अवस्थामा अकाल मृत्युवरणको जोखिम बढ्दछ। अतः ज्येष्ठ नागरिकहरुको हेरचाह र उहाँहरु प्रति उच्च सहानुभूति र सम्मान राख्न हामी सबैले आ-आफ्नो कर्तव्य ठान्न जरुरी छ।

समाज, परिवारका सम्पूर्ण सदस्यसहित नयाँ पीढीले ज्येष्ठ नागरिकलाई घर, समाज र परिवारको धरोहर मान्दै उहाँहरुसंग सामंजस्यता काम गर्न सक्नुपर्दछ। हामीले ज्येष्ठ नागरिक प्रतिको आफ्नो सामाजिक दृष्टिकोण परिवर्तन गर्न आवश्यक छ। उहाँहरुलाई समाजमा अनुभवहरुको भण्डारका रुपमा हेरिनु पर्दछ। यो एउटा दुर्भाग्य नै हो कि समाज, अर्थव्यवस्था र मुलुकका लागि आफ्नो सबै कुरा अर्पित गरिसकेपछि उमेरको अन्तिम समयमा जब उहाँहरुलाई केही प्राप्त गर्ने अवस्था आउँछ, तब उहाँहरु अभाव र विवशतामा पुग्नु हुन्छ। अझ, ज्येष्ठ नागरिकहरुले सामाजिक, व्यक्तिगत, पारिवारिक, मनोवैज्ञानिक, आर्थिक लगायतका समस्याहरुको न्यूनिकरणमा सम्बन्धित सबै क्षेत्र, वर्ग र तप्का सक्रियताका साथ लाग्न पनि उत्तिकै आवश्यक छ।

अन्त्यमा, परिवार, समाज र देशमा ज्येष्ठ नागरिकले पुर्याएको योगदानहरुको सम्मान गर्दै उहाँहरुको अनुभव र ज्ञान हामी सबैलाई हरेक क्षेत्रमा उपयोग गर्न यो दिवसले उत्प्रेरित गर्न सकोस्। ज्येष्ठ नागरिकको जीवनलाई सम्मानित, व्यवस्थित, मर्यादित र सुखद बनाउनमा सहयोग पुर्याउन सबैमा हार्दिक आह्वान गर्दै उहाँहरुको सुसफल र सुस्वस्थ्य जीवनको लागि कामना गर्दछु।

धन्यवाद।

२०८१ असोज १५ गते मंगलबार।
ने.सं. ११४४ ञलागा, चतुर्दशी।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

काठमाडौं, नेपाल

## संविधान दिवस, २०८१ को शुभकामना सन्देश

संविधान दिवस (राष्ट्रिय दिवस), २०८१ को अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूण नेपाली दिदीबहिनी तथा दाजुभाइहरुलाई हार्दिक बधाई तथा सुख, शान्ति र समृद्धिका लागि मंगलमय शुभकामना व्यक्त गर्दछु।

राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक-पटक गर्दै आएका ऐतिहासिक जन आन्दोलन, सशस्त्र संघर्ष, मधेश जनविद्रोह, बलिदान, योगदान, त्याग तथा जनताबाट निर्वाचित जनप्रतिनिधिमार्फत् १० वर्षअघि असोज ३ मा जारी नेपालको संविधान, २०७२ को सम्झना र सम्मानमा हरेक वर्ष संविधान दिवस मनाईन्छ।

कुनै पनि मुलुकका लागि संविधान सर्वोच्च दस्तावेज भएकाले यसको महत्व धेरै हुन्छ। प्रजातान्त्रिक राजनीतिक व्यवस्था अपनाईएका मुलुकहरुमा संविधानलाई मूल कानूनको रुपमा मानिएको हुन्छ। संविधान दिवसले हामीलाई संविधानको महत्वको अनुभूति गराउनुका साथै यसको निर्माणमा आहुति र जीवन उत्सर्ग गर्नेहरुप्रति सम्मान भाव प्रकट गर्ने अवसर प्रदान गर्दछ।

नेपालको संविधानको प्रस्तावनामै 'सामन्ती, निरंकुश, केन्द्रीकृत र एकात्मक राज्यव्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य' उल्लेख हुनु र नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित रहेको संवैधानिक व्यवस्था हुनुले संविधानको गरिमा र जनताको सर्वोच्चतालाई पुष्टि गर्दछ। हाम्रो संविधानले नेपाललाई स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको रुपमा पनि परिभाषित गरेको छ। संविधानको भाग १ को धारा ३ मा बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त, भौगोलिक विविधतामा रहेका समान आकांक्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय हित तथा समृद्धिप्रति आस्थावान रही एकताको सूत्रमा आबद्ध सबै नेपाली जनता समष्टिमा राष्ट्र भएको उल्लेख छ। यसले सम्पूर्ण नेपालीको महत्वलाई दर्शाउँदछ।

हाम्रो संविधानले नेपाली नागरिकलाई न्याय, समानता र स्वतन्त्रताको प्रत्याभूति गर्दै एकता र बन्धुत्व भावलाई बढावा दिने प्रयास गरेको छ। सम्मानपूर्वक बाँच्न पाउने हक, स्वतन्त्रताको हक, समानता र न्याय सम्बन्धी हक तथा शिक्षा, स्वास्थ्य, खाद्य, रोजगार, स्वच्छ वातावरण र सामाजिक न्याय लगायतका अधिकार 'मौलिक हक र कर्तव्य' मै समावेश गरिनु सकारात्मक त छँदैछ यसले संवैधानिक उच्चता र गरिमालाई पनि दर्शाउँदछ। संविधानमा भएको मौलिक हक सम्बन्धी सम्पूर्ण कानुनी व्यवस्थालाई अक्षरशः कार्यान्वयनमा जोड लिन अति आवश्यक छ।

संवैधानिक अंग र निकायहरुको पदमा नियुक्ति गर्दा समावेशी सिद्धान्त बमोजिम गरिने संवैधानिक व्यवस्था हाम्रो संविधानको मूल मर्मलाई कही, कतै र कसैबाट अवहेलना गरिनु हुन्न। संविधानको अक्षर र भावनाहरुले निर्दिष्ट गरेको समाजवाद उन्मुख आर्थिक-सामाजिक प्रणाली तथा गणतन्त्रात्मक लोकतान्त्रिक संघीयता, समावेशीता लगायतलाई सबैले पालना गर्न सक्नु पर्दछ। संघ, प्रदेश र स्थानीय तहलाई शक्ति र स्रोतको बाँडफाँड गर्न अझै पनि विलम्ब हुनुले संघीयताप्रति नै वितृष्णा बढेको जस्तो देखिएकाले आगामी दिनमा संघीय प्रणालीलाई संस्थागत गर्दै प्रदेशलाई संविधान सम्मत सबै अधिकार सम्पन्न गराउन अति आवश्यक र अपरिहार्य छ। यसप्रति सम्बन्धित सबैको ध्यान आकृष्ट हुने विश्वास लिएको छु।

अन्त्यमा, संविधानको मर्म र भावना अनुसार प्रत्येक नेपाली नागरिकलाई स्वदेशमै रोजगारको अवसर प्राप्त हुनेगरी काम गर्न सबैलाई संविधान दिवसले उत्प्रेरित गर्न सकोस्। संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनार्थ पटक-पटक भएका जनआन्दोलन, विद्रोह र अधिकार प्राप्तिका संघर्षका क्रममा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुभएका सम्पूर्ण ज्ञात/अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली, घाइते र अंगभंग भएकाहरुप्रति उच्च सम्मान तथा लोकतन्त्र, समावेशीता एवं अग्रगामी परिवर्तनका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्नु भएका सम्पूर्ण अग्रजहरुप्रति उच्च सम्मानसहित उच्च प्रशंसा व्यक्त गर्दै संविधानको कार्यान्वयनमार्फत् नेपाली नागरिक र राष्ट्रहित तथा मुलुकको समृद्धि एवं दिगो विकासका लागि संविधान दिवस, २०८१ को हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।

२०८१ असोज ३ गते बिहीबार
ने.सं. ११४४ ञलाथ्व,प्रतिपदा।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

काठमाडौं, नेपाल

# विश्व हात धुने दिवस, २०२४ को शुभकामना सन्देश

विश्व हात धुने दिवस, २०२४ को अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरुमा स्वच्छ र स्वस्थ्य जीवनका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

सन् २००८ यता हरेक वर्ष अक्टोबर १५ मा विश्वभरका मानिसलाई हात धुने बानीमा सुधार ल्याउनका लागि उत्प्रेरित गर्ने उद्देश्यले यो दिवस बनाउने गरिन्छ। यस वर्षको विश्व हात धुने दिवसको नारा "किन सफा हातहरु अझै महत्वपूर्ण छन्?" रहेको छ। यो दिवस सरकार, विद्यालय, अन्तर्राष्ट्रिय संघसंस्था, नागरिक समाज, गैरसरकारी संस्थाहरु लगायतको सहयोग र समर्थनमा विभिन्न जनचेतना कार्यक्रमको आयोजना गरी मनाइन्छ।

यो दिवसको उद्देश्य मानिसहरुलाई हात धुनुको महत्वबारे जागरुक गराउनु पनि हो। हात धुँदा हामी हैजा, डायरिया, रुघाखोकी, निमोनिया जस्ता कयौं रोगहरुबाट बच्न सक्दछौं। हात धुनु एउटा सरल र सस्तो तर प्रभावकारी तरीका हो, जसबाट हामी आफ्नो र परिवार तथा समुदायलाई स्वस्थ्य राख्न सक्दछौं। नियमित रुपमा हात धुनुले विषाणु र जीवाणुबाट हुने रोगहरुबाट बच्न सकिन्छ। कुपोषण र अन्य स्वास्थ्य समस्यालाई न्युनिकरण गर्न सकिन्छ।

स्वच्छता र स्वास्थ्य नै जीवनको आधार हो। स्वच्छताबाट समाजलाई स्वस्थ बनाउन सकिन्छ। हात धुनुले संक्रमणको रोकथाम, **स्वास्थ्यमा** सुधार र सामाजिक लाभ प्राप्त गर्न सकिन्छ। हात धुने बेला साबुन र पानीको उपयोग गर्नु पर्दछ। कम्तिमा २० **सेकेण्डसम्मा** हात धुनु पर्दछ। हातका औंलाहरु, नङहरुलगायतलाई राम्ररी र नियमित सफा गर्नु पर्दछ। बाथरुमको प्रयोग, खाना पकाउनुअघि, खाना खानुअघि, खोक्दा, हाछ्युँ गर्दा, नाक छोएपछि साबुन र पानीले हात धुन जरुरी छ।

अन्त्यमा, स्वच्छ समाज र स्वस्थ जीवनका लागि महत्वपूर्ण रहेको हात धुनुलाई सबैले व्यवहारमा उतार्न सके मात्र 'विश्व हात धुने दिवस' को सार्थकता पुष्टि हुन्छ। सबैले आ-आफ्नो दिनचर्यामा नियमित रुपमा हात धुनुलाई समावेश गर्न हार्दिक आह्वान गर्दछु।

धन्यवाद।
२०८१ असोज २९ गते मंगलबार
ने.सं. ११४४ कौलाथ्व, त्रयोदशी।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

काठमाडौं, नेपाल

# विजयादशमी,२०८१ को शुभकामना सन्देश

विजयादशमी २०८१ को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायु तथा उत्तरोत्तर प्रगतिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

नेपाल विविधतामा एकता भएको मुलुक हो। यहाँ हरेक वर्ष थुप्रै पर्व-त्योहार र उत्सवहरु धुमधामका साथ मनाइन्छ। हामीले मनाउने ती पर्व-त्योहारहरुले वर्षौंदेखि प्रचलनमा रहेका हाम्रा धार्मिक, परम्परागत र सांस्कृतिक मूल्य-मान्यताहरुलाई बर्तमानसम्म दृढताका साथ एउटा कडीका रुपमा जोडेर राख्न सहयोग गरेको छ। यसले हाम्रो अन्तःचेतनालाई जगाउने काम गर्नुका साथै हाम्रो आत्मविश्वास बढाउनमा पनि सघाउँदछ। हाम्रा आध्यात्मिक मूल्यहरुलाई बल प्रदान गर्दै पारिवारिक र सामाजिक सम्बन्धहरुलाई थप सुदृढ र बलियो बनाउँदछ।

पौराणिक आख्यानहरुका आधारमा तिथि विशेषमा मनाइने प्रत्येक पर्व-त्योहारहरु आफ्नो मान्यताहरुमा अनौठो र मौलिक छन्, जसले आफ्नो मूल्यसँगै हाम्रा सांस्कृतिक परम्परालाई अक्षुण्ण राख्न सहयोग गर्दछ। हाम्रा महत्वपूर्ण चाडपर्वमध्ये विजयादशमी पनि एक हो। भूगोल, क्षेत्र, वर्ग र समुदाय अनुसार दशैं, बडादशैं, दशहरा, दुर्गापूजा, नवरात्री आदि नामले समेत मनाइने यो महापर्व असत्यमाथि सत्यको विजयको प्रतीकको रुपमा मनाइन्छ।

विजयादशमी सामाजिक मात्र नभई राष्ट्रिय महत्व बोकेको पर्व पनि हो। यसले कुप्रवृत्तिमाथि सद्वृत्तिको विजय, असत्यमाथि सत्यको विजय, अन्धकारमाथि प्रकाशको विजयको संदेश दिन्छ। संसारमा अन्याय र अत्याचार गर्नेहरुको सधैं पराजय हुने तथा न्यायकर्ता र सदाचारीको सधैं विजय हुने शिक्षा पनि दिन्छ। अत्याचारी जतिसुकै शक्तिशाली भएपनि अन्त्यमा उसको सर्वनाश निश्चित भएको संदेश पनि दिन्छ। विजयादशमीले सम्पूर्ण मानव जातिलाई अन्याय, अत्याचार तथा असत्यको मार्ग छाडेर सदैव न्याय, सदाचार र सत्यपथमा हिड्न उत्प्रेरित गर्न सकोस्। यो पर्वले समाजमा चेतनशीलता र सजगता ल्याउँदै सबैलाई मन-बचनबाट सुकर्म गर्न र मस्तिष्क-हृदयबाट कुविचारहरु परित्याग गर्न सघाउँ पुगोस्।

असत्य र पापको साम्राज्य धेरै टिक्दैन भन्ने संदेश समेत दिने विजयादशमी पर्वले दश प्रकारका पापहरु- काम, क्रोध, लोभ, मोह, मद, मत्सर, अहंकार, आलस्य, हिंसा र चोरी परित्याग गर्न सद्प्रेरणा पनि प्रदान गर्दछ। यो पर्वले समाजमा वीरता, साहस र सत्यको महत्वलाई उजागर गर्दछ। मानिसलाई आफ्नो जीवनबाट खराब आचरणहरु परित्याग गर्न उत्प्रेरित गर्दछ। विजयादशमी पुनर्मिलनको उत्सव पनि हो। काम विशेषले परिवार, समाज र गाउँबाट बाहिर गएकाहरु वर्षौंपछि एकै ठाउँमा भेला भई सुख र दुःख साट्दै रमाईलो गर्छन्। यो पर्वले आपसी शत्रुता र कटुता बिर्सेर एकअर्कामा शुभकामना आदान प्रदान गर्ने अवसर प्रदान गर्दछ। यसले परिवार र समाजमा एकता, प्रेम र सद्भावना बढाउनमा सहयोग पुग्दछ। सामाजिक सम्बन्धलाई बलियो र एकताको भावना अभिवृद्धि गर्नमा सघाउँदछ।

विजयादशमीको अवसरमा विभिन्न परम्परागत नृत्य, गीत र नाटकहरुको आयोजना हुनुले हाम्रो सांस्कृतिक पहिचान र धरोहरलाई जोगाउनमा पनि उत्तिकै सहयोग पुग्दछ। दशैंको अवसरमा बजारमा चहलपहल बढ्नु, नयाँ कपडा, मिठाई र अन्य सामग्रीहरुको खरिद-बिक्री बढ्नुले स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउनमा पनि यसको महत्व छ। विजयादशमीका अवसरमा अत्यन्तै आस्था र निष्ठाका साथ गरिने पूजापाठले आध्यात्मिक जीवनलाई सार्थक बनाउनमा सहयोग पुग्दछ। आनन्द, खुशी र एकताको यो पर्वले सबैको जीवनमा खराब आचरणको अन्त्य गर्दै समाजमा नयाँ ऊर्जा तथा उत्साह संचार गर्न सकोस्।

अन्त्यमा, विजयादशमी पर्व हामी बीच सामूहिकता र एकतालाई बढावा दिनुका साथै व्यक्तिको मन, बाणी र कर्ममा पवित्रता एवम् शुद्धताको संचार गर्ने भावनाहरुले अभिप्रेरित छन्। व्यक्तिमा असल संस्कार, व्यवहार र सामाजिकताको पृष्ठपोषण गर्न विजयादशमीले सघाउ पुग्ने विश्वासका साथ पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु।
धन्यवाद।
२०८१ असोज २४ गते बिहीबार
ने.सं. ११४४ कौलाथ्व, सप्तमी।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

काठमाडौं, नेपाल

## नेपाल संवत्, ११४५ को शुभकामना सन्देश

नेपालको मौलिक नेपाल संवत्, ११४५ प्रारम्भ भएको सुखद अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरुमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य र उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

नेपाल संवत् नेपालको पारम्परिक र मौलिक क्यालेण्डर प्रणाली हो । नेपाली संस्कृति र इतिहासको महत्वपूर्ण हिस्सा रहेको यो राष्ट्रिय संवत् पनि हो । पछिल्लो समय पर्व, त्योहार, धार्मिक अनुष्ठान र सामाजिक कार्यक्रमहरुको तिथि निर्धारण गर्नमा समेत यसको प्रचलन हुनु सुखद छ । यो संवत्को शुभारम्भको अवसरमा आयोजित उत्सवमा विभिन्न सांस्कृतिक नृत्य, गीत/संगीत र परम्परागत झाँकीहरुको प्रदर्शनले नेपालको इतिहास र परम्पराहरुको संरक्षणमा महत्वपूर्ण टेवा पुगेको विश्वास व्यक्त गर्दछु ।

नेपाली सांस्कृतिक धरोहरको एउटा जीवन्त प्रतीक समेत रहेको नेपाल संवत्को स्थापना नेपालीहरुको आर्थिक सुधार गर्ने उद्देश्यले गरिएको थियो । नेपालको राष्ट्रिय पहिचान र सांस्कृतिक एकताको प्रतीक यो संवत्लाई वृहत बनाउँदै मुलुकभर धुमधामका साथ मनाउनु पर्छ । यो संवत्को धार्मिक, सांस्कृतिक र सामाजिक महत्व उस्तै छ । यसले परस्पर सहयोग, मेलमिलाप, सद्भाव र एकतालाई अक्षुण्ण राख्दै नेपाली सांस्कृतिक परम्परा, मूल्यमान्यता, रीतिरिवाज र रहनसहनको संरक्षण र सम्वर्द्धनमा प्रोत्साहित गर्न सहयोग पुग्दछ ।

राष्ट्रिय विभूति शंखधर साख्वाद्वारा प्रवर्धन गरिएको नेपालको यो राष्ट्रिय संवत् चन्द्रमास गणना गरी तय गर्ने प्रचलन छ । कार्तिक शुक्लपक्ष प्रतिपदाबाट शुरु हुने यो संवत्को पहिलो दिन काठमाडौं उपत्यकामा नयाँ बही खाताको सुरुवात गर्ने परम्परा रही आएको छ । शंखधरले काठमाडौं उपत्यकाका किसान तथा गरीब जनतालाई ऋण एवम् दासत्वबाट मुक्त गराई स्वाभिमान र स्वतन्त्रतापूर्वक बाँच्न पाउने अवस्था सिर्जना गर्नु भएकोमा उहाँप्रति उच्च सम्मान व्यक्त गर्दै उहाँलाई हृदयदेखि नै स्मरण गर्न चाहन्छु । साथै, नेपाल र नेपाली समाजमा शान्ति स्थापना, नेपाली जनताको स्वतन्त्रता र स्वाभिमान बढाउन उहाँले गर्नुभएको अतुलनीय योगदानको प्रशंसा पनि गर्दछु ।

अन्त्यमा, यो संवत्ले सम्पूर्ण नेपालीमा सहिष्णुता, मेलमिलाप, भाइचारा, मैत्री भाव, अपनत्व भाव र आपसी सद्भाव बढाउन सहयोग पुग्ने विश्वासका साथ नेपाल संवत् ११४५ को शुभारम्भ अवसरमा सबैलाई हार्दिक बधाईसहित मंगलमय शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।
२०८१ कात्तिक १७ गते शनिबार ।
ने.सं. ११४५ कछलाथ्व प्रतिपदा ।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

काठमाडौं, नेपाल

## तिहार (दीपावली), २०८१ को शुभकामना सन्देश

तिहार पर्व (शुभ दीपावली), २०८१ को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवं उत्तरोत्तर प्रगतिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

तिहार धार्मिक, सांस्कृतिक र सामाजिकताको दृष्टिकोणले अत्यन्तै महत्वपूर्ण पर्व हो । यो एउटा पर्व मात्रै होइन नेपाली संस्कृति र परम्पराको अभिन्न हिस्सा पनि हो । मुख्यत: हिन्दू, जैन र सिख धर्मावलम्बीहरुले अत्यन्तै आस्था र श्रद्धाभावका साथ यो पर्व मनाउँछन् । नेपालमा विभिन्न धर्मावलम्बीहरुको बसोबास रहेकाले अन्य धर्मका अनुयायीहरु पनि आफ्ना इस्टमित्र र छरछिमेकीसंग मिलेर यो पर्व सौहार्दताका साथ मनाउनु हाम्रो मौलिक विशेषता हो । यसले सामाजिक सौहार्दता, भाइचारा एवं राष्ट्रिय तथा सामुदायिक एकताको भावनालाई बलियो बनाउँदछ ।

तिहार विभिन्न रीति-रिवाज, रहनसहन, परम्परा र अनुष्ठानहरु समावेश भएको विविधतामा एकताको सन्देशवाहक पर्व पनि हो । यो पर्वका अवसरमा गरिने घरआङ्गनको सरसफाई, घर-घरमा दीप प्रज्वलन, धनतेरस, देउसीभैलो, कागतिहार, कुकुरतिहार, लक्ष्मी पूजा, गाई पूजा, गोवर्धन पूजा, हुर्राहुर्री, डाढ, म्ह: पूजा र भाइटीका (भ्रातृ द्वितीया) आदि यसका सांस्कृतिक विशेषताहरु हुन् । पारम्परिक वेशभूषामा देउसीभैलो खेल्ने, मिठाईहरु बाँड्ने, बजडी खुवाउने र सांस्कृतिक कार्यक्रमहरुको आयोजना गर्नुले हाम्रा मौलिक संस्कृतिलाई जगेर्ना गर्दै त्यसलाई जीवन्त बनाई राख्न सहयोग पुग्दछ ।

स्थान, भूगोल र क्षेत्र विशेष अनुसार यो पर्व फरक-फरक तर मौलिक परम्परा अनुसार मनाइन्छ । मनाइने परम्परा र अनुष्ठानमा विविधता भएपनि यसको मूल उद्देश्य अज्ञानतामाथि ज्ञान र अंधकारमाथि प्रकाशको जीतको संदेश संचार गर्नु नै हो, मुलुकमा एकता र सामन्जस्यताको संदेश प्रवाहित गर्नु हो । यो पर्वले मुलुकको अर्थव्यस्थालाई चलायमान बनाउनमा थोरै भएपनि सहयोग गर्दछ । पर्यावरणको दृष्टिकोणले शुभ दीपावली मनाउने क्रममा पटाकाहरु पड्काउनुले पर्यावरणमा नकारात्मक प्रभाव पर्दछ, त्यसैले यसमा सचेत हुन जरुरी छ ।

प्रकाशमय यो पर्वमा देवी लक्ष्मीको पूजा आराधना गरे धन, समृद्धि र सफलता प्राप्त हुने एवम् दरिद्रताको नाश हुने जनविश्वास रही आएको छ । यो पर्व मनाउने तयारी धेरै पहिलेदेखि घर, पसल र कार्यस्थलहरु सफासुग्घर गर्दै शुरु हुन्छ । धेरैले यो पर्वका अवसरमा आ-आफ्नो घरआँगन सजाउन रंगीचङगी फूल, रंगोली र झिलीमिली बत्तीहरुको प्रयोग गर्छन् । यसले सांस्कृतिक संरक्षणमा टेवा पुग्छ ।

अन्त्यमा, व्यक्तिको मन, वचन र कर्ममा पवित्रता एवम् शुद्धताको संचार गर्ने भावनाहरुबाट अभिप्रेरित तिहार पर्वले व्यक्तिमा असल संस्कार, व्यवहार र सामाजिकताको पृष्ठपोषण गरोस् । साथै, तिहारले मुलुकलाई समृद्धितर्फ उन्मुख गराउन सम्पूर्ण नेपालीलाई उत्प्रेरित गर्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।
२०८१ कात्तिक १५ गते बिहीबार ।
ने.सं. ११४४ कौलागा चतुर्दशी ।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

काठमाडौं, नेपाल

## गुरुनानक जयन्ती, २०८१ को शुभकामना सन्देश

प्रत्येक वर्ष कात्तिक शुक्ल पूर्णिमाका दिन शिख धर्मावलम्बीले मनाउने गुरुनानक जयन्तीका अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण शिख समुदायमा सुख, शान्ति र सु-स्वास्थ्यका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

गुरुनानक देवको सम्झनामा शिख धर्मावलम्बीले गुरुद्वारामा श्रद्धा र भक्ति भावले कीर्तन गर्ने, दीप प्रज्वलित गर्ने लगायतका कार्यक्रमहरुको आयोजना गरी यो जयन्ती मनाउँदछन् । सम्पूर्ण मानवलाई आफैभित्र ईश्वर खोज्न, परिश्रम गर्न र अन्न बाँडेर ग्रहण गर्न उहाँले दिनुभएको सन्देश आज पनि सबैका लागि उत्तिकै सान्दर्भिक र महत्वपूर्ण छन् । गुरुनानकले आफ्नो यात्राका क्रममा थुप्रै भजन र गीत रचेर मानव मात्रको कल्याण गर्ने जीवन सूत्रहरु दिनुभएको छ । समाज र देशमा विद्यमान सबैखाले विकृति, विसंगती, विभेदको अन्त्य गर्दै समतामूलक, शान्त, सौम्य, सभ्य र सुसंस्कृत समाजको निर्माणमा दत्तचित्त भई लाग्न गुरुनानक जयन्तीले सबैलाई उत्प्रेरित गर्न सकोस् ।

गुरुनानकको उपदेशहरुले हामीलाई सत्य, आत्मज्ञान र मानवताप्रति सदैव समर्पित हुने शिक्षा पनि प्रदान गर्दछ । हामी सबै मिलेर उहाँको उपदेशहरुलाई जीवनमा आत्मसात गर्दै राष्ट्रिय एकता, परस्पर प्रेम, भ्रातृत्व र शान्तिको भावना फैलाउने दृढ संकल्पका साथ अगाडि बढ्न सक्नु पर्दछ । यो जयन्तीले हामीलाई सत्य, करुणा र सेवाभावको मार्गमा हिड्न प्रेरणा पनि प्रदान गर्दछ ।

अन्त्यमा, गुरुनानक जयन्तीले राष्ट्रिय एकता, समाजमा समता, साम्प्रदायिक एकता, सहिष्णुता, भाइचारा, शान्ति, सद्भाव, आपसी मेलमिलाप र सामाजिक न्यायका आदर्शलाई आत्मसात गर्न उत्प्रेरित गर्न सकोस् भन्ने कामना गर्दछु ।

धन्यवाद ।
२०८१ कात्तिक ३० गते शुक्रबार ।
ने.सं. ११४५ कछलाथ्व पूर्णिमा ।

रामसहाय प्रसाद यादव
**कार्यबाहक राष्ट्रपति**

उपराष्ट्रपति

काठमाडौं, नेपाल

## छठ पर्व, २०८१ को शुभकामना सन्देश

सूर्यको पूजा, उपासना र आराधना गरी चार दिनसम्म मनाइने छठ पर्व, २०८१ को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरुमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य र उत्तरोत्तर प्रगतिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

श्रद्धा, आस्था, संकल्प र प्राकृतिक सौन्दर्यको अद्वितीय संगमका रुपमा रहेको छठ पर्वको सांस्कृतिक, सामाजिक, सामुदायिक, पारिवारिक र पर्यावरणीय महत्व छ । यो पर्व नेपाली संस्कृतिको विविधता र समृद्धिको प्रतीक पनि हो । यस पर्वका क्रममा पारम्परिक गीत, नृत्य र लोक कथाहरुको आयोजना गरिन्छ, जसबाट रैथाने संस्कृति र परम्पराहरुको संरक्षणमा टेवा पुग्छ । यो पर्वले मधेशी समुदायको सांस्कृतिक पहिचानलाई प्रतिबिम्बित गर्दछ । सामाजिक एकता र सौहार्दतालाई बलियो बनाउँदछ । यस पर्वका अवसरमा परिवार, छरछिमेकी र समुदायका मानिस एकै ठाउँ भेला भई सामूहिक पूजाअर्चना गरी मनाउँनुले आपसी मेलमिलाप र सहयोगको भावना अभिवृद्धि गर्नमा सहयोग पुग्दछ ।

छठ पर्वमा सामुदायिक सहभागिताको महत्व अत्याधिक छ । सामूहिक रुपमा विभिन्न पवित्र जलासयहरुको सफाई र घाट निर्माण, सजावट र पूजा अर्चना गरिनुले समुदायबीच परस्पर एकजुटता, स्नेह र भाइचाराको भावना बलियो बनाउन मद्दत पुर्‍याउँदछ । परिवारका सदस्यहरुलाई एक साथ भेला हुने अवसर पनि यो पर्वले प्रदान गर्दछ । परिवारका सबै सदस्यको सहयोग पर्वको तयारीदेखि सम्पन्न भएसम्म रहेको हुन्छ, जसले परस्पर प्रेम र सहयोगको भावना बढ्दछ । व्रतालुहरु बिना पुरोहितको आफ्नो परिवारसँग मिलेर अत्यन्तै भक्तिभावले पूजाआराधना गर्नुले पारिवारिक सम्बन्धलाई थप बलियो बनाउँदछ ।

प्रकृतिकसंग प्रेमको प्रतीकका रुपमा समेत रहेको छठ पर्वमा मौसम अनुसार उपलब्ध सबैखाले नयाँ अन्न, फलफूल, कन्दमूलहरु प्रसादका रुपमा प्रयोग गरिन्छ । यो पर्वमा विशेष खालको परिकारहरु ठेकुवा, भुसुवा, पिरुकिया लगायतका मौलिक प्रसाद सूर्यदेवलाई चढाउने परम्परा छ । छठ पर्वले धार्मिक मात्रै होइन जातिय सद्भावलाई सबल र प्रगाढ बनाउन पनि सहयोग पुग्दछ । यो पर्वमा छुतअछूत हुँदैन । पर्वमा प्रसादहरु राख्न डोम समुदायले बनाएको बाँसको डाला, दउरा, सुपा, ढाँकी आदिको प्रयोग गरिन्छ भने माली समुदायले बनाएको झाँप, कुम्हाले समुदायले बनाएको माटोको दीयो, कलस, झाँझ आदिको उपयोग गरिन्छ । छठ पर्वमा महिलाको आँचलमा नटुवा नचाउने सांस्कृतिक परम्परा रही आएको छ ।

छठ पर्वले पर्यावरण संरक्षणको सन्देश पनि दिन्छ । यो पर्वले नदी, तलाउ, पोखरीलगायतका प्राकृतिक स्रोतहरुको संरक्षणप्रति जागरुकता अभिवृद्धि गर्दै संरक्षणको भावना विकसित हुन्छ । पानीको स्रोतहरुको स्वच्छता र संरक्षणमा यो पर्वबाट सघाउ पुग्दछ । प्रकृतिको आराधना र त्यसको महत्व बुझाउनका लागि यो पर्वले महत्वपूर्ण अवसर प्रदान गर्दछ, जसबाट पर्यावरण संरक्षण गर्न सहयोग पुग्दछ ।

परिवारका कुनै सदस्यले एक पटक छठ पर्वको व्रत शुरु गरी सकेपछि उसले नै हरेक वर्ष व्रत बस्नु पर्ने मान्यता रही आएको छ । यसले नयाँ पिढीहरुलाई छठ पर्व अनिवार्य कर्तव्य बन्न पुग्दछ । यसरी पुस्तान्तर हुँदै यो पर्व नयाँ पिढीहरुमा हस्तान्तरण हुँदै जान्छ । हाम्रो सामाजिक, सांस्कृतिक र धार्मिक परम्परालाई अक्षुण्ण राख्ने मौलिक छठ पर्वले हाम्रा सबै खराब आचरण, व्यवहार, विचारलाई त्याग्न उत्प्रेरित गरोस् ।

अन्त्यमा, छठ पर्व धार्मिक अनुष्ठान मात्रै होइन, समाज, संस्कृति, समुदाय, परिवार र पर्यावरणको विभिन्न पाटोहरुलाई जीवन्त बनाउन र बुझ्नका लागि महत्वपूर्ण अवसर प्रदान गर्दछ । देशलाई एकताको सूत्रमा बाँध्दै राष्ट्रिय एकता, भौगोलिक अखण्डता, सार्वभौमसत्ता र राष्ट्रियतालाई बलियो बनाउँदै मुलुकलाई समृद्धितर्फ उन्मुख गराउन छठ पर्वले सम्पूर्ण नेपालीलाई उत्प्रेरित गर्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।
२०८१ कात्तिक २२ गते बिहीबार ।
ने.सं. ११४५ कछलाथ्व षष्ठी ।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

काठमाडौं, नेपाल

## अपाङ्गता भएकाहरुकों लागि अन्तर्राष्ट्रिय दिवसको शुभकामना सन्देश

अपाङ्गता भएका व्यक्तिहरुको लागि अन्तर्राष्ट्रिय दिवस, २०२४ को अवसरमा स्वदेश तथा विदेशमा बसोवास गर्नुभएका फरक क्षमताका सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

सन् १९९२ देखि हरेक वर्षको डिसेम्बर ३ मा विश्वभरि अपाङ्गता भएका व्यक्तिहरुको अधिकार, समानता, समावेशिता र सम्मानलाई सुनिश्चित गर्न यो दिवस मनाउने गरिन्छ । समान सहभागिता, अवसर र सहानुभूतिलाई प्रवर्द्धन गर्नमा सबैको प्रयास उत्तिकै आवश्यक भएकोले यो दिवसले त्यसमा उर्जा थप्न सक्ने विश्वास व्यक्त गर्दछु । हामी एकजुट भएर अपाङ्गता भएका व्यक्तिहरुको जीवनस्तर सुधार्न, उहाँहरुको अधिकारको संरक्षण गर्न र हरेक क्षेत्रमा समावेशिताका लागि प्रतिबद्ध भई अघि बढ्न सक्नु पर्दछ ।

नेपालको संविधानले पनि अपाङ्गता भएको नागरिकलाई पहिचानसहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक सुनिश्चित गरेको छ । हामी सबै मिलेर न्यायपूर्ण र समावेशी समाज र देशको निर्माण गर्दै सबैको सम्मान, योगदान र हकअधिकारलाई मान्यता दिन सक्नु पर्दछ ।

अन्त्यमा, यो विशेष दिवसले अपाङ्गता भएका व्यक्तिहरुको जीवनमा सकारात्मक परिवर्तन ल्याउन र उहाँहरुको योगदानलाई सम्मान गर्न उत्प्रेरित गरोस् भन्ने कामना गर्दै सबैलाई धेरै-धेरै हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

२०८१ मङ्सिर १८ गते, मंगलवार ।

ने.सं. ११४५ थिंल्लाथ्व, द्वितीया ।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

काठमाडौं, नेपाल

## फाल्गुनन्द जयन्ती, २०८१ को शुभकामना सन्देश

किराँत धर्मावलम्बीहरुका महागुरु फाल्गुनन्दको जन्मजयन्तीको पावन अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण किराँत धर्मावलम्वी दिदीबहिनी तथा दाजुभाइहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

किराँत धर्म र संस्कृतिको संरक्षण तथा प्रवर्धनमा महत्वपूर्ण योगदान पुर्याउनु भएको फाल्गुनन्दले शिक्षा, सामाजिक समता र सांस्कृतिक पहिचानको क्षेत्रमा उल्लेखनीय कार्य गर्नुभएको थियो । किराँत समुदायका धर्मगुरु भए पनि सबै समुदायले उहाँप्रति समान श्रद्धा र आस्थाका साथ उहाँको जन्मजयन्ती भव्यताका साथ मनाउने गर्दछन् । उहाँ किराँत धर्म र संस्कृतिको मौलिक पहिचानको संरक्षणमा जोड दिँदै समाज सुधारको अभियानमा जीवनभर अहोरात्र समर्पित एवम् सक्रिय रहनु भएको थियो ।

फाल्गुनन्दले तयार पार्नुभएको 'सत्यधर्म मुचुल्का' आज पनि उत्तिकै सान्दर्भिक छन् । त्यसमा छोरीको विवाह गर्दा सोत-रीत (पैसा लिन नहुने), भगवानको पूजा गर्दा जीव हत्या गर्न नहुने, मद्यपान तथा मासु सेवन नगर्ने, मृत्यु संस्कार तीन दिनमा सम्पन्न गर्नेजस्ता समाज सुधारका महत्वपूर्ण सामाजिक एवम् सांस्कृतिक पक्षहरु समेटिएका छन्, जुन सबै धर्म, सम्प्रदाय, जाति, समुदाय र समाजका लागि उत्तिकै अनुकरणीय छन् ।

फाल्गुनन्दको उच्च आदर्श, सद् विचार, पवित्र उद्देश्य र उहाँले अवलम्वन गर्नुभएको सत्मार्ग सिंगो नेपाली समाजको मार्गदर्शन गर्ने महत्वपूर्ण पक्षहरु हुन् । उहाँका प्रेरणादायी उपदेश र मार्गदर्शनले आ-आफ्नो संस्कृति र परम्परा मनाउने नाममा पछिल्लो समय नेपाली समाजमा विकास हुँदै गएको भड्काउलोपन, आडम्बर र मंहगा कुसंस्कृतिलाई मितव्ययी एवम् संयमित बनाउन सहयोग पुग्ने भएकाले हामी सम्पूर्णले त्यसको परिपालना र अनुशरण गर्न अति जरुरी छ ।

अन्त्यमा, यो जयन्तीलाई किराँत समुदायको गौरवशाली इतिहास र परम्परालाई जगेर्ना गर्ने अवसरका रुपमा लिन सक्नु पर्दछ । सामाजिक, सांस्कृतिक र धार्मिक दृष्टिकोणले महत्वपूर्ण फाल्गुनन्द जयन्तीले राष्ट्रिय एकता, पहिचान र सामाजिक चेतना बढाउन सहयोग पुग्ने विश्वास व्यक्त गर्दछु । राष्ट्रिय विभूति फाल्गुनन्दको पावन जन्मजयन्ती अवसरमा हामी सम्पूर्ण नेपालीलाई देश र समाजमा सदाचार, सद्भाव, सहिष्णुता र एकता कायम गर्दै मुलुकको विकासको महाअभियानमा जुट्ने उत्प्रेरणा प्राप्त होस् भन्ने कामना व्यक्त गर्दछु ।

धन्यवाद ।
२०८१ कात्तिक २५ गते आइतबार ।
ने.सं. ११४५ कछलाथ्व नवमी ।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

हरितगृह, लैनचौर
काठमाडौं, नेपाल

## उधौली पर्व, यमरीपुन्ही र ज्यापु दिवस, २०८१ को शुभकामना सन्देश

नेपालमा किरांत समुदायले मनाउने महान पर्व उधौली र नेवार समुदायले मनाउने यमरीपुन्हीः (धान्यपूर्णिमा) एवं ज्यापु दिवस, २०८१ को अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरुमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य र उत्तरोत्तर प्रगतिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

उधौली पर्व किरांत समुदायको महत्वपूर्ण चाडहरुमध्ये एक हो । विशेष गरी किरांत राई, लिम्बु, सुनुवार र याक्खा जातिका मानिसहरुले यो पर्व धुमधामका साथ मनाउँने गर्दछन् । यो पर्वको धार्मिक, सांस्कृतिक र सामाजिक महत्व रही आएको छ । यो पर्वमा किरांत समुदायले प्रकृति र प्रकृति देवीदेवताहरुलाई प्रतीकका रुपमा सम्मान स्वरुप पूजा गर्दछन् । यो पर्व उक्त समुदायको सांस्कृतिक पहिचानको अभिन्न अंग पनि हो । यस अवसरमा विभिन्न सांस्कृतिक कार्यक्रमहरुको आयोजना गर्ने परम्परा छ । परम्परागत नृत्य, गायन लगायतका सांस्कृतिक गतिविधिहरुको आयोजना गर्ने चलन पनि छ । यसले सांस्कृतिक पहिचानलाई जीवन्त बनाई राख्न सहयोग पुग्दछ ।

यस अवसरमा विशेष परिकारहरु बनाउने र परिवारका सदस्यहरुबीच बाँडिचुँडी ग्रहण गर्ने गरिन्छ । यसले समाज र देशमा एकता, सद्भावना, मेलमिलाप र सहयोगको भावना फैलाउन सहयोग पुग्ने विश्वास व्यक्त गर्दछु । यो सम्पूर्ण समुदाय एकत्रित भई आपसमा मिलेर मनाउने अवसर पनि भएकाले यसले सामाजिक एकता, मैत्रीभाव र भाइचारा अभिवृद्धि गराउन मद्दत पुग्दछ। यो पर्वका अवसरमा ढोल र झ्याम्टा बजाएर विभिन्न चराचुरुङ्गी, जीवजन्तुहरुको हाउभावहरुको अनुकरण गर्दै किरांत समुदायका परम्परागत पहिरनमा सजिएर नाचिने 'साकेला' नृत्यले नेपाल सांस्कृतिक रुपमा मौलिक परम्पराका लागि धनी भएको संदेश दिन्छ ।

आजकै दिन नेवार समुदायले 'योमरीपुन्हीः' (धान्य पूर्णिमा) मनाउने परम्परा पनि रही आएको छ । यो नेवार समुदायको प्रमुख र लोकप्रिय परम्परागत पर्वमध्येको एक हो । यस अवसरमा धान र नयाँ अन्नका लागि कृतज्ञता व्यक्त गर्ने चलन रही आएको छ । धानको नयाँ अन्नबाट बनेको विशेष परिकार 'योमरी' बनाएर देवी-देवता, पूर्वज र आफन्तहरुलाई अर्पण गरिनु यो पर्वको मौलिक सांस्कृतिक विशेषता नै हो । एकता, समृद्धि र समर्पणको प्रतीकका रुपमा रहेको यो पर्वले नेवार समुदायको सांस्कृतिक र धार्मिक परम्परालाई समृद्ध बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गर्दछु । पूर्वी नेपालमा हिउँदमा प्रचलनमा रहेको चामलको पिठोबाट बनाइने गोलाकार आकृतिको सांस्कृतिक महत्व बोकेको 'भक्का' औपचारिक रुपमा आजैबाट पकाउन प्रारम्भ हुने मान्यता रहेको पाइन्छ ।

यसैगरी, केही वर्षयता आजको दिन नेपालमा ज्यापु संस्कृतिको रक्षार्थ 'ज्यापु दिवस' पनि मनाउने गरिन्छ । यस अवसरमा नेवाः संस्कृति, बाजागाजा, भेषभूषा आदिलाई जगेर्ना गर्न विभिन्न सांस्कृतिक झाँकी निकाल्दै नयाँ पुस्तामा यी अमूल्य परम्पराको हस्तान्तरण गर्ने उद्देश्यले काठमाडौंको विभिन्न स्थानमा ज्यापु दिवस मनाइन्छ । मौलिक बाजा धिमेको तालमा यो अवसरमा निकालिने अद्भूत झाँकीले नेपालभित्र प्रचलनमा रहेको रैथाने रीतिरिवाज र परम्परालाई जीवन्त राख्न सहयोग गर्दछ ।

अन्त्यमा, नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राखी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात गर्दै मुलुकको समृद्धि, विकास, सुशासन, दिगो शान्तिका लागि थप अग्रसर र क्रियाशिल हुन उधौली पर्व, यमरीपुन्हीः (धान्यपूर्णिमा) र ज्यापु दिवसले उत्प्रेरित गर्न सकोस् भन्ने कामना गर्दै पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।
२०८१ मंसिर ३० गते आइतबार ।
ने.सं. ११४५ थिंल्लाथ्व, पूर्णिमा ।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

काठमाडौं, नेपाल

## विवाह पञ्चमी, २०८१ को शुभकामना सन्देश

विवाह पञ्चमी, २०८१ को सुखद अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरुमा सुख, शान्ति, समृद्धि र सु-स्वास्थ्यको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

विवाह पञ्चमीले भगवान श्रीराम र माता सीताको दिव्य विवाहको सम्झना गराउँदै प्रेम, आदर, सदाचार, सत्कार, विश्वास र सद्भावको भावनालाई उजागर र अनुसरण गर्नमा सहयोग पुग्दछ । परापूर्वकालदेखि यसको धार्मिक, सांस्कृतिक र सामाजिक महत्व एवं उपादेयता रहँदै आएको छ ।

विवाह पञ्चमी मनाउने परम्परा, विधि, विधान र अनुष्ठान मौलिक छन् । खासगरी मधेश प्रदेशको राजधानी जनकपुरधाममा महोत्सवकै रुपमा साताव्यापी यो मनाइन्छ । यो महोत्सव राम-सीताको प्रतिमा र झाँकीसहित 'नगरदर्शन' बाट शुरु भई 'फुलबारी लिला', 'धनुष यज्ञ', 'तिलकोत्सव', 'मटकोर', 'राम-सीताको स्वयम्वर-विवाह' अनुष्ठान गर्दै अन्तिम दिन 'रामकलेवा' गरी सम्पन्न हुन्छ । यस अवसरमा सीता र रामको विशेष पूजाअर्चना गर्दा परिवार, समाज र देशमा सुख, शान्ति र समृद्धि प्राप्त हुने जनविश्वास रही आएको छ । समाजमा सत्यको आदर्शहरुलाई प्रोत्साहित गर्ने अवसरका रुपमा यसलाई लिन सक्नु पर्दछ । यसले भगवान राम र माता सीताको जीवनबाट प्रेरणा लिँदै हामीलाई पारिवारिक र सामाजिक जीवनमा नैतिक मूल्यहरु अवलम्बन गर्न अभिप्रेरित गर्न सकोस् ।

यस अवसरमा आयोजना गरिने लोक नृत्य, लोक संगीत र लोक गीत गायन, लोक झाँकी एवं परम्परागत शोभायात्राले हाम्रो मौलिक संस्कृतिलाई जीवन्त बनाई राख्न सहयोग पुग्दछ । यसका माध्यमबाट रैथाने लोक संस्कृतिको प्रवर्धन हुनुका साथै विभिन्न समुदायहरुलाई एकताको सूत्रमा बाँध्ने बल प्राप्त हुन्छ । सामाजिक एकता र सांस्कृतिक समन्वयलाई बढाउनमा पनि यसले सहयोग गर्दछ । विभिन्न जाति र समुदायका मानिस सामूहिक रुपमा एकसाथ मिलेर यो पञ्चमी मनाउनुले सामाजिक र राष्ट्रिय एकतालाई प्रश्रय मिल्छ ।

विवाह पञ्चमीका अवसरमा रामायणको कक्षाका माध्यमबाट नैतिक शिक्षा र जीवन मूल्यहरुलाई जन-जनसम्म पुर्याउने महत्वपूर्ण कार्य हुन्छ । त्रेता युगमा भएको भनिएको राम-सीताको विवाहको झझल्को दिने गरी सम्झना स्वरुप जनकपुरधाममा प्रतिकात्मक राम-सीताको विवाह गराउने परम्परा छ । यसका लागि भारतको अयोध्याबाट सन्त महन्थहरुसहितको श्रद्धालु भक्तजनहरुको जन्ती जनकपुरधाम पुग्ने पौराणिक रीतिरिवाजले नेपाल र भारतबीचको ऐतिहासिक, रोटीबेटी, सांस्कृतिक र धार्मिक सम्बन्धलाई थप प्रगाढ, सुदृढ र बलियो बनाउने विश्वास लिएको छु ।

अन्त्यमा, यो शुभ अवसरले सबैको जीवनमा आनन्द, सुख, शान्ति र समृद्धि ल्याओस् । विवाह पञ्चमीले हामी सबैलाई सत्यता, धार्मिक सहिष्णुता, मानव कल्याण, शान्ति, सदाचार, मैत्रीभाव, मेलमिलाप र परोपकारको मार्गमा अघि बढ्ने प्रेरणा प्राप्त होस् भन्दै पुनः हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।
२०८१ मंसिर २१ गते शुक्रबार ।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

काठमाडौं, नेपाल

## क्रिसमस डे, २०२४ को शुभकामना सन्देश

'क्रिसमस डे', २०२४ को सुखद उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण इसाई धर्मावलम्वी, नेपाली दिदीबहिनी तथा दाजुभाइहरुमा सुख, शान्ति र समृद्धिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

क्रिश्चियन धर्मका प्रवर्तक इसा मसीहको जन्म भएको दिनका रुपमा हरेक वर्षको डिसेम्बर २५ मा नेपालसहित विश्वभर इसाई धर्मका अनुयायी/धर्मावलम्वीहरुले धुमधामका साथ क्रिसमस मनाउने परम्परा रही आएको छ । शान्ति, प्रेम र सद्भावको प्रतीक क्रिसमसको धार्मिक, सामाजिक र सांस्कृतिक महत्व छ । यस अवसरमा इसाई धर्मावलम्वीहरुले आ-आफ्नो घरलाई झिलीमिली बत्ती, गुवारा, रङ्गीचङ्गी फूल आदिले सजाउने चलन छ । यो पर्वले साथीभाइ, परिवार र आफन्तहरुबीच शुभकामना तथा उपहार आदानप्रदान गर्ने र विभिन्न सांस्कृतिक कार्यक्रमहरुको आयोजना गरी रमाइलो गर्ने महत्वपूर्ण अवसर प्रदान गर्दछ ।

यसले मुलुकको धार्मिक र सांस्कृतिक विविधता झल्काउँदै आपसी एकता र समझदारीलाई कायम राख्न मद्दत पुग्दछ । हाम्रा पर्व/त्योहार र उत्सवहरु व्यापार र आर्थिक गतिविधिहरुका लागि उत्तिकै महत्वपूर्ण छन् । क्रिसमसका अवसरमा उपहार किनमेल, सजावटका सामग्री र खाद्य वस्तुहरुको व्यापारमा वृद्धि हुँदा अर्थ चलायमान भई मुलुकलाई आर्थिक रुपमा फाइदा पुग्ने गर्दछ । होटल, रेस्टुरेन्ट र मनोरञ्जन स्थलहरुमा विशेष कार्यक्रमहरुको आयोजना हुनुले पर्यटन प्रवर्धनमा टेवा पुग्दछ ।

क्रिसमसले धर्म, आस्था र धार्मिकताको प्रतीकात्मकतालाई कायम राख्न पनि मद्दत गर्दछ । राष्ट्रिय स्तरमा बिदा दिएर मनाइने क्रिसमसले सिंगो राष्ट्रलाई धार्मिक, सांस्कृतिक र सामाजिक विविधतालाई सम्मान गर्न प्रेरित गरेको छ । यसले हामी सबैलाई एकता, सहिष्णुता र मानवताका मूल्यहरुमा आधारित एउटा समृद्ध र विकसित समाज एवं देश निर्माणमा उत्प्रेरणा प्रदान गर्दछ । क्रिसमसले आपसी सद्भाव, मेलमिलाप, भाइचारा, बन्धुत्वभाव र मैत्रीभावलाई थप प्रगाढ, बलियो र सुदृढ बनाउनमा पनि सहयोग पुग्ने विश्वास व्यक्त गर्दछु ।

नेपालको संविधानले बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्दै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद आदिको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्पलाई अंगिकार गरेको छ । यस अर्थमा 'क्रिसमस डे' सहित हाम्रा अन्य पर्वहरुको महत्व र उपादेयता झनै बढी रहेको पुष्टि हुन्छ ।

पछिल्लो समय 'क्रिसमस डे' अन्य धर्मावलम्वीहरुले पनि धुमधामका साथ मनाउन थालेका छन् । यो सकारात्मक त छँदैछ यसले सर्व-धर्म र सर्व-सम्प्रदायको आस्था, परम्परा र मान्यताहरुलाई सम्मान गर्दै हाम्रो मौलिक पहिचानलाई जीवन्त बनाई राख्न सहयोग पुगेको विश्वास लिएको छु ।

**अन्त्यमा**, मुलुकको समृद्धि, विकास, सुशासन, दिगो शान्तिका लागि अग्रसर र क्रियाशिल हुनका लागि 'क्रिसमस डे' ले हामी सबैलाई थप उत्प्रेरित गर्न सकोस् भन्ने हार्दिक शुभकामना पुनः व्यक्त गर्दछु ।

धन्यवाद ।
२०८१ पुस १० गते बुधबार ।
ने.सं.११४५ थिंल्लागा, दशमी ।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

लैनचौर, काठमाडौं
नेपाल

## अन्तर्राष्ट्रिय मानव अधिकार दिवस,२०२४ को शुभकामना सन्देश

अन्तर्राष्ट्रिय मानव अधिकार दिवस (१० डिसेम्बर) को विशेष अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरुमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

मानव अधिकार सबै व्यक्तिको सम्मान, गरिमा र स्वतन्त्रतालाई सुनिश्चित गर्ने सिद्धान्तहरुमा आधारित छ । सन् १९४८ मा संयुक्त राष्ट्रसंघको महासभाबाट मानव अधिकारको विश्वव्यापी घोषणापत्र (यूडीएचआर) लाई अंगीकार गरेको दिनको सम्झनामा यो दिवस प्रत्येक वर्ष मनाईदै आएको छ । विश्वको सबैभन्दा महत्वपूर्ण वैश्विक बाचा मध्ये एक रहेको मानव अधिकारको विश्वव्यापी घोषणापत्र एउटा ऐतिहासिक दस्तावेज पनि हो । यो दस्तावेजले जाति, रंग, धर्म, लिङ्ग, भाषा, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक मूल, सम्पत्ति, जन्म वा अन्य हैसियतका आधारमा सबैले मानवको रुपमा पाउने अपरिहार्य अधिकारहरुलाई बिना कुनै पूर्वाग्रह स्थापित गरेको छ ।

यो दिवस मानव अधिकारको महत्व, समानता र न्यायको आदर्शलाई सम्झाउने महत्वपूर्ण अवसर पनि हो । यसले मानव अधिकारको संरक्षण र प्रवर्द्धनका लागि कटिबद्ध र प्रतिबद्ध भई अघि बढ्न अभिप्रेरित गर्दछ । समाज र देशमा समानता, न्याय र आदरको भावना कायम राख्न तथा विभेद, अन्याय र अत्याचारको अन्त्यका लागि सबैको प्रयास महत्वपूर्ण छ । मानव अधिकारको उल्लंघन कुनै पनि रुपमा स्वीकार्य गर्न सकिन्न । यसका लागि सबै जागरुक र सचेत रहन सक्नु पर्दछ ।

मानव अधिकारका प्रमुख सिद्धान्तहरुमा अधिकार, स्वतन्त्रता, समानता र न्याय समावेश छन् । यूडीएचआरले शैक्षिक अधिकार, रोजगारको अधिकार, स्वास्थ्य सेवाको पहुँच र व्यक्तिगत स्वतन्त्रता जस्ता मानिसका आधारभूत अधिकारहरुको सूची प्रस्तुत गर्दछ । पछिल्ला वर्षहरुमा अपाङ्गता भएका व्यक्ति, आदिवासी जनजाति र आप्रवासी जस्ता कमजोर समूहका मुद्दामा समेत केन्द्रित हुनु प्रशंसनीय छ । मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा उल्लेखित बाचा, प्रतिज्ञा, प्रतिबद्धता, मर्यादा र अधिकारमा समानतामाथि निरन्तर प्रहार भईरहेको छ । विश्वले यो संगै नयाँ चुनौतीहरुको सामना गरिरहेकै बेला महामारी, द्वन्द्व, बढ्दो असमानता, नैतिक रुपमा संकटग्रस्त् वित्तिय प्रणाली, जातिवाद, जलवायु परिवर्तन आदिले सिंगो विश्वलाई नराम्ररी गाँजिरहेको अवस्था छ । त्यसैले घोषणापत्रमा निहित मूल्यहरु र अधिकारहरुलाई हाम्रो सामूहिक कार्यका लागि दिशानिर्देश गर्ने सूत्रका रुपमा अंगिकार गर्न झनै आवश्यक छ ।

यो दिवसले हामीलाई मानव अधिकारको महत्व र त्यसको संरक्षणको लागि सबैको दायित्व, जिम्मेवारी र कर्तव्यलाई स्मरण पनि गराउँदछ । मानव अधिकारको महत्वबारे जनचेतना फैलाउन र शिक्षाको माध्यमबाट समाज र देशमा परिवर्तन ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्न सबैलाई यो दिवसले उत्प्रेरित गर्न सकोस् । नेपाल मानवअधिकार र सामाजिक न्यायको क्षेत्रमा एउटा गणतन्त्रात्मक संघीय लोकतान्त्रिक तथा शान्तिपूर्ण देशको रुपमा अग्रसर छ । त्यसक्रममा देशले राजनीतिक, आर्थिक र सामाजिक विकास गरिरहेको अवस्थामा यहाँका केही क्षेत्र, भूगोल, वर्ग, समुदायलगायतले अझैपनि आफूहरुको अधिकारको संरक्षण हुन नसकेको गुनासोको सन्दर्भमा त्यसको पहिचान गर्नु हाम्रो मुख्य दायित्व र कर्तव्य बन्न सक्नु पर्दछ । सबैको अधिकार क्षेत्रलाई थप फराकिलो बनाउन सके मुलुकको समृद्धि र विकासमा अधिकार सम्पन्न नागरिक मार्फत् टेवा र योगदान पुग्न सक्दछ ।

अन्त्यमा, नेपालको संविधानले मार्गदर्शन गरेको सामाजिक, आर्थिक, शैक्षिक, स्वास्थ्य र सांस्कृतिक लगायतका अधिकारको पूर्ण कार्यान्वयनका साथ अग्रसर हुन यो दिवसले सबै पक्ष, तप्का, वर्ग र निकायलाई उत्प्रेरित गर्न सक्ने विश्वास व्यक्त गर्दै पुनः सबैमा हार्दिक शुभकामना दिन चाहन्छु ।

धन्यवाद ।
२०८१ मंसिर २५ गते मंगलबार ।
नेपाल संवत् ११४५ थिंल्लाथ्व, दशमी ।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

काठमाडौं, नेपाल

## तमु ल्होसार र तोल ल्होसारको शुभकामना सन्देश

नेपालका आदिवासी तमु अर्थात् गुरुङ समुदायको महान पर्व **तमु ल्होसार/ल्होछार** र हिमाली भेगमा बसोबास गर्ने शेर्पा, लामा समुदायले बनाउने महान पर्व **तोल ल्होसार/ल्होछार**को सुखद उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरुमा सुख, शान्ति, समृद्धि र सुस्वास्थ्यका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

गुरुङ समुदायले तमु ल्होसारका दिन पुरानो वर्षलाई बिदाई गरी नयाँ वर्षको अत्यन्तै धुमधामका साथ स्वागत गर्ने परम्परा रही आएको छ । यो सांस्कृतिक पर्वले गुरुङ समुदायको इतिहास, परम्परा, संस्कृति र पहिचानलाई जीवन्त बनाई राख्न टेवा पुग्दछ । यस अवसरमा परिवार तथा आफन्तजनहरु एकत्रित भई सामूहिक रुपमा रमाइलो गर्ने भएकाले परस्पर आत्मियता, भाइचारा, मेलमिलाप, मैत्रीभाव र अपनत्वभाव अभिवृद्धि गर्नमा पनि मद्दत पुग्दछ । कृषि चक्र (ल्हो) संग सम्बन्धित ल्होसार सूर्यको किरणसंग पनि सम्बन्धित रहेको मान्यता रही आएको छ । यो दिनपछि दिनहरु लामो हुँदै जाने र कृषिकर्मका लागि अनुकूल वातावरण निर्माण हुने जनविश्वास छ ।

तमु ल्होसार पुस १५ गतेको दिन बिहानैदेखि पूजाआजा गर्ने र देवतालाई खुशी पार्न विभिन्न प्रकारको भोग लगाउने जस्ता परम्पराले समुदायगत धार्मिक आस्था र विश्वासलाई थप प्रगाढ बनाउँदै मन, बचन र कर्ममा पवित्रता र आध्यात्मिकता बढाउनमा सघाउने विश्वास व्यक्त गर्दछु । यस अवसरमा गुरुङ समुदायमा भोजभतेर गर्ने, रैथाने र परम्परागत परिकारहरु बनाउने, विभिन्न मौलिक नाचगानको आयोजना गर्ने, रोधीघरमा युवायुवती तथा किशोरकिशोरीहरुले दोहोरी खेल्ने लगायतका महत्वपूर्ण गतिविधिहरुले समुदायको सास्कृतिक पहिचानलाई अक्षुण्ण राख्न सहयोग पुग्दछ ।

तमु ल्होसारको विभिन्न विशेषताहरुमा तमु संवत्को शुभारम्भ, विभिन्न जीवजन्तुको नामले बाह्र वर्षे चक्रको विभाजन आदिले गुरुङ समुदायको मौलिक परम्परालाई जगेर्ना गर्नु पनि हो । यो पर्वले गुरुङ समुदायको रीतिरिवाज र जीवनशैलीलाई प्रतिबिम्बित गर्न पनि सघाउँदछ । पुराना वर्षका गल्तीहरु त्याग्दै नयाँ वर्षलाई खुशी, उमंग र उत्साहका साथ स्वागत गर्ने अवसर प्रदान गर्ने भएकाले यसको उपयोग हामीले सकारात्मकताका लागि गर्न सक्नु पर्दछ ।

**यसैगरी,** यस वर्ष पुस १६ गते (पुस शुक्ल प्रतिपदाको दिन) नेपालको हिमाली भेग हुम्लाको सिमकोट र नाम्खा गाउँदेखि डोल्पा, मुगु, मनाङ, जुम्ला लगायतका जिल्लामा बसोबास गर्ने लामा, शेर्पा लगायतका समुदायले नयाँ वर्षका रुपमा **तोल ल्होसार** धुमधामका साथ मनाउँदै छन् । तोल ल्होसारको दिन बिहानै घरमुली पवित्र भएर घर-आँगन लिपपोत गरी शुद्ध पारिन्छ । यसले वातावरणलाई स्वच्छ मनाउन सघाउ पुग्दछ । यो पर्व आफूभन्दा मान्यजनसंग आशीर्वाद लिने, मीठामीठा परिकारहरु फुरौला, बाबरी रोटी, कन्दमूल खाने र शुभकामना आदानपदान गरी मनाइन्छ । यसले सांस्कृतिक महत्वलाई थप उजागर गर्नमा सहयोग पुग्ने विश्वास व्यक्त गर्दछु ।

हाम्रा चाडपर्वहरुले समुदायको भाषा, संस्कृति, पहिरन र रैथान रीतिरिवाजलाई जीवन्त राख्दै नेपालको सांस्कृतिक विविधताको संरक्षणमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । पर्वहरुलाई पर्यटनसंग जोडेर प्रवर्द्धन गर्ने प्रयास गर्दै नेपालको पर्यटन क्षेत्रमा सकारात्मक ऊर्जा थप्न जरुरी छ। यी अवसरहरुमा गरिने विभिन्न सांस्कृतिक कार्यक्रमहरुले स्थानीय स्तरमा आर्थिक गतिविधिमा सहयोग वृद्धि गर्न सघाउ पनि पुग्दछ । ल्होसारले युवा पुस्तामा आफ्नो संस्कृतिप्रतिको चासो बढाउँदै उनीहरुमा मौलिक संस्कृतिको रुपान्तरण र जागरणमा टेवा पुग्दछ ।

नेपालको संविधानले गणतन्त्र, संघीयता, समानता, समावेशिता, धर्मनिरपेक्षता र कानूनी राज्यलाई अंगीकार गरेको छ । हाम्रो गणतन्त्रात्मक संवैधानिक व्यवस्था प्रणालीले बहुजाति, बहुभाषा, बहुसंस्कृति, बहु-वेशभूषा आदिलाई संरक्षण गर्दै सबै क्षेत्र, भूगोल, धर्म, समुदाय र संस्कृतिलाई परस्पर जोड्ने काम गरेको छ । भूगोल, क्षेत्र, वर्ग र समुदाय अनुसार चाडपर्वहरुमा विविधता रहेको पाइन्छ । हाम्रो सामाजिक विविधताभित्र सुदृढ र प्रगाढ एकताले नेपालको राष्ट्रिय भावनालाई थप मजबूत बनाउन सहयोग पुगेको छ । आपसी रीस, राग, वैमनस्यता, उच्छृंखलता, द्वन्द्व र द्वेष बिर्सेर परस्पर खुशी र उल्लास साटासाट गर्न तमु ल्होसार र तोल ल्होसार पर्वले सबैलाई उत्प्रेरित गर्न सकोस ।

**अन्त्यमा**, तमु ल्होसार र तोल ल्होसारले समुदाय, समाज र देशमा सामाजिक एकता, शान्ति, परस्पर विश्वास, सहयोग, मैत्रीभाव, भाइचारा, मेलमिलाप, आदर, सम्मान र सद्भाव कायम गर्दै मुलुकलाई एकताको सूत्रमा बाँध्दै राष्ट्रिय एकता, अखण्डता, सार्वभौमिकता र राष्ट्रियतालाई बलियो बनाउँदै मुलुकलाई समृद्धि र उन्नयनतर्फ उन्मुख गराउन सम्पूर्ण नेपालीलाई उत्प्रेरित गर्न सकोस् भनी पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

२०८१ पुस १५ गते सोमबार ।
ने.सं. ११४५ सिल्लाथ्व, औंसी ।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

काठमाडौं, नेपाल

## अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस,२०८१ को शुभकामना सन्देश

विश्वभरका ज्येष्ठ नागरिकहरुको योगदानलाई सम्मान र मान्यता प्रदान गर्न समर्पित **अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस** (अक्टोबर १) को अवसरमा सम्पूर्ण ज्येष्ठ नागरिकहरुमा सुख, सुस्वास्थ्य, दीर्घायु एवं सम्मानित जीवनका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।
ज्येष्ठ नागरिकले आफ्नो जीवनमा गरेका सेवा, प्राप्त उपलब्धी र समर्पणको कदर गर्न यो दिवसलाई हामीले एउटा अवसरका रुपमा लिन सक्नुपर्दछ । यो उहाँहरुको स्वास्थ्य, आर्थिक सुरक्षा, सामाजिक उपेक्षा र दुर्व्यवहार जस्ता समस्याहरुलाई सम्बोधन गर्नका लागि प्रण लिने र प्रतिबद्धता व्यक्त गर्ने दिवस पनि हो । वृद्धावस्था जीवनको एउटा स्वाभाविक र सामान्य प्रक्रिया हो । अत : यसै रुपमा ज्येष्ठ नागरिकले आफ्ना अनुभवहरुबाट युवा र समाजलाई लाभान्वित गराउने प्रयास पनि गर्न सक्नुपर्दछ । यसले समाजमा ज्येष्ठ नागरिकको उपादेयता प्रमाणित हुनुका साथै उहाँहरुमा आत्मविश्वासमा पनि बृद्धि हुन सक्दछ । ज्येष्ठ नागरिकहरु समाजका उपयोगी व्यक्तित्वहरु हुन । हामीले उहाँहरुलाई कुनै न कुनै रुप (ज्ञान, सीप, अनुभव आदि) मार्फत् समाज कल्याणमा योगदानका लागि प्रोत्साहन गर्न सक्नुपर्दछ ।
हाम्रो पूर्वीय दर्शन अनुसार प्राचीनकालमा समाजमा ज्येष्ठ नागरिकको अत्यन्तै उच्च सम्मान थियो । संयुक्त-परिवारमा सबै 'हर्ता-कर्ता' सर्वाधिक आयु भएकै व्यक्ति हुन्थे । जीवनको लामो अनुभवका कारण उहाँहरुको उपदेश र निर्देशहरु परिवारले 'ब्रह्मवाक्य' मानी संयुक्त परिवार संचालित हुन्थ्यो । परम्परागत रुपमा ज्येष्ठ नागरिकहरुलाई 'प्रतिष्ठा सूचक' मानिन्थ्यो । खासगरी, संयुक्त परिवारको विघटन पश्चात र समाजमा आधुनिकताको प्रवेशसंगै ज्येष्ठ नागरिकलाई आफ्नै परिवारबाट हेला हुनु अत्यन्तै चिन्ताको विषय हो । औद्योगीकरण, सहरीकरण, एकल परिवार, व्यक्तिवाद, पाश्चात्य संस्कृति, धनको बढ्दो महत्व, भौतिकवादी मूल्य लगायतका कारण ज्येष्ठ नागरिक आफैमा समाज, समुदाय र देशमा जटिल समस्या बन्दै जानु अर्को एउटा तितो यथार्थ हो । एकातिर ज्येष्ठ नागरिक प्रति परिवारमा आदर, सम्मान, प्रेम र लगाव समाप्त हुँदै गएका छन् भने अर्कोतिर उहाँहरुमा स्वयं भावनात्मक असुरक्षाको भावना तीव्र रुपमा बढ्दो छ । यी दुखद अवस्थाको अन्त्य हुन नितान्त जरुरी छ । हामीले 'वृद्धावस्था' लाई 'बोझ' होइन, प्रेरणा, अनुभव, ज्ञानको चौतारीका रुपमा लिन सक्नुपर्दछ ।
'वृद्धावस्था' एउटा सर्वकालिक र सर्वव्यापी अवस्था पनि हो । यो अवस्थालाई बाल्यकाल झैं अन्यन्तै संवेदनशील मानिन्छ । उत्तरदायित्व समाप्तिपछि व्यक्तिले यो अवस्थामा आध्यात्मिक चिन्तनतर्फ झुकाव बढाउँदछ । शारीरिक क्षमताहरु कम हुन थाल्दछन् । स्मरण शक्ति कमजोर, निर्णय क्षमतामा कमी लगायतका लक्षण पनि देखिन थाल्दछन् । यो अवस्थामा समायोजनको पनि अभाव पाइन्छ, किनभने नयाँ पीढीसंग उहाँहरुको मूल्यलाई लिएर कहिलेकाहीं टकराव पनि हुने गर्दछ । यस्तो अवस्थामा उहाँहरुले आफूलाई असहाय र उपेक्षित पनि अनुभव गर्नु हुन्छ । थरी-थरीका शारीरिक र मानसिक परिवर्तन हुन्छ, रोगहरु पनि यो अवस्थामा धेरै लाग्ने गर्दछ । उच्च तनाव, उच्च रक्तचाप, ज्ञानेन्द्रियहरुको क्षमता र काम गर्ने शक्ति कम भएको लक्षण देखिने गर्दछ । समुचित हेरचाह तथा सहानुभूति ज्येष्ठ नागरिकले प्राप्त गर्न नसकेको अवस्थामा अकाल मृत्युवरणको जोखिम बढ्दछ । अतः ज्येष्ठ नागरिकहरुको हेरचाह र उहाँहरु प्रति उच्च सहानुभूति र सम्मान राख्न हामी सबैले आ-आफ्नो कर्तव्य ठान्न जरुरी छ ।
समाज, परिवारका सम्पूर्ण सदस्यसहित नयाँ पीढीले ज्येष्ठ नागरिकलाई घर, समाज र परिवारको धरोहर मान्दै उहाँहरुसंग सामंजस्यता काम गर्न सक्नुपर्दछ । हामीले ज्येष्ठ नागरिक प्रतिको आफ्नो सामाजिक दृष्टिकोण परिवर्तन गर्न आवश्यक छ । उहाँहरुलाई समाजमा अनुभवहरुको भण्डारका रुपमा हेरिनु पर्दछ । यो एउटा दुर्भाग्य नै हो कि समाज, अर्थव्यवस्था र मुलुकका लागि आफ्नो सबै कुरा अर्पित गरिसकेपछि उमेरको अन्तिम समयमा जब उहाँहरुलाई केही प्राप्त गर्ने अवस्था आउँछ , तब उहाँहरु अभाव र विवशतामा पुग्नु हुन्छ । अझ, ज्येष्ठ नागरिकहरुले सामाजिक, व्यक्तिगत, पारिवारिक, मनोवैज्ञानिक, आर्थिक लगायतका समस्याहरुको न्यूनिकरणमा सम्बन्धित सबै क्षेत्र, वर्ग र तप्का सक्रियताका साथ लाग्न पनि उत्तिकै आवश्यक छ ।
अन्त्यमा, परिवार, समाज र देशमा ज्येष्ठ नागरिकले पुर्याएको योगदानहरुको सम्मान गर्दै उहाँहरुको अनुभव र ज्ञान हामी सबैलाई हरेक क्षेत्रमा उपयोग गर्न यो दिवसले उत्प्रेरित गर्न सकोस् । ज्येष्ठ नागरिकको जीवनलाई सम्मानित, व्यवस्थित, मर्यादित र सुखद बनाउनमा सहयोग पुर्याउन सबैमा हार्दिक आह्वान गर्दै उहाँहरुको सुसफल र सुस्वस्थ्य जीवनको लागि कामना गर्दछु ।
धन्यवाद ।

२०८१ असोज १५ गते मंगलबार ।
ने.सं. ११४४ ञलागा, चतुर्दशी ।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

काठमाडौं, नेपाल

## माघी पर्व (माघे संक्रान्ति) २०८१ को शुभकामना सन्देश

माघी पर्व (माघे संक्रान्ति),२०८१ को सुखद उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरुमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

नेपालमा हरेक वर्षको माघ १ गते क्षेत्र, भूगोल र समुदाय विशेष अनुसार विभिन्न प्रचलित नामबाट माघे संक्रान्ति पर्व बडो हर्षोल्लास, उमङ्ग, उत्साह र धुमधामका साथ मनाउने परम्परा रही आएको छ । थारु समुदायले यो संक्रान्तिलाई माघी पर्व (नव वर्षको शुभारम्भ), मगर समुदायले मौलिक रुपमा नयाँ वर्ष, मधेशी समुदायले तिला संक्रान्ति, किरात समुदायका राई, लिम्बु, सुनुवार, सुरेल, याक्खा, धिमाल लगायतले आफ्ना राजा यलम्बरको स्मरणमा येले सम्वत्, छन्त्याल समुदायले छार म्हेड (म्हिलाङे सोङ्ती) का रुपमा मनाउने गर्दछन् । आजको यो पर्व जुनसुकै मौलिक नामले मनाए पनि यी सबैको सारतत्व हाम्रा परम्परागत सांस्कृतिक र धार्मिक महत्वलाई उजागर गर्दै 'विविधतामा एकताको सन्देश' संचार गर्नु नै हो ।

हिन्दू धर्मावलम्बीहरूले माघे संक्रान्तिको दिनलाई पुण्यकालको रूपमा मनाउँछन् । यस दिनलाई विशेष गरी सूर्य देवता र भगवान विष्णुको पूजा गर्न उपयुक्त मानिन्छ । सूर्य देवताको उत्तरायण यात्रा आरम्भ हुने दिन भएकाले यस दिन पवित्र नदीमा मकर स्नान गरी दान-पुण्य गर्नाले पापबाट मुक्ति मिल्ने जनविश्वास रही आएको छ । यो पर्वले विभिन्न जातजातिका परम्परा र रीतिरिवाजलाई जीवित राख्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

यस दिन दान-पुण्य गरेर समाजमा सहयोग र सद्भावनाको भावना जागृत गराउन सघाउँदछ । विपन्न र असहाय व्यक्तिहरूलाई मद्दत गरेर पुण्य कमाउने परम्परा छ । यस पर्वको अवसरमा विभिन्न परिकार र सामग्रीहरूको माग बढ्छ । यसले स्थानीय बजार र व्यापारलाई प्रवर्धन गर्न सहयोग पुग्दछ । नेपाली समाजमा धार्मिक, सांस्कृतिक, सामाजिक र आर्थिक महत्व बोकेको यो पर्वले परम्परा र संस्कृतिलाई जगेर्ना गर्दै समाजमा एकता र सद्भावनाको भावना फैलाउन महत्वपूर्ण भूमिका निर्वाह गर्छ ।

आजको दिन विशेष गरी सखर/गुड मिश्रित तिल, चिउरा, मुरही आदिको लड्डु र चाकु खाने परम्परा छ । तिलमा प्रचुर मात्रामा पोषक तत्वहरू हुन्छन् जसले स्वस्थ्य रहन सहयोग गर्दछ । चाकुले ऊर्जा प्रदान गर्दछ । यस पर्वमा गुड र घिउ खाने चलन पनि छ । गुडले शरीरमा न्यानो प्रदान गर्छ भने घिउले शरीरमा ऊर्जा संचार गर्दछ । मधेशतिर परिवारका गण्यमान्यहरुले तिल, चामल र गुड मिश्रित प्रसाद प्रदान गरी आशिर्वाद दिने र तिल-गेडागुडी मिश्रित खिचडी खाने परम्परा छ । यस पर्वमा प्रयोग हुने कृषि उपजहरुले कृषि जैविक विविधता खाद्य तथा पोषण सुरक्षालाई बढावा दिन सहयोग पुग्दछ ।

आजकै दिन राष्ट्रिय कृषि जैविक विविधता दिवसको रुपमा पनि मनाइन्छ । नेपालको संविधानमा जैविक स्रोतहरुको संरक्षण र दिगो उपयोगलाई उच्च महत्व दिइ राज्यको नीतिमा उल्लेख गरिएको छ भने जैविक विविधता संरक्षणमा तीनै तहको सरकारको भूमिका रहने पनि उल्लेख छ । नेपाल जैविक विविधता संरक्षण सम्बन्धि विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरुको पक्ष राष्ट्र समेत रहेकोले यसको महत्व र उपादेयता झनै बढी छ । कृषि जैविक विविधताको महत्व र यसको संरक्षणबारे आम साधारण र सरोकारवाला सबैपक्षहरु जानकार र सचेत भइ तिनको संरक्षण र दिगो उपयोगमा जोड दिनु पर्ने टड्कारो आवश्यकता छ ।

**अन्त्यमा,** अनेक नामले विभिन्न चाडपर्वहरु आ-आफ्नै मौलिक पहिचान, परम्परा अनुसार मनाइए पनि ती सबैको सकारात्मक सन्देश भनेको राष्ट्रियता र परस्पर भाइचारा, मेलमिलाप, मैत्रीभाव, अपनत्वभाव एवम् बन्धुभाव फैलाउनु पनि हो । नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राखी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात गर्दै मुलुकको समृद्धि, विकास, सुशासन, दिगो शान्तिका लागि थप अग्रसर र क्रियाशिल हुन यो पर्वले उत्प्रेरित गर्दै हौसला प्रदान गरोस् भनी पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।
२०८१ माघ १ गते मंगलबार ।
ने.सं. ११४५ पोहेलागा, प्रतिपदा ।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

काठमाडौं, नेपाल

## राष्ट्रिय एकता दिवस, २०८१ को शुभकामना सन्देश

राष्ट्रिय एकता दिवस, २०८१ को सुखद उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरुमा सुख, शान्ति, समृद्धि र सुस्वास्थ्यका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

हरेक वर्षको पुस २७ मा राष्ट्रिय एकता दिवस, पृथ्वी जयन्तीका रुपमा पनि मनाइन्छ । यो दिवस नेपालको विविधतामा एकतालाई बलियो बनाउन र मुलुकको एकीकरणमा योगदान पुर्याउनेहरुलाई सम्झिने अवसर पनि हो । सिंगो नेपालीलाई एकताको सूत्रमा बाँध्न र राष्ट्रिय एकताको भावनालाई थप मजबूत बनाउन यो दिवसले एउटा मंच प्रदान गर्दछ । नेपालको विविधतायुक्त संस्कृति, वेशभूषा, भाषा र धर्महरुको बीचमा एकताको उत्सव मनाउने यो महत्वपूर्ण अवसर हो ।

राष्ट्रिय एकता दिवसका अवसरमा आयोजना गरिने विविध कार्यक्रमहरुले नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राखी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात गर्न सबैलाई उत्प्रेरित गर्न सक्नु पर्दछ । यो दिवसले युवाहरुलाई आफ्नो मातृभूमि र देशप्रति समर्पण एवं सेवाको भावना विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सके मात्र यसको सार्थकता पुष्टि हुन सक्दछ । नेपालको इतिहास, संस्कृति र वैभवशाली सम्पदाप्रति गौरवको भावनालाई बढावा लिने सुन्दर अवसरका रुपमा यसको उपयोग गर्नु पर्दछ ।

राष्ट्रिय एकता दिवसले नेपालको बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृति तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गर्दै सामाजिक सद्भाव र समाजमा समरसता तथा भाइचारा अभिवृद्धि गराउनमा महत्वपूर्ण उत्प्रेरक बन्न सकोस् । मुलुक एकजुटताका साथ अघि बढ्न सके सबै क्षेत्रले द्रुत विकासको गति लिन सक्दछ । एकताको सूत्रमा बाँधिएको मुलुक आर्थिक रुपमा थप सुदृढ र बलियो बन्न सक्दछ । आपसी वैमनस्यता, द्वन्द्व र कलुषित भावनाहरु त्याग्दै आर्थिक, सामाजिक, राजनीतिक र शैक्षिक उन्नयनका लागि सामूहिक रुपमा काम गर्ने सन्देश पनि यो दिवसले सञ्चार गर्दछ । यो दिवसले मुलुकको सबै भूगोल एवं क्षेत्रमा समान विकासको पृष्ठपोषण गर्दै देशको गरीबी र बेरोजगारी जस्तो समस्याविरुद्ध लड्न एकजूट भई अघि बढ्न आह्वान पनि गर्दछ ।

राष्ट्रिय एकता दिवसलाई नेपालको समृद्ध सांस्कृतिक विरासतको संरक्षण गर्न सबैलाई दृढ संकल्पका साथ अघि बढ्न प्रोत्साहित गर्न सकोस् । यो दिवसले 'हामी सबै नेपाली एक हौं' र एकजुट भई मुलुकको समृद्धि र विकासमा समान रुपमा योगदान दिनुपर्ने तथ्यलाई अंगिकार गर्न स्मरण गराउँदछ । यो महत्वपूर्ण दिवसले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्न सदैव अभिप्रेरित गर्न सकोस् ।

**अन्त्यमा,** राष्ट्रिय एकता दिवस, २०८१ ले हाम्रो विविधताबीचको एकता, सामाजिक, सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्दै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारको जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्पलाई थप बलियो बनाउन सहयोग पुग्ने विश्वासका साथ सम्पूर्ण नेपालीमा पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।
२०८१ पुस २७ गते शनिबार ।
ने.सं. ११४५ पोहेलाथ्व, द्वादशी ।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

काठमाडौं, नेपाल

## सोनाम ल्होसारको शुभकामना सन्देश

नेपालका तामाङ लगायतका आदिवासी जनजाति समुदायले अत्यन्तै हर्षोल्लासका साथ मनाउने महान पर्व **सोनाम ल्होसार**को सुखद उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरुमा सुख, शान्ति, समृद्धि र सुस्वास्थ्यका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

नेपालको विभिन्न भूभागमा बसोबास गर्ने तामाङसहित ह्योल्मो, थकाली, जिरेल, नेस्याङ्वा, भोटे, दुरा, लेप्चा लगायतले आ-आफ्नो मौलिक संस्कृति र परम्परा अनुसार नयाँ वर्षका रुपमा सोनाम ल्होसार मनाउने चलन रही आएको छ । यसले हामीलाई हाम्रो मौलिक परम्परा, संस्कृति तथा सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्धन गर्नुपर्ने जिम्मेवारी स्मरण गराउँदछ । यस अवसरमा आयोजना गरिने मौलिक एवम् सांस्कृतिक नाचगान र संगीतले नेपाली संस्कृतिको जर्गेना गर्नमा सघाउँदछ । ल्होसारमा पकाइने विशेष तथा परम्परागत मिठो परिकारहरूले हाम्रो रैथाने रीतिरिवाजलाई जीवन्त बनाउँदै पुस्तान्तरण गर्नमा उत्तिकै सहयोग पुगेको विश्वास व्यक्त गर्दछु ।

यस पर्वको मुख्य विशेषताहरुमा सामूहिकता, भूमिपूजा, कूलपूजा, दानदक्षिणा र ढोगभेटका साथ आपसमा शुभकामना आदानप्रदान गर्नु लगायतको रहेको पाइन्छ । सांस्कृतिक धरोहरका रुपमा रहेको यस पर्वलाई सम्पूर्ण नेपालीको पहिचान र आत्मसम्मानको प्रतीकको रुपमा मनाउन सक्नु पर्दछ । आपसी रीस, राग, वैमनस्यता, उच्छृंखलता, द्वन्द्व र द्वेष बिर्सेर परस्पर खुशी र उल्लास साटासाट गर्न यस पर्वले सबैलाई उत्प्रेरित गर्न सकोस् ।

नेपालको संविधानले गणतन्त्र, संघीयता, समानता, समावेशिता, धर्मनिरपेक्षता र कानूनी राज्यलाई अंगीकार गरेको छ । हाम्रो गणतन्त्रात्मक संवैधानिक व्यवस्था प्रणालीले बहुजाति, बहुभाषा, बहुसंस्कृति, बहु-वेशभूषा आदिलाई संरक्षण गर्दै सबै क्षेत्र, भूगोल, धर्म, समुदाय र संस्कृतिलाई परस्पर जोड्ने काम गरेको छ । भूगोल, क्षेत्र, वर्ग र समुदाय अनुसार चाडपर्वहरुमा विविधता रहेको पाइन्छ । हाम्रो सामाजिक विविधताभित्र सुदृढ र प्रगाढ एकताले नेपालको राष्ट्रिय भावनालाई थप मजबूत बनाउन सहयोग पुगेको छ ।

**अन्त्यमा**, सोनाम ल्होसारले समुदाय, समाज र देशमा सामाजिक एकता, परस्पर विश्वास, सहयोग, मैत्रीभाव, भाइचारा, मेलमिलाप, आदर, सम्मान र सद्भाव कायम गर्दै मुलुकलाई एकताको सूत्रमा बाँध्दै राष्ट्रिय एकता, अखण्डता, सार्वभौमिकता र राष्ट्रियतालाई बलियो बनाउँदै मुलुकलाई समृद्धितर्फ उन्मुख गराउन सम्पूर्ण नेपालीलाई अभिप्रेरित गर्न सकोस् । सोनाम ल्होसारले सबैको जीवनमा प्रगति र समृद्धि ल्याओस् भन्ने कामनाका साथ यस अवसरमा पुनः एकपटक हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।
२०८१ माघ १७ गते बिहीबार ।
ने.सं. ११४५ सिल्लाथ्य, प्रतिपदा ।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

काठमाडौं, नेपाल

## वसन्त पञ्चमी तथा सरस्वती पूजा, २०८१ को शुभकामना सन्देश

हरेक वर्षको माघ शुक्ल पञ्चमी तिथिमा हर्षोल्लासका साथ मनाइने वसन्त पञ्चमी तथा सरस्वती पूजा, २०८१ को शुभ उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरुमा सुख, शान्ति, समृद्धि र सुस्वास्थ्यका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

यस अवसरमा विद्या, ज्ञान, बुद्धि, कला र संगीतको प्रतिकका रुपमा देवी सरस्वतीको पूजा-अर्चना गर्ने हिन्दू विधान र पौराणिक परम्परा रही आएको छ । शैक्षिक संस्थाहरुले नृत्य, गीत-संगीतको विशेष आयोजना गर्दै विद्याको अधिष्ठात्री सरस्वती देवीको पूजा-अर्चना गर्छन् । यस अवसरमा किताब, कलम, कपी, वाद्य उपकरण आदिको पूजा गर्ने परम्परा पनि छ । यसले विद्या र संगीत साधनामा प्रयोग हुने सामग्रीहरुलाई सबैले सम्मान गर्न सक्नु पर्दछ भन्ने संदेश दिन्छ । आजको दिन अभिभावकहरुले आ-आफ्ना बालबालिकाहरुलाई विद्याध्ययन प्रारम्भ (अक्षरारम्भ) पनि गराउने गर्दछन् ।

वसन्त पञ्चमीका अवसरमा देशका विभिन्न सरस्वती मन्दिरहरुमा मेला लाग्ने गर्दछ । पछिल्लो समय सार्वजनिक पूजा पन्डालहरुमा सरस्वती देवीको माटोको प्रतिमाहरु स्थापना गरी सामूहिक पूजा-अर्चना गर्ने संस्कृति र परम्परा लोकप्रिय हुँदै गएको छ । यसले 'सामूहिकतामा एकता' को मूल मर्मलाई प्रतिबिम्बित गर्दछ । सरस्वतीको प्रतिमाहरु स्थापना भएका स्थानमा भजन-कीर्तन, वसन्त श्रवण र होली-गीतहरुले हाम्रा मौलिक परम्परा र सांस्कृतिक धरोहरको संरक्षण र प्रवर्धनमा सहयोग पुग्दछ । वसन्त पञ्चमीको भोलि पल्ट प्रातःकाल कुनै पवित्र जलाशय वा नदीहरुमा प्रतिमाहरुको विसर्जन गर्ने क्रममा आयोजना हुने धार्मिक झाँकीहरुले रैथाने संस्कृति र रीतिरिवाजको जगेर्नाका लागि उत्प्रेरित गर्दछ ।

वसन्त पञ्चमी पर्व माता सरस्वतीको आविर्भाव दिवसका रुपमा पनि मनाइन्छ । श्रीपञ्चमीका रुपमा समेत मनाइने यो पर्व किसानसंग पनि जोडिएको छ । मधेशमा यस अवसरमा हलोको पूजा गर्ने र खेतिकिसानीमा सहयोग गर्नेहरुलाई सम्मान गर्ने परम्परा छ । यसले मौलिक संस्कृतिलाई जीवन्त बनाउन सहयोग पुग्दछ । पछिल्लो समय कृषिमा आधुनिकीकरणका कारण यो संस्कृति लोपोन्मुख छ, यसको जगेर्ना जरुरी छ । कृषि क्षेत्र हाम्रो राष्ट्रिय अर्थतन्त्रको मेरुदण्ड हो, यो पर्वले हामीलाई कृषि र कृषिकर्ममा लाग्नेहरुप्रति सम्मान प्रकट गर्न प्रेरित गर्दछ ।

वसन्त पञ्चमीको अर्को विशेषता, यसले सर्वधर्मलाई स्विकार गरेको छ । यो हिन्दू श्रद्धालुहरुको लागि मात्रै होइन, बौद्ध, मुस्लिम लगायतका धर्मावलम्बीहरुको लागि उत्तिकै महत्वपूर्ण छ । बौद्ध धर्मावलम्बीहरुले बोधिसत्व मञ्जुश्रीको पूजा आराधना गर्छन् । मुस्लिम समूदायले सुफि वसन्तका रुपमा १२ औं शताब्दीदेखि मनाउँदै आएको विभिन्न दस्तावेज र मुस्लिम किम्बदन्तीहरुमा पाइन्छ । यस अर्थमा वसन्त पञ्चमी विभिन्न धर्मावलम्बीहरुको त्रिवेणी उत्सव हो ।

हाम्रो गणतन्त्रात्मक संवैधानिक व्यवस्था प्रणालीले बहुजाति, बहुभाषा, बहुसंस्कृति, बहु-वेशभूषा आदिलाई संरक्षण गर्दै सबै क्षेत्र, भूगोल, धर्म, समुदाय र संस्कृतिलाई परस्पर जोड्ने काम गरेको छ । भूगोल, क्षेत्र, वर्ग र समुदाय अनुसार चाडपर्वहरुमा विविधता रहेको पाइन्छ । हाम्रो सामाजिक विविधताभित्र सुदृढ र प्रगाढ एकताले नेपालको राष्ट्रिय भावनालाई थप मजबूत बनाउन सहयोग पुगेको छ । आपसी द्वन्द्व, द्वेष, राग, वैमनस्यता र उच्छृंखलता बिर्सेर परस्पर खुशी साटासाट गर्न वसन्त पञ्चमीले सबैलाई उत्प्रेरित गर्दै शिक्षा र ज्ञानको सत्यमार्गमा लम्किन सबैलाई हौशला प्राप्त होस् ।

**अन्त्यमा,** यो पर्वले आपसी मेलमिलाप, प्रेम र एकताको भावना प्रवर्धनमा सहयोग पुग्ने विश्वास व्यक्त गर्दछु । यो शुभ अवसरलाई सबैले आ-आफ्नो नकारात्मक सोच, विचार र मानसिकता परित्याग गरी आफूभित्र सकारात्मकता भर्ने महत्वपूर्ण तिथिका रुपमा लिन सक्नुपर्छ । यस अवसरमा गरिने वसन्त श्रवण र सरस्वती पूजाले सिंगो मानव जीवनमा सँधै ऊर्जाशील र नयाँ खोज गेर्न प्रेरित गर्न सकोस् । वसन्त पञ्चमीले सबैको जीवनमा आनन्द, समृद्धि र शान्ति ल्याओस् भन्ने कामनासहित सम्पूर्ण नेपाली जनतालाई पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**धन्यवाद ।**
२०८१ माघ २१ गते सोमबार ।
ने.सं. ११४५ सिल्लाथ्य, पंचमी ।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

काठमाडौं, नेपाल

## सहिद दिवस, २०८१ को सन्देश

सहिद दिवस, २०८१ को पावन अवसरमा नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता, स्वाभिमान, नागरिक स्वतन्त्रता, जनताको सार्वभौम अधिकार, समावेशिता, समानता, सबैखाले विभेद्को अन्त्य, लोकतन्त्रको स्थापना र पहिचानसहितको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात महान सहिदहरुलाई स्मरण गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

वीर सहिदहरुको बलिदान, त्याग, अदम्य साहस, वीरता र हौसलालाई स्मरण गर्दै उहाँहरुप्रति हार्दिक श्रद्धासुमन, सम्मान र नमन गर्नका लागि हरेक वर्ष माघ १६ का दिन मुलुकभर विभिन्न कार्यक्रमको आयोजना गरी सहिद दिवस मनाइन्छ । स्वावलम्बी अर्थतन्त्रसहित सामाजिक तथा आर्थिक रुपमा एउटा सबल, सुदृढ र विकसित मुलुक निर्माणका लागि सहिदहरुको साहस सबैका लागि प्रेरणा हो । नेपालको पवित्र धरतीमा कयौं महान सपूतहरु/वीरवीरङ्गनाहरुले जन्म लिएका छन्, जसले मुलुकमा लोकतन्त्र, समानता, पहिचान, सह अस्तित्व, सदाचार, सद्व्यवहार, समान अधिकारका लागि आफ्नो प्राणको आहूति दिएका छन् । हाम्रा सहिदहरूले हामीलाई एउटा स्वतन्त्र, समृद्ध र शान्त नेपाल निर्माण गर्न प्रेरणा प्रदान गरेको छ ।

सहिद दिवस हामीलाई सहिदहरूको **सम्झना मात्र** गराउने दिन होइन, हामीलाई उहाँहरूको मार्गदर्शन र प्रेरणाले अघि बढ्न प्रेरित गर्ने दिन पनि हो । यस अवसरमा **हामीले सहिदहरूको** सपना पूरा गर्न, न्यायपूर्ण र समानतामूलक समाज निर्माण गर्न र लोकतान्त्रिक मूल्यहरूको संरक्षण गर्न संकल्प लिन सक्नु पर्दछ । अमर सहिदहरुको बलिदानको ऋण तिर्न सकिन्न । तर, देशप्रतिको उहाँहरुको त्याग र आहूतिको स्मरण गर्दै समाजमा जागरुकता र चेतना फैलाउन सकिन्छ । इतिहासमा कयौं यस्ता अप्रिय घटनाहरु पनि भए, जब कुनै न कुनै कारणबाट देशका महान मार्गदर्शक, वीर सपूत र वीरवीरङ्गनाहरु हामीबाट टाढिए । तर, उहाँहरुले देशको स्वाधिनता, अखण्डता, सार्वभौमिकता, सुरक्षाको महान दायित्व हामीलाई सुम्पिएर जानुभएको छ । त्यो दायित्व निर्वाह गर्न सम्पूर्ण नेपालीहरु दत्तचित्त भई सदैव सचेत र क्रियाशील रहनु पर्दछ ।

देशको विकास, शान्ति, समृद्धि र अखण्डता राष्ट्रिय एकताबाटै सम्भव छ । मुलुकको दिगो शान्ति, सुशासन, विकास, सवलीकरण, समृद्धिको आकांक्षा पूरा गर्न सम्पूर्ण राजनीतिक दल, आम नागरिक समाज लगायत सबै दृढ संकल्प, उच्च अठोट, पवित्र मन, वचन र कर्मका साथ लाग्नु आजको आवश्यकता हो । वीर सहिदहरुको सपना र आकांक्षाहरु साकार पार्न सके मात्र उहाँहरुप्रतिको सच्चा श्रद्धाञ्जली अर्पण गरेको ठहरिनेछ ।

सहिद दिवसका अवसरमा, म सम्पूर्ण नेपाली जनसमुदायलाई महान सहिदहरूको आदर्श र मूल्यहरूलाई आत्मसात गर्दै, एकताको भावनालाई थप सुदृढ र बलियो बनाउँदै देशको प्रगति, विकास र समृद्धिको लागि दत्तचित्त तथा एकाकार भई मिलेर काम गर्न आह्वान गर्दछु । सहिदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै, उहाँहरूको मार्गदर्शनमा राष्ट्रको उज्जवल भविष्य निर्माणमा लाग्न सबैलाई प्रेरणा मिलोस् ।

धन्यवाद ।

२०८१ माघ १६ गते बुधबार ।
(ने.सं. ११४५ पोहेलागा, औंसी) ।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

काठमाडौं, नेपाल

## महाशिवरात्री र सेना दिवसको शुभकामना सन्देश

महाशिवरात्री र सेना दिवसको अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरुमा सुख, शान्ति, समृद्धि एवम् सु-स्वास्थ्यका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

हिन्दू धर्मावलम्वीहरुमा महाशिवरात्री पर्वको धार्मिक, सामाजिक र सांस्कृतिक महत्व रही आएको छ । यस अवसरमा श्रद्धालुहरु एकत्रित भई सामूहिक रुपमा पूजाअर्चना गर्नु, मेला भर्न जानुले सामाजिक समरसता र एकताको भावना अभिवृद्धि हुन्छ । यो पर्वमा सामूहिक उपवास, शिव उपासना र शिव चर्चा लगायतका अनुष्ठानले समाजमा सद्भाव र मेलमिलाप कायम राख्न तथा मानिसलाई नैतिकता, सत्य र धर्मको मार्गमा हिड्न अभिप्रेरित गर्दछ ।

यो पर्वको सांस्कृतिक महत्व पनि छ । यस अवसरमा विभिन्न सांस्कृतिक कार्यक्रमहरु, भजन-किर्त्तन, मौलिक नाचगान आदिको आयोजना गर्ने परम्परा रही आएको छ । शिवको महिमा र शिवसंग सम्बन्धित प्रसंगहरु प्रस्तुत गरिने जस्ता सांस्कृतिक कार्यक्रमहरुले धार्मिक परम्परा र संस्कृतिहरुलाई सजीव बनाई राख्न सहयोग पुग्दछ । विभिन्न शिवालय, शिव मन्दिर, महादेव मठ लगायतका धार्मिक स्थलहरुमा मेलाहरुको आयोजना हुनुले पर्यटन क्षेत्रको विकासमा टेवा पुग्दछ । यसले आर्थिक गतिविधिहरुमा बृद्धि भई मुलुकको अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्दछ ।

महाशिवरात्री पर्वले आत्म-शुद्धि, ध्यान र आध्यात्मिक उन्नतिको अवसर पनि प्रदान गर्दछ । यस अवसरमा गरिने उपवास र ध्यान योगले शारीरिक र मानसिक स्वास्थ्यमा सुधार ल्याउन सहयोग पुग्दछ । शिवको आराधना र भक्तिको माध्यमबाट धार्मिक आस्था र विश्वासलाई बलियो बनाउँदै मानिसको मन, वचन र कर्ममा शुद्धिकरण गर्नमा सघाउँदछ। समाजमा एकता, सहयोग र सद्भावलाई बढावा दिने यो पर्वलाई आपसी मनोमालिन्यता, मतभेद र द्वेषलाई बिर्सने अवसरका रुपमा उपयोग गर्न सक्नुपर्दछ । यो पवित्र पर्वले काम, क्रोध, लोभ, मोह र अहंकार त्याग्न सबैलाई उत्प्रेरित गर्न सकोस् । नेपाल र सम्पूर्ण विश्वमा शान्ति, पवित्रता र प्रेमको सत-धर्म स्थापित गर्दै आध्यात्मिक उन्नतिका लागि सबैलाई अनुकूलित हुने अवसर पनि यो पर्वले प्रदान गरोस् ।

महाशिवरात्रीकै दिन मनाइने **सेना दिवस**को अवसरमा प्रधानसेनापति लगायत नेपाली सेनाको सकल दर्जामा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु । यो दिवसले सेनाहरुको साहस, वीरता, समर्पण र बलिदानलाई स्मरण गर्ने अवसर प्रदान गर्दछ । सेनाले राष्ट्र सुरक्षा र सम्मानको रक्षा गर्दछ । नेपाली सेना साहसी र समर्पित भावले काम गरिरहेको छ । सेना दिवसका अवसरमा हामी सबै मिलेर देशको सुरक्षा र विकासमा योगदान दिने संकल्प लिन सक्नुपर्दछ । सेनाले मुलुकलाई बाहिरी शत्रुबाट रक्षा गर्नुका साथै विभिन्न प्राकृतिक प्रकोप र विपद्को घडीमा देश र समाजलाई सहयोग गर्दै आएको छ । हामीलाई गर्व छ कि हामीसंग वीर योद्धाहरु छन् जो देशको सुरक्षाप्रति सदैव समर्पित छन्, प्राकृतिक विपद्मा अग्रमोर्चामा रहेर सेवा भाव प्रदर्शन गर्दछन् ।

**अन्त्यमा**, अत्याधुनिक प्रविधि, सीपले सुसज्जित, अध्ययन अनुसन्धानमा पारंगत र कूटनीतिक कौशलमा निपुण सेना आजको आवश्यकता हो । नेपाली सेनाका लागि आवश्यक सैन्य सामग्री र प्रविधि नेपालमा उत्पादन नहुने र आफ्नै आर्थिक-प्राविधिक क्षमताले थेग्न नसकेर दक्षता, सबलीकरण र आधुनिकीकरण गर्ने प्रक्रियामा परनिर्भरता बढ्दै जानु राष्ट्रिय हितको दृष्टिमा गैर-अनुकूलित र संवेदनशील विषय भएकोले यसमा सम्बन्धित सबैको ध्यान पुग्न सक्नुपर्दछ ।

धन्यवाद ।
२०८१ फागुन १४ गते बुधबार ।
ने.सं. ११४५ सिल्लागा, त्रयोदशी ।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

काठमाडौं, नेपाल

## राष्ट्रिय प्रजातन्त्र दिवस,२०८१ को शुभकामना सन्देश

राष्ट्रिय प्रजातन्त्र दिवस, २०८१ को अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरुमा सुख, शान्ति, समृद्धि एवम् सु-स्वास्थ्यका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

मुलुकमा १०४ वर्षसम्म कायम रहेको जहानियाँ निरङ्कुश शासनविरुद्ध बलिदानीपूर्ण संघर्षको परिणाम स्वरूप २००७ सालको आन्दोलन सफल भएको ऐतिहासिक उपलब्धिको सम्झनाँ र सम्मान स्वरूप प्रत्येक वर्ष फागुन ७ गते राष्ट्रिय प्रजातन्त्र दिवस मनाइन्छ । यो दिवसले देशको लोकतान्त्रिक मूल्यहरु, सहिदहरुको योगदान, स्वतन्त्रता र राष्ट्रिय एकताको महत्वपूर्णतालाई स्मरण गराउँदछ । हाम्रा अग्रजहरुको संघर्ष, बलिदान र अटूट संकल्पकै कारण हामीले प्रजातन्त्र, लोकतन्त्र, संघीय लोकतान्त्रिक गणतन्त्र र स्वतन्त्रताको उपहार प्राप्त गरेका हौं । यस महत्वपूर्ण अवसरमा, हामी सबैले मुलुकको द्रुत विकास, समृद्धि र सामाजिक समरसताका लागि सदैव समर्पित भावका साथ अघि बढ्ने प्रण एवम् दृढ संकल्प लिन सक्नुपर्दछ ।

राष्ट्रिय प्रजातन्त्र दिवसले हामीलाई संघीय लोकतान्त्रिक गणतन्त्रलाई बलियो, सुदृढ र सबल बनाउने हाम्रो दायित्व, कर्तव्य र जिम्मेवारीलाई स्मरण र बोध समेत गराउँदछ । हामीलाई सम्पूर्ण नागरिकहरुको अधिकारहरुको रक्षा, न्यायपूर्ण समाजको स्थापना र सबैका लागि समान अवसर सुनिश्चित गर्ने दिशामा एकजूटताका साथ क्रियाशील हुन पनि उत्प्रेरित गर्दछ । यो दिवसले हामी सबैलाई मिलेर एउटा बलियो, समृद्ध र शान्त नेपालको निर्माणमा दत्तचित्त भई लाग्न अभिप्रेरित गर्न सकोस् ।

विश्वमा अनेक शासन प्रणाली मध्ये लोकतन्त्र सर्वश्रेष्ठ शासन-प्रणाली हो । यो प्रणाली एउटा सामाजिक व्यवस्था पनि हो, जसको लक्ष्य सबै नागरिकलाई यथासम्भव बढी भन्दा बढी लाभान्वित गर्नु हो । लोकतान्त्रिक व्यवस्थालाई कमजोर बनाउने काम लोकतन्त्रमा विश्वास राख्नेहरुबाट किमार्थ हुन सक्तैन । यो व्यवस्था-प्रणालीमा राजनीतिक दल र त्यसका नेतृत्वहरु सकारात्मक सोचका साथ अघि बढ्न आवश्यक छ। सम्पूर्ण राजनीतिक दल र नेतृत्व पंक्तिले आफूमा आदर्श आचारसंहिता लागू गर्न सक्नुपर्दछ ।

लोकतन्त्रको आत्मा भनेको जनताको सम्प्रभुता हो, जसको परिभाषा युगहरुसंगै परिवर्तन हुँदै आएका छन, तर, यसको आधुनिक आविर्भावका पछाडि एउटा लामो इतिहास छ । उक्त इतिहासबाट पाठ सिक्दै, कमिकमजोरीमा सुधार गर्दै, नेपालको संविधानमा व्यवस्था भएको संघीय गणतन्त्र,समानता,समावेशिता,धर्मनिरपेक्षता,कानूनी राज्य,सार्वभौमसत्तालाई अक्षुण्ण राख्नु आजको आवश्यकता हो । नेपालमा संघीय लोकतन्त्रलाई सफल बनाउन गरीबी, भेद्भाव, अशिक्षा र बेरोजगारीको अन्त्य गर्दै अघि बढ्नु हाम्रो लागि निर्विकल्प हो।

लोकतन्त्र, शासनको रुपमा मात्र सीमित हुनु हुँदैन । मुलुकमा सामाजिक आदर्श, चरित्र, परम्परा, संस्कृति, सद्भाव र मूल्यलाई अजम्बरी बनाउन तर्फ पनि लोकतन्त्रलाई केन्द्रित गर्नु पर्दछ । लोकतन्त्रमा कुनै पनि विशेषाधिकारयुक्त वर्ग हुँदैन, जाति, धर्म, वर्ण, वंश, धन, लिङग् आदिका आधारमा कुनै पनि व्यक्तिसंग कुनै प्रकारको भेदभाव पनि गरिन्न । राजनीतिक लोकतन्त्रको सफलताका लागि उसको आर्थिक लोकतन्त्रसंग गठबन्धन आवश्यक छ । आर्थिक लोकतन्त्रको अर्थ-समाजका प्रत्येक सदस्यलाई विकासमा समान रुपमा भौतिक सुविधाहरु प्राप्त हुनु हो, जन-जन बीच आर्थिक विषमता नबढोस्, एउटा व्यक्तिले अर्कोलाई शोषण गर्न नसकोस् भन्ने पनि हो ।

**अन्त्यमा,** मुलुकमा प्रजातन्त्र स्थापनार्थ विभिन्न कालखण्डमा भएका जनआन्दोलन, जनसंघर्ष, मधेश जनविद्रोह, आदिवासी जनजाति लगायतका आन्दोलनमा आफ्नो ज्यानको आहूति दिने सम्पूर्ण महान सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै, लोकतान्त्रिक मूल्य, आदर्श र सिद्धान्तप्रति प्रतिबद्ध रहनुभएका प्रजातन्त्रका सम्पूर्ण सेनानीहरुलाई स्मरण गर्दै उहाँहरुप्रति उच्च सम्मान प्रकट गर्दछु । प्रजातन्त्र दिवस, देशमा लोकतन्त्रको सुदृढीकरण, राजनीतिक स्थिरता, संविधानको मूल मर्म-संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको कार्यान्वयन, जनताको जीवन पद्धतिमा गुणात्मक परिवर्तन ल्याउन उत्प्रेरक बनोस्, पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

२०८१ फागुन ७ गते बुधबार ।
ने.सं. ११४५ सिल्लागा, सप्तमी ।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

---

उपराष्ट्रपति

काठमाडौं, नेपाल

## ग्याल्पो ल्होसार-२१५२ को शुभकामना सन्देश

शेर्पा समुदायको महान पर्व एवं नयाँ वर्ष ग्याल्पो ल्होसारको पावन अवसरमा देश र विदेशमा रहनु भएका शेर्पा समुदायका सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरु सहित सबै देशवासीहरुमा सुख, शान्ति, समृद्धि र सु-स्वास्थ्यका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

नव आशा, उमङ्ग र उल्लासको प्रतीकका रुपमा रहेको यो पर्वले सिंगो देश र समाजमा आपसी प्रेम, भाइचारा, सद्भाव र एकताको भावना बलियो बनाउन सहयोग पुग्दछ । यो पर्वलाई समाजमा सौहार्द, एकता, समझदारी, मित्रता र सहकार्यको भावना अभिवृद्धि गर्ने अवसरका रुपमा लिन सक्नुपर्दछ ।

यस अवसरमा परिवार, साथीहरू र समुदायबीचमा भेटघाट, भोज, नृत्य र संगीतका कार्यक्रमहरू आयोजन हुनुले समाजमा परस्पर मेलमिलाप, स्नेह र समरसता बढाउनमा सघाउँदछ । परम्परागत पोशाकमा सज्जिएर मनाइने यो पर्वले हाम्रो सांस्कृतिक विविधताको महत्वलाई उजागर गर्दै त्यसको संरक्षण, प्रवर्धन र जीवन्ततामा सहयोग पुग्दछ ।

यो पर्व नेपालको हिमाली भूभागमा बसोबास गर्ने आदिवासी जनजातिहरु शेर्पा, तिब्बती र योल्मो समुदायले मनाउने गरे पनि नेपालको विविधतायुक्त समाजमा सांस्कृतिक घुलनका कारण अन्य चाडपर्वमा जस्तै पछिल्लो समय अरु समुदायका मानिसहरुको पनि यसमा उल्लेख्य सहभागिता जनाउँने गरेका छन् । यसले राष्ट्रिय एकतालाई थप बलियो, प्रगाढ र सुदृढ बनाउनुका साथै मुलुकमा बहुभाषा र बहुसंस्कृतिलाई अक्षुण्ण बनाइ राख्न सबैलाई उत्प्रेरित पनि गर्दछ ।

यो पर्वका अवसरमा घरपरिवारका सम्पूर्ण सदस्य एकै ठाउँमा भेला भई घरमूलीबाट आशिर्वाद थाप्ने र गुम्बा दर्शन गर्ने परम्परा रही आएको छ । देवीदेवता, धर्मगुरुहरु, रिम्पोछे, गौतम बुद्ध र लामाहरुको पूजाआजा गर्ने चलन छ । ग्याल्पो ल्होसारको अवसरमा चामल र घिउ लगायतको मिश्रणबाट तयार पारिएको टिका टाउकोमा राखेर प्रगति र सुस्वास्थ्यको कामना गर्दै आशिर्वाद लिने र दिने परम्परा एउटा सुसंस्कृत परम्पराको पहिचान हो । यस अवसरमा विशेष परिकारहरु खाप्से (पिठोबाट घिउ वा तेलमा बनाइएको मौलिक रोटी), छ्याङ्ग्रु, डेशिल (पुलाउँ), गुथुक (नौ थरीको गेडागुडी मिसाएर बनाइने खाद्य वस्तु) पकाएर खानु र खुवाउनुले यो पर्वको महत्व झनै बढाएको छ । यसले कृषि उपजको संरक्षणमा जोड दिँदै रैथाने संस्कृतिको जगेर्ना गर्नमा सघाउँदछ ।

**अन्त्यमा**, सामूहिक रुपमा एकअर्काको हात समाएर सुख र दुःखको गीत गाउँदै स्याब्रु नृत्य गर्नु र मौलिक-परम्परागत पहिरन लगाउनु, तुङ्गना (डम्याङ) को संगीतमय वातावरण सिर्जना गर्नु यो पर्वको मौलिकता हो । यसले शेर्पा समुदाय आफ्नो संस्कृति जोगाउन सजग र सचेत रहेको संदेश अन्य समुदाय, सम्प्रदाय, धर्मावलम्बीलाई प्रवाह गर्दछ । ग्याल्पो ल्होसार एक महत्वपूर्ण पर्व हो जसले धार्मिक, सामाजिक, सांस्कृतिक र आर्थिक पक्षहरूलाई सबल, सुदृढ एवम् उन्नत बनाउँदै देश र समाजलाई प्रगति उन्मुख बनाओस् भन्ने कामना गर्दै पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

२०८१ फागुन १६ गते शुक्रबार ।

ने.सं. ११४५ सिल्लागा, औसी ।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

काठमाडौं, नेपाल

## अन्तर्राष्ट्रिय महिला दिवसको शुभकामना

अन्तर्राष्ट्रिय महिला दिवस (८ मार्च) को अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली नारी शक्तिमा सुख, शान्ति, समृद्धि र सु-स्वास्थ्यका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

महिलाको सशक्तिकरण, समावेशिकरण, समानता, शिक्षा, स्वास्थ्य, आत्मनिर्भरता लगायतको पक्षमा वकालत गर्न यो दिवस विश्वभर विभिन्न कार्यक्रमको आयोजना गरी मनाइन्छ । महिलाहरुको राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक विकासमा समान एवं सम्मानजनक सहभागिता गराउन सके यो दिवसको सार्थकता प्रमाणित हुनसक्छ । सबैलाई आ-आफ्नो स्थान र स्तरबाट अत्यन्तै संवेदनशील भई यसबारे चिन्तन, मनन गर्न यो दिवसले उत्प्रेरित गर्न सकोस् ।

महिलालाई प्राचीन र वैदिक कालदेखि नै सम्मान र देवत्व प्राप्त छ । उनीहरुको तुलना देवी देवताहरु र भगवानसंग समेत गरिन्छ । परिवारमा सन्तानका रुपमा छोरीको जन्म भएपछि 'घरमा लक्ष्मी भित्रियो' भन्दै बधाई दिने प्रचलन छ । घरमा नव विवाहित बुहारी आए, उनको तुलना 'लक्ष्मीको आगमन' को रुपमा गरिन्छ । संस्कृतमा एउटा चर्चित भनाई छ- 'यत्र नार्यस्तु पूज्यंते, रमन्ते तत्र देवता : (जहाँ महिलाको पूजा हुन्छ त्यहाँ देवताको वास हुन्छ) । महिलाको सम्मान हामी सबैले गर्न सक्नुपर्दछ । परम्पराको नाममा समाजमा कायम रहेका गलत मान्यता र अभ्यासहरु (बालविवाह, बोक्सी, छाउपडी, दहेज आदि) परित्याग गर्दै महिला, किशोरी तथा बालिकामाथि हुने सबै खाले विभेद, उत्पीडन, हिंसा, अत्याचारको निर्मूल गर्न जरुरी छ ।

आमनागरिकहरुका लागि लैङ्गिक समानता र महिलाहरुको अधिकारबारे जागरुकता अभियान थप सक्रियताका साथ चलाउन आवश्यक छ । पछिल्लो समय नेपाली महिलाहरुले विभिन्न क्षेत्रमा महत्वपूर्ण उपलब्धी र सफलताहरु हासिल गर्नु गौरवको विषय हो । यसमा निरन्तरता कायम राख्दै सफलताको थप उचाईमा पुग्ने प्रयत्न र प्रयासको खाँचो छ । आजको सन्दर्भमा, महिला सशक्तिकरण/सबलीकरण एउटा ज्वलन्त प्रश्न नै हो । सबलीकरणबाटै महिलाहरुलाई सामाजिक, आर्थिक र शैक्षणिक रुपमा सुदृढ बनाउन र उनीहरुको व्यक्तिगत पहिचान स्थापित गराउन सकिन्छ ।

महिलाको सशक्तिकरण एउटा सर्वाङ्गिण र बहुआयामी दृष्टिकोण हो । यसको माध्यमबाट महिलाहरुमा जागरुकता र कार्यदक्षता, स्वनिर्णय गर्ने क्षमता अभिवृद्धि गर्न सकिन्छ । यसैबाट उनीहरुको आर्थिक स्वावलम्बन, राजनीतिक साझेदारी र सामाजिक विकासका लागि आवश्यक विभिन्न कारकहरुमा पहुँच र नियन्त्रण पनि प्राप्त हुन सक्दछ । एउटा मुलुकको सर्वाङ्गिण र समरसता पूर्ण विकास तब मात्रै सम्भव छ जब महिलाहरु समाजमा उनीहरुको यथोचित स्थान, सम्मान र योग्यताका आधारमा अवसर प्राप्त गर्न सक्ने हैसियतमा पुग्दछन् । महिलालाई यो हैसियतमा पुर्याउन सबैको योगदान र भूमिका उत्तिकै आवश्यक छ ।

महिलाहरुले देश र समाजको विकास एवं प्रगतिमा सदैव महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन् । उनीहरुको साक्षरता, जागरुकता, आत्मनिर्भरता बढाउन समन्वित, संगठित प्रयास जरुरी छ । किनभने आज पनि अधिकांश महिलाहरुलाई आफ्नो संवैधानिक अधिकारहरु र उनीहरुको विकासका लागि बनाइएका शासकीय र गैरशासकीय योजनाहरुबारे पर्याप्त जानकारी नहुनु चिन्ताको विषय हो । महिलाहरुलाई आर्थिक, सामाजिक, राजनीतिक र मानसिक रुपमा बलियो बनाउन सक्नुपर्दछ ।

पछिल्लो समय आर्थिक, सामाजिक, राजनीतिक, जलवायु परिवर्तन लगायतका विभिन्न संकटहरुको सामना गरिरहेको अन्तर्राष्ट्रिय जगतका लागि लैङ्गिक समानता हासिल गर्नु पहिलेको तुलनामा झनै महत्वपूर्ण छ । जीवनका सबै पक्षहरुमा महिला र बालिकाहरुको अधिकार सुनिश्चित गर्नु नै समृद्ध र न्यायपूर्ण अर्थतन्त्र एवं भावी पुस्ताका लागि स्वस्थ तथा सुरक्षित समाज र देश निर्माण गर्नु हो ।

**अन्त्यमा,** लैङ्गिक समानता मानव अधिकारको सबैभन्दा ठूलो चुनौती बनेको सन्दर्भमा समावेशी समाज निर्माणका लागि महिलामा लगानी गर्नु जस्तो मानवअधिकारको अनिवार्य र आधारस्तम्भलाई कसैले पनि बिर्सनु हुँदैन । महिलाको समानता, समावेशिता र प्रगतिले हामी सबै लाभान्वित हुने हो । यसका लागि गरीबीको अन्त्य, लैङ्गिक-उत्तरदायी वित्तिय कार्यान्वयन, हरित अर्थ व्यवस्था लगायतमा केन्द्रित हुन यो दिवसले सबैलाई उत्प्रेरित गर्न सकोस् भन्ने विश्वासका साथ अन्तर्राष्ट्रिय महिला दिवसको फेरी पनि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

२०८१ फागुन २४ गते शुनिबार ।
ने.सं. ११४५ चिल्लाथ्व, नवमी ।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

---

उपराष्ट्रपति

काठमाडौं, नेपाल

## फागुपूर्णिमा (होली) पर्व-२०८१ को शुभकामना

अबिर र रङ्गहरुको सांस्कृतिक पर्व फागुपूर्णिमा (होली) को सुखद उपलक्ष्यमा देश र विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरुमा सुख, शान्ति, समृद्धि एवं सु-स्वास्थ्यका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

हरेक वर्ष फागुन शुक्ल पूर्णिमाको दिन हिमाली, पहाडी तथा भित्री मधेशमा र त्यसको भोलिपल्ट तराई-मधेशमा फागुपूर्णिमा, होली, होरी, फगुवा, रङ्गपञ्चमी आदि नामले यो पर्व मनाउने परम्परा रही आएको छ । होली पर्व विभिन्न नामबाट मनाइए पनि यसको सारतत्व आपसी सद्भाव, भाइचारा र मेलमिलापका साथ खुशी साटासाट गर्नु नै हो ।

प्राचीन कालमा चंदन र अबिर लगाएर होली मनाइने गरिएकोमा पछिल्ला केही वर्षयता कृत्रिम र मानव स्वास्थ्यमा प्रतिकूल असर पर्ने रङ्गहरुको प्रयोग बढ्नु राम्रो होइन । हामीले हर्बल र प्राकृतिक रंगहरुको प्रयोग गर्न सक्नुपर्दछ । तराई-मधेशमा परम्परागत 'होलिका दहन' अनुष्ठानलाई पनि वातावरणमैत्री बनाउँदै यसमा अनावश्यक तडक-भडकलाई निस्तेज गर्न सक्नुपर्दछ । वातावरणमा सन्तुलन कायम गर्दै प्राचीन संस्कृति र रहनसहनलाई जीवन्त बनाई राख्नु हाम्रो दायित्व भित्रै पर्दछ ।

मौलिक वाद्य उपकरण डम्फा र ढोलकको तालमा गाईने लोकभाका र परम्परागत होरी गीत र जोगिरा नेपाली संस्कृतिको मौलिक पहिचान हो । यसको जगेर्ना गर्न सक्नुपर्दछ । यस अवसरमा तयार पारिने विशेष परिकारहरु मालपुवा, दालपुरी, खिर लगायतका मिठा-मिठा व्यञ्जनहरु सामूहिक रुपमा ग्रहण गर्नु नेपाली संस्कृतिको अर्को कालजयी रीतिरिवाज हो । यसको संरक्षण र संबर्धन गर्न जरुरी छ ।

असत्यमाथि सत्य, अन्यायमाथि न्याय, अधर्ममाथि धर्म र खराबमाथि असलको जीतको रुपमा मनाइने होली, पर्वसंगै एउटा उत्सव र भावना पनि हो । यसले समाजलाई रङ्गीन र जीवन्त बनाउन सघाउँदछ । प्रेम, सौहार्द तथा मैत्रीपूर्ण भावनालाई सवल र सुदृढ बनाउँदै परस्पर सम्मान र सहयोगी भावना अभिवृद्धिमा पनि टेवा पुर्याउँदछ । आपसी कटुता, मतभेद, क्लेश, मनमुटाव र मनोमालिन्यता बिर्सेर पारिवारिक, सामाजिक र समुदायगत सम्बन्धलाई नविकरण गर्दै थप उचाईमा पुर्याउने होली एउटा उत्तम माध्यम पनि हो । यो एकअर्कासंग मिलेर सामूहिक रुपमा मनाइने र पुरानो रिसिबीहरु बिर्सने एउटा अवसर समेत हो । आपसी शत्रुता र टकरावलाई तिलाञ्जली दिंदै परस्पर सम्बन्धहरुमा नौलो आयाम र नयाँ ऊर्जासहित शुभारम्भ गर्नमा पनि यो पर्वले सघाउँदछ । देश र समाजमा एकता तथा शान्ति कायम गर्न यसले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

सामाजिक, सांस्कृतिक र राष्ट्रिय महत्व बोकेको होलीले हाम्रो सांस्कृतिक वैभव र धरोहरलाई समृद्ध बनाउनमा सघाउँदछ । नेपाली संस्कृतिको महत्वपूर्ण हिस्साका रुपमा रहेको यो पर्वमा रङ्ग-अबिर, लोकगीत, लोकभाका, लोकसंस्कृति, लोकनृत्य, लोकबाजा र जोगिरासंग परम्परागत व्यञ्जनहरुको अनिवार्यताले हाम्रो संस्कृतिलाई जीवन्त बनाउँदै पुस्तान्तरण र परम्परागत रुपान्तरणमा सहयोग र टेवा पुग्दछ । नयाँ पीढीलाई नेपाली संस्कृति र परम्पराबारे जान्ने अवसर प्राप्त भई आफ्नो संस्कृतिप्रति गर्व र सम्मान गर्ने भावना विकसित गर्नमा पनि सहयोग पुग्दछ । हाम्रो सांस्कृतिक विविधताको पृष्ठपोषण र दर्शन गर्नमा समेत यसले सघाउँदछ ।

होली राष्ट्रिय एकता र समरसताको प्रतीक पनि हो । यो पर्व धर्म, जाति र क्षेत्र भन्दा माथि उठेर एकै साथ र सामूहिक रुपमा मनाइनुले हाम्रो राष्ट्रिय एकता बलियो हुन्छ । हाम्रो मानसिक र भावनात्मक स्वास्थ्यका लागि पनि यो पर्व महत्वपूर्ण छ । यो पर्वमा मानिस आफ्नो चिन्ता र तनावहरु बिर्सेर खुशी र उमङ्गका साथ रमाउने गर्दछन् । होलीका दिन बिदा हुने भएकाले हामी आफ्ना जीवनका सबैभन्दा महत्वपूर्ण मानिसहरुसंग खुशी साटासाट गर्न पाउँदा हाम्रा सम्बन्धहरुलाई थप प्रगाढ बनाउनमा सहयोग पुग्दछ ।

होलीको अवसरमा धेरै पहिलेदेखि बजार चलायमान बन्न पुग्दछ । रङ्ग, अबिर र रङ्गीचङ्गी कपडा लगायतको बिक्री बढ्छ । यसले स्थानीय अर्थव्यवस्थालाई प्रोत्साहित गर्न सघाउ पुग्दछ । तर, होलीका अवसरमा बिक्रि हुने सामग्रीहरुमा नेपालीहरुको परनिर्भरता बढ्दै जानु राम्रो संकेत होइन । यो पर्वलाई आत्मनिर्भरताको कसीमा डोर्याउन सक्नुपर्दछ । यसबारे सबैले गम्भीरतापूर्वक चिन्तन र मनन गर्न जरुरी छ ।

**अन्त्यमा,** होली पर्वले नेपालको राष्ट्रिय एकता, अखण्डता, सार्वभौमसत्ता, सामाजिक सम्बन्ध र बन्धनहरुलाई बलियो बनाउनुका साथै बन्धुत्व, मेलमिलाप, मैत्रीभाव, सौहार्दता र पारस्परिक सद्भावलाई अक्षुण्ण राख्न सहयोग पुग्ने विश्वास व्यक्त गर्दै पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

२०८१ फागुन २९ बिहीबार ।
ने.सं. ११४५, चिल्लाथ्व चतुर्दशी ।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

काठमाडौं, नेपाल

## रामनवमी पर्व,२०८१ को शुभकामना

हिन्दू धर्मावलम्बीहरुको महान पर्व रामनवमी, २०८१ को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीवहिनी तथा दाजुभाइहरुमा सुख, शान्ति, समृद्धि एवं सुस्वास्थ्यका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

रामनवमी पर्वले भगवान श्रीरामको आदर्श, सत्य, धर्म र मर्यादाप्रतिको आस्थालाई थप सुदृढ बनाउन सघाउँदछ। यो पर्वले श्रीरामले आफ्नो कर्तव्यपालन गर्दै समाजमा शान्ति, सद्भाव र न्यायको स्थापना कसरी गर्नुभयो भन्ने ग्रहणयोग्य सकारात्मक संदेश दिन्छ। सबैले श्रीरामको आदर्शहरुलाई आत्मसात गर्दै देश र समाजमा एकता, समृद्धि र प्रगतितर्फ अग्रसरताका लागि प्रण गर्ने अवसरका रुपमा यो पर्वलाई लिन सक्नुपर्दछ।

श्रीराम धर्म र संस्कृतिको अनुपम प्रेरकका रुपमा हिन्दू समाजमा अनादि कालदेखि प्रतिष्ठित हुनुहुन्छ। उहाँले शास्त्रसम्मत ज्ञानलाई आफ्नो चरित्रमा उतारेर सिंगो संसारलाई धर्मको पथमा हिँड्न सम्भव छ भन्ने संदेश दिनुभयो। श्रीराम झैं हाम्रो जीवन चरित्र प्रधान हुनुपर्दछ। उहाँको जीवन सत्य, धर्म र नैतिकताको प्रतीक थियो, त्यसलाई हामीले आफ्नो जीवनमा आत्मसात गर्न सक्नुपर्दछ।

श्रीरामको सम्पूर्ण जीवनले हामीलाई यो पनि सिकाउँद छ कि आमा-बुवाको सम्मान सर्वोपरि हुनुपर्दछ। महाराज दशरथले वनवास जान दिएको आदेश बिना कुनै विरोध उहाँले स्वीकार गर्दै एउटा असल पुत्रको कर्तव्य निर्वाह गरी आमा-बुवाको इच्छाको सम्मान गर्नुपर्ने संदेश दिनुभयो। उहाँको जीवनले कर्मको महत्वलाई पनि उजागर गर्दछ। उहाँ आफ्नो कर्तव्य र दायित्व पूरा गर्न सदैव सत्यका साथ दृढतापूर्वक उभिँदै आफ्नो पथमा अग्रसर हुनुभयो। यसले व्यक्तिलाई आफ्नो कर्तव्यहरु पूरै निष्ठा र सजगताका साथ निर्वाह गर्नुपर्ने संदेश दिन्छ।

श्रीरामले जीवनका मूल्यहरुको पालना गर्दै हरेक कठिनाईको सामना गर्नुभयो। उहाँको जीवनका परिस्थितिहरुले हामीलाई उच्चतम नैतिक मापदण्डको पालना गर्दै हरेक महिला-पुरुष समाजमा श्रेष्ठ मूल्यहरुका साथ गुणवत्तापूर्ण जीवन जिउनु पर्दछ भन्ने शिक्षाबाट अभिप्रेरित छ। उहाँका आदर्शहरुलाई हामीले आफ्नो जीवनमा उतार्न सके मात्र वास्तवमा रामनवमी साँचो अर्थमा मनाएको ठहरिनेछ।।

रामनवमीका अवसरमा गरिने भजन, कीर्त्तन र उपासना आमनागरिकलाई भक्ति, आध्यात्मिकताको मार्गतर्फ उन्मुख गर्दै मानिसमा नैतिकता, धार्मिकता, परोपकार एवं जनकल्याणको भावना प्रस्फुटित गराउने प्रयासबाट ओतप्रोत रहेको पाइन्छ। हाम्रा पर्व-त्योहारहरु सद्भावना, जनकल्याण, नैतिकता र सद्चरित्रको अंकुरण गराउने माध्यम पनि भएकाले यसलाई सद्भक्ति, अध्यात्मिकता र नैतिकताको सेतुबन्धको रुपमा उपयोग गर्दै यस मार्फत् देश र समाजमा शान्ति, मंगल र कल्याणका भावनाहरु जागृत गर्ने प्रयासहरुलाई उत्प्रेरित गर्ने अचूक सूत्रका रुपमा आत्मसात गर्न जरुरी छ।

मानसिक प्रवृत्ति र समाजको मानसिकता मानिसको भौतिक अवस्थामा आधारित हुने भएकाले यस अन्तर्गत पर्ने राजनीतिक, आर्थिक, धार्मिक, शैक्षिक र पारिवारिक वातावरण एवं सामाजिक परिवेशहरुलाई मानवकल्याण, देश र समाजमा समृद्धि, सद्भाव, भाइचारा, मैत्रीभावलगायतका सकारात्मकतालाई सबैले अंगिकार गर्दै अघि बढ्नु आजको आवश्यकता हो। अतः हाम्रा परम्परा, लोक विश्वास, लोक आस्था, धार्मिक मान्यताहरुलाई आपसी वैरभाव, मनोमालिन्यता, क्लेशलगायतबाट अलग राख्दै सहयोग, परोपकार र शान्तिको पक्षमा कार्यान्वयन गर्दै अग्रसर हुन सक्नुपर्दछ। यसले मानिसको आचरण, व्यवहार र क्रियाकलापहरुलाई सात्विक बनाउन सहयोग पुग्दछ।

रामनवमी उत्सव मात्र होइन, हामीले आफ्नो जीवनलाई श्रीरामको आदर्शहरुसंग जोड्ने एउटा मंगलमय अवसर पनि हो। श्रीरामको लोकोत्तर कृतित्व कालजयी धारा हो, जसले हरेक व्यक्तिलाई सदैव समुचित मार्गदर्शन प्रदान गर्दछ। रामनवमीको यो अवसरमा श्रीराम झैं असल र मर्यादित संकल्पका साथ अघि बढ्न सबैलाई प्रेरणा प्राप्त होस्।

**अन्त्यमा,** रामनवमी पर्व नेपाली समाजलाई नैराश्य र अनैतिकताबाट उन्मुक्ति दिलाउने शंखनादको माध्यम पनि बनोस्। नेपालको राष्ट्रिय एकता, अखण्डता, सार्वभौमसत्ता, सामाजिक सम्बन्ध र बन्धनहरुलाई बलियो बनाउँदै बन्धुत्व, मेलमिलाप, मैत्रीभाव, सौहार्दता र पारस्परिक सद्भावलाई अक्षुण्ण राख्न यो पर्वले सहयोग पुगोस्, पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।
२०८१ चैत २४ आइतवार।
ने.सं. ११४५, चौलाथ्व, नवमी।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

काठमाडौं, नेपाल

## ईद-उल-फित्रको शुभकामना

इस्लाम धर्मावलम्बीहरुको महान पर्व 'ईद-उल-फित्र' को अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली इस्लाम धर्मावलम्बी दिदीबहिनी तथा दाजुभाइहरुमा सुख, शान्ति, समृद्धि र सुस्वास्थ्यका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

इस्लाम धर्मावलम्बीहरुले यो पर्व हर्षोल्लासका साथ मनाउने परम्परा रही आएको छ। यस अवसरमा आयोजना हुने परम्परागत 'इफ्तार' र रोजा पश्चात नमाज पढेपछि साँझपख विशेष परिकार सहितको खाद्यवस्तु ग्रहण गर्नु इस्लाम धर्मावलम्बीहरुको महत्वपूर्ण अनुष्ठान हो। यी अनुष्ठानका माध्यमबाट इस्लाम धर्मावलम्बीहरुले आफ्नो ध्यान र आत्मसंयममा वृद्धि गर्ने प्रयास गर्नुले उहाँहरुको आध्यात्मिकतालाई थप बलियो बनाउन सघाउँदछ।

नयाँ-नयाँ कपडा लगाउने, नमाज पढ्ने, एक अर्कासंग गला मिलाउँदै बधाई, शुभकामना र उपहारहरु साटासाट गरी मनाइने 'ईद-उल-फित्र' का दिन विशेष परिकारहरु बनाएर खाने र खुवाउने परम्परा पनि छ। ईदको चन्द्रमा हेरेपछि सबैलाई 'चाँद मुबारक' वा 'ईद मुबारक' भन्ने चलन छ। साथै, मानिसहरु आफ्नो श्रद्धा अनुसार कमाएको रकममध्ये केही हिस्सा दान दिने परम्पराले यो पर्वको महत्व झनै बढाएको विश्वास व्यक्त गर्दछु।

भाइचारा, मेलमिलाप र सामूहिकतामा एकताको प्रतीकका रुपमा रहेको 'ईद-उल-फित्र' ले सबैलाई एकआपसमा मिलेर बस्न सन्देश दिनुको साथै असहाय, गरीब र सहयोगको आवश्यकता रहेकाहरुलाई मद्दत गर्न समेत उत्प्रेरित गर्दछ। जीवनमा आशा र विश्वासको सन्देश दिँदै सत्यनिष्ठ, कर्मनिष्ठ र कर्तव्यनिष्ठ बन्न पनि यो पर्वले सिकाउँदछ।

मानवता मानिसको मूल धर्म हो, यसको संरक्षण आवश्यक छ। धर्मको यो मूल मर्मको उपासना, आत्मसात र अंगिकार सबै मानव जातिले गर्न सक्नुपर्दछ। तब मात्रै विश्वमा शान्ति कायम भई सिंगो मानव प्रजातिको उन्नति र प्रगति सम्भव हुन सक्दछ। धर्मले समता, स्वतन्त्रता, बन्धुत्व, न्याय आदिको पृष्ठपोषणमा टेवा पुग्दछ। यसले मानिसमा आध्यात्मिक रुपान्तरण गर्दै एउटा सभ्य र सुसंस्कृत मानव बन्नमा सघाउँदछ। एउटा विकसित, सुखद र सम्पन्न व्यवस्था प्रणाली एवं सभ्यताको निर्माणमा यी विषयहरु अपरिहार्य हुन्छ। यसका लागि उन्नत दृष्टिकोण र देशभक्ति भाव उत्तिकै आवश्यक छ।

कुनैपनि धर्मले सबैखाले विभेद्को अन्त्य र नकारात्मक भावलाई निषेध गरेको छ। धर्मको उद्देश्य त्याग, मन, वचन र कर्मको पवित्रता, अहिंसा, लोकहित, बुद्धि र विवेकबाट निर्धारित कर्ममार्गको महत्वलाई स्थापित गर्नु पनि हो। सुन्दर समन्वय र पवित्राचरणबाटै मानिस सत्यमार्ग र सु-कर्ममार्गमा हिड्न सक्दछ। विपत्तिमा धर्म विषयक आस्थाको परीक्षा हुने गर्दछ। विनम्रवाणी, समर्पण र सहयोगको भावनाले कुनैपनि धर्मप्रतिको आस्था र विश्वासलाई पृष्ठपोषण गर्दछ। सत्कर्म, सद्मार्ग, सदाचार, सद्भाव, समभाव, सद्गुण र समन्वय कुनैपनि धर्मका लागि निर्विवाद एवं निर्विकल्प सूत्र हुन्। यसैबाट देश र समाजको उन्नत्ति सम्भव छ।

**अन्त्यमा,** 'ईद-उल-फित्र' ले राष्ट्रिय एकता र सांस्कृतिक ऐक्यवद्धताको भावना सबल र सुदृढ गर्दै सभ्य, शान्त, समुन्नत र समृद्ध समाज निर्माणमा थप प्रेरणा प्रदान गर्न सकोस्। संघीय लोकतान्त्रिक गणतन्त्र, सामाजिक न्याय, स्वाधीनता, राष्ट्रिय एकता, अखण्डता र राष्ट्रियतालाई थप बलियो एवं सुदृढ बनाउन यो पर्वले सबैलाई प्रेरित गर्ने विश्वासका साथ पुन: हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।
२०८१ चैत १८ गते सोमबार।
ने.सं. ११४५ चौलाथ्व द्वितीया।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

काठमाडौं, नेपाल

## नव वर्ष,२०८२ को शुभकामना

नव वर्ष, २०८२ को सुखद उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरुमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य एवं उत्तरोत्तर प्रगतिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

नेपालको विविधतायुक्त बसोबास क्षेत्र अनुसार सबैले आ-आफ्नै मौलिक संस्कार, संस्कृति र रीतिरिवाजहरुमा रम्दै नव वर्ष मनाउने परम्परा रही आएको छ। यसले मुलुकको मौलिक विशेषता 'विविधतामा एकता' लाई सबल र सुदृढ बनाउनमा सहयोग पुग्दछ। केही नौलो कामको थालनी, सकारात्मक सोचको विकास, परस्पर मैत्रीभावको संचार, आपसी वैरभाव त्यागेर भ्रातृत्वभाव र स्वस्थकर जीवनशैलीका लागि नव संकल्प लिने अवसरका रुपमा सबैले यसलाई लिन सक्नुपर्दछ। नयाँ वर्ष नेपालको धार्मिक, सांस्कृतिक, सामाजिक एवं नैतिक मूल्यहरुलाई थप सुदृढ बनाउने अवसर पनि हो।

विक्रम सम्वत्को नयाँ वर्ष शुभारम्भलाई तराई-मधेशतीर 'सतुवाइन', 'जुडशितल', र 'सिरुवा पावनी', काठमाडौं उपत्यकामा 'बुँगद्यः न्हवः, 'विश्वध्वजपातन' (विस्का: जात्रा) र 'खायु संल्हु' तथा समग्र मुलुकभर 'नव वर्ष' आदिका रुपमा मनाउनुले नेपालको सांस्कृतिक विविधताको पृष्ठपोषण गर्दछ। एउटै तिथि र पवित्र पर्व/त्योहार एवं परम्परागत विभिन्न उत्सवहरुभित्र रहेका हाम्रा सांस्कृतिक, सामाजिक, ऐतिहासिक लगायतका विविध आयाम र मौलिक पहिचानहरुको महत्वलाई पुष्टि गर्दछ। सांस्कृतिक विविधता तथा धार्मिक सहिष्णुता नेपालको मौलिक पहिचान हुन्। यस पहिचानलाई थप बलियो बनाउँदै देश र समाजमा एकता, सद्भाव, मेलमिलाप, भाइचारा, सहिष्णुता र सामाजिक समरसता कायम गर्न सबैलाई प्रेरणा प्राप्त होस्। यस अवसरमा हामीले नेपालको आर्थिक उन्नयन, शिक्षा र स्वास्थ्य लगायतका क्षेत्रमा द्रुत प्रगतिका लागि एकजूट भई अघि बढ्ने प्रयासमा जुट्ने दृढ संकल्पित र प्रतिबद्ध हुन जरुरी छ। नैतिकता, ईमानदारी र परिश्रमका साथ देशको समृद्धि र विकासमा अग्रसर हुन सम्पूर्ण सबैलाई नव वर्षले थप हौसला प्रदान गरोस्।

नेपालको संविधान उल्लेखित जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, निष्पक्ष र सक्षम न्यायपालिका, कानूनी राज्य, समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माणका लागि प्रतिबद्धता र दृढता व्यक्त गर्ने अवसरका रुपमा नयाँ वर्षलाई लिनुपर्दछ। मुलुकमा वर्षौंदेखि अक्षुण्ण रहेका विविधता र एकतालाई संबोधन गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने संकल्प र प्रण लिने अवसरका रुपमा उपयोग गर्नुपर्दछ।

जलवायु परिवर्तन, प्राकृतिक स्रोतहरुको उपयोग र वातावरण संरक्षण जस्ता विषयमा पनि नव वर्षले सबैको विशेष ध्यानाकर्षण गराउन सकोस्। हाम्रो प्राकृतिक सुन्दरता र विविधतालाई सुरक्षित र संरक्षित गर्ने जिम्मेवारीलाई स्मरण गर्ने यो महत्वपूर्ण अवसर पनि हो। सम्पूर्ण नेपालीको जीवनमा नयाँ आशा, उमङ्ग र संकल्पहरुको सांस्कृतिक प्रतीकका रुपमा समेत रहेको नव वर्षको उत्सवलाई हामीले अघिल्ला वर्षका अनुभवहरुको विश्लेषण गर्दै आफ्ना कमजोरीहरु सुधारका साथ भविष्यका लागि ठोस योजना बनाउन सक्नुपर्दछ।

नव वर्षको महत्व व्यक्तिगत स्तरमा मात्रै सीमित नभई यसको सामाजिक, सांस्कृतिक र आर्थिक महत्व उत्तिकै छ। जीवनमा नयाँ प्रेरणा प्रदान गर्दै आफ्ना वरपर सकारात्मकताको भाव फैलाउने अवसरका रुपमा आत्मसात गर्न आवश्यक छ। यसो त, धार्मिक र सांस्कृतिक रुपमा नव वर्षको महत्व फरक-फरक भएपनि सबैको सारतत्व एकजुटता, मैत्रीभाव, खुशी साटासाट गर्नु नै हो। नव वर्षको स्वागत अत्यन्तै हर्षोल्लास र परम्परागत रुपमा गरिनुले हामीलाई आफ्नो सांस्कृतिक विरासतलाई संरक्षित गर्दै पिंढीदर पिंढी हाम्रा रैथाने संस्कृति र परम्पराको रुपान्तरणमा पनि सघाउँदछ। यस अवसरमा लिइने संकल्पले जीवनमा अनुशासन र स्थिरता कायम राख्नमा पनि सहयोग पुग्ने विश्वास लिएको छु। हरेक व्यक्तिले आफन्तजन, परिवारजन, शुभचिन्तक, र ईष्टमित्रको राम्रो स्वास्थ्य, दीर्घायु र सुखद् भविष्यको कामना गर्दै नव वर्षलाई उत्सवका रुपमा मनाइनुले परिवार र समुदायगत रुपमा अपनत्वभावलाई जीवन्त राख्दै एकीकृत समाजलाई अक्षुण्ण राख्न टेवा पुग्दछ।

अन्त्यमा, मुलुकको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधिनता र स्वाभिमानलाई अक्षुण्ण राख्दै जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्व-शासनको अधिकारलाई आत्मसात गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रलाई थप सुदृढ र बलियो बनाउन संविधानका कमिकमजोरीलाई संशोधन गर्दै नयाँ कानूनको आवश्यकता भए वा संविधानको परिमार्जन गर्न पनि सम्बन्धित निकायलाई प्रतिबद्धताका साथ अघि बढन नयाँ वर्षले उत्प्रेरित गर्न सकोस् भन्ने कामनाका साथ पुनः नव वर्ष २०८२ को पावन अवसरमा सम्पूर्ण नेपालीमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

२०८२ वैशाख १ गते सोमबार।

नेपाल संवत् ११४५ चौलागा, प्रतिपदा।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

काठमाडौं, नेपाल

## २६२४औं महावीर जयन्तीको शुभकामना

जैन धर्मका २४औं तीर्थंकर भगवान महावीरको २६२४औं जन्मजयन्ती (जन्म कल्याणक दिवस) को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण जैन धर्मावलम्बी दिदीबहिनी तथा दाजुभाइमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

मानव जीवनका लागि अपरिहार्य 'पञ्चशील' सिद्धान्तका प्रतिपादक महावीरको जीवनले हामीलाई अहिंसा, सत्य, करुणा र समानताको संदेश दिन्छ। यो दिवसले सामाजिक एकता, धार्मिक सहिष्णुता र सांस्कृतिक मूल्यहरुलाई बलियो बनाउने अवसर प्रदान गर्दछ। उहाँले देखाएको सत्मार्गमा हिड्न हामीलाई अभिप्रेरित गर्दै सिंगो मानव जीवनमा शान्ति, सद्भाव र मैत्रीभाव प्रसार गर्नमा पनि सहयोग गर्दछ।

भगवान महावीरले आफ्नो जीवनमा अवलम्बन गर्नुभएको सिद्धान्तहरु मानवताका लागि प्रेरणाका स्रोत हुन्। उहाँले अहिंसा, सत्य, अपरिग्रह, अनेकान्तवाद र ब्रह्मचर्य जस्तो उच्च आदर्शलाई प्रतिपादन गर्नुभयो, जुन धार्मिक दृष्टिले मात्र महत्वपूर्ण छैन, सामाजिक र सांस्कृतिक रुपमा पनि हामीलाई एउटा सुन्दर देश र समाज निर्माणको दिशामा अग्रसर हुन प्रेरित गर्दछ।

यो दिवस हामीलाई आफ्नो जीवनमा यी मूल्यहरुलाई आत्मसात गर्ने अवसर पनि हो। अहिंसा हामीलाई हिंसाबाट टाढा रही सबै प्राणीहरुप्रति करुणा, दया, स्नेह र प्रेमको भाव राख्न सिकाउँदछ। सत्यको पालन हामीलाई ईमान्दारी र नैतिकताको मार्गमा हिड्न प्रोत्साहित गर्दछ। महावीरको अपरिग्रहको सन्देशले हामीलाई लोभ-लालच र भौतिकवादबाट माथि उठेर सन्तोष र सदा जीवन उच्च विचारका साथ जिउँन अभिप्रेरित गर्दछ। त्यस्तै, अनेकान्तवादले हामीलाई विभिन्न दृष्टिकोणहरुलाई सम्मान गर्न र सहिष्णुता अंगिकार गर्न सिकाउँदछ, जुन आजको समाजमा सामाजिक सद्भावका लागि अत्यन्तै आवश्यक छ।

महावीर जयन्तीको यो उत्सव धार्मिक अनुष्ठानहरुमा मात्रै सीमित छैन, यो एउटा सांस्कृतिक उत्सव पनि हो, जसले हामीलाई हाम्रो समृद्ध परम्पराहरु र विरासतसंग जोड्दछ। यस अवसरमा जैन मन्दिरहरुमा हुने पूजा-अर्चना, शोभायात्रा, भक्ति संगीत र सामूहिक प्रार्थनाहरुले हामीलाई एकता र भाइचाराको संदेश दिन्छ। यो अवसरले हामीलाई आफूभित्र आत्मचिन्तन गर्न, आफ्ना कर्महरुको शुद्धिकरण गर्न र देश/समाजमा शान्ति एवं समृद्धिका लागि योगदान दिने प्रेरणा पनि प्रदान गर्दछ। महावीरको जयन्तीलाई हामीले प्रण र अठोट लिने अवसरका रुपमा लिन सक्नुपर्दछ।

महावीरले आफ्नो जीवनकालमा अहिंसा र आध्यात्मिक स्वतन्त्रताको प्रचार गर्नुभयो। आफू स्वयं सत्य बोल्ने र अरुलाई पनि सत्य बोल्नका लागि उत्प्रेरित गर्ने अवसरका रुपमा पनि यो जयन्तीलाई लिनुपर्दछ। उहाँले क्रोधलाई शान्तिको मार्गबाट, दुष्टलाई साधुता र असत्यलाई सत्यबाट जीत्नका लागि दिनुभएको सन्देशको सान्दर्भिकता वर्तमान परिवेशमा पनि उत्तिकै महत्वपूर्ण छन्।

महावीरले सम्पूर्ण विश्वलाई 'बाँच र बाँच्न देऊ' को सन्देश पनि दिनुभयो। उहाँले सेवा सिक्नु परे श्रवणकुमारबाट, मर्यादा सिक्नु परे रामबाट, अहिंसा सिक्नु परे बुद्धबाट, मित्रता सिक्नु परे भगवान कृष्णबाट, लक्ष्य सिक्नु परे अर्जुनबाट, दान सिक्नु परे कर्णबाट र तपस्या सिक्नु परे महावीरबाट सिक्नुपर्ने ज्ञान उदाहरणसहित बडो सरल र सटिक रुपमा दिनुभयो। यी सबै सिंगो मानवका लागि जीवनको मूल सूत्रहरु हुन्। हामी सबैले यसलाई ग्रहण गर्दै जीवन पथमा यसको कार्यान्वयनका लागि अग्रसर हुन सक्नुपर्दछ।

अन्त्यमा, सबै मिलेर महावीरले देखाउनु भएको मार्गमा हिड्दै आफ्नो जीवनमा उहाँका मानवतावादी उपदेशहरुलाई अपनाउँदै एउट सुखी, शान्तिपूर्ण र समृद्ध देश/समाजको स्थापनामा योगदान गरौं। यस अवसरमा सबैमा असीम खुशीहरु, सुस्वास्थ्य र आध्यात्मिक उन्नति प्रदान गरोस्, महावीर जयन्तीको पुनः अनन्त शुभकामना छ।

धन्यवाद।

२०८१ चैत २८ गते बिहीबार।

ने.सं.११४५ चौलाथ्व, त्रयोदशी।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

काठमाडौं, नेपाल

## विश्व श्रमिक दिवस (१ मे), २०२५ को शुभकामना

१३६ औं विश्व श्रमिक दिवस (१ मे), २०२५ को महत्वपूर्ण अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली श्रमजीवी दिदीबहिनी तथा दाजुभाइहरुलाई हार्दिक बधाई दिँदै उहाँहरुको सुख, शान्ति, समृद्धि एवं सुस्वास्थ्यका लागि शुभकामना व्यक्त गर्दछु ।

समाज र राष्ट्रको विकास-निर्माण तथा प्रगती-उन्नयनमा श्रमजीवीहरुको श्रम, मेहनत, समर्पण र संघर्ष अमूल्य छ । उहाँहरुको अधिकारको रक्षा र जीवनस्तर सुधार गर्दै उचित पारिश्रमिक प्रदान गर्ने अवस्था सिर्जना गर्न सबैजना आ-आफ्नो तर्फबाट निरन्तर प्रयासरत रहन जरुरी छ । यो दिवस श्रमजीवीहरुको लागि सुरक्षित, सम्मानजनक र समावेशी कार्य एवं समान पारिश्रमिकका लागि वातावरण सुनिश्चित गर्ने दृढ संकल्प र प्रतिबद्धता व्यक्त गर्ने अवसर हो । उहाँहरुको अधिकार रक्षा र कल्याणबाटै हाम्रो समाज र मुलुक थप न्यायपूर्ण र समृद्ध बन्न सक्दछ । श्रमजीवीहरुको अधिकार, सम्मान र योगदानलाई मान्यता दिने प्रतीकका रुपमा समेत मनाइने यो दिवसले श्रम अधिकारको सुनिश्चितताका लागि थप क्रियाशील हुन सबैलाई उत्प्रेरित गर्न सकोस् ।

नेपालको सन्दर्भमा, मुलुकको विकास र समृद्धिमा श्रमिकहरुको योगदान अतुलनीय छ । खासगरी कृषि, उद्योग, विकास-निर्माण, पर्यटन, घरेलु क्षेत्र र अन्तर्राष्ट्रिय श्रम बजारलगायतका क्षेत्रमा श्रमिकहरुको भूमिका उल्लेखनीय छ । मुलुकको आर्थिक विकास र उन्नयनमा उहाँहरुको परिश्रम र समर्पण उत्तिकै महत्वपूर्ण छ । नेपालको अर्थतन्त्रमा वैदेशिक रोजगारबाट ठूलो परिमाणमा विदेशी मुद्रा आपूर्ति हुनु सकारात्मक भएपनि श्रमजीवीहरुका लागि आफ्नै माटो-पानीमा रही श्रम र रोजगार गरी न्यायोचित अर्थोपार्जनको वातावरण मिलाउन जरुरी छ ।

नेपालको संविधानमै श्रमिकवर्गको अधिकार सुनिश्चित गरेको छ । सबै नागरिकलाई श्रम गर्ने अधिकार, न्यायोचित पारिश्रमिक, काम गर्ने सुरक्षित वातावरण र सम्मानजनक जीवनको प्रत्याभूति नेपालको संविधानले गरेको छ । संविधानले श्रमिकहरुको सामाजिक सुरक्षाको व्यवस्था, बालश्रम निषेध गर्दै बालबालिकाको अधिकारको सुनिश्चिततासहित संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली श्रमिकहरुको हकहित संरक्षण र उहाँहरुको क्षमता विकासका लागि संघीय, प्रदेश र स्थानीय तहका सरकारलाई उत्तरदायी बनाएको छ । श्रमिकबारेको संवैधानिक व्यवस्थालाई सबैले अक्षरशः पालना गर्दै श्रकिमहरुको जीवनस्तर सुधार्न र अधिकार सुनिश्चित गर्न सक्नुपर्दछ ।

श्रमिकका लागि न्यूनतम ज्याला सुनिश्चित गर्ने, समयमै पारिश्रमिक उपलब्ध गराउने तथा उहाँहरुका लागि पेन्सन, बीमा र अन्य सामाजिक सुरक्षा लाभहरु व्यवस्थित गर्न जरुरी छ । श्रमिकमैत्री कानूनको कार्यान्वयन, सुरक्षित कार्यस्थलको प्रबन्ध, सीप विकास कार्यक्रमहरु सञ्चालन, सुरक्षित वैदेशिक रोजगारको व्यवस्थापन, मुलुकमै पनि रोजगारीको अवसर सिर्जना गर्दै आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि नीति तथा कार्यक्रमहरु लागु गर्न सबैको ध्यानाकृष्ट हुन उत्तिकै आवश्यक छ ।

**अन्त्यमा,** यो दिवसले बालश्रमको निषेध गर्न, महिला श्रमिकहरुलाई सुरक्षा प्रदान गर्न र अनौपचारिक श्रम क्षेत्रको संरचना सुधार गर्न सबैलाई दत्तचित्त भई क्रियाशील हुन उत्प्रेरित गर्न सकोस् । सरकार र श्रमिक वर्गबीच समन्वयको वातावरण निर्माण गरी समतामूलक समाज निर्माणको दिशामा काम गर्दै नेपाललाई आर्थिकरुपमा बलियो, समृद्ध र सामाजिकरुपमा न्यायपूर्ण बनाउन सबै क्षेत्रबाट सहयोग पुग्ने नै छ भन्ने विश्वासका साथ विश्व श्रमिक दिवसको अवसरमा पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु ।

जय नेपाल ।
२०८२ वैशाख १८ गते बिहीबार ।
नेपाल संवत् ११४५ वछलाथ्व, प्रतिपदा ।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

काठमाडौं, नेपाल

## लोकतन्त्र दिवस, २०८२ को शुभकामना

लोकतन्त्र दिवस, २०८२ को ऐतिहासिक अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली नागरिकहरूलाई हार्दिक शुभकामना व्यक्त गर्दछु । लोकतन्त्रको स्थापना तथा संस्थागत विकासका लागि संघर्ष गर्ने सम्पूर्ण महान व्यक्तित्वहरू, अमर सहिदहरू, अग्रज नेतृत्वहरू, नागरिक समाज, सञ्चारकर्मी तथा लोकतन्त्रप्रति प्रतिबद्ध सम्पूर्ण नेपाली जनसमुदायप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

नेपालको लोकतान्त्रिक यात्रा जनताको बलिदान, संघर्ष र दृढ संकल्पको परिणामस्वरूप स्थापित भएको हो । लोकतन्त्रले देशमा समानता, समावेशिता, कानूनी शासन तथा नागरिक अधिकारको प्रत्याभूति गराएको छ । पछिल्लो समय केही नागरिकमा नेपालको वर्तमान व्यवस्थाप्रति नै वितृष्णा र असन्तुष्टि बढ्नु चिन्ताको विषय हो । यसलाई तत्काल थप सक्रियता, सक्षमता र जवाफदेहिताको माध्यमबाट न्युनिकरण गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई थप सुदृढ, मर्यादित, व्यवस्थित तथा जनमुखी बनाउन सबैको साझा प्रयासको खाँचो छ । यसै प्रयासबाट सबै असन्तुष्टिहरुको सम्बोधन गर्दै नागरिकहरुको स्वतन्त्रता, समानता, समावेशिता र न्यायको सुनिश्चिता गर्न सकिन्छ ।

'विविधतामा एकता' हाम्रो मौलिक राष्ट्रिय पहिचान हो । लोकतन्त्र दिवसलाई संविधानको रक्षा, लोकतान्त्रिक मूल्यहरूको प्रवर्धन, सामाजिक न्याय तथा समृद्धिको मार्गमा अघि बढ्ने संकल्प लिने अवसरका रूपमा लिनुपर्दछ । यस अवसरमा, लोकतन्त्रको सुदृढीकरण, सुशासन, पारदर्शिता तथा समावेशी विकासका लागि हामी सबैले आ-आफ्नो स्थानबाट योगदान दिने प्रतिबद्धताका साथ अघि बढ्न सक्नुपर्दछ । संघीय लोकतान्त्रिक शासन प्रणालीमार्फत् संघीयता सँगै शक्ति बाँडफाँड गरिने हुँदा क्षेत्रीय सन्तुलन कायम गर्दै स्थानीय सरकारहरू सशक्त हुने तथा नीति निर्माणको प्रक्रियामा विविधता तथा स्थानीय आवश्यकताको प्रतिनिधित्व पनि सुनिश्चित हुने हुँदा संघीयतालाई थप सबल र बलियो बनाउन जरुरी छ ।

संघीय शासन प्रणालीले सशक्त स्थानीय सरकार, जनताको प्रभावकारी सहभागिता, शक्ति बाँडफाँड, समावेशी विकास, भाषिक एवं क्षेत्रीय विशेषता संरक्षणमा सहयोग पुग्दछ । प्रदेश सरकारहरूलाई अधिकार सम्पन्न बनाउँदा स्थानीयस्तरमा विकास तीव्र गतिमा अघि बढ्छ । प्रत्येक प्रदेशमा जनताको आवश्यकता अनुसार नीति निर्माण गर्न सकिने र केन्द्रीय सरकारको अत्याधिक नियन्त्रण न्यूनीकरण गरी निर्णय प्रक्रियामा विविधता सुनिश्चित गर्न आवश्यक छ । स्थानीयस्तरका समस्या स्थानीय स्तरमै सम्बोधन गर्ने गरी प्रदेशहरुका विशिष्ट पहिचानहरूलाई सम्मान गर्दै राष्ट्र एकताको भावना बलियो बनाउन सबैले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्दछ । प्रदेशहरुलाई थप सशक्त र अधिकार सम्पन्न बनाउनु आजको आवश्यकता हो । यसका लागि संवैधानिक अधिकारहरुको पूर्ण कार्यान्वयन, आर्थिक स्वायत्तता, सक्षमतायुक्त प्रशासनिक प्रणाली र स्थानीय विकासमा प्राथमिकता दिन जरुरी छ ।

संविधानमा उल्लेखित अधिकारहरू प्रदेशस्तरमा प्रभावकारी रूपमा कार्यान्वयन गर्न ढिलाई गरिनु हुन्न । संघ, प्रदेश तथा स्थानीय सरकारहरूबीच स्पष्ट कार्य विभाजनलाई कार्यान्वयन गर्दै प्रदेशहरूलाई वित्तीय स्वायत्तता प्रदान र बजेट व्यवस्थापनका अधिकारहरू सुनिश्चित गरिनु आवश्यक छ। कर संकलनको अधिकार प्रदेश सरकारलाई दिँदा प्रदेशहरू आर्थिकरूपमा आत्मनिर्भर बन्न सक्दछन् । यसैगरी, प्रदेश सरकारहरूले नीति निर्माणको कार्यान्वयनका लागि आवश्यक जनशक्ति, पूर्वाधार तथा प्रविधि विकास गर्दै निर्णय प्रक्रियामा पारदर्शिता र जवाफदेहिताको प्रवर्धन गर्न उत्तिकै जरुरी छ । प्रदेश सरकारले स्थानीय स्तरमा शिक्षा, स्वास्थ्य, पूर्वाधार, कृषि, उद्योग र पर्यटन प्रवर्धन जस्ता क्षेत्रमा अधिक ध्यान दिनुपर्ने हुन्छ । यसले प्रदेशको समग्र विकासमा टेवा पुग्ने विश्वास लिएको छु ।

यसैगरी, संघीयतालाई सफल बनाउन संघीय, प्रदेश तथा स्थानीय सरकारहरुबीच स्पष्ट समन्वयको पनि आवश्यक छ । सहयोग, नीति निर्माणको स्पष्टता र सशक्त कार्यान्वयन प्रणाली प्रदेशलाई थप अधिकार सम्पन्न बनाउने महत्वपूर्ण आधार बन्न सक्छ । प्रदेशस्तरीय अदालत तथा कानूनी संरचनालाई प्रभावकारी बनाउँदै संविधानअनुसार न्यायको पहुँचलाई सहज/सुलभ बनाउन विशेष पहल जरुरी छ ।
लोकतन्त्रमा जनताको सर्वोच्चता, स्वतन्त्रता र समानता, शान्ति र स्थायित्व, सामाजिक न्याय, विकास र सुशासन , संघीयता र शक्ति पृथकीकरणको सिद्धान्त समाहित रहेको हुन्छ । यो सिद्धान्तलाई सबैले आत्मसात र अंगिकार गर्न सके लोकतन्त्रको सहि अर्थमा आमनागरिकले प्रत्याभूति गर्न सक्छन् । नेपालमा लोकतन्त्रले जनताको आवाज बुलन्द गर्ने, सामाजिक समावेशिता बढाउने र शान्तिपूर्ण विकासको आधार तयार गर्ने अवसर प्रदान गरेको छ । तर, यसको पूर्ण सफलताको लागि जिम्मेवार नेतृत्व, सक्रिय नागरिक सहभागिता र बलियो संस्थागत संरचनामा जोड दिनुपर्दछ ।

**अन्त्यमा,** लोकतन्त्र भनेको जनताको सामूहिक भावनाको सम्मान र कदर गर्दै राष्ट्रलाई समुन्नतिको मार्गमा अघि बढाउने उत्कृष्ट व्यवस्था हो । लोकतन्त्र दिवसले हामीलाई सामाजिक न्याय, समानता तथा समृद्धिको मार्गमा निरन्तर अघि बढ्न प्रेरित गरोस् भन्ने कामना गर्दै सम्पूर्ण नेपाली नागरिकहरूमा पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु ।

२०८२ वैशाख ११ गते बिहीबार ।
नेपाल संवत् ११४५ चौलागा, एकादशी ।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

काठमाडौं, नेपाल

## गौतमबुद्ध जयन्तीको शुभकामना सन्देश

भगवान् गौतमबुद्धको जन्म, बुद्धत्व प्राप्ति र महापरिनिर्वाणको स्मरणमा मनाइने गौतमबुद्ध जयन्तीको अवसरमा देश र विदेशमा रहनु भएका सम्पूर्ण नेपाली बौद्ध धर्मावलम्बी दिदीबहिनी तथा दाजुभाइहरुमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु । आजकै दिन स्वाँया पुन्हि:, उभौली पर्व, चण्डी पूर्णिमा र गोरखनाथ जयन्ती मनाउने सम्पूर्ण नेपालीहरुलाई पनि हार्दिक शुभकामना दिन चाहन्छु ।

बुद्ध जयन्ती मानव जीवनमा शान्ति, अहिंसा, प्रेम र आत्मजागरणको महत्व दर्शाउने अवसर हो । वर्तमान विश्वमा द्वन्द्व, तनाव, हिंसा र असमानता व्याप्त रहेको अवस्थामा बुद्धका उपदेशहरुबाट मैत्री, करुणा, शान्ति, अहिंसाको मार्गमा हिड्न सहयोग पुग्न सक्छ । गौतमबुद्धको मध्यम मार्ग र अष्टाङ्गिक मार्गको सिद्धान्तले सबैलाई सत्य, नैतिकता र सन्तुलित जीवनको बाटो देखाउँदछ । यो जयन्ती मनाउनुको उद्देश्य हामीलाई आत्मनिरीक्षण गर्न, अज्ञानताको अन्धकार हटाउन र समाजमा सकारात्मक परिवर्तन ल्याउन प्रेरित गर्नु पनि हो । व्यक्तिगत र सामाजिक शान्तिको महत्व बुझ्ने अवसर समेत यो जयन्ती प्रदान गर्दछ ।

गौतमबुद्धका उपदेशहरु बौद्ध धर्मको आधार भए पनि तिनको सार्वभौमिकता र व्यवहारिकता सर्वधर्म, संस्कृति र समाजका लागि गहन दार्शनिक सिद्धान्तले ओतप्रोत हुनुका साथै प्रासङ्गिक छन् । बुद्धका उपदेशहरु धार्मिक सिद्धान्तहरु मात्र नभई जीवन जिउने कला पनि हुन् । व्यक्तिलाई आत्मजागरण, सामाजिक सद्भाव र विश्व शान्तिको मार्गमा डोऱ्याउने सूत्रहरु हुन् । बुद्धका सन्देश 'सबै प्राणी सुखी होऊन्' आज पनि विश्वका लागि प्रेरणादायी छ । गौतमबुद्धका पञ्चशील सिद्धान्त : चोरी नगर्नु, झुटो नबोल्नु, यौन व्यभिचार नगर्नु, मध्यपान नगर्नु र हिंसा नगर्नु- विश्वको वर्तमान परिवेशमा समय सान्दर्भिक छन् । यी सिद्धान्तहरुलाई आत्मसात् गर्दा मानिसलाई व्यक्तिगत र सामूहिक रुपमा सार्थक जीवन जिउन सहयोग पुग्न सक्छ । सबैले यसको अनुशरण र अनुकरण गर्दै आ-आफ्नो जीवन पथमा अग्रसर हुन जरुरी छ ।

गौमतबुद्धका सामाजिक समानताको सिद्धान्तले समावेशी दृष्टिकोणलाई प्रोत्साहित गरेको छ । यो दृष्टिकोणले जात, लिङ्ग र वर्गको भेद्भाव हटाउन प्रेरित गर्दछ । विश्वमा जलवायु परिवर्तनका कारण सिर्जित समस्याहरुको सन्दर्भमा गौतमबुद्धको प्रकृतिप्रेमी दृष्टिकोणले वातावरण संरक्षणमा योगदान पुग्ने विश्वास लिएको छु । उहाँले विश्वलाई दिनुभएको अकाट्य सन्देशहरुले सामाजिक र राजनीतिक क्षेत्रमा देखिने विसंगति र विकृतिहरुको अन्त्य गर्ने मूलमन्त्र हुन् । यसलाई सबैले अंगिकार गर्दै दृढ संकल्पका साथ अघि बढ्न सक्नुपर्दछ। बौद्ध धर्मावलम्बीले बौद्ध विहार र गुम्बाहरुमा भेला भई सामूहिक उपासना गरी यो जयन्ती मनाउनुले 'सामूहिकतामा एकता, हाम्रो विशेषता'लाई जीवन्त राख्न सघाउँदछ ।

गौतमबुद्धको जन्म सिद्धार्थ गौतमका रुपमा झण्डै ५६३ ईसा पूर्व नेपालको लुम्बिनीमा हुनुले नेपालको संस्कृतिमा बौद्ध धर्मको अतुलनीय योगदान हाम्रा लागि मौलिक तथा ऐतिहासिक पक्ष हुन् । बुद्धसंग सम्बन्धित ऐतिहासिक एवं पवित्र स्थलहरु उहाँको जन्मस्थल लुम्बिनी, बुद्धको क्रिडास्थल तिलौराकोट, कपिलवस्तु, बुद्धको अस्तु धातु रहेको रामग्राम, मावली देवदहलगायतका क्षेत्रको संरक्षण, सम्वर्द्धन र विकास गर्न जरुरी छ ।

**अन्त्यमा,** बुद्ध जयन्ती बौद्ध धर्मावलम्बीहरुले मात्रै होइन हिन्दू धर्मावलम्बीहरुले पनि उत्तिकै श्रद्धा एवं आस्था भावका साथ मनाउनुले नेपाल जस्तो बहुधार्मिक मुलुकमा परस्पर धार्मिक घुलनशिलता र सहिष्णुताको विशिष्टतालाई पुष्टि गर्दछ । कुनै पनि धर्मले अन्य धर्मप्रति सदाचार, सद्भाव र समभाव कायम राख्ने पवित्र सन्देश प्रवाह गरेको हुन्छ । यो सबैका लागि अत्यन्तै मननीय तथा अनुकरणीय छ । आजको यस पावन दिनमा सबैमा शान्ति, करुणा र सद्भावको सन्देश प्रवाह होस् भन्ने कामना गर्दछु । बुद्ध धर्मको विश्व भ्रातृत्वको भावनालाई आत्मसात गर्दै एकजुटताका साथ मुलुकको समृद्धि र विकासमा दृढ संकल्पका साथ अघि बढ्न सबैलाई यो जयन्तीले उत्प्रेरित पनि गर्न सकोस् भन्दै पुन: गौतमबुद्ध जयन्तीको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

जय नेपाल ।
२०८२ वैशाख २९ गते सोमबार ।
नेपाल संवत ११४५ वछलाथ्व, पूर्णिमा ।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

काठमाडौं, नेपाल

## सीता जयन्ती, २०८२ को शुभकामना

सीता उत्पत्ति दिवस (सीता जयन्ती), २०८२ को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

माता सीता हिन्दू धर्म र रामायणको प्रमुख पात्रमध्येकी एक हुन । उनलाई आदर्श नारीको प्रतीक मानिन्छ । उनको जीवनलाई त्याग, धैर्य, पवित्रता, समर्पण र साहसको एक अनुपम उदाहरणको रुपमा पनि चित्रण गरेको पाइन्छ । सीताको जन्मलाई दैवीय र चमत्कारिक घटनाको रुपमा लिइन्छ, जसले उनको पवित्रता र आध्यात्मिक महत्वलाई दर्शाउँदछ । यो जयन्तीले रामायणको कथालाई स्मरण गराउँदै धर्म, सत्य र नैतिकताको मार्गमा सदैव अडिग रहनु पर्दछ भन्ने सन्देश दिन्छ । नेपाली संस्कृतिमा नारीको सम्मान, मातृशक्ति र पारिवारिक मूल्यहरुलाई यसले प्रोत्साहन गर्दछ । सीताको जीवनले नारीको साहस, स्वाभिमान र कर्तव्यनिष्ठतालाई उजागर गर्दै समाजमा नारीको भूमिका र महत्वलाई पुन: स्थापित गर्न यो जयन्तीले सबैलाई प्रेरित गर्न सकोस् । समाजमा लैङ्गिक समानता, पारिवारिक सद्भाव र सामाजिक न्यायका लागि अभिप्रेरित गर्ने यो जयन्तीले व्यक्तिलाई आत्मिक शुद्धता, धैर्य र प्रेमको मार्गमा अघि बढ्न सधैं अभिप्रेरित गर्ने विश्वास लिएको छु ।

सीताको जीवनबाट प्राप्त सन्देशहरुलाई आत्मसात गर्दै मानिसलाई कठिन परिस्थितिमा पनि सकारात्मक र धर्मनिष्ठ रहन यो जयन्तीले पुन: स्मरण गराउँदछ । यस अवसरमा माता सीताको पूजा, व्रत र प्रार्थना गर्नाले आध्यात्मिक उन्नति र मनोकामना पूर्ति हुने विश्वास छ । यो जयन्ती एउटा धार्मिक पर्व मात्र नभई सामाजिक, सांस्कृतिक र नैतिक मूल्यहरुको संरक्षण र प्रवर्धन गर्ने अवसर पनि हो । नारीको साहस, स्वाभिमान र आत्मनिर्भरताको सन्देश दिने यो जयन्तीले सीताले रावणको चेतावनी र सामाजिक शङ्काहरुको सामना आफ्नो साहसका साथ कसरी गरिन् भन्ने तथ्यलाई अंगिकार गर्दै आधुनिक समाजमा नारी सशक्तीकरणको लागि प्रेरणा पनि प्रदान गर्दछ ।

सीता जयन्ती पारिवारिक र सामाजिक सद्भाव कायम राख्ने सन्देशबाट ओतप्रोत छ । सीताको जीवनले पति-पत्नीको प्रेम, पारिवारिक एकता र कर्तव्यप्रतिको समर्पणलाई जोड दिन्छ । परिवार र समाजमा आपसी समझदारी र सहयोगको भावना अभिवृद्धि गर्नमा पनि यो जयन्तीले मद्दत पुग्ने विश्वास लिएको छु । सीताको त्याग र धैर्यले व्यक्तिलाई पारिवारिक जिम्मेवारी र सामाजिक दायित्वप्रति सचेत गराउन सघाउँदछ । यो जयन्तीले हामीलाई नैतिक र आध्यात्मिक शिक्षाको महत्व बुझ्न अभिप्रेरित पनि गर्दछ ।

सीताको चरित्रले सत्य, धर्म र नैतिकताको पाठ सिकाउँदै उनको जीवनको कठिन परिस्थितिमा पनि धैर्य र विश्वास कायम राख्न प्रेरित गर्दछ । यो जयन्तीले युवा पुस्तालाई रामायणका आदर्शहरु र नैतिक मूल्यहरुको स्मरण गराउन सहयोग पनि गर्दछ । सांस्कृतिक संरक्षण र वातावरणीय सन्देश समेत बोकेको यो जयन्तीले नेपाली संस्कृति र परम्परालाई जीवन्त बनाई राख्न सहयोग पुग्दछ । पृथ्वीको छोरीका रुपमा सीताले प्रकृतिप्रति गहिरो सम्बन्धलाई दर्शाउँछिन् । यसले वातावरण संरक्षण र प्रकृतिप्रतिको सम्मानको सन्देश दिन्छ । सीताको जीवनलाई आधुनिक सन्दर्भमा लैङ्गिक समानता, नारी स्वतन्त्रता र सामाजिक न्यायको दृष्टिकोणबाट हेर्दा उनको स्वाभिमान र आत्मनिर्णय आजको समाजका लागि उत्तिकै प्रासङ्गिक छ । यो जयन्तीलाई सामाजिक कुरीति र लैङ्गिक भेद्भावविरुद्ध सचेतना फैलाउने अवसरका रुप लिन सक्नुपर्दछ ।

यो **जयन्तीलाई** माता सीताको पवित्र जीवन र मातृशक्तिको महिमालाई स्मरण गर्ने अवसरका रुपमा लिँदै नारी सशक्तिकरण, पारिवारिक सद्भाव, नैतिक शिक्षा र सांस्कृतिक संरक्षणका लागि महत्वपूर्ण कडीका रुपमा उपयोग गर्न सक्नुपर्दछ । मातृशक्तिको रुपमा सीताले सृजन, संरक्षण, साहस र स्वाभिमानका लागि दिएको सन्देशहरुलाई आत्मसात गर्न र लैङ्गिक समानता र सामाजिक न्यायको लागि क्रियाशील हुने अवसरका रुपमा लिन सके मात्र यो जयन्ती मनाउनुको सार्थकता पुष्टि हुनसक्छ ।

**अन्त्यमा,** सीता जयन्तीको यो पावन अवसरमा माता सीताको आदर्शबाट प्रेरित भई हामी सबै सत्य, धर्म र प्रेमको मार्गमा अघि बढौं । यो जयन्तीलाई परिवार र समाजमा विद्यमान सबैखाले आपसी कलह, द्वेष, क्लेश, दु:ख र अशान्ति समाप्तिका लागि प्रतिबद्धता व्यक्त गर्ने अवसरका रुपमा लिँदै नारीमाथि हुने शोषण, हिंसा र विभेदको अन्त्यका लागि यो जयन्तीले सबैलाई उत्प्रेरित गर्न सकोस् । सभ्य, शान्त, समुन्नत र समृद्ध समाज निर्माणमा दृढ संकल्पका साथ अघि बढने हौसला प्राप्त होस् भन्ने विश्वासका साथ पुन: सीता जयन्तीको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।
२०८२ वैशाख २३ गते मङ्गलबार ।
ने.सं. ११४५ वछलाथ्व, नवमी ।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

काठमाडौं, नेपाल

## राष्ट्रिय महिला अधिकार दिवस,२०८२ को शुभकामना

सातौं राष्ट्रिय महिला अधिकार दिवस, २०८२ को अवसरमा देश र विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

महिला अधिकारका क्षेत्रमा भएका विभिन्न चार उपलब्धीको स्मरणमा सरकारले हरेक वर्षको जेठ १६ गते विभिन्न जनचेतनामुलक कार्यक्रमहरुको आयोजना गरी यो दिवस मनाउँदै आएको छ । आमा वा बुवामध्ये एकको नामबाट सन्तानले नागरिकता प्राप्त गर्ने, कम्तीमा एक तिहाइ महिलालाई राज्यको सबै संरचनामा सहभागिताको सुनिश्चितता, विभेदकारी कानूनको खारेजी तथा महिलाप्रति हुने गरेको हिंसा अन्त्य गर्ने विषयलाई मुख्य चार उपलब्धीको रुपमा लिइएको छ ।

महिलाहरुको सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक अधिकारको संरक्षण र प्रवर्धन गर्ने मूल मर्मलाई यो दिवसले स्मरण गराउँदछ । लैङ्गिक समानता, महिला सशक्तीकरण र महिलाप्रति हुने हिंसा, विभेद र असमनताविरुद्ध आवाज उठाउने अठोट र प्रण लिने अवसरका रुपमा पनि यो दिवसलाई लिन सक्नुपर्दछ । संविधानमा उल्लेखित लैङ्गिक समानताका प्रावधानहरुलाई कार्यान्वयन गर्न र सामाजिक जागरुकता फैलाउनमा यो दिवसले महत्वपूर्ण भूमिका निर्वाह गरेको विश्वास लिएको छु । लैङ्गिक असमानता र महिलाप्रति हुने सबैखाले अन्यायको अन्त्यका लागि सचेतना फैलाउन, सरकार र सम्बन्धित निकायहरुलाई महिला अधिकारका लागि प्रभावकारी नीति तथा कार्यक्रमका साथ ठोस कार्यान्वयनमा उत्प्रेरित गर्न सके मात्र यो दिवसको सार्थकता थप पुष्टि हुन सक्छ । महिलाहरुलाई आफ्ना अधिकारबारे जानकारी दिने र नेतृत्व, शिक्षा र आर्थिक अवसरमा सहभागी गराउने, लैङ्गिक हिंसा, बालविवाह, दाइजो जस्ता कुप्रथाविरुद्ध सामुदायिक एकताको अपरिहार्यतालाई आत्मसात गर्दै अघि बढ्नु आजको आवश्यकता पनि हो ।

हरेक महिला र पुरुष बराबर छन् । समाज र देशको समृद्धि, उन्नति र प्रगतिका लागि लैङ्गिक समानता अनिवार्य विषय हुन् । महिलाहरुलाई आफ्नो क्षमता पहिचान गरी समाज र देशमा सकारात्मक योगदान दिन यो दिवसले उत्प्रेरित गर्दै सबैलाई लैङ्गिक समानताका लागि एकजूट भई अग्रसर हुन सहयोग पुगोस् । प्रत्येक सानो कदमले महिलाहरुको जीवनमा ठूलो परिवर्तन ल्याउन सक्ने भएकाले सबै पक्ष यसप्रति सचेत र जागरुक हुँदै अघि बढ्न सक्नुपर्दछ । महिला सशक्तीकरणका लागि शिक्षा र सीप विकास, आर्थिक स्वतन्त्रता, राजनीतिक सहभागिता, महिला नेतृत्व र उद्यमशीलता, कानूनी सुधार र अधिकार, स्वास्थ्य र प्रजनन अधिकार जस्ता मुलभूत विषयहरुलाई अनिवार्य सर्तका रुपमा अवलम्बन र कार्यान्वयन गर्न आवश्यक छ । यिनै सर्तहरुलाई टेकेर अघि बढ्न सके मात्र महिलाहरुलाई समाज र देशमा बराबरीको स्थान प्राप्त हुन सक्दछ । यसले लैङ्गिक समानता र समावेशी समाज निर्माणमा योगदान पुग्ने छ ।

नेपालको संविधानले स्थानीय तहमा महिलाको सम्मानजनक प्रतिनिधित्वलाई अनिवार्य गरेको छ । यो व्यवस्थाले धेरै पालिकाहरुमा महिलाहरुको उल्लेख्य उपस्थिति गराएको छ । यसले महिलाहरुलाई नीति निर्माण र नेतृत्वमा सहभागी गराउँदै सामाजिक परिवर्तनमा उनीहरुको योगदानलाई परिणाममुखि र सकारात्मक बनाएको छ । गैरपरम्परागत क्षेत्रहरुमा पनि महिलाहरुको उपस्थिति उल्लेख्य हुनु अर्को सकारात्मक पक्ष हो । सम्पत्तिमा समान हक र लैङ्गिक हिंसाविरुद्धका कडा कानूनहरुले महिलाहरुलाई आफ्नो अधिकारको रक्षा गर्न सक्षम पनि बनाएको छ । यस्ता कानूनी प्रावधानले महिलाहरुलाई सामाजिक र पारिवारिक उत्पीडनबाट जोगाउँन सहयोग पुग्नुको साथै उनीहरुको आत्मविश्वासमा बढोत्तरी भएको छ ।

प्रत्येक नागरिकलाई सम्पत्तिमा समान हक हुने व्यवस्था संविधानको धारा २५ ले गरेको छ । अन्य मुलुकमा सम्पत्ति सम्बन्धि हकलाई कानूनी हकका रुपमा व्यवस्था गरेपनि नेपालमा यसलाई मौलिक हकको रुपमा समावेश गरिनु अत्यन्तै सकारात्मक छ । यसैगरी, संविधानको धारा ८६ (२) 'क' मा प्रत्येक प्रदेशबाट कम्तिमा तीन जना महिलालाई राष्ट्रियसभामा अनिवार्य प्रतिनिधित्व गराउने व्यवस्था छ। प्रतिनिधि सभाका लागि समानुपातिक व्यवस्था अनुसार एक तिहाई महिलालाई अनिवार्य गरिएको छ । संविधानको धारा ११ (२) को 'ख' अनुसार कुनै व्यक्तिको जन्म हुँदाको बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति नेपालको नागरिक ठहरिने छ भने प्रष्ट व्यवस्था छ । यसअघि यो व्यवस्था थिएन ।

**अन्त्यमा,** महिला अधिकारको प्रत्याभूति बिना समाजको समान विकास असम्भव छ । न्याय, समानता, समावेशिता र सशक्तीकरणको मार्गबाटै समृद्ध र विकसित नेपालको निर्माण सम्भव छ । अझ, महिला अधिकारको प्रभावकारी कार्यान्वयन, शिक्षा, स्वास्थ्य, आर्थिक सशक्तीकरण र राजनीतिक सहभागिता सुनिश्चित गर्न सरकार, नागरिक समाज तथा सबै क्षेत्रसंग सहकार्य आवश्यक छ । महिला हिंसा अन्त्य, लैङ्गिक समानताको प्रवर्धन तथा निर्णय प्रक्रियामा महिलाको नेतृत्वलाई प्रोत्साहन गर्दै सबैले सबल, सक्षम र आत्मनिर्भर महिला समुदायको स्थापनार्थ निरन्तर योगदान गर्न यो दिवसले प्रेरणा प्रदान गरोस् । समानता, सामाजिक न्याय र महिला सशक्तीकरणका लक्ष्यहरु प्राप्त गर्न सबै एकजुट भई अघि बढ्न यो दिवसले थप उत्प्रेरित गर्न सकोस् भन्दै पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु ।

२०८२ जेठ १६ गते शुक्रबार ।
ने.सं. ११४५ तछलाथ्व, चतुर्थी ।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

काठमाडौं, नेपाल

## गणतन्त्र दिवस,२०८२ को शुभकामना

१८ औं गणतन्त्र दिवस,२०८२ को अवसरमा देश र विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरुमा हार्दिक बधाई सहित सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिका लागि शुभकामना व्यक्त गर्दछु । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाका लागि विगतमा भएका जनआन्दोलन, जनसंघर्ष र मधेश जनविद्रोहका क्रममा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने महान सहिदहरुको स्मरण गर्दै उहाँहरुप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु । साथै, त्यस क्रममा अंगभंग भएका र बेपत्ता पारिएकाहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

गणतन्त्र दिवस लोकतान्त्रिक मूल्यहरुलाई स्मरण गर्ने अवसर हो । नागरिक अधिकार, समानता र विधिको शासनलाई थप सुदृढ गर्दै आमनागरिकको संघर्ष र योगदानलाई सम्मान गर्ने माध्यमका रुपमा यो दिवसलाई लिन सक्नुपर्दछ । नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाले नागरिकका अधिकार, समानता, समावेशिता र सहभागिता सुनिश्चित गरेको छ । विश्वकै उत्कृष्ट यस शासन प्रणालीका सिद्धान्तहरुलाई कार्यान्वयन गर्न हाम्रो संविधान एउटा महत्वपूर्ण आधारस्तम्भ हो । यसले संघीयता, समावेशिता र समानतालाई संस्थागत गरेको छ । निर्वाचन प्रणाली, लोकतान्त्रिक शासन व्यवस्था, मौलिक अधिकार र प्रेस स्वतन्त्रतालाई प्रभावकारी रुपमा आत्मसात गरेको छ । अतः हामीले संवैधानिक व्यवस्थाको स्थिरता, संघीय संरचनाहरुको परिणाममुखी कार्यान्वयन र नागरिकका अधिकारहरुको प्रत्याभूति आमजनमा गराउन अघि बढ्नु निर्विकल्प छ ।

नेपालका राजनीतिक दलहरु लोकतान्त्रिक शासन प्रणालीका आधार हुन् । संविधान निर्माण र नीति निर्धारणमा यी दलहरुको भूमिका महत्वपूर्ण रहँदै आएको छ । लोकतान्त्रिक शासन व्यवस्थालाई बलियो बनाउने, आमनागरिकको आवाज सुन्ने र सुशासन स्थापित गर्ने जिम्मेवारी यी दलहरुले आफ्नो दायित्व र कर्तव्यवोधका साथ निर्वाह गर्न सक्नुपर्दछ । मुलुकमा विद्यमान सबैखाले चुनौतीहरुको समाधान दलीय स्वार्थबाट माथि उठेर गर्न जरुरी छ । यसमा नेतृत्ववर्गको भूमिका महत्वपूर्ण छ । देश र आमनागरिकप्रति उत्तरदायी सरकार; संवैधानिक मर्यादाको पालन र जनताको सेवालाई आफ्नो प्रमुख कर्तत्व ठान्दै अघि बढ्न जरुरी छ ।

आमनागरिकको विश्वास अर्जित गर्नु, राजनीतिक स्थिरता कायम राख्नु र मुलुकको आर्थिक-सामाजिक उन्नतिलाई मूल विषय बनाएर अघि बढ्न ढिलाई गर्न हुन्न । राजनीतिक दल र तिनका नेतृत्वले स्वच्छ शासन व्यवस्था, पारदर्शिता र राजनीतिक उत्तरदायित्व निर्वाहमा चुक भए लोकतन्त्र कमजोर हुनसक्छ । यसतर्फ सबैको ध्यानाकृष्ट हुन जरुरी छ । अझ, पछिल्लो समय आमनागरिकमा बढ्दो निराशा, कुन्ठा र असन्तुष्टिहरुको तत्काल सम्बोधन गर्दै लोकतान्त्रिक विधि मार्फत् अघि बढ्न सक्नुपर्दछ । यसका लागि यो गणतन्त्र दिवसलाई एउटा महान अवसरका रुपमा लिँदै सबैले संविधानको प्रभावकारी कार्यान्वयनमा जोड दिने, लोकतन्त्रलाई बलियो र सुदृढ बनाउने अठोट र प्रणका साथ अघि बढ्न अति आवश्यक छ ।

राज्यको सम्पूर्ण शक्ति जनतामा निहित हुने गरी स्थापित वर्तमान शासन व्यवस्था नेपाली वीर सपूतहरुको असाधारण संघर्ष, त्याग र बलिदानबाटै सम्भव भएको हो । यो व्यवस्थासंग जोडिएका जनअपेक्षाहरुलाई आग्रह-पुर्वाग्रह बिना नै सम्बोधन गर्दै आमनागरिकलाई आशावादी बनाउन हामी सबै आ-आफ्नो स्तरबाट जिम्मेवार भई दत्तचित्तका साथ थप क्रियाशील हुन जरुरी छ । गणतन्त्र शासकीय शक्ति जनताको हातमा हुने महत्वपूर्ण राजनीतिक प्रणाली हो । जनताद्वारा निर्वाचित जनप्रतिनिधिहरु सरकारको नेतृत्व गर्दै जनताप्रति आफ्नो जिम्मेवारीहरु निर्वाह गर्नु नै गणतन्त्रको मूल मर्म हो । जनादेश, मतादेश र संविधानप्रदत्त व्यवस्था अनुरुप हामी एक ढिक्का र एकीकृत भई अघि बढ्न सके मात्र नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था सबल, सुदृढ र बलियो हुन सक्दछ ।

**अन्त्यमा,** लोकतन्त्र उदारवादी आदर्शहरुको उपज हो । संवैधानिक व्यवस्था अनुसार जुन कुरा हामीले राज्यबाट प्राप्त गर्न सक्छौं, त्यो हाम्रो अधिकार हो र जुन कुरा हामीले राज्यका लागि गर्न सक्छौं, त्यो हाम्रो कर्तव्य हो । अधिकार र कर्तव्य एकअर्काका परिपूरक हुन् । यी दुवैलाई आत्मसात गर्दै अघि बढ्न सके समुदाय, समाज र देशको हित हुने निश्चित छ । यो दिवसले लोकतन्त्र, गणतन्त्र, संघीयता, समावेशिता, राष्ट्रहित र संविधानसहितको महान उपलब्धीहरुको रक्षार्थ हामी सबैलाई एकजुट भई अग्रसर हुन प्रेरित गर्न सकोस्, गणतन्त्र दिवसको पुनः हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

२०८२ जेठ १५ गते बिहीबार ।
ने.सं. ११४५ तछलाथ्व, तृतीया ।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

काठमाडौं, नेपाल

## विश्व वातावरण दिवस, २०२५ को शुभकामना सन्देश

विश्व वातावरण दिवस, २०२५ को अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली नागरिकहरूमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

प्रत्येक वर्ष ५ जूनमा मनाइने विश्व वातावरण दिवसले 'पृथ्वी हाम्रो साझा धरोहर हो' भन्ने महत्वपूर्ण सन्देश प्रवाह गर्दै आएको छ । यो सन्देश आत्मसात गर्दै वातावरण संरक्षण, प्रकृति र जैविक विविधता बीच दीर्घकालीन सन्तुलन कायम राख्न हामी सबैको भूमिका अपरिहार्य छ । आजको विश्वले जलवायु परिवर्तन, प्रदूषण नियन्त्रण, प्राकृतिक स्रोतको अत्याधिक दोहन तथा जैविक विविधतामा हुने गरेको ह्रास जस्ता चुनौतीहरूको सामना गरिरहेको छ । यी समस्याहरूको प्रभावकारी समाधानका लागि वैज्ञानिक, प्रविधिमा आधारित तथा समुदायस्तरबाट सक्रिय पहल आवश्यक छ ।

संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रम (युएनईपी) को नेतृत्वमा मनाइने विश्व वातावरण दिवस २०२५ को मूल नारा 'प्लास्टिक प्रदूषणको अन्त्य' रहेको छ । प्लास्टिकजन्य फोहोरले जल, जमिन र जैविक विविधतामा गम्भीर असर पारिरहेको छ । एकल प्रयोग प्लास्टिक (प्लास्टिक झोला, बोतल, स्ट्र) ले नदी, समुद्र र जंगललाई प्रदूषित बनाउँदै जैविक विविधतामाथि गम्भीर खतरा सिर्जित गरेको छ । एक रिपोर्ट अनुसार विश्वमा हरेक वर्ष सयौं मिलियन टन प्लास्टिक उत्पादन हुने गर्दछ, ती मध्ये करीब दुई तिहाई त एक पटक मात्र प्रयोग गरी फ्याकिन्छ ।

अल्पकालिन उपयोगका यस्ता प्लाष्टिकसहितका वस्तुहरुले नदी, महासागर र पर्यटकीय क्षेत्रहरुलाई प्रदूषित गर्नुका साथै हाम्रो खाद्य श्रृंखलामा प्रवेश गरी सूक्ष्म प्लास्टिकका रुपमा हाम्रो शरीरमा समेत पुग्ने गरेको वैज्ञानिक अनुसन्धानबाट पृथ्वी र मानव अस्तित्व नै गम्भीर संकटमा रहेको संकेत गर्दछ । यसप्रति सबैको ध्यानाकर्षण हुन जरुरी छ । यसका लागि हामीले गर्नै पर्ने कामहरुमा-एक पटक मात्र प्रयोग गरिने प्लास्टिकको उपयोग कम गर्ने, पुनः प्रयोग र पुनर्चक्रण प्रवर्द्धन गर्ने अभियानलाई व्यापक रूपमा विस्तार गर्न जरुरी छ । दिगो विकासका लक्ष्यहरू प्राप्त गर्न वातावरणीय प्रदूषण न्यूनीकरण गर्दै वातावरणमैत्री प्रविधि अवलम्बन गर्नु आजको आवश्यकता हो ।

नेपाल प्राकृतिक सौन्दर्यले भरिपूर्ण मुलुक भए पनि हाल हिमालको हिउँ पग्लने समस्या, नदीहरूमा बढ्दो प्रदूषण, वायु प्रदूषण, वन विनाश, चुरे विनाश जस्ता गम्भीर चुनौतीहरू देखा परेका छन् । हिमाली क्षेत्रमा जलवायु परिवर्तनले हिउँको मात्रा घट्दो छ । वनक्षेत्रको विनाशले जैविक विविधताको अस्तित्वमा खतरा निम्त्याएको छ । नदी तथा जल स्रोतको दुषित अवस्थाले सुरक्षित खानेपानीको अभाव सिर्जना भएको छ । अति वृष्टि, अनावृष्टि, खडेरी, सुखाग्रस्त समस्याहरुको चपेटामा हामी पर्दै गएका छौ । अझ, तराई-मधेश क्षेत्रमा भूमिगत पानीको स्रोतहरु सुक्दै गएका छन् वा पानीको सतह निक्कै तल गईसकेको अवस्था छ । कतिपय ठाउँमा ईनार, कुवाँ, चापाकल आदिमा पानी आउनै छाडेको छ । यस सन्दर्भमा स्थानीय सरकार, निजी क्षेत्र तथा नागरिक समाज बीचको सहकार्य अनिवार्य छ ।

हामीले नवीकरणीय ऊर्जा स्रोत प्रवर्द्धन गर्ने, वन्यजन्तु तथा जैविक विविधताको सुरक्षा सुनिश्चित गर्ने, कृषि तथा औद्योगिक उत्पादनमा वातावरणमैत्री प्रविधि अपनाउने र व्यक्तिगत तथा सामुदायिक तहमा वातावरण संरक्षणका पहलहरूलाई प्रोत्साहित गर्ने कार्यमा जोड दिन जरुरी छ । पर्यावरण संरक्षण सरकारको मात्र जिम्मेवारी नभएर हामी सबैको साझा कर्तव्य हो । हामीले आफ्नो दैनिक जीवनमा साना परिवर्तनहरू गरेर पनि वातावरण सुधारमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्छौं । खासगरी, वृक्षारोपण अभियानलाई प्राथमिकता दिने, पानी तथा ऊर्जाको बचत गर्ने एवं सरसफाइ तथा वातावरणमैत्री प्रविधि अपनाउन सक्नुपर्दछ ।

वातावरण संरक्षणमा सबैको योगदान उत्तिकै महत्वपूर्ण भएपनि युवाहरूको भूमिका झनै बढी छ । हाम्रा युवा शक्ति भविष्यका संरक्षक हुन् । युवाहरूले पर्यावरण संरक्षणमा नवीनतम समाधानहरू खोज्न, जागरुकता अभियान सञ्चालन गर्न तथा सकारात्मक व्यवहार परिवर्तनको नेतृत्व लिन सक्छन् भन्ने विश्वास लिएको छु । विज्ञान तथा प्रविधिका माध्यमबाट वातावरण संरक्षणका नयाँ उपाय अवलम्बन गर्ने, सामाजिक सञ्जाल तथा संचार माध्यमको प्रयोग गरी जनचेतना फैलाउने, सामुदायिक स्तरमा वातावरणीय सुधारका कार्यक्रमहरू सञ्चालन गर्ने कार्यहरु गर्दै वातावरण संरक्षण गर्न सकिन्छ ।

**अन्त्यमा,** विश्व वातावरण दिवस २०२५ ले हामीलाई पृथ्वीको दीर्घकालीन सुरक्षाका लागि एकजुट भई कार्य गर्न प्रेरित गर्न सकोस् ।
हामीले व्यक्तिगत, संस्थागत तथा सरकारी स्तरबाट आ-आफ्नो भूमिका जिम्मेवारीपूर्वक निर्वाह गर्दै वातावरण संरक्षणलाई व्यवहारमा उतार्न जरुरी छ । पृथ्वीलाई स्वच्छ, हरियाली तथा दिगो बनाउने प्रयासका लागि सबैलाई यो दिवसले उत्प्रेरित गर्ने विश्वासका साथ प्लास्टिक प्रदूषण न्यूनीकरण तथा जलवायु सुधारका लागि आजैबाट सकारात्मक परिवर्तनको थालनी गर्न सबैमा आग्रह गर्दै पुनः विश्व वातावरण दिवसको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

२०८२ जेठ २२ गते बिहीबार ।
ने.सं. ११४५ तछलाथ्व, दशमी ।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

काठमाडौं, नेपाल

## जातीय भेदभाव तथा छुवाछूत उन्मूलन् राष्ट्रिय दिवस, २०८२ को शुभकामना सन्देश

जातीय भेदभाव तथा छुवाछूत उन्मूलन राष्ट्रिय दिवस, २०८२ को अवसरमा स्वदेश र विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरुमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

नेपाल सरकारले वि.सं.२०६३ जेठ २१ गते मुलुकलाई 'जातीय छुवाछूत मुक्त राष्ट्र' घोषणा गरेको दिनको स्मरणमा हरेक वर्ष विभिन्न जनचेतनामूलक कार्यक्रमहरुको आयोजना गरी यो दिवस मनाइन्छ । सामाजिक न्याय, समानता र मानवअधिकार सुनिश्चितताका लागि यो दिवस एउटा महत्वपूर्ण कडी हो । कुनै पनि सभ्य र सुसंस्कृत समाज र देशका लागि यी विषयहरु अपरिहार्य र अनिवार्य हुन्छन् । समाजको हरेक क्षेत्रमा प्रत्येक नागरिकले समान अवसर पाउनु, गरिमा र सम्मानका साथ बाँच्न पाउनु व्यक्तिको नैसंगिक अधिकार हो, उन्नत समाजको यो विशेषता पनि हो ।

नेपालमा जातीय भेदभाव तथा छुवाछूत जस्तो 'कुप्रथा' पुरातनवादी संस्कार र वर्चस्ववादी जातीय संरचना एवं सामाजिक वर्गीकरण तथा शक्ति सन्तुलनकै आधारमा प्रारम्भ भएको देखिन्छ । विगतमा यसले केही समुदायलाई उपेक्षित बनाएको थियो । अझ, ती समुदायहरु जातीय भेदभावकै कारण शिक्षा, रोजगारी, आर्थिक लगायतका क्षेत्रमा असमानता झेल्न वर्षौसम्म बाध्य भएका थिए । छुवाछूतका कारण ती समुदायहरुलाई सार्वजनिक स्थानमा प्रवेश गर्न, धार्मिक तथा सामाजिक कार्यक्रमहरुमा सहभागी हुन रोक लगाइएको थियो । यस्ता पुराना मान्यताहरुले समाजलाई विभाजन गर्ने काम मात्र भएको थिएन, समग्र विकासमा अवरोध समेत सिर्जना हुन पुगेको थियो । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा संविधानमा कडा कानूनको प्रावधान मार्फत् ती गलत मान्यता, आधार र सबैखाले बञ्चितीकरणमाथि बन्देज लगाएको छ ।

नेपालको संविधानको धारा २४ मा यसलाई जातीय छुवाछूत तथा भेदभावविरुद्धको हकका रुपमा परिभाषित गर्दै दण्डनीय अपराध भनेको छ । संविधानाको यसै धाराको उपधारा (१) मा कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव गरिने छैन भन्ने प्रष्ट उल्लेख छ । कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई खरीद वा प्राप्त गर्नबाट रोक लगाइने वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्री वितरण वा प्रदान गरिने छैन भन्ने व्यवस्था पनि हाम्रो संविधानमा छ ।

अझ, नेपालको संविधानमा उत्पत्ति, जात, जाति वा शारीरिक अवस्थाको आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा नीच दर्शाउने, जात, जाति वा छुवाछूतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछूत वा जातीय विभेद्लाई कुनै पनि किसिमले प्रोत्साहन गर्न नपाइने व्यवस्था छ । जातीय आधारमा छुवाछूत गरी वा नगरी कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न पाइने छैन भन्ने विषय पनि प्रष्ट रुपमा संविधानमा उल्लेख छ । संविधानको धारा २४ को प्रतिकूल हुने गरी भएका सबै प्रकारका छुवाछूत तथा भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराधका रुपमा कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भन्ने व्यवस्था नेपालमा सबैखाले छुवाछूत तथा भेद्भावको उन्मूलनका लागि कोशेढुंगा हो ।

तर, जातीय भेदभाव तथा छुवाछूत उन्मुलन गर्न कानूनी उपाय मात्रै पर्याप्त हुँदैन, सामाजिक तथा सांस्कृतिक रुपान्तरण अनिवार्य छ । यसका लागि शिक्षा र सचेतना, सकारात्मक पहल, समान अवसर, नागरिक समाजको सक्रियता जरुरी छ । जातीय समानताबारे विद्यालय तथा समुदायस्तरमा शिक्षाको प्रवर्धन, सरकारी तथा निजी क्षेत्रबाट समावेशी नीतिहरुको कार्यान्वयन उत्तिकै आवश्यक छ । नीति निर्माण तथा सरकारी सेवामा उपेक्षित वर्गको सहभागिताको सुनिश्चिततालाई आत्मसात गर्दै सामाजिक संस्था तथा अभियानहरुबाट जातीय विभेद र छुवाछूतको उन्मूलनको प्रयास सक्रियताका साथ गर्न सक्नुपर्दछ ।

जातीय भेदभाव र छुवाछूत उन्मूलनमा हरेक नागरिकको भूमिका अत्यन्तै महत्वपूर्ण छ । भेदभावयुक्त विचारको विरोध, समावेशी समाजको निर्माण, समानता र न्यायका लागि आवाज बुलन्द गर्नु र छुवाछूतविरुद्धको कानूनको प्रभावकारी कार्यान्वयनमा सहयोग गर्नु हरेक नागरिकको दायित्व, कर्तव्य र भूमिका हो । यसलाई सबैले अंगिकार गर्दै अघि बढ्न जरुरी छ । जातीय भेदभाव तथा छुवाछूत, समाज र देशको विकासमा अवरोध सिर्जना गर्ने प्रमुख समस्या भएकाले संवैधानिक र कानूनी व्यवस्था, सामाजिक सचेतना र नागरिक सक्रियताको माध्यमबाट यसलाई उन्मूलन गर्न सबैको अग्रसरताको खाँचो छ ।

**अन्त्यमा,** समानता, सम्मान र समावेशिताले मात्र नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई थप सुदृढ, सबल र उन्नत बनाउन सकिन्छ । यो दिवसले विभेद र छुवाछूतरहित समतामूलक, समृद्ध देश निर्माणमा सबैलाई उत्प्रेरित गर्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।
२०८२ जेठ २१ गते बुधबार ।
ने.सं. ११४५ तछलाथ्व, नवमी ।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

काठमाडौं, नेपाल

# ईद-उल-अज्हा,२०८२ को शुभकामना सन्देश

इस्लाम धर्मावलम्बीहरुको महान पर्व **ईद-उल-अज्हा**को अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली इस्लाम धर्मावलम्बी दिदीबहिनी तथा दाजुभाइहरुमा सुख, शान्ति, समृद्धि र सुस्वास्थ्यका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

इस्लाम धर्ममा यो पर्व अत्यन्तै धूमधाम, प्रेम र भाइचाराका साथ मनाउने परम्परा रही आएको छ । बकरीदको नामले समेत मनाइने यो पर्वमा मुसलमानहरुले पैगम्बर हजरत इब्राहिमको स्मरण गर्छन् । हरेक धर्ममा त्यागको ठूलो महत्व हुन्छ । त्याग शब्दलाई इस्लामिक मान्यताहरुमा कुर्बानी भनिन्छ । यस पर्वको मुख्य आधार र मान्यतामध्ये कुर्बानी पनि हो । यसको नैतिक अर्थ-मानिसले आफूभित्रका खराब आचरणलाई कुर्बानी दिनु (त्याग गर्नु) पनि हो । ईद-उल-अज्हाका अवसरमा मुसलमानहरु आपसी वैमनस्यता र शत्रुतालाई बिर्सेर एकत्रित भई सामूहिक रुपमा विशेष नमाज अदा गरी खुशी तथा बधाई साटासाट गर्छन् । घमण्ड, रिस, राग, लोभ, बेईमानी र कट्टरता त्याग्ने सन्देश पनि यो पर्वले दिन्छ ।

पछिल्लो समय अन्य धर्ममा जस्तै इस्लाममा पनि केही कुरीति, कुसंस्कार, विकृति र विसंगति प्रवेश गरेकाले त्यसलाई परित्याग गर्न जरुरी छ। यसका लागि इस्लाम धर्मभित्र रहेका सकारात्मक दार्शनिक एवं आध्यात्मिक विचारहरुलाई प्रचार-प्रसार गर्न सक्नुपर्दछ । धार्मिक बुद्धिजीवि तथा समाजका अगुवाहरुले यसका लागि अग्रसरता लिँदै यस धर्मको मूल उद्देश्य- प्रेम, शान्ति, सद्भाव, भाइचारा, सहिष्णुता र त्यागको पवित्र सन्देश फैलाउन आवश्यक छ । परस्पर विश्वास र अल्लाहप्रति समर्पण भावको प्रतिक पनि हो, यो पर्व । अतः यसको महत्व धार्मिक मात्र नभई सामाजिक एकजुटता र मानवीय मूल्यहरुलाई प्रोत्साहित गर्नमा पनि निहित छ । भ्रातृत्व भाव, सामन्जस्य भाव, सहिष्णुता, सहयोग र सानिध्यको भावलाई प्रोत्साहन गर्ने यो पर्वको माध्यमबाट समाज र देशमा विद्यमान निष्फलता र निरर्थकतालाई चिर्न सबैले आ-आफ्नो स्थानबाट सहयोग गर्न जरुरी छ ।

मानवता मानिसको मूल धर्म हो, यसको संरक्षण आवश्यक छ । धर्मको यो मूल मर्मको उपासना, आत्मसात र अँगिकार सबै मानव जातिले गर्न सक्नुपर्दछ । यसैबाट विश्वमा शान्ति कायम भई सिंगो मानव प्रजातिको उन्नति र प्रगति सम्भव हुन सक्दछ । धर्मले समता, स्वतन्त्रता, बन्धुत्व र न्यायको पृष्ठपोषणमा टेवा पुग्दछ । यसले मानिसमा आध्यात्मिक रुपान्तरण गर्दै एउटा सभ्य र सुसंस्कृत मानव बन्नमा सघाउँदछ । एउटा विकसित, सुखद र सम्पन्न व्यवस्था प्रणाली एवं सभ्यताको निर्माणमा यी विषयहरु अपरिहार्य हुन्छन् । यसका लागि उन्नत दृष्टिकोण र देशभक्ति भाव उत्तिकै आवश्यक छ ।

नेपालको विविध संस्कृति बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा विविधतायुक्त विशेषतालाई दशकौंयता आत्मसात् गरेको एक सुन्दर समन्वय र सम्मिश्रण हो । यहाँ विभिन्न धर्म, जातजाती, परम्परा, रहनसहन र रीतिरिवाज बीच परस्पर प्रेम, स्नेह, सहिष्णुता र सहनशीलता अविरल परम्पराकै रुपमा कायम रहेका छन् । हाम्रा समृद्ध र मौलिक विविधतायुक्त संस्कृति, कला, मान्यता एवं परम्पराहरुले नेपाललाई विश्वकै अत्यन्तै सुन्दर-दुर्लभ मुलुकको रुपमा पहिचान स्थापित गराएका छन् । अनेकतामा एकता हाम्रो मौलिक पहिचान हो । यसभित्र देशभक्ति र समादर भाव समाहित छन् । 'सयौं थुंगा फूलका हामी, एउटै माला नेपाली' का रुपमा हामी सबै मानवीयता, धार्मिकता एवं सांस्कृतिक रुपमा एकसूत्रमा बाँधिएका छौं ।

धर्मलाई सामान्य रुपबाट ब्रहमविद्यासंग सम्बन्धित स्थापित प्रथाहरुको निर्वहनका रुपमा चित्रण गरिएको छ । यसभित्र ब्रह्माण्डका कुनै पनि सृजनकर्ता, पालनकर्ता र विनाशकर्ता अर्थात्, शुद्ध जीवनशैली, सबैको कल्याण, दिव्य जीवनको तयारी तथा जीवन र मरणको चक्रबाट मुक्तिमा आस्था समावेश छन् । केही वैदिक ग्रन्थहरुमा कुनैपनि धर्ममा दश प्रकारका गुणहरु धारण गर्नुपर्ने उल्लेख छ, जसले मानिसलाई अन्य पशुहरु र अधार्मिक साधारण मानिसहरुबाट अलग गरेको छ । धैर्य, क्षमा, आत्मसंयम, चोरी नगर्नु, निर्मलता, इन्द्रिय संयमता, बुद्धिमानीपूर्ण विचार र कार्य गर्नु, कौशल, सत्यता र क्रोध-व्यवस्थापनको अभ्यास-प्रयोग गर्नुलाई सबैले आत्मसात गर्नुपर्दछ ।

कुनैपनि धर्मले सबैखाले विभेद्को अन्त्य र नकारात्मक भावलाई निषेध गरेको छ । धर्मको उद्देश्य त्याग, मन, वचन र कर्मको पवित्रता, अहिंसा, लोकहित, बुद्धि र विवेकबाट निर्धारित कर्ममार्गको महत्वलाई स्थापित गर्नु पनि हो । सुन्दर समन्वय र पवित्राचरणबाटै मानिस सत्यमार्ग र सु-कर्ममार्गमा हिड्न सक्दछ । विपत्तिमा धर्म विषयक आस्थाको परीक्षा हुने गर्दछ । विनम्रवाणी, समर्पण र सहयोगको भावनाले कुनैपनि धर्मप्रतिको आस्था र विश्वासलाई पृष्ठपोषण गर्दछ । सत्कर्म, सद्मार्ग, सदाचार, सद्भाव, समभाव, सद्गुण र समन्वय कुनैपनि धर्मका लागि निर्विवाद एवं निर्विकल्प सूत्रहरु हुन् । यसैबाट देश र समाजको उन्नति सम्भव छ ।

**अन्त्यमा**, 'ईद-उल-अजहा' ले राष्ट्रिय एकता र सांस्कृतिक ऐक्यवद्धताको भावना सबल र सुदृढ गर्दै सभ्य, शान्त, समुन्नत र समृद्ध समाज निर्माणमा थप प्रेरणा प्रदान गर्न सकोस् । संघीय लोकतान्त्रिक गणतन्त्र, सामाजिक न्याय, स्वाधीनता, राष्ट्रिय एकता, अखण्डता र राष्ट्रियतालाई थप बलियो एवं सुदृढ बनाउनमा यो पर्वले सबैलाई प्रेरित गरोस् भन्ने कामनाका साथ पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु ।

२०८२ जेठ २४ गते **शनिबार** ।
ने.सं. ११४५ तछलाथ्व, एकादशी ।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

# विविध सन्देश/शुभकामना

उपराष्ट्रपति

काठमाडौं, नेपाल

प्रिय देशवासीहरु,

केही दिनयता अविरल वर्षापछि आएको बाढीपहिरो र डुबानका कारण काठमाडौं उपत्यकाका साथै मुलुकका विभिन्न भूभागमा ठूलो मात्रामा जनधनको क्षति भएको खबरले अत्यन्तै दुखित र चिन्तित छु । विपद्का कारण अकालमै ज्यान गुमाउनेहरु प्रति भावपूर्ण श्रद्धाञ्जली एवं चिर शान्तिको कामना तथा आफ्ना प्रियजन गुमाउनु भएका पीडित परिवारजनहरु प्रति गहिरो समवेदना एवं हार्दिक सहानुभूति व्यक्त गर्दछु । विपद्मा परेकाहरुको उद्धार, बेपत्ता भएकाहरुको खोजी तथा घाइतेहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु । घाइतेहरुको यथोचित उपचारका लागि सम्बन्धीत सबैमा हार्दिक अनुरोध गर्दछु ।

बाढीपहिरोबाट प्रभावितहरुको उद्धार र सहयोगका लागि सरकार र सुरक्षाकर्मीहरु सक्रियताका साथ लागि परेका छन् । यस कठिन घडीमा सम्पूर्ण नेपालीहरु एकजुट भई यस प्राकृतिक विपद्को सामना गर्न र आ-आफ्नो स्तरबाट हरसम्भव सहयोग गर्न आग्रह गर्दछु । विपद्को समयमा एक-अर्काको सहारा र सहयोगी बन्न सके कुनै पनि प्राकृतिक विपद्बाट सिर्जित चुनौतीहरुको सामना हामीले सजिलै गर्न सक्छौं ।

धन्यवाद ।

२०८१ असोज १३ गते आइतबार ।
ने.सं.११४४ ञलागा द्वादशी

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

काठमाडौं, नेपाल

# राससको ६४औं वार्षिकोत्सवमा शुभकामना सन्देश

राष्ट्रिय समाचार समिति (रासस) को ६४ औं वार्षिकोत्सवको अवसरमा सम्पूर्ण रासससकर्मीमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु । रासससले देश र विदेशका समाचार, तस्बिर, श्रव्य र श्रव्यदृश्यहरु अनलाइन सेवामार्फत् आफ्ना सेवाग्राहीलाई अहोरात्र सम्प्रेषण गरी आमनागरिकलाई सुसूचित गराउन सफल भएको विश्वास लिएको छु । यो सफलता यस संस्थामा कार्यरत दक्ष, योग्य, सक्षम र सक्रिय नेतृत्व, कर्मचारी, व्यवस्थापक तथा पत्रकार लगायतको अथक प्रयास, परिश्रम, समर्पण, निष्ठा र 'टिम स्प्रिट' जस्तो अचूक सूत्रले मात्र सम्भव छ ।

वार्षिकोत्सव समारोहलाई सम्पूर्ण रासससकर्मीले आ-आफ्नो कर्तव्य पथमा थप सक्रिय भई लाग्न र जिम्मेवारीलाई झनै सुदृढ बनाउने संकल्पका साथ अग्रसरताका लागि प्रण लिने अवसरका रुपमा लिन सक्नुपर्दछ । यो संस्था राजनीतिक असंलग्नता, खोजी पत्रकारिता र नागरिक जवाफदेहितालाई ह्रदयदेखि आत्मसात गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न एवम् देश विकासमा दत्तचित्त भई अगाडि बढ्न सबैलाई उत्प्रेरित गर्ने खालका विषयवस्तुलाई प्राथमिकतामा राख्न जरुरी छ । कुनै पनि समाचार एजेन्सी विश्वसनीय र निष्पक्ष समाचारहरूको स्रोत भएकाले उसले सत्यतथ्य परीक्षण गरेर मात्र समाचार प्रकाशित गर्दा जनतालाई सही जानकारी प्राप्त गर्न सहयोग पुग्दछ । रासससले महत्वपूर्ण घटनाहरूको सूचना समयमै उपलब्ध गराउँदै सेवाग्राही मार्फत् जनतालाई सचेत र सूचित बनाउँदै आएकै छ । अब, समय सुहाउँदो प्रविधि र आम पाठकको अभिरुचीलाई केन्द्रबिन्दूमा राख्दै थप रुपान्तरण र परिस्कृत भूमिकाको अपेक्षा छ ।

आवाजविहिनको आवाज, विविधतायुक्त हाम्रो समाज र तिनका संस्कृति, भाषाको जर्गेना एवम् संरक्षण गर्दै दस्तावेजीकरणमा रासससले आफूलाई बढी केन्द्रित गर्न आवश्यक छ । रासस राज्यको स्वामित्वमा रहेको एजेन्सी भएकोले उसको दायित्व, कर्तव्य र जिम्मेवारी अन्य संचार माध्यमहरुको तुलनामा बढी छ । त्यसैले समाज र देशको समस्या, चुनौति र समाधानका उपायहरूबारे उसले सही सूचना प्रवाह गर्दै अभिव्यक्ति स्वतन्त्रतालाई कायम राख्न थप सक्रिय भूमिका निर्वाह गर्न सक्नुपर्दछ । विभिन्न दृष्टिकोण र विचारहरूको आदानप्रदानलाई प्रवर्धन गर्ने मियो संस्था रासस बन्नु पर्दछ । उसले सूचना प्रवाहलाई थप सुगम बनाउँदै देश तथा अन्तर्राष्ट्रिय स्तरमा भएका घटनाहरूको परिस्कृत र तथ्यपरक जानकारी पाठकसम्म कसरी पुर्याउन सकिन्छ भन्ने ध्येयका साथ अघि बढ्नु पर्दछ । यो वार्षिकोत्सव रासससको उपलब्धि र योगदानहरूलाई स्मरण र सम्मान गर्ने अवसर पनि हो । नेपालको परिवर्तित परिवेशमा सामाजिक एवम् सांस्कृतिक विविधताको प्रसार र पृष्ठपोषकका रुपमा रासससले काम गरोस् ।

राजनीतिक र आर्थिक जीवनको विभिन्न पक्षको प्रकटीकरणमा जोड दिँदै सकारात्मक सोचका साथ सभ्य र सुसंस्कृत समाज निर्माण गर्नु पत्रकारिताको दायित्व भएकाले यसमा रासससको भूमिका अझ प्रभावकारी हुनुपर्दछ । यो सन्दर्भमा, आग्रह र पूर्वाग्रहबाट नभई वर्तमान परिवेशमा रुपान्तरित सोचका साथ अघि बढ्दै संघीयता, लोकतन्त्र, गणतन्त्र, समावेशिता, समानता, मानवअधिकार र सुशासनको पक्षपोषणमा रासस खरो उत्रिन सके मात्र सरकारी संचार माध्यमले आफ्नो दायित्व र कर्तव्य पूरा गरेको ठहरिने छ । नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्नमा मिडियाको भूमिका अपरिहार्य छ । हुनत, यसको प्रारम्भबाटै संचार माध्यम र संचारकर्मीहरुले जनतालाई जागरुकता प्रदान गर्दै आएको छ । सम्पूर्णमा अभिव्यक्ति स्वतन्त्रतालाई जीवन्त बनाइन राख्न उसले आफ्नो महत्वपूर्ण भूमिका निर्वाह गरेकै छ । अझ बढी रासससले निष्पक्ष रुपमा सामाजिक, राजनीतिक, सांस्कृतिक र आर्थिक घटनाहरुको विश्लेषण गर्न सक्दछ भन्ने विश्वास लिएको छु । यो संस्थाले सरकारी नीतिहरुको विषयमा एउटा समझदारी विकसित गर्दै राष्ट्रको विकासको गतिमा तीव्रता प्रदान गर्नसक्छ ।

नयाँ-नयाँ सूचना प्रविधिको अविष्कार र विकाससंगै संचार माध्यमहरुले संख्यात्मक फड्को मारिरहेको अवस्थामा पत्रकारितामा पेशागत गुणवत्ता कायम राख्नु चुनौतीपूर्ण कार्य हो । अझ, नेपालको चुनौतीपूर्ण राजनीतिक वस्तुस्थिति र आशालाग्दा उपलब्धिबीच पत्रकारितामा व्यवसायिक तिक्खर उपस्थिति देशको आवश्यकता भएकाले त्यसको गहन पहल गर्न रासससले नेतृत्वदायी भूमिका निर्वाह गर्न पनि आवश्यक छ । केही हदसम्म यो भूमिका निर्वाह गर्नमा रासस अग्रपंक्तिमा छ । रासससले आफ्ना सेवाहरुलाई विस्तार गर्दै अन्य मातृभाषीहरु- अवधी, मैथिली र नेपाल भाषाको सामग्रीको उत्पादन शुरु गरी ती भाषाभाषीहरुलाई पनि समाचार सामग्रीहरुमा अपनत्व लिने गरी गरेको ऐतिहासिक काम प्रशंसनीय छ । मिडिया सङ्ग्रहालय संचालन गर्ने जानकारी पाएर खुशी लागेको छ । जनसरोकारका विविध विषय र मुद्दामा आफ्नो दायरा थप फराकिलो बनाउँदै रासससले आफ्ना बुलेटिनहरुमा ओझेलमा परेका क्षेत्र विशेष, अझ प्रदेशस्तरमै विषयवस्तुहरु अझ विस्तार गर्न सक्नुपर्दछ ।

**अन्त्यमा,** रासससले ६४ औं वार्षिकोत्सवलाई आफ्नो रणनीति, लक्ष्य र दृष्टिकोणको पुनरावलोकन गर्ने अवसरका रुपमा उपयोग गर्दै आगामी योजना बनाउन सफल होस् । यस अवसरमा, सम्पूर्ण रासससकर्मीलाई धन्यवाद व्यक्त गर्दै तपाईंहरूको मेहनत, समर्पण र व्यवसायिकतालाई सम्मान गर्न चाहन्छु । भविष्यमा पनि यो संस्था अझ सशक्त र सफल होस् भन्ने हार्दिक कामना गर्दछु ।

धन्यवाद ।

२०८१ फागुन ७ गते बुधबार ।
ने.सं. ११४५ सिल्लागा सप्तमी ।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति

उपराष्ट्रपति

काठमाडौं, नेपाल

## शुभकामना सन्देश

नेपालको पत्रकारिता क्षेत्रमा गौरवशाली र कालजयी पहिचान बोकेको ऐतिहासिक तथा प्रतिष्ठित प्रकाशन गोरखापत्र, वि.सं. २०८२ वैशाख २४ बाट १२५ वर्षमा प्रवेश गर्दैछ भन्ने सुखद जानकारी पाएर अत्यन्तै हर्षित छु । गोरखापत्रको यो गौरवमय यात्राको स्वर्णिम एवम् विशेष अवसरमा गोरखापत्र परिवारलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

वि.सं. १९५८ वैशाख २४ गते प्रकाशन थालेको गोरखापत्रले पछिल्लो समय नेपालका ४५ वटा राष्ट्रिय भाषामा सामग्री प्रस्तुत गरी समावेशी समाजको परिकल्पनालाई साकार पार्ने महत्वपूर्ण योगदान प्रशंसनीय छ । गोरखापत्र, नेपालको पहिलो सरकारी सञ्चार माध्यमको रुपमा स्थापित हुँदै विगत एक शताब्दीभन्दा लामो समयदेखि जनतालाई सुसूचित गर्दै आएको छ । यो संस्था पत्रकारिताको धरोहर मात्रै होइन, नेपाली समाज, संस्कृति, इतिहास र परिवर्तनको जीवन्त दस्तावेज पनि हो । राणाकालीन शासनको अन्धकारदेखि संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको स्थापना र यसको सुदृढीकरण एवम् संस्थागत गर्न गोरखापत्रले नेपाली आमनागरिकको आवाज, आकांक्षा, अधिकार र स्वतन्त्रताको पक्षमा अविचलित रुपमा निरन्तर कलम चलाउँदै आएको छ । यसले सरकार र आमनागरिकबीच सञ्चार सेतुको रुपमा कार्य गर्दै लोकतान्त्रिक मूल्य, मान्यता र सामाजिक न्यायको पक्षमा तथा राष्ट्रिय एकताको प्रवर्धनमा महत्वपूर्ण योगदान पुऱ्याएको छ ।

पछिल्लो समय सञ्चार क्षेत्रमा 'डिजिटल' प्रविधि, सामाजिक सञ्जाल र कृत्रिम बुद्धिमत्ता (एआई) को तीव्र विकासले नयाँ अवसर र चुनौतीहरु सिर्जना गरेको अवस्था छ । यस्तो अवस्था र परिवेशमा पनि गोरखापत्रले आफ्नो परम्परागत विश्वसनीयता र प्रविधिको आधुनिक उपयोगबीच समायोजन/सन्तुलन कायम गरी सूचना प्रवाहमा नवीनता र प्रभावकारिता कायम राख्न सफल हुनु सराहनीय छ । यो संस्थाले 'एआई' र 'डिजिटल' मञ्चहरुको उपयोग गरी समाचार, विश्लेषण र जनचेतनालाई थप प्रभावकारी बनाउँदै नयाँ पुस्तालाई समेत जोड्न सफल हुन सक्नुपर्दछ । संघीय लोकतान्त्रिक गणतन्त्रको मर्मलाई गोरखापत्रले आत्मसात् गरी विविधता, समावेशिता र क्षेत्रीय सन्तुलनलाई प्राथमिकतामा राखेकोमा खुशी व्यक्त गर्दै यसमा थप परिस्कृतका साथ संस्था अघि बढ्न जरुरी छ ।

